# नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त
# "घ" वर्गका
# लघुवित्त वित्तीय संस्थाहरुलाई
# जारी गरिएको

# एकीकृत निर्देशन, २०७७

(निर्देशन, २०७६ र सो पश्चात २०७७ असोज ०८ सम्म जारी भएका
परिपत्र/निर्देशन समेतलाई समावेश गरी परिमार्जन गरिएको)

**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**बैंक तथा वित्तीय संस्था नियमन विभाग**
२०७७ असोज

# विषय-सूची


| क्र.सं. | विषय | पृष्ठ संख्या |
|---|---|---|
| १. | न्युनतम पुँजीकोष तथा चुक्ता पुँजी सम्बन्धी व्यवस्था | १ |
| २. | कर्जा/सापटको वर्गीकरण र कर्जा नोक्सानी सम्बन्धी व्यवस्था | ५ |
| ३. | कर्जा तथा सापटको सीमा | ९ |
| ४. | लेखानीति तथा वित्तीय विवरणहरुको ढाँचा सम्बन्धी व्यवस्था | ११ |
| ५. | जोखिम वर्गीकरण सम्बन्धी व्यवस्था | १६ |
| ६. | संस्थागत सुशासन सम्बन्धी व्यवस्था | १७ |
| ७. | सुपरिवेक्षकीय निर्देशन लागु गर्ने कार्य तालिका सम्बन्धी व्यवस्था | ३४ |
| ८. | लगानी सम्बन्धी व्यवस्था | ३६ |
| ९. | तथ्याङ्क विवरण सम्बन्धी व्यवस्था | ३८ |
| १०. | संस्थापक सेयर नामसारी वा खरिद/बिक्री वा हक हस्तान्तरण सम्बन्धी व्यवस्था | ३९ |
| ११. | कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था | ४७ |
| १२. | अनिवार्य मौज्दात/वैधानिक तरलता सम्बन्धी व्यवस्था | ४९ |
| १३. | शाखा/कार्यालय सम्बन्धी व्यवस्था | ५२ |
| १४. | ब्याजदर सम्बन्धी व्यवस्था | ५४ |
| १५. | वित्तीय स्रोत संकलन सम्बन्धी व्यवस्था | ५६ |
| १६. | विपन्न वर्ग तथा तोकिएका क्षेत्रमा प्रवाह गर्नुपर्ने कर्जा सम्बन्धी व्यवस्था | ५८ |
| १७. | कार्यक्षेत्र विस्तार वा संकुचन तथा गाभ्ने/गाभिने सम्बन्धी व्यवस्था | ६० |
| १८. | सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्था | ६२ |
| १९. | वित्तीय ग्राहक संरक्षण सम्बन्धी व्यवस्था | ७० |
| २०. | विविध व्यवस्था सम्बन्धमा | ७१ |
| | निर्देशन फारामहरु तथा अनूसुचीहरु | ७५ |

# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**निर्देशन नं. १/०७७**

### न्युनतम पुँजीकोष तथा चुक्ता पुँजी सम्बन्धी व्यवस्था

यस बैंकबाट "घ" वर्गका इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाले कायम गर्नु पर्ने न्यूनतम पुँजीकोष तथा चुक्ता पुँजी सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायको निर्देशन जारी गरिएको छ।

१. न्युनतम पुँजीकोष सम्बन्धी व्यवस्था

लघुवित्त वित्तीय संस्थाले आफ्नो कुल जोखिम भारित सम्पत्तिको आधारमा प्राथमिक पुँजी ४.०० प्रतिशत र कुल पुँजीकोष ८.०० प्रतिशत कायम गर्नु पर्नेछ । पुँजीकोष भन्नाले प्राथमिक पुँजी र पुरक पुँजीको योग सम्झनु पर्दछ ।

२. देहायका शीर्षकहरुमा रहेको रकम प्राथमिक पुँजीमा समावेश/गणना हुनेछ :-

(क) चुक्ता पुँजी (साधारण शेयर)
(ख) प्रस्तावित वोनस शेयर
(ग) शेयर प्रिमियम
(घ) फिर्ता नहुने अग्राधिकार शेयर (Irredeemable Preference Share)
(ङ) साधारण जगेडा कोष
(च) सञ्चित नाफा/नोक्सान
(छ) पुँजी फिर्ता जगेडा कोष (Capital Redemption Reserve)
(ज) पुँजी समायोजन कोष
(झ) कल्स इन एड्भान्स
(ञ) अन्य स्वतन्त्र कोष

३. प्राथमिक पुँजी गणना गर्दा देहायका शीर्षकहरुमा रहेको रकम घटाउनु पर्नेछ :-

(क) ख्याति (Goodwill),
(ख) स्थगन कर सम्पत्ति (Deferred Tax Assets),
(ग) यस बैंकले तोकेको सीमाभन्दा बढी हुने गरी संगठित संस्थाको शेयर तथा सुरक्षणपत्रहरुमा लगानी गरेको रकम,
(घ) आफ्नो वित्तीय स्वार्थ भएका संगठित संस्थाहरुको शेयर तथा सुरक्षणपत्रमा गरेको सम्पूर्ण लगानी रकम,
(ङ) अवास्तविक सम्पत्ति (Fictitious assets),
यस प्रयोजनको लागि अनुसन्धान, विकास तथा कम्प्यूटर सफ्टवेयर बाहेकका अन्य अवास्तविक खर्च सम्झनु पर्नेछ ।
(च) प्रचलित ऐन तथा कानुनले प्रतिबन्ध गरेका व्यक्ति तथा समूहलाई प्रदान गरेको कर्जा तथा सुविधा,
(छ) यस बैंकको निर्देशन पालना नगरी स्वःप्रयोजनका लागि घरजग्गा खरिद गरेको रकम ।

४. प्राथमिक पुँजीभन्दा बढी समावेश गर्न नपाइने गरी पुरक पुँजीमा निम्न शीर्षकहरु अन्तर्गत रहेका रकमहरु समावेश गर्नु पर्नेछ :-

(क) सामान्य कर्जा नोक्सानी व्यवस्था

यस शीर्षक अन्तर्गत **सक्रिय** कर्जाको निमित्त व्यवस्था गरिएको रकम समावेश गर्नु पर्नेछ । **सक्रिय कर्जा**सहित अन्य कर्जाका लागि यस बैंकबाट तोकिएको अनुपातभन्दा बढी कर्जा नोक्सानी व्यवस्था गरेको खण्डमा त्यस्तो अतिरिक्त कर्जा नोक्सानी व्यवस्था गरेको पुरै रकम समावेश गर्न सकिने छ ।
तर, उपर्युक्त शीर्षकहरुमा रहेको कुल रकम संस्थाको कुल जोखिम भारित सम्पत्तिको १.२५ प्रतिशत भन्दा बढी हुने गरी पुरक पुँजीमा समावेश गर्न पाइने छैन ।

ख) सम्पत्ति पुनर्मूल्याङ्कन कोष

पुरक पुँजी गणना गर्दा सम्पत्ति पुनर्मूल्याङ्कन कोष वापतको रकम समेत समावेश गरी निस्किएको कुल पुरक पुँजीको २ प्रतिशतसम्मको रकम **उक्त कोषमा** गणना गर्न पाइने छ । यस कोषमा रहेको रकम वा कुल पुरक पुँजीको २ प्रतिशतमध्ये जुन कम हुन्छ सोही रकम मात्र समावेश गर्नु पर्नेछ ।

(ग) हाइब्रिड पुँजी उपकरणहरु (Hybrid Capital Instruments)

यस शीर्षक अन्तर्गत देहायका उपकरणहरु पर्नेछन् ।

(१) विना सुरक्षण, पूर्ण चुक्ता हुने, भुक्तानी दिने प्राथमिकता क्रममा निक्षेपकर्ता र साहुहरुभन्दा पछाडि मात्र भुक्तानी पाउन सक्ने तथा घाटामा समेत सहभागी हुने वा साधारण पुँजीमा परिणत गर्न सक्ने वा नसक्ने गरी जारी गरेका सुरक्षणपत्रहरु ।

(२) यस बैंकले स्वीकृति दिएमा बाहेक धारकले आफ्नो इच्छा अनुरुप भुक्तानी प्राप्त गर्न नसक्ने गरी जारी गरेका उपकरणहरु ।

तर, कुनै एक इजाजतपत्रप्राप्त संस्थाले जारी गरेको हाइब्रिड पुँजी उपकरणहरु (Hybrid Capital Instruments)अन्य इजाजतपत्रप्राप्त संस्थाले धारण (खरिद) गर्न पाउने छैन ।

(घ) सुरक्षण नराखिएको सहायक आवधिक ऋण (Subordinated Term Debt)

५ वर्षभन्दा बढी भुक्तानी अवधि भएको, निक्षेपकर्ताहरुभन्दा पछाडि मात्र भुक्तानी पाउने गरी कुनै पनि सुरक्षण नराखी जारी गरेका ऋणपत्रहरु र सीमित भुक्तानी अवधि भएका फिर्ता हुन सक्ने अग्राधिकार शेयरहरु यस अन्तर्गत समावेश हुनेछन् । यी उपकरणहरुको घट्दो मूल्यलाई जनाउन लघुवित्त वित्तीय संस्थाले यस्ता उपकरणहरुको मूल्यमा पछिल्लो ५ वर्षदेखि कम्तीमा बिस प्रतिशतलेघटाउँदै लैजानु पर्नेछ ।कुनै लघुवित्त वित्तीय संस्थाले लामो अवधिपछि वा विभिन्न चरणहरुमा साधारण शेयरमा परिणत हुने वा तोकिएका शर्तहरु पुरा गरेर मात्र फिर्ता हुने शर्तमा यस्तो उपकरण जारी गरेको अवस्थामा साधारण शेयरमा परिणत भएको रकम चुक्ता पुँजीमा र शेयरमा परिणत नभएको रकम यस अन्तर्गत राखी पुरक पुँजीमा गणना गर्न सकिनेछ ।

तर, यस्ता उपकरणहरु जारी गर्दा आफ्नो प्राथमिक पुँजीको पचास प्रतिशतभन्दा बढी रकम उठाउन पाइने छैन ।

(ङ) लगानी समायोजन कोष

निर्देशन नं. ८ अन्तर्गत खडा भएको लगानी समायोजन कोषको रकम पुरक पुँजी वापत गणना गर्न सकिनेछ ।

(च) सटही समीकरण कोष

विदेशी विनिमयको मौज्दात हुने लघुवित्त वित्तीयसंस्थाले कायम गरेको सटही समीकरण कोषको रकम पुरकपुँजी प्रयोजनका लागि गणना गर्न सकिनेछ ।

५. <u>पुँजीकोष गणना गर्ने प्रयोजनका लागि सम्पत्तिलाई निम्नानुसार विभाजन गरी छुट्टाछुट्टै जोखिम भार प्रदान गरिएको छ</u> । सम्पत्ति शीर्षकको रकमलाई भार दिइएको प्रतिशतले गुणन गरी कुल जोखिम भारित सम्पत्तिको योग निकाल्नु पर्नेछ ।

(क) <u>वासलात भित्रका सम्पत्तिहरुमा जोखिम भार</u>

| वासलातभित्रका शीर्षक | जोखिम भार (प्रतिशत) |
|---|---|
| नगद मौज्दात | ० |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ० |
| नेपाल सरकारको सुरक्षणपत्रमा गरिएको लगानी | ० |
| नेपाल राष्ट्र बैंकको ऋणपत्रमा गरेको लगानी | ० |
| आफ्नै मुद्दती रसिदको धितोमा पूर्ण सुरक्षित हुने गरी प्रदान गरेको मुद्दती रसिद धितो कर्जा | ० |
| सरकारी सुरक्षणपत्रको धितोमा पूर्ण सुरक्षित हुने गरी प्रदान गरेको कर्जा | ० |
| सरकारी सुरक्षणपत्रको पाउनु पर्ने ब्याज रकम (Accrued Interest) | ० |
| बैंक/वित्तीय संस्थाहरुमा रहेको मौज्दात/मुद्दती रसिदको दावी (Claims)* | २० |
| मागेको बखत प्राप्त हुने रकम (Money at Call) | २० |
| अन्तर बैंक/संस्था सापटी | २० |
| शेयर, डिवेञ्चर एवम्बन्डमा भएको लगानी | १०० |

| | |
|---|---|
| अन्य लगानीहरु | १०० |
| कर्जा, सापट (कुल रकम)** | १०० |
| स्थिर सम्पत्तिहरु | १०० |
| पाउनु पर्ने अन्य खुद ब्याज रकम (कुल पाउनु पर्ने ब्याज - सरकारी ऋणपत्र तथा वचत पत्रको ब्याज- ब्याज मुल्तवी) | १०० |
| गैर-बैकिङ्ग सम्पत्ति | १०० |
| अन्य सबै सम्पत्तिहरु (खुद अग्रिम कर दाखिला वाहेक) | १०० |

* एकहप्ताको अग्रिम सूचनामा फिर्ता लिन सकिने गरी स्वदेशी बैंक तथा वित्तीय संस्थामा लघुवित्त वित्तीय संस्थाहरुले राखेको तीन महिना वा सो भन्दा बढी अवधिका मुद्दती निक्षेप । यस प्रयोजनको लागि निक्षेप राख्ने समयभन्दा ठीक अघिल्लो त्रयमासको पुँजी पर्याप्तता (CapitalAdequacy)को आधारमा तोकिएको पुँजी पर्याप्तता कायम गरेका बैंक तथा वित्तीय संस्थामा राखिएको मुद्दती निक्षेपलाई मात्र मान्यता दिइनेछ ।

** मुद्दती रसिद, नेपाल राष्ट्र बैंक ऋणपत्र र सरकारी सुरक्षणपत्रको धितोमा प्रवाहित कर्जा र अन्तर्राष्ट्रिय श्रेणिकृत बैंकको जमानतमा प्रदान गरिएको कर्जा बाहेक ।

(ख) वासलात बाहिरको कारोबारमा जोखिम भार

| वासलात बाहिरका कारोबारहरु | जोखिम भार (प्रतिशत) |
|---|---|
| जमानत | १०० |
| अपरिवर्त्य कर्जा प्रतिबद्धता (Irrevocable Loan Commitment) | १०० |
| आयकर वापत सम्भावित दायित्व | १०० |
| Acceptance सहित अन्य सबै प्रकारका सम्भावित दायित्वहरु | १०० |
| चुक्ता वा भुक्तान हुन बाँकी शेयर लगानी | १०० |
| भुक्तानीको लागि दावी परेको जमानत | २०० |
| संस्थाउपर दावी परेको तर संस्थाले दायित्व स्वीकार नगरेको दायित्वहरु | २०० |

**(ग) सञ्चालन जोखिम वापतको जोखिम भार**

**लघु वित्त वित्तीय संस्थाहरुले पुँजी कोष गणना गर्दा सञ्चालन जोखिम वापत कुल सम्पत्तिको २ प्रतिशतले हुने रकम जोखिम भारित सम्पत्तिको रुपमा थप गर्नु पर्ने व्यवस्था कायम गरिएको छ ।**

## ६. पुँजीकोष अनुपात निर्धारण सूत्र

पुँजीकोष अनुपातको निर्धारण निम्नानुसार गर्नु पर्नेछ ।

(क) प्राथमिक पुँजी अनुपात $= \frac{\text{प्राथमिक पुँजी}}{\text{जोखिम भारित सम्पत्तिको योग}} \times १००$

(ख) पुँजीकोष अनुपात $= \frac{\text{प्राथमिक पुँजी + पुरकपुँजी}}{\text{जोखिम भारित सम्पत्तिको योग}} \times १००$

कुल जोखिम भारित सम्पत्ति = वासलातभित्रका कुल जोखिम भारित सम्पत्ति + वासलात बाहिरका कुल जोखिम भारित कारोबार **+ संचालन जोखिम वापतको रकम**

७. इजाजतपत्रप्राप्त संस्थाले जुनसुकै बखत पनि तोकिएको अनुपातमा न्यूनतम पुँजीकोष कायम गर्नु पर्नेछ । प्रत्येक महिनाको वित्तीय विवरणको आधारमा संलग्न निर्देशन फा.नं. **घ १.१ र घ १.२** बमोजिम पुँजीकोष सम्बन्धी विवरण तयार गरी आन्तरिक लेखापरीक्षकबाट प्रमाणित गराई यस बैंकको लघुवित्त संस्था सुपरिवेक्षण विभागमा महिना समाप्त भएको मितिले १५ दिन भित्र सोको विद्युतीय प्रति पठाइ सक्नु पर्नेछ । मासिक रुपमा **आन्तरिक लेखापरीक्षकबाट प्रमाणित** गराएर पेश गर्न नसकेमा मासिक विवरणमा सो व्यहोरा खुलाउनु पर्नेछ । तर, त्रयमासको अन्त्यको विवरण भने अनिवार्यरुपमा आन्तरिक लेखापरीक्षकबाट प्रमाणित गराएर पेश गर्नु पर्नेछ ।

८. पुँजीकोष पर्याप्त नभएका लघुवित्त वित्तीय संस्थाहरुको व्यवसायिक अवस्थाबारे जानकारी लिन यस बैंकले आवश्यक ठानेमा मूल्याङ्कन लेखापरीक्षण (Due Diligence Audit) गराउन सक्नेछ र सो वापत लाग्ने खर्च सम्बन्धित संस्थाले नै भुक्तानी गर्नु पर्नेछ ।

## ९. पुँजी कोष सम्बन्धी निर्देशनहरुको पालना नभएमा हुने कारवाही

**(क) लघु वित्त वित्तीय संस्थाहरुले पुँजीकोष सम्बन्धी निर्देशनहरुको पालना नगरेमा शिघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०७४ बमोजिमको कारवाही हुनेछ ।**

(ख) इजाजतपत्रप्राप्त संस्थाले कुनै आर्थिक वर्षको बीचको कुनै अवधिमा तोकिएको अनुपातमा न्यूनतम पुँजीकोष कायम गर्न नसकेको भएतापनि सोही आर्थिक वर्षको अन्त्यमा तोकिएको अनुपातमा न्यूनतम पुँजीकोष कायम भएको आधारमा नगद लाभांश तथा बोनस सेयर घोषणा/वितरण गर्न पाईने छैन ।

**(ग) लघु वित्त वित्तीय संस्थाहरुले कुनै आर्थिक वर्षको अन्त्यमा बाह्य लेखापरीक्षकबाट प्रमाणित वित्तिय विवरणबाट तोकिएको अनुपातमा न्यूनतम पुँजीकोष कायम भए तापनि सो आर्थिक वर्ष समाप्त भएको मितिदेखि वार्षिक साधारण सभाको स्वीकृति लिने मितिसम्म फुकुवा नभएको अवस्थामा लाभांश तथा बोनस सेयर घोषणा/वितरण गर्न पाइने छैन ।**

**१०. न्यूनतम चुक्तापुँजी सम्बन्धमा**

१. बैंक/वित्तीय संस्था संस्थापना एवम् वित्तीय कारोबार गर्ने इजाजतपत्र सम्बन्धी नीतिगत एवम् प्रक्रियागत व्यवस्था, २०६३ (संशोधन सहित) मा गरिएको व्यवस्था अनुसार लघुवित्त वित्तीय संस्थाको न्यूनतम चुक्ता पुँजी देहाय बमोजिम हुनु पर्नेछ ।

| वर्ग | राष्ट्रियस्तर | प्रादेशिकस्तर* |
|---|---|---|
| "घ" | रु. १० करोड | रु. २ करोड |

* काठमाडौं उपत्यका बाहेक । यस्ता लघुवित्त वित्तीय संस्थाहरुको कार्य क्षेत्र/परियोजना तोकिएका प्रदेशका जिल्लाहरुमा सीमित रहने ।

२. राष्ट्रिय स्तरको थोक कर्जाको मात्र कारोबार गर्ने संस्थाको न्यूनतम चुक्ता पुँजी **रु.६० करोड कायम गरिएको** छ ।

**३. राष्ट्रिय स्तर बाहेकका संस्थाले देहाय बमोजिमको शर्तको अधीनमा रही कुनै एक प्रदेशमा आफ्नो कार्यक्षेत्र कायम गर्नु पर्नेछ ।**

**(क) तोकिएको चुक्ता पुँजी पूरा गरी राष्ट्रियस्तरमा स्तरोन्नति नभएसम्म आफ्नो कारोबार एक प्रदेशमा मात्र सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।**

**(ख) राष्ट्रिय स्तरमा स्तरोन्नती हुन नसकेको र एक भन्दा बढी प्रदेशमा शाखा कार्यालय खोली कारोबार सञ्चालन गरिरहेको संस्थाले २०७८ असार मसान्तभित्र कार्यक्षेत्र बाहेकको प्रदेशमा रहेका शाखा बिक्री, बन्द वा स्थानान्तरण गरी सम्पूर्ण कार्यक्षेत्र एउटै प्रदेशभित्र सीमित गरीसक्नु पर्नेछ ।**

**(ग) प्रादेशिकस्तरको संस्थाले आफ्नो कार्यक्षेत्र बाहेकको प्रदेशमा रहेको शाखा कार्यालय बिक्री, बन्द वा स्थानान्तरणको प्रक्रिया पूरा नगरेसम्म आफ्नो कार्यक्षेत्र अन्तर्गतका जिल्लामा नयाँ शाखा विस्तार गर्न पाउने छैन ।**

(घ) राष्ट्रियस्तरमा स्तरोन्नति हुने क्रममा चुक्ता पुँजी पुरा गर्ने प्रयोजनका लागि गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी कार्यलाई प्राथमिकता दिनु पर्नेछ ।

११. लाभांश वितरण सम्बन्धी व्यवस्थाः

इजाजतपत्रप्राप्त संस्थाहरुले आर्थिक वर्ष २०७६/७७ को खुद वितरणयोग्य मुनाफाको ३० प्रतिशतसम्म मात्र नगदलाभांस घोषणा तथा वितरण गर्न पाउनेछन् ।

तर,

(क) यस्तो नगद लाभांश इजाजतपत्रप्राप्त संस्थाको २०७७ असार मसान्तमा कायम बचत/निक्षेपको भारित औसत ब्याजदरको प्रतिशत भन्दा बढी हुने छैन ।

(ख) खुद वितरणयोग्य मुनाफा कुल चुक्ता पुँजीको ५ प्रतिशतभन्दा कम भएका इजाजतपत्रप्राप्त संस्थाले कर प्रयोजनका लागि बाहेक नगद लाभांस वितरण गर्न पाउने छैनन् ।

**१२. खारेजी र बचाऊ**

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७६ को न्यूनतम पुँजीकोष सम्बन्धी व्यवस्था निर्देशन नं. १ बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७७ असोज ०८ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
**बैंक तथा वित्तीय संस्था नियमन विभाग**

**निर्देशन नं. २/०७७**

## कर्जा/सापटको वर्गीकरण र कर्जा नोक्सानी सम्बन्धी व्यवस्था

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाले प्रवाह गरेको कर्जा सापटको वर्गीकरण र सोको सम्भावित नोक्सानीमा कायम गर्नु पर्ने व्यवस्थाका सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायको निर्देशन जारी गरिएको छ।

१. **(अ)** लघुवित्त वित्तीय संस्थाले प्रवाह गरेको कर्जा/सापटको साँवा वा ब्याज भुक्तानी हुनु पर्ने भाखा नाघेको अवधिका आधारमा सम्पूर्ण कर्जा सापटलाई देहाय बमोजिम वर्गीकरण गर्नु पर्नेछ।

(क) असल (Pass) : भाखा ननाघेका र १ महिनासम्म भाखा नाघेका कर्जा/सापट।

(ख) सूक्ष्म निगरानी (Watch List): १ महिनादेखि बढीमा ३ महिनासम्म भाखा नाघेका कर्जा/सापट।

(ग) कमसल (Sub-standard) : ३ महिनादेखि बढीमा ६ महिनासम्म भाखा नाघेका कर्जा/सापट।

(घ) शंकास्पद (Doubtful) : ६ महिनादेखि बढीमा १ वर्षसम्म भाखा नाघेका कर्जा/सापट।

(ङ) खराब (Loss) : १ वर्षभन्दा बढी अवधिले भाखा नाघेका कर्जा/सापट।

असल र सूक्ष्म निगरानी मा रहेका कर्जालाई "सक्रिय कर्जा" (Performing Loan)र कमसल, शंकास्पद तथा खराब कर्जालाई "निष्क्रिय कर्जा" (Non-performing Loan)भनिनेछ।

**(आ) यस बैंकले निरीक्षण गर्दा ऋणीको नगद प्रवाह तथा परियोजना सञ्चालनको अवस्था कमजोर भएको आधारमा सूक्ष्म निगरानीमा राख्ने भनी निर्देशन दिइएका कर्जालाई समेत सूक्ष्म निगरानीमा राख्नु पर्नेछ।**

**(इ) संस्थाहरुले २०७६ पुस मसान्तमा असल वर्गमा वर्गीकरण गरेका र २०७६ पुस मसान्तपश्चात प्रवाह भएका कर्जालाई २०७७ असार मसान्तमा असल वर्गमा वर्गीकरण गर्न सक्नेछन्।**

२. यस निर्देशन बमोजिम वर्गीकरण गरिएका कर्जा सापटीको लागि बक्यौता साँवा रकमको आधारमा देहाय बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ :-

| कर्जा वर्गीकरण | न्यूनतम कर्जा नोक्सानी व्यवस्था |
|---|---|
| (क) असल | १ प्रतिशत |
| (ख) सूक्ष्म निगरानी | ५ प्रतिशत |
| (ग) कमसल | २५ प्रतिशत |
| (घ) शंकास्पद | ५० प्रतिशत |
| (ङ) खराब | १०० प्रतिशत |

तर,

**(अ) यस निर्देशनको बुँदा नं.२.१ को उपबुँदा (आ) बमोजिम असल वर्गमा वर्गीकरण भएका तर २०७७ असार मसान्तसम्ममा भुक्तानी गर्नुपर्ने साँवा र ब्याज रकम असूल हुन नसकेको अवस्थामा भाखा नाघेको अवधिको आधारमा तल्लो वर्गमा वर्गीकरण गर्नु पर्ने कर्जाहरुको लागि ५ प्रतिशत र किस्ताको ब्याज असूल भई साँवा रकम मात्र बक्यौता रहेका कर्जाको लागि २ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ।**

**(आ) २०७६ पौष मसान्तमा असल बाहेक अन्य वर्गमा वर्गीकरण गरिएका कर्जालाई २०७७ असार मसान्तमा भाखा नाघेका अवधिको आधारमा कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ।**

**(इ) असल वर्गमा परेका तर ५ प्रतिशत वा २ प्रतिशत कर्जा नोक्सानी व्यवस्था गरिएका कर्जाको विवरण अलग्गै तयार गरी यस बैंकमा पेश गर्नुपर्नेछ।**

(ई) निक्षेप तथा कर्जा सुरक्षण कोषमा सुरक्षण गरिएको कर्जाको हकमा यस बुँदामा उल्लेख **गरिएको व्यवस्थाको २५ प्रतिशतले हुने रकम मात्र** कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ ।

**(उ) खराब वर्गमा परेका मध्ये सुरक्षण गरिएका कर्जाको वीमा दावी कर्जा सुरक्षण सम्बन्धी सम्झौतामा उल्लिखित अवधि वा कर्जा खराब वर्गमा वर्गीकरण गरिएको मितिले १ वर्ष जुन अघि हुन्छ सोही अवधिभित्रमा गरिसक्नु पर्नेछ । अन्यथा त्यस्तो कर्जामा सुरक्षण वापत कर्जा नोक्सानी व्यवस्थामा छुट प्रदान गरिने छैन ।**

*टिप्पणी :असल तथा सूक्ष्म निगरानीकर्जाको लागि गरिएको कर्जा नोक्सानी व्यवस्थालाई "सामान्य कर्जा नोक्सानी व्यवस्था (General Loan Loss Provision)" र अन्य कर्जाको लागि गरिएको कर्जा नोक्सानी व्यवस्थालाई "विशेष कर्जा नोक्सानी व्यवस्था (Specific Loan Loss Provision)" को रुपमा लिइनेछ ।*

३. एक वर्ष भन्दा बढी अवधिको कर्जा किस्ताबन्दीमा भुक्तानी हुने गरी प्रवाह गर्नु पर्नेछ ।
साथै, एक वर्षसम्मको कर्जा समेत किस्ताबन्दीमा भुक्तानी हुने गरी प्रवाह गर्न सकिने छ । यसरी किस्ताबन्दीमा प्रवाह भएको एक वर्षसम्मको कर्जामा देहाय बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम **गर्न सकिने** छ ।

(क) किस्ता रकम १ वर्षसम्मले भाखा नाघेको अवस्थामा त्यस्तो बक्यौता किस्ता रकमलाई मात्र भाखा नाघेको आधारमा वर्गीकरण गरी कर्जा नोक्सानी व्यवस्था कायम **गर्न सकिने** छ । तर सम्पूर्ण कर्जा रकमलाई नै किस्ताले भाखा नाघेको आधारमा वर्गीकरण गरी कर्जा नोक्सानी व्यवस्था कायम गर्न बाधा पुगेको मानिने छैन ।

(ख) किस्ता रकम १ वर्षभन्दा बढी अवधिले भाखा नाघेको अवस्थामा सम्पूर्ण कर्जा रकमलाई नै खराब कर्जामा वर्गीकरण गरी कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ ।

४. एकाघर परिवारका सदस्यको नाममा भएको धितो बाहेक अन्य व्यक्ति/संस्थाको नाममा भएको **धितोमा** मात्र प्रवाह भएको कर्जाको हकमा असल वा कमसल वा शंकास्पद वर्गमा परेका कर्जाको लागि तोकिएको प्रतिशतको अतिरिक्त २० प्रतिशत बिन्दुले थप कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ ।

५. संस्थाले चाहेमा माथिल्लो वर्गको कर्जा सापटहरुलाई तल्लो वर्गमा वर्गीकरण गर्न कुनै बन्देज लगाइएको छैन । उदाहरणका लागि कमसल कर्जालाई शंकास्पद वा खराब कर्जामा र शंकास्पदलाई खराब कर्जामा वर्गीकरण गर्न पाइने छ ।

**६. खराब कर्जा सम्बन्धी थप व्यवस्था**

भाखा नाघेको वा ननाघेको कुनै पनि कर्जामा देहायको कुनै कैफियत देखिएमा त्यस्तो कर्जा तथा सापटलाई खराब कर्जामा वर्गीकरण गर्नु पर्नेछ **:-**

(क) सुरक्षणको बजार मूल्यले कर्जाको सुरक्षण हुन नसक्ने भएमा,
(ख) ऋणी टाट पल्टेमा वा टाट पल्टेको घोषणा भएमा,
(ग) ऋणी हराएमा वा गायव भएमा,
(घ) परियोजना/व्यवसाय सञ्चालन हुने अवस्था नरहेमा, परियोजना वा व्यवसाय सञ्चालनमा नभएमा,
(ङ) ऋणी कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेको जानकारी भएको अवस्थामा,
(च) कर्जा दुरुपयोग भएमा,
(छ) कार्यक्षेत्र बाहिर गरेको कर्जा लगानी ।

***टिप्पणी : यो निर्देशनको खण्ड (च) को प्रयोजनको लागि "दुरुपयोग" भन्नाले प्रयोजन खुलाई लिएको कर्जा रकम सम्बन्धित प्रयोजनमा प्रयोग नगरेको, परियोजना सञ्चालनमा नरहेको, सम्बन्धित परियोजना/व्यवसायबाट आर्जित रकम ऋण तिर्नमा नलगाई अन्य कार्यमा प्रयोग गरेको, निरीक्षण तथा सुपरिवेक्षणको क्रममा सुपरिवेक्षक, लेखा परीक्षणको क्रममा लेखापरीक्षकबाट दुरुपयोग भएको प्रमाणित भएमा कर्जा तथा सुविधाको दुरुपयोग गरेको सम्झनु पर्छ ।***

७. कर्जा नोक्सानी व्यवस्थालाई देहायको अवस्था बाहेक समायोजन गर्न पाइने छैन :-

(क) **कर्जा चुक्ता भएमा** वा कर्जा अपलेखन भएमा ।

(ख) कर्जाको भुक्तानी किस्तावन्दी वा आंशिक रुपमा भई कर्जा वर्गीकरण अनुरुपको कर्जा नोक्सानी व्यवस्था कायम गर्दा भुक्तानी भएको हदसम्मको कर्जा वापत गरिएको कर्जा नोक्सानी व्यवस्थालाई Write back गरी समायोजन गर्न सकिने ।

## ८. भुक्तानी तालिका सम्बन्धमा

कर्जा प्रवाह गर्दा सो को साँवा ब्याज असुल हुने भुक्तानी तालिका ऋणीलाई **उपलब्ध गराउनु पर्नेछ** । कर्जा प्रवाह गरेको किस्ता असुली सम्बन्धी कार्यतालिका निर्माण गर्दा किसानले उत्पादन गर्ने बाली भित्र्याउने समय वा आय आर्जन हुने समय र कर्जाको किस्ता भुक्तानी गर्ने समय बीच सकेसम्म तालमेल मिल्ने किसिमले त्यस्तो कार्य तालिका निर्माण गर्नु पर्नेछ ।

## ९. भुक्तानी अवधि थप (Time extention) गर्ने सम्बन्धमाः

**(क) कोभिड-१९ को प्रभावको कारणले २०७७ असार मसान्तसम्म असुल हुन नसकेको किस्ताको साँवा र ब्याज रकमलाई ऋणीले सञ्चालन गरेको लघु उद्यम, पेशा, व्यवसायमा परेको प्रभाव, सुचारु हुन लाग्ने समय, ऋणीको आवश्यकता आदिको मुल्याङ्कन गरी २०७७ असोज मसान्तभित्र एक पटकको लागि बढीमा ६ महिनासम्म भुक्तानी अवधि थप गर्न सकिने छ ।**

**(ख) यसरी भुक्तानी अवधि थप गरिएको किस्ताको साँवा र ब्याज रकम २०७७ चैत्र मसान्तभित्र समान किस्तामा असुल उपर गर्ने व्यवस्था गर्नु पर्नेछ ।**

**(ग) यस्तो किस्ता रकम नियमितरुपमा भुक्तानी गर्ने ऋणीबाट कुनै प्रकारको पेनाल ब्याज/ शुल्क/हर्जाना/ब्याजको ब्याज (Interest on interest) लिन पाईने छैन ।**

१०. संस्थाले किस्ताबन्दीमा चुक्ता हुने गरी कर्जा प्रवाह गर्दा ग्रेस अवधि दिने/नदिने सम्बन्धमा कर्जा नीतिमा स्पष्ट व्यवस्था गरी लागु गर्नु पर्नेछ ।

## ११. गैरबैंकिङ्ग सम्पत्तिको सकार, नोक्सानी व्यवस्था र लिलाम बिक्री सम्बन्धमा

(क) लघुवित्त वित्तीय संस्थाहरुले सकार गरेको गैर-बैंकिङ्ग सम्पत्तिमा सकार गरेकै मितिदेखि शत-प्रतिशत नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ ।

(ख) गैर-बैंकिङ्ग सम्पत्ति बिक्री भएको अवस्थामा तत्काल त्यस्तो सम्पत्तिका लागि खडा गरिएको नोक्सानी व्यवस्थाको आवश्यक हिसावमिलान गर्नु पर्नेछ ।

(ग) धितो सुरक्षणलाई गैर-बैंकिंङ्ग सम्पत्तिको रुपमा सकार गर्दा तथा सकार गरेको गैर- बैंकिंङ्ग सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछ :

(१) आफ्नो संस्थाको नाममा रहेको गैर-बैंकिङ्ग सम्पत्तिको लिलाम गर्नुपूर्व स्वतन्त्र मूल्याङ्कनकर्ताबाट मूल्याङ्कन गराउनु पर्नेछ । अधिक/न्यूनमूल्याङ्कन गराउन पाइने छैन ।

(२) आर्थिक प्रशासन विनियमावलीमा धितो सुरक्षण/गैर-बैंकिंङ्ग सम्पत्ति लिलाम सम्बन्धमा पारदर्शी र स्पष्ट व्यवस्था गरी लघुवित्त वित्तीय संस्थाको हित संरक्षण हुने गरी बिक्री गर्नु पर्नेछ ।

(३) यसरी गैर-बैंकिङ्ग सम्पत्ति सकार गरी लिंदा लिलाम हुन नसकेको सुरक्षण वापत राखिएको सम्पूर्ण सम्पत्तिलाई नै लिनु पर्नेछ, आंशिक रुपमा मात्र लिन पाइने छैन ।

(४) यसरी सकार गरी लिएको सम्पत्तिलाई यथासम्भव छिटो बिक्री गर्नु पर्नेछ । लघुवित्त वित्तीय संस्थाको आफ्नै प्रयोजनका लागि आवश्यक भएमा सो को उपयोगका लागि सञ्चालक समितिबाट स्वीकृत गराई यस बैंकलाई समेत जानकारी गराउनु पर्नेछ ।

(५) गैर बैंकिङ सम्पत्तिको रुपमा संस्थाले सकार गरेको सम्पत्ति धितो सुरक्षण धनी (गैर बैंकिङ सम्पत्तिमा आउनु अघिको धनी) लाई फिर्ता गर्दा गैर **बैंकिङ सम्पत्ति लेखाङ्कन गर्दाको मूल्य वा फिर्ता गर्दाको समयमा रहेको बक्यौता रकम (सावाँ र ब्याजको जोड) मध्ये जुन बढी हुन्छ सो रकममा नघट्ने गरी** सम्बन्धित संस्था र सम्बन्धित सुरक्षण धनीबीचको आपसी वार्ताद्वारा सम्बन्धित सुरक्षण धनीलाई मात्र धितो/सुरक्षण फिर्ता गर्न भने यो निर्देशनले बाधा पुऱ्याएको मानिने छैन ।

## १२. निक्षेप राख्न तथा कर्जाको कारोबार गर्ने सम्बन्धमा

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बाहेक अन्य प्रचलित कानुन बमोजिम निक्षेप परिचालन तथा कर्जाको कारोबार गरिरहेका संस्थाहरुमा निक्षेप राख्न तथा कर्जाको कारोबार गर्न पाइने छैन । तर, थोक कर्जा कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाको हकमा भने उपर्युक्त व्यवस्था लागु हुने छैन ।

## १३. धितो फुकुवा सम्बन्धमा

**संस्थाले धितो लिई प्रवाह गरेको कर्जाको** असुल उपर गर्नु पर्ने सम्पूर्ण रकम असुल भईसकेपछि सुरक्षण वापत राखिएको धितो फुकुवाको लागि **पाँच कार्यदिन भित्र** सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

## १४. कर्जा सापटको वर्गीकरण विवरण पठाउने सम्बन्धमा

आर्थिक वर्षको असोज, पुस, चैत र असार मसान्तमा कर्जा वर्गीकरण गरी संलग्न निर्देशन **फा.नं. घ २.१** अनुसारको विवरण त्रयमास समाप्त भएको मितिले १५ दिनभित्र यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र **लघुवित्त संस्था** सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ । साथै, इजाजतपत्रप्राप्त संस्थाले संलग्न निर्देशन **फा.नं. घ २.२** बमोजिमको विवरण त्रैमासिक रुपमा तयार गरी राख्नु पर्नेछ र सोको विद्युतीय प्रति यस बैंकमा पठाउनु पर्नेछ ।

## १५. खारेजी र वचाऊ

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७६ को कर्जा/सापटको वर्गीकरण र कर्जा नोक्सानी सम्बन्धी व्यवस्था निर्देशन नं. २ बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७७ असोज ०८ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**निर्देशन नं. ३/०७७**

## कर्जा तथा सापटको सीमा

यस बैंकबाट “घ” वर्गका इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाबाट एउटै ग्राहक, फर्म, कम्पनी वा आपसी सम्बन्ध भएका ग्राहकहरुको समूहलाई तथा अर्थ व्यवस्थाको एकै क्षेत्रमा प्रवाह हुने कर्जाका सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायको निर्देशन जारी गरिएको छ ।

१. **थोक कर्जा कारोबार गर्ने संस्थालाई देहाय बमोजिमको कर्जा सीमा कायम गरिएको छ ।**

थोक कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाले एउटै ग्राहक, फर्म, कम्पनी, संस्था वा आपसी सम्बन्ध भएका ग्राहकहरुको समूहलाई प्रदान **गर्न सक्ने** कर्जाको सीमा अघिल्लो त्रयमासको प्राथमिक पुँजीको बढीमा २५ प्रतिशत कायम गरिएको छ ।

यस प्रयोजनको लागि आपसी सम्बन्ध भएका ग्राहकहरुको समूहलाई देहायका अवस्थामा एउटै समूह मानिनेछ । संस्थाले एउटा ग्राहक वा आपसी सम्बन्ध भएका ग्राहकहरुको अभिलेख अर्धवार्षिक रुपमा तयार गरी एक महिनाभित्र यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग तथा लघुवित्त **संस्था** सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ ।

(क) कुनै संस्थाले अर्को संस्थाको पच्चीस प्रतिशत वा सोभन्दा बढी शेयर वा नियन्त्रण लिएको वा कायम भए त्यस्ता दुवै संस्थाहरु,

(ख) एकै समूहका भनी आवद्ध रहेका फर्म, संस्था वा त्यस्ता समूहका सदस्यहरु,

(ग) खण्ड (ख) बमोजिम एउटा ग्राहकले अर्को ग्राहक वा संस्थालाई जमानत दिएको भए त्यस्ता संस्थाहरु,

(घ) एक आपसमा व्यक्तिगत जमानी दिई Cross Guarantee रहेको छ भने त्यस्तो जमानी दिने/लिने व्यक्तिहरु,

(ङ) संस्था सञ्चालन, नियन्त्रण वा व्यवस्थापनमा प्रत्यक्ष संलग्न व्यक्ति वा निजको एकाघरमा बसोबास गरी आएका वा छुट्टाभिन्न भएका पति वा पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालनपोषण गर्नु पर्ने दाजु, भाइ, तथा दिदी, बहिनी ।

२. **खुद्रा कर्जा कारोबार गर्ने लघुवित्त वित्तीयसंस्थालाई देहाय बमोजिमको कर्जा सीमा कायम गरिएको छ ।**

(क) विपन्न तथा न्यून आय भएका व्यक्तिलाई सामुहिक जमानीमा लघु उद्यम वा व्यवसाय सञ्चालन गर्न प्रति समूह सदस्य बढीमा तीन लाख रुपैया सम्म लघुकर्जा उपलब्ध गराउन सकिने छ । विगत दुई वर्षदेखि कर्जा उपभोग गरी असल वर्गमा परेका समूह सदस्यको हकमा पाँच लाख रुपैया सीमा कायम गरिएको छ ।

(ख) नवीकरणीय ऊर्जा प्रविधि अन्तर्गत Solar Home Systems र/वा Bio-gas प्रयोजनको लागि प्रति परिवार बढीमा रु. दुई लाख सम्मको लघुकर्जा उपलब्ध गराउन सकिने छ ।

**(ग) विपन्न तथा न्यून आय भएका समूहमा आवद्ध भएका वा नभएका व्यक्तिहरुलाई स्वीकारयोग्य धितो लिई कृषि, लघु उद्यम वा व्यवसाय सञ्चालन गर्न प्रति व्यक्ति बढीमा रु. ७ लाख रुपैयाँसम्म लघुकर्जा उपलब्ध गराउन सकिनेछ । विगत २ वर्षदेखि कर्जा उपभोग गरी असल वर्गमा परेका व्यक्तिको हकमा रु. १५ लाख रुपैयाँ सीमा कायम गरिएको छ । समूहमा आवद्ध भएको सदस्यलाई एकै अवधिमा समूह कर्जा वा धितो कर्जामध्ये कुनै एक कर्जा मात्र प्रवाह गर्न सकिनेछ ।**

**तर, यस पूर्व प्रवाह भएको कर्जाको हकमा साविक बमोजिमको भुक्तानी तालिका अनुसार कर्जा चुक्ता गर्न यस व्यवस्थाले बाधा पुगेको मानिने छैन ।**

(घ) धितो लिई प्रवाह गरिने सबै किसिमको कर्जा कुल कर्जाको बढीमा एक तिहाई भन्दा बढी हुन हुने छैन ।

(ङ) एकाघर परिवारका कुनै सदस्यले लिएको लघुकर्जा उपयुक्त कारण सहितसोही एकाघर परिवारका अन्य सदस्यको नाममा हस्तान्तरण/परिवर्तन गर्न सकिने छ।

(च) एउटा धितोका आधारमा एकभन्दा बढि व्यक्तिलाई कर्जा प्रवाह गर्न पाइने छैन।

(छ) लघुवित्त वित्तीय संस्थाहरुले लघुकर्जा प्रवाह गर्दा समूहमा आवद्ध गराउने व्यवस्थालाई प्राथमिकता दिने गरी कार्यविधि तयार गरी सोको प्रभावकारी कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउनु पर्ने छ।

(ज) बिना धितो सामुहिक जमानीमा वा धितोका सुरक्षणमा लघुकर्जा प्रदान गर्दा एक ऋणीले एकभन्दा बढी लघुवित्त वित्तीय संस्थाबाट कर्जालिए/नलिएको (Multiple Banking) एकीन गरी यस व्यवस्था बमोजिमको एकल ग्राहक कर्जा सीमा ननाघ्ने गरी मात्र कर्जा प्रदान गर्नु पर्नेछ। यस प्रयोजनका लागि अन्य वित्तीय संस्थाबाट लघुवित्त कर्जा लिए/नलिएको सम्बन्धमा ऋणीको स्वघोषणा गराई लिएको भए सोको विवरण समेत लिनुपर्नेछ। एकल ग्राहक सीमा नाघ्ने गरी कर्जा प्रदान गरिएको अवस्थामा कर्जा प्रवाह गर्ने पछिल्लो लघुवित्त वित्तीय संस्थाले सीमा भन्दा बढी प्रवाह भएको कर्जा रकममा सत प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्ने छ।

*स्पष्टीकरण*

*यस उपदफाको प्रयोजनको लागि "लघु उद्यम" भन्नाले १० जना भन्दा कम व्यक्ति काममा संलग्न भई सञ्चालित हुने आयमूलक व्यवसाय सम्झनु पर्छ।*

**३. इजाजतपत्रप्राप्त संस्थाले आफ्नो स्वीकृत भौगोलिक कार्यक्षेत्र बाहिर कर्जा प्रवाह गर्न पाउने छैन। अचल संपत्ती धितो राखी कर्जा प्रवाह गर्दा त्यस्तो कर्जाको धितो र परियोजना/व्यवसाय आफ्नो भौगोलिक कार्यक्षेत्र भित्रको हुनु पर्नेछ।**

**४. अधिकेन्द्रित जोखिम (Concentration Risk) न्यूनीकरण गर्ने व्यवस्था**

**यस बुँदामा उल्लेख गरिएको सीमा भन्दा बढी कर्जा प्रदान गरेमा त्यसबाट उत्पन्न हुने अधिकेन्द्रित जोखिम खाम्नको लागि सीमाभन्दा बढी प्रदान गरिएको कर्जा रकममा शत् प्रतिशत कर्जा नोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गर्नु पर्नेछ।**

**५. खारेजी र वचाऊ :**

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७६ को कर्जा/सापट र लगानीको सीमा सम्बन्धी व्यवस्था निर्देशन नं. ३ बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७७ असोज ०८ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ।

# नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**निर्देशन नं. ४/०७७**

**लेखानीति तथा वित्तीय विवरणहरुको ढाँचा सम्बन्धी व्यवस्था**

यस बैंकबाट "घ" वर्गका इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुले पालना गर्नुपर्ने लेखानीति तथा वित्तीय विवरणहरुको ढाँचा सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायको निर्देशन जारी गरिएको छ ।

**१. वित्तीय विवरण सम्बन्धी मार्गदर्शन**

लघुवित्त वित्तीय संस्थाहरुले देहाय बमोजिमको मार्गदर्शनभित्र रही वित्तीय विवरणहरु तयार गर्नु पर्नेछ ।

क. आर्थिक वर्षको परिभाषा

साउन १ गतेदेखि असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्षको रुपमा मान्नु पर्नेछ । तर संस्थापना भएको वर्षको लागि संस्थापना भएको मितिदेखि असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष मान्नु पर्नेछ ।

ख. नेपाल राष्ट्र बैंकले तोकेको ढाँचालाई वैधानिक ढाँचा (Statutory Form) को रुपमा लिनु पर्ने

लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो वासलात र नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण र अन्य अनुसूची तथा विवरणहरु यस बैंकले तोकिदिएको ढाँचा र तरिका अनुसार तयार गर्नु पर्नेछ । यस प्रकार तयार गरिएको विवरण सालतमाम भएको **४ (चार)** महिनाभित्र लेखापरीक्षण सम्पन्न गराउनु पर्नेछ ।

ग. प्रचलित लेखा मापदण्डको अनुशरण गर्नु पर्ने

यस बैंकको निर्देशनमा तोकिएको अवस्थामा बाहेक वित्तीय विवरणहरु नेपाल लेखा मापदण्ड (NAS)अनुसार तयार गर्नु पर्नेछ । नेपाल लेखा मापदण्डले समावेश नगरेका क्षेत्रहरुमा अन्तर्राष्ट्रिय लेखा मापदण्ड (IAS/IFRS) लाई आधारको रुपमा लिनु पर्नेछ । थोक कर्जा कारोवार गर्ने र सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुले २०७८ असार मसान्तको वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुसार समेत समानान्तररुपमा तयार गर्नु पर्नेछ ।

घ. वित्तीय विवरणहरु प्रकाशन गर्नु पर्ने

कानुनी व्यवस्था र तोकिएको अवधिभित्र लेखापरीक्षण सम्पन्न भइसकेपछि संलग्न निर्देशन फा.नं.घ ४.१ बमोजिमको वासलात, नाफा-नोक्सान हिसाव र नगद प्रवाह विवरणका साथै यी वित्तीय विवरणहरुसँग सम्बन्धित सबै अनुसूची तथा विवरणहरु वार्षिक प्रतिवेदन पुस्तिकामा प्रकाशित गर्नु पर्नेछ । साथै, सर्वसाधारणको जानकारीको लागि वासलात, नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण र यस निर्देशनको पुँजीकोष तालिका (अनुसूची नं.४.२४/४.२४ (क)) र प्रमुख सूचकाङ्क (अनुसूची नं. ४.२५) अनुसारको विवरण राष्ट्रियस्तरका संस्थाको हकमा राष्ट्रियस्तर र क्षेत्रीयस्तरका संस्थाको हकमा क्षेत्रीय वा जिल्लास्तरका पत्रिकामा आर्थिक वर्ष समाप्त भएको नौ महिनाभित्र अनिवार्यरुपमा प्रकाशित गर्नु पर्नेछ । साथै, सम्पूर्ण वार्षिक प्रतिवेदनलाई आफ्नो वेवसाइटमा अद्यावधिक गर्नु पर्नेछ ।

यस बैंकको निर्देशन बमोजिम यस बैंकको विभिन्न विभाग तथा कार्यालयहरुमा पेश गर्नु पर्ने विभिन्न तथ्याङ्क फारामहरु तथा प्रकाशन गर्नु पर्ने गरी तोकिएका विवरण सम्बन्धी अन्य कुनै पनि निर्देशनलाई यस निर्देशनले बाधा पुऱ्याएको मानिने छैन ।

(१) सम्पूर्ण शाखाहरुको समेत कारोबार समावेश गरी वास्तविक एकीकृत वित्तीय विवरण लगायत प्रमुख वित्तीय परिसूचकहरु (Major Financial Indicators) को विवरण हरेक त्रयमासको महिना व्यतीत भएको मितिले ३५ दिनभित्र राष्ट्रियस्तरका संस्थाको हकमा राष्ट्रियस्तर र क्षेत्रीयस्तरका संस्थाको हकमा क्षेत्रीय वा जिल्लास्तरका दैनिक पत्रिकामा अनिवार्य रुपमा प्रकाशित गरी सोको

एक प्रति बैंक तथा वित्तीय संस्था नियमन विभाग र लघुवित्त सुपरिवेक्षण विभागलाई समेत उपलब्ध गराउनु पर्नेछ । (संलग्न ने.रा.बैंक निर्देशन फा.नं.घ ४.२)

(२) त्रैमासिक वित्तीय विवरण प्रकाशन गर्दा अनिवार्य रुपमा आन्तरिक लेखापरीक्षकबाट प्रमाणित गराएर मात्र प्रकाशन गर्नु पर्नेछ ।

(३) हरेक आर्थिक वर्षको अन्त्यमा सम्बन्धित संस्थाको अपरिष्कृत वित्तीय विवरण र लेखापरीक्षण भएको वित्तीय विवरणबीच देखिएको अन्तर सम्बन्धमा कारण खुलाई तालिकाकै रुपमा संस्थाको वार्षिक प्रतिवेदनको अलग्गै पानामा संलग्न ने.रा.बैंक अनुसूची ४.२९ को ढांचामा प्रकाशित गर्नु पर्नेछ ।

(४) वित्तीय विवरण प्रकाशित गर्दा उक्त अवधिको कर्मचारी बोनस, आयकर व्यवस्था लगायतका सम्पूर्ण खर्चहरुलाई समावेश गरेर मात्र प्रकाशित गर्नु पर्नेछ ।

(५) सर्वसाधारणको जानकारीको लागि अपरिष्कृत वित्तीय विवरण प्रकाशन गर्दा "सुपरिवेक्षण गर्ने निकाय तथा वाह्य लेखापरिक्षकले थप/घट गर्न निर्देशन दिएमा परिष्कृत वित्तीय विवरणमा फरक पर्न सक्नेछ" भन्ने व्यहोराको फुटनोट राखी प्रकाशन गर्नु पर्नेछ ।

(६) ऐन, नीति, नियम तथा निर्देशनमा स्पष्ट गरिएका विषयमा समेत वित्तीय संस्थाको व्यवस्थापनले समयमै समायोजन नगरी वित्तीय विवरणमा फरक परेको अवस्थामा सम्बन्धित संस्थालाई आवश्यक कारबाही गरिनेछ ।

ङ. आन्तरिक प्रयोजनको निमित्त लेखा राख्ने

यस निर्देशनले सम्बन्धित लघुवित्त वित्तीय संस्थाहरुको आन्तरिक प्रयोजनको निमित्त तयार गरिने अन्य लेखा विवरणहरुलाई बाधा पुऱ्याएको मानिने छैन ।

च. नेपाल राष्ट्र बैंकले तोकेको ढाँचा र शीर्षकमा कुनै परिवर्तन गर्न नपाइने

वासलात, नाफा नोक्सान हिसाब, **नाफा नोक्सान बाँडफाँड हिसाब, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण** र नगद प्रवाह विवरणको साथै अनुसूचीहरुमा तोकिएका शीर्षक अन्तर्गत रकम नरहेको भए तापनि सो शीर्षक कायमै राखी यस बैंकले तोकेको **ढाँचामा कुनै परिवर्तन नगरी विवरण तयार गर्नु पर्ने**छ । तर अनुसूचीहरुमा उल्लेख भएको "अन्य" शीर्षकभित्र रहने गरी आवश्यकता अनुसार अरु शीर्षक समावेश गर्न सकिनेछ ।

छ. वित्तीय विवरणहरु पेश गर्नु पर्ने

आफ्नो वार्षिक हिसावको आधारमा तयार पारेको वित्तीय विवरण वाह्य लेखापरीक्षकबाट प्रारम्भिक लेखापरीक्षण कार्य समाप्त भएपछि तयार भएको प्रारम्भिक प्रतिवेदन, सो प्रतिवेदन उपर व्यवस्थापनको जवाफ तथा सोका आधारमा तयार पारिएको वित्तीय विवरणहरु (वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा यस बैंकको निर्देशन अनुसारका सम्पूर्ण अनुसूचीहरु, कर्जा नोक्सानी व्यवस्थाको विवरण समेत) आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र लघुवित्त संस्था सुपरिवेक्षण विभागमा स्वीकृतिका लागि पेश गर्नु पर्नेछ । उक्त विवरणहरुका आधारमा यस बैंकको गैर-स्थलगत सुपरिवेक्षणबाट कुनै संशोधन गर्नु पर्ने विषयमा निर्देशन भएमा सो बमोजिम आर्थिक वर्षको वित्तीय विवरणमा समायोजन गरी आर्थिक वर्ष समाप्त भएको ४ महिना भित्र (म्याद थप भएको अवस्थामा बढीमा थप दुई महिनाभित्र) लेखापरीक्षण कार्य सम्पन्न गर्नु पर्नेछ । साथै, समायोजित वित्तीय विवरणहरु, लेखापरीक्षकको अन्तिम प्रतिवेदन तथा लंगफर्म अडिट रिपोर्ट (Long Form Audit Report, LFAR) लेखापरीक्षण सम्पन्न भएको १५ दिनभित्र यस बैंकको लघुवित्त संस्था सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

वार्षिक साधारण सभामा स्वीकृतिको लागि पेश गर्ने प्रयोजनार्थ तयार गरेको वार्षिक हिसाब (Annual Accounts) यस बैंकको लघुवित्त सुपरिवेक्षण विभागको सहमति लिएर मात्र सार्वजनिक गर्नु पर्नेछ ।

ज. ग्राहक संरक्षण कोष (Client Protection Fund) सम्बन्धी व्यवस्था

(अ) देहायबमोजिमको रकम ऋणीहरुको हितमा खर्च गर्ने गरी अलग्गै ग्राहक संरक्षण कोष (Client Protection Fund) मा जम्मा गरी राख्नु पर्नेछ :

**(१) मुनाफा तथा लाभांश**

(क) **खुद मुनाफाको १ प्रतिशत रकम,**

(ख) **वार्षिक २० प्रतिशतभन्दा बढी लाभांश (नगद वा बोनस) वितरणको प्रस्ताव गरेमा २० प्रतिशतभन्दा माथिको प्रस्तावित लाभांशको २५ प्रतिशतले हुने रकम ।**

(२) **साविकको व्यवस्था बमोजिम निश्चित प्रयोजनका लागि ग्राहकबाट संकलन गरिएको शुल्क समेतबाट सिर्जना गरिएको लघु सुरक्षण कोषमा जम्मा गरिएको रकम । यस प्रयोजनका लागि आगामी दिनमा ग्राहकबाट यस प्रकारको शुल्क/रकम उठाउन पाईने छैन ।**

(आ) ग्राहक संरक्षण कोष (Client Protection Fund) मा जम्मा भएको रकम ऋणीहरुको सामूहिक हित हुने कार्य गर्न, समस्यामा परेका ऋणीको व्यवसायको सुरक्षण एवम् पुनर्स्थापना गर्न तथा **ग्राहकहरुको शिक्षा र क्षमता विकास एवम् ग्राहकहरुका सन्तानको विद्यालय स्तरको शिक्षा, स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यक्रम**मा उपयोग हुने गरी मात्र खर्च गर्नु पर्नेछ । **ग्राहक संरक्षण कोषमा अघिल्लो आर्थिक वर्षको नाफाबाट जम्मा हुने रकमको न्यूनतम ५० प्रतिशत रकम पछिल्लो आर्थिक वर्षमा खर्च गर्नु पर्नेछ । यसरी खर्च भएको रकम तथा सो सम्बन्धी विवरण संस्थाको वार्षिक प्रतिवेदनमा स्पष्ट रुपमा खुलाईएको हुनु पर्नेछ ।** खर्च नभएको रकम Earmark गरी छुट्टै लगानी गर्नु पर्नेछ **र यस्तो लगानीबाट प्राप्त आम्दानी सोही कोषमा जम्मा गर्नु पर्नेछ । तर, ग्राहक संरक्षण कोष (Client Protection Fund) मा जम्मा भएको रकमबाट कुनै पनि किसिमको कर्जा तथा सापटी प्रदान गर्न पाइने छैन ।** यस प्रयोजनको लागि लघु वित्त वित्तीय संस्थाले आफ्नो सञ्चालक समितिबाट छुट्टै कार्यविधि पारित गराई लागू गर्नु पर्नेछ ।

**(इ) थोक कर्जा उपलब्ध गराउने लघु वित्त वित्तीय संस्थाले यस्तो कोषमा जम्मा हुने रकम ग्राहक संस्था र उक्त संस्थाका सदस्यहरुको लागि वित्तीय साक्षरता अभिवृद्धि सम्बन्धी कार्यक्रममा समेत खर्च गर्न सक्नेछ ।**

झ. सहायक कम्पनीको रुपमा स्थापना भएका लघुवित्त वित्तीय संस्थाले आफ्नो मुख्य कम्पनीसँग हुने कारोबारलाई आफ्नो वित्तीय विवरणको लेखा सम्बन्धी टिप्पणी (Notes to Accounts) मा सम्बन्धित पक्षबीच हुने कारोबार शीर्षक अन्तर्गत खुलाउन पर्नेछ ।

## २. प्रमुख लेखा नीतिहरु

इजाजतपत्रप्राप्त संस्थाले अपनाउनु पर्ने लेखा नीतिहरुको सम्बन्धमा देहाय बमोजिम व्यवस्था गरिएको छ :

### क. लेखा नीति प्रकाशित गर्नु पर्ने

संस्थाको लेखा नीति सामान्य लेखा सिद्धान्त र बैंकिङ्ग व्यवसायमा प्रचलित लेखा नीति तथा **नेपाल वित्तीय प्रतिवेदनमान** (NFRSs) तथा अन्तर्राष्ट्रिय मापदण्ड (IFRS) लाई समेत आधार मानी तयार गरिएको हुनु पर्नेछ । वित्तीय विवरणहरु तयार गर्ने सिलसिलामा व्यवस्थापनले अपनाएका प्रमुख लेखा नीतिहरुलाई अनुसूची ४.२६ मा समावेश गरी वार्षिक प्रतिवेदनमा प्रकाशित गर्नु पर्नेछ ।

### ख. लेखा नीति अन्तर्गत खुलाउन तोकिएका शीर्षकहरुको संक्षिप्त व्याख्या

१. ह्रासकट्टा नीति

लघुवित्त वित्तीय संस्थाले सामान्यतः स्वीकार्य लेखा सिद्धान्त (Generally Accepted Accounting Principles) बमोजिमको कुनै पनि ह्रासकट्टा नीति अपनाउन सक्नेछ । तर, जुन नीति अपनाइएको हो, त्यसबारे लेखा नीतिमा स्पष्ट जानकारी दिनु पर्नेछ । प्रचलित कानुनको अधिनमा रही ह्रासकट्टा दर कायम गर्ने अधिकार सम्बन्धित संस्थाको व्यवस्थापनमा रहनेछ ।

२. आयकर व्यवस्था नीति

नाफा-नोक्सान हिसावमा लेखिएको खर्चहरुमध्ये कुनै कुनै खर्च रकमहरु आयकर ऐन तथा नियमावली अनुसार आंशिक वा पुरै रुपमा छुट नपाउने हुनसक्ने, साथै कुनै आयमा आयकर छुट दिइएको हुन सक्ने आदि कारणले गर्दा नाफा-नोक्सान हिसावले देखाएको खुद मुनाफा र कर योग्य मुनाफा (Taxable Profit) मा फरक पर्न सक्दछ । तसर्थ, आयकर मूल्याङ्कनको लागि लघुवित्त वित्तीय संस्थाले खुद मुनाफामा आयकर ऐन र सो ऐन अन्तर्गत बनेको नियमावली बमोजिम खर्च, आम्दानीमा आवश्यक थपघट गरी अलगगै करयोग्य आम्दानी निर्धारण गर्नु पर्नेछ । सोही अनुसार हुने रकमको आयकर व्यवस्था गर्ने नीति लिई लेखा नीति अन्तर्गत जानकारी दिनु पर्नेछ ।

३. लगानी सम्बन्धी नीति

लगानी सम्बन्धी निर्देशन बमोजिम लगानी मूल्याङ्कन नीति अपनाउनु पर्नेछ ।

४. सटही घटबढ समायोजन नीति

विदेशी मुद्रासँग सम्बन्धित सम्पत्ति, दायित्व तथा सटही घटबढ आम्दानी तथा खर्चहरुको लेखाङ्कन गर्ने तरिकालाई लघुवित्त वित्तीय संस्थाको लेखा नीति अन्तर्गत खुलाउनु पर्नेछ । विदेशी मुद्रा कारोबारबाट हुने आम्दानीमध्ये खरिद बिक्रीबाट हुने नाफा/नोक्सान(Trading Profit/Loss) र विदेशी मुद्राको पुनरमूल्याङ्कनबाट हुने नाफा/नोक्सान (Revaluation Gain/Loss) को स्पष्ट देखिने गरी छुट्टाछुट्टै लेखा राख्नु पर्नेछ । लघुवित्त वित्तीय संस्थाले विदेशी विनिमय दरमा हुने परिवर्तनको आधारमा कम्तीमा प्रत्येक मसान्तमा “सटही घटबढ हिसाव” लाई समायोजन गर्नु पर्नेछ र प्रत्येक सालतमाममा समायोजित खुद पुनरमूल्याङ्कन नाफा-नोक्सानको यकिन गर्नु पर्नेछ । सालतमाममा पुनरमूल्याङ्कन नोक्सान भएमा नाफा-नोक्सान हिसावमा खर्च जनाउनु पर्नेछ । यदि समायोजित खुद पुनरमूल्याङ्कन रकम नाफा भएमा सोलाई नाफा-नोक्सान हिसावमा आम्दानी जनाई उक्त नाफाको कम्तीमा २५ प्रतिशत रकम नाफा-नोक्सान बाँडफाँड हिसाव मार्फत् सटही घटबढ कोष हिसावमा विनियोजित गर्नु पर्नेछ ।

५. गैर-बैंकिङ्ग सम्पत्तिको लेखाङ्कन नीति

कुनै कर्जा असुली नभएमा सुरक्षणमा रहेको धितो बेचबिखन गरी बाँकी साँवा र ब्याज उठाउन सक्नेछ । संस्थाले कर्जा असुल गर्ने सिलसिलामा धितो लिलामी गर्दा लिलाम बिक्री नभएमा आफैंले सकार गर्न सक्नेछ । सकार गर्दा धितोको प्रचलित बजार मूल्य वा धितो सकार गर्न अघिल्लो दिन सम्मको सम्पूर्ण लेना रकममध्ये जुन कम हुन्छ सोही मूल्यमा मूल्याङ्कन गर्नु पर्नेछ । यदि धितोको बजार मूल्य कर्जाको लेना रकम भन्दा कम भएमा कम भएजति रकम सोही आर्थिक वर्षमा नाफा/नोक्सान हिसावमा खर्च लेखी सोही व्यहोरा लेखा नीतिमा उल्लेख गर्नु पर्नेछ ।

तर, यसरी मूल्याङ्कन गर्दा त्यस्तो गैर-बैंकिङ्ग सम्पत्ति वापतको रकम सम्पूर्ण रुपमा हिसाव मिलान नभएसम्म लेना रकममध्येको ब्याज रकमलाई नाफा/नोक्सान हिसाबमा आम्दानी जनाउन पाइने छैन र त्यस्तो रकमलाई गैर-बैंकिङ्ग सम्पत्ति वापतको नोक्सानी व्यवस्थामा सार्नु पर्नेछ ।

६. पुँजीकृत नगरिने सम्पत्तिहरु सम्बन्धी लेखाङ्कन नीति

संस्थाको व्यवस्थापनले कुनै निश्चित मोलसम्म पर्ने उपकरण, सामानहरु पुँजीकृत नगर्ने नीति लिएको छ भने सो कुरा लेखा नीति अन्तर्गत समावेश गर्नु पर्नेछ ।

७. आम्दानी/खर्च लेखाङ्कन गर्ने नीति

संस्थाले कुनै पनि आय/खर्चलाई सामान्यतया प्रोदभावी आधार(Accural Basis)मा आय/खर्च जनाउनु पर्नेछ । तर कर्जा/सापटको ब्याज आम्दानी जनाउने सम्बन्धमा नगद प्राप्तीको आधारमा मात्र जनाउने व्यवस्था गर्नु पर्नेछ । यसरी लघुवित्त वित्तीय संस्थाले आम्दानी/खर्च जनाउने सम्बन्धमा लिएको नीतिलाई आफ्नो लेखा नीतिमा स्पष्ट खुलाउनु पर्नेछ ।

८. सम्भावित कर्जा नोक्सानी व्यवस्था तथा असुली हुन नसक्ने कर्जाहरुको अपलेखन नीति

यस बैंकको निर्देशन अनुसार सम्भावित कर्जा नोक्सानी व्यवस्था कायम राख्नुपर्ने हुँदा सोही व्यहोरा लेखा नीतिमा खुलाउनु पर्नेछ । साथै असुल हुन नसक्ने कर्जाहरुको यस बैंकले दिएको निर्देशनको अधिनमा रही अपलेखन गर्ने र लघुवित्त वित्तीय संस्थाद्वारा अख्तियार गरेको नीति समेत लेखा नीति अन्तर्गत खुलाउनु पर्नेछ । लघुवित्त वित्तीय संस्थाले कर्जा अपलेखन विनियमको आधारमा रही अपलेखन नीति तर्जुमा गर्नु पर्नेछ ।

९. कर्जाको साँवा तथा ब्याज असुल गर्ने व्यवस्था

सम्बन्धित ऋणीबाट रकम असुलउपर गर्दा त्यस्तो असुल रकममध्येबाट सर्वप्रथम असुल उपर गर्नुपर्ने ब्याज रकम सम्पूर्ण रुपमा असुलउपर भएपछिको अवस्थामा मात्र बाँकी रकम साँवामा आवश्यक हिसाव मिलान गर्न सक्नेछ ।

तर खराब कर्जाहरुको सन्दर्भमा उपर्युक्त व्यवस्था लागु हुने छैन ।

१०. अन्य नीतिहरु

उपर्युक्त प्रमुख लेखा नीतिहरु बाहेक वासलात र नाफा-नोक्सान हिसावलाई बुझ्न र विश्लेषण गर्न सघाउ पुग्नेगरी अन्य कुनै लेखा नीतिको जानकारी दिन आवश्यक देखिएमा सो व्यहोरा समेत लेखा नीतिमा उल्लेख गर्नु पर्नेछ ।

## ३. लेखा सम्बन्धी टिप्पणीहरु

यस अन्तर्गत कम्तीमा निम्न विषयहरु समावेश गरी अनुसूची ४.२७ मा वार्षिक लेखा विवरणहरुसँग प्रकाशित गर्नु पर्नेछ ।

(१) वर्षभरिमा प्रवाह भएको कर्जा सापट, असुली भएको र मिनाहा गरिएको साँवा तथा ब्याजको विवरण ।

(२) निक्षेप दायित्व अन्तर्गत प्रत्येक शीर्षकमा वर्षभरिमा परिवर्तन (प्राप्ती, भुक्तानी तथा बाँकी) भएको रकम ।

(३) निक्षेप, **बचत तथा सापटी** र कर्जाको भारित औषत ब्याजदर अन्तर (weighted average interest rate spread)

(४) अपलेखन हुन बाँकी खर्चको विवरण ।

(५) संस्थाको सम्पत्ति र दायित्वसँग सम्बन्धित कारोबार र वासलात बाहिरको कारोबार कुनै एक व्यक्ति, परिवार वा संस्थामा तोकिएको सीमाभन्दा बढी अधिकेन्द्रित भएको विवरण ।

(६) तरलता सम्बन्धी जोखिम न्यूनीकरण गर्न लघुवित्त वित्तीय संस्थाले आफ्नो दायित्व तथा सम्पत्तिलाई भुक्तानी अवधि (MaturityPeriod) को आधारमा विभिन्न समय अन्तरालमा वर्गीकरण गर्नु पर्ने सम्बन्धमा यस बैंकले दिएको निर्देशन अनुरुप सम्पत्ति र दायित्वको वर्गीकरण गरिएको विवरण ।

(७) संस्थाले सुरक्षणका रुपमा आफ्नो सम्पत्ति धितो राखी रकम लिएको छ भने सोको विवरण ।

(८) गैर-बैंकिङ्ग सम्पत्ति सम्बन्धी विवरण (गत वर्षको, यस वर्ष स्वीकार/बिक्री र खुद बाँकी रकम) ।

(९) चुक्तापुँजीमध्ये अग्रिम भुक्तानी प्राप्त (Paid in Advance), भुक्तानी प्राप्त हुन बाँकी (Calls in Arrears) र जफत गरिएका तर पुनः निष्काशन नगरिसकेका (Forfeited But Not issued) शेयरहरु रहेको छ भने सोको विवरण ।

(१०) लिजहोल्ड सम्पत्तिमा गत वर्षसम्म र यस वर्ष अपलेखन (Amortization) गरिएको रकमको विवरण ।

(११) वित्तीय विवरणहरुलाई बुझ्न र विश्लेषण गर्न सघाउ पुग्ने जानकारी दिन आवश्यक देखिएका अन्य विवरण ।

(१२) संस्थाको एजेन्सी मौज्दात भए अवधि अनुसारको (१ वर्ष, १-३ वर्ष, ३ वर्षभन्दा बढी) हिसाब मिलान हुन बाँकी रकमको विवरण ।

**(१३) संस्थाका प्रमुख कार्यकारी अधिकृत र सञ्चालकहरुलाई प्रदान गरिएको पारिश्रमिक तथा अन्य सुविधाहरु (सम्पूर्ण भ्रमण खर्च समेत)**

## ४. खारेजी र वचाऊ :

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७६ को लेखानीति तथा वित्तीय विवरणहरुको ढाँचा सम्बन्धी व्यवस्था निर्देशन नं. ४ बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७७ असोज ०८ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**निर्देशन नं. ५/०७७**

## जोखिम वर्गीकरण सम्बन्धी व्यवस्था

यस बैंकबाट "घ" वर्गका इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाको कारोवारमा निहित कर्जा, सञ्चालन, तरलता, बजार, ब्याजदर लगायतका जोखिम व्यवस्थापनका सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो कारोबारसँग सम्बन्धित जोखिमलाई अनुगमन गर्ने प्रयोजनको लागि जोखिमलाई देहाय बमोजिम वर्गीकरण गर्नु पर्नेछ :-

   (क) तरलता सम्बन्धी जोखिम ।
   (ख) ब्याजदर सम्बन्धी जोखिम ।
   (ग) कर्जा तथा लगानी सम्बन्धी जोखिम ।
   **(घ) सञ्चालन जोखिम**

२. यस प्रयोजनको निमित्त संलग्न निर्देशन फा.नं.घ ५.१ बमोजिमको तरलता विवरण (Liquidity Profile) त्रैमासिक रुपमा तयार गरी त्रयमास (असोज, पुस, चैतर असार मसान्त) समाप्त भएको १५ दिन भित्र यस बैंकको लघुवित्त संस्था सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ।

३. संस्थाले ब्याजदर जोखिमलाई व्यवस्थित तथा न्युनीकरण गर्न संलग्न निर्देशन फा.नं.घ ५.२ बमोजिमको विवरण त्रैमासिक (असोज, पुस, चैत र असार मसान्त) रुपमा तयार गरी त्रयमास समाप्त भएको १५ दिन भित्र यस बैंकको लघुवित्त संस्था सुपरिवेक्षण विभागमा पेश गर्नुपर्नेछ।

४. यस बैंकबाट जारी गरिएको "कर्जा सापटको वर्गीकरण र कर्जा नोक्सानी सम्बन्धी व्यवस्था" र "कर्जा सीमा सम्बन्धी व्यवस्था तथा लगानी सम्बन्धी व्यवस्थालाई नै कर्जा तथा लगानी सम्बन्धी जोखिम न्यूनीकरण गर्ने आधारको रुपमा लिनु पर्नेछ।

**५. इजाजतपत्रप्राप्त संस्थाले सञ्चालन जोखिम वापत कुल सम्पत्तिको २ प्रतिशतले हुने रकम थप गरी जोखिम भारित सम्पत्ति कायम गर्नु पर्नेछ।**

**६. खारेजी र वचाऊ :**

   (१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

   यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७६ को जोखिम वर्गीकरण सम्बन्धी व्यवस्था निर्देशन नं. ५ बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७७ असोज ८ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु।

   (२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ।

# नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**निर्देशन नं. ६/०७७**

### संस्थागत सुशासन सम्बन्धी व्यवस्था

यस बैंकबाट "घ" वर्गका इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाले पालना गर्नु पर्ने संस्थागत सुशासन सम्बन्धी व्यवस्था सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायको निर्देशन जारी गरिएको छ ।

**१. सञ्चालकले पालना गर्नु पर्ने आचरण सम्बन्धी व्यवस्था**

(१) संस्थाका सञ्चालकले न्यूनतम स्वीकारयोग्य आचरण कायम गर्नु पर्ने

(क) सञ्चालकले यस बैंकले जारी गरेको आचरण सम्बन्धी व्यवस्था पालना गर्ने बचनबद्धतापत्रमा हस्ताक्षर गर्नु पर्नेछ ।

(ख) कुनै व्यक्ति सञ्चालकमा नियुक्त भएपछि कार्यभार सम्हाल्नुभन्दा पहिले आफ्नो संस्थासँग वित्तीय स्वार्थ भए/नभएको सम्बन्धमा सञ्चालक समितिलाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

(ग) सञ्चालकले लघुवित्त वित्तीय संस्थाको व्यवस्थापनको दैनिक कामकारबाहीमा हस्तक्षेप गर्नु हुँदैन ।

(घ) सञ्चालकले आफ्नो अधिकार क्षेत्र नाघी गरेको कामकारबाहीप्रति सञ्चालक स्वयं जवाफदेही हुनुपर्नेछ । त्यस्तो अवस्थामा संस्था उत्तरदायी हुनुपर्नेछैन ।

(ङ) कुनै पनि फर्म तथा कम्पनी कालो सूचीमा परेको भए कालो सूचीमा रहेको अवधि र कालोसूचीबाट हटेको ३ वर्षसम्म त्यस्तो फर्म तथा कम्पनीहरुको तर्फबाट सञ्चालक मनोनयन/नियुक्तिको लागि योग्य हुनेछैन ।

**(च) सञ्चालकले पदीय मर्यादा कायम हुने गरी शिष्ट बोली, व्यवहार, कार्यशैली र आचरण प्रस्तुत गर्नु पर्नेछ । संस्थाको कार्य वातावरण बिग्रने, घृणा, द्वेष उत्पन्न हुने कुनैपनि किसिमको गतिविधि गर्नु /गराउनु हुदैन ।**

(२) लघुवित्त वित्तीय संस्थाको हित विपरीतका गतिविधिमा संलग्न हुन नहुने

(क) सञ्चालक प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संस्थाको हित विपरित हुने कुनै पनि किसिमको गतिविधिमा संलग्न हुनु हुँदैन ।

(ख) सञ्चालक निजको वित्तीय स्वार्थ रहेको ग्राहकसँगको कारोबारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न हुनु हुँदैन । कुनै ग्राहकसँग त्यस्तो सञ्चालकको कुनै पनि किसिमले स्वामित्व, साझेदार वा जमानतकर्ता भई ऋण लिने वा दिने विषयमा वित्तीय स्वार्थ गाँसिएको छ भने निज सञ्चालक पदमा बहाल रहन योग्य मानिने छैन ।

(ग) सञ्चालक समितिले निजको वित्तीय स्वार्थ गाँसिएको छ भनी प्रमाणित नगरेसम्म सार्वजनिक रुपमा निष्काशन गरिएका शेयर/ऋणपत्रहरुको कारोबारको हकमा यस किसिमको प्रतिवन्ध लागु हुने छैन ।

(घ) कार्यकारी प्रमुख आफू आवद्ध भएको लघुवित्त वित्तीय संस्थाको व्यवसायमा संलग्न भएमा वा यस बैंकबाट इजाजतपत्रप्राप्त अन्य कुनैपनि संस्थासँग सम्बन्धित व्यवसाय सञ्चालन गरेमा त्यसलाई संस्थाको हित विपरितको गतिविधिको रुपमा लिइने छ ।

(ङ) सञ्चालकको एकाघर परिवारका सदस्यले धितोपत्र व्यवसायी (दलाल, बजार निर्माता आदि) को रुपमा स्थापित संगठित संस्थाको १० प्रतिशतभन्दा बढी स्वामित्व ग्रहण गरी धितोपत्र कारोबारमा संलग्न हुन पाइने छैन ।

(च) सञ्चालक वा १ प्रतिशतभन्दा बढी शेयर लिएका शेयरधनी वा निजको परिवारको स्वामित्वमा रहेको/वित्तीय स्वार्थ रहेको फर्म, कम्पनीसँग घर भाडा लिई **कार्यालय संचालन गर्न पाइने छैन ।**

(३) आंशिक रुपमा काम गर्न नहुने

कार्यकारी प्रमुखले आफू कार्यरत संस्था बाहेक यस बैंकबाट इजाजतपत्रप्राप्त अन्य कुनै पनि संस्थामा आंशिक रुपमा समेत काम गर्नु हुँदैन । तर, यस दफाले सञ्चालक समितिको पूर्व स्वीकृति लिई लघुवित्त वित्तीय संस्थाको हित विपरित नहुने गरी अन्य व्यवसायिक गतिविधिमा संलग्न हुन भने बन्देज लगाएको मानिने छैन । संस्थाको हितमा प्रतिकुल असर नपर्ने भएमा मात्र लघुवित्त वित्तीय संस्थाले निजलाई त्यस्तो स्वीकृति दिन सक्नेछ ।

(४) एकभन्दा बढी इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक, सल्लाहकार वा कार्यकारी अधिकार प्रयोग गर्ने अन्य कुनै पदमा रहन नपाइने

एउटा लघुवित्त वित्तीय संस्थामा सञ्चालक रहेको व्यक्ति एकैपटक अर्को इजाजतपत्रप्राप्त संस्था लगायत **सहकारी ऐन, २०७४** अन्तर्गत संचालित बचत तथा ऋण सहकारी संस्था तथा बीमा सम्बन्धी व्यवसाय सञ्चालन गर्ने संगठित संस्था समेतको सञ्चालक, सल्लाहकार वा कुनै पनि पदमा रहन पाइने छैन । तर, इजाजतपत्रप्राप्त संस्थाले आफ्नो कर्मचारीलाई संस्थागत प्रतिनिधित्व हुने गरी सचालक नियुक्त गरेको अवस्थामा भने यस व्यवस्थाले वाधा पुऱ्याएको मानिने छैन ।

(५) पदको दुरुपयोग गर्न नहुने

सञ्चालक आफ्नो पद र नाम दुरुपयोग गरी कुनै पनि किसिमको व्यक्तिगत फाइदा हुने क्रियाकलापमा संलग्न हुन पाइने छैन । लघुवित्त वित्तीय संस्थाका सञ्चालक र निजका परिवारले समेत निज बहाल रहेको लघुवित्त वित्तीय संस्थासँग कारोबार गर्दा पारिवारिक सम्बन्धलाई जोड्न पाइने छैन । परिवारको विवरण खुलाई त्यस्ता परिवारले लघुवित्त वित्तीय संस्थाबाट कर्जा लिने भएमा सो सम्बन्धी छलफल र निर्णयमा संचालकले भाग लिन पाइने छैन । साथै, सामानहरुको खरिद बिक्री गर्दा शेयर लगायत अन्य प्रत्याभूतिहरुको कारोबारमा प्राथमिकता पाउन वा दिनका लागि पदको उपयोग गर्न पाइने छैन ।

(६) अभिलेख र प्रतिवेदन पूर्ण एवम् दुरुस्त राख्नु पर्ने

संस्थाको लेखा सम्बन्धी अभिलेख र प्रतिवेदन पूर्ण एवम् दुरुस्त रुपमा राखेको हुनु पर्नेछ । सञ्चालकले लघुवित्त वित्तीय संस्थाको आधिकारिक लेखा सम्बन्धी अभिलेख र कागजातमा व्यक्तिगत रुपमा थपघट गर्न पाइने छैन ।

(७) गोपनीयता कायम राख्नु पर्ने

(क) सञ्चालकले ग्राहकको सूचना र कारोबारको गोपनीयता कायम राख्नु पर्नेछ । निज सञ्चालक पदबाट निवृत्त भइसके पछि पनि संस्थाले कुनै ग्राहकसँग गरेको गोप्य कार्य (लघुवित्त वित्तीय संस्थाको लिखित स्वीकृति नभएकोमा), प्रतिलिपि अधिकार, अन्य पत्राचार, लेखा र ग्राहकसँग भएको अन्य कारोबारको विवरण आफ्नो वित्तीय स्वार्थको लागि प्रयोग गर्न पाइने छैन ।

(ख) कुनै ग्राहकको व्यवसायिक वा वित्तीय सूचना ग्राहकको लिखित स्वीकृति लिएर अन्य व्यक्ति वा संस्थालाई दिन सकिने छ ।

तर, प्रचलित कानुनको अधीनमा रही वित्तीय कारोबार सम्बन्धी विवरणहरु तेस्रो पक्षलाई उपलब्ध गराउँदा गोपनीयता भंग भएको मानिने छैन ।

(८) निष्पक्ष र समान व्यवहार गर्नु पर्ने

सञ्चालकले ग्राहकसँगको मित्रता र सम्बन्धबाट प्रभावित नभई निष्पक्ष एवम् समानताको आधारमा व्यावसायिक व्यवहार गर्नु पर्नेछ ।

(९) लिखित रुपमा जानकारी दिनु पर्ने

संस्थाले माथि लेखिए बमोजिमको आचरण सम्बन्धी व्यवस्था स्वीकार गरी तथा आवश्यक देखेमा आफ्नो आन्तरिक कार्य प्रणालीका लागि थप आचरण सम्बन्धी व्यवस्था समेत तयार गरी यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्वन्धित सुपरिवेक्षण विभागलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ ।

(१०) विवरण पेश गर्नु पर्ने

**संस्थाले आफ्नो सञ्चालकले यस निर्देशनमा तोकिएका आचरणहरु पालना गरे नगरेको विवरण वार्षिक रुपमा वित्तीय विवरणमा खुलाउनु पर्नेछ ।** कुनै सञ्चालकले उक्त आचरणहरुको पालना

नगरेमा सो पालना नगरेको विवरण र निजमाथि गरिएको कारवाहीको विवरण **सम्बन्धित सुपरिवेक्षण विभागमा** पठाउनु पर्नेछ ।

(११) सञ्चालक समितिको सदस्य समितिको बैठकमा नियमित रुपमा उपस्थित हुनु पर्नेछ । यस्तो उपस्थिति भिडियो/टेलि कन्फरेन्सको माध्यमबाट समेत हुन सक्नेछ **र सोको अभिलेख संस्थामा सुरक्षित राख्नु पर्नेछ ।** मनासिव माफिकको कारण तथा पूर्व सूचना बिना लगातार ३ पटकभन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा त्यस्तो सञ्चालकको पद स्वतः रिक्त भएको मानिनेछ ।

(१२) नेपाल सरकारबाट नियुक्त पाएका कुनै पनि ओहोदाका व्यक्ति वा नेपाल सरकारको स्वामित्व भएका संघ संस्था वा नेपाल सरकारको अनुदान प्राप्त विद्यालय वा शैक्षिक संस्था लगायतका सार्वजनिक संस्थानमा पूर्णकालिन रुपमा कार्यरत रहेका व्यक्ति/कर्मचारीहरु नेपाल सरकार वा सम्बन्धित संघ/संस्थाको तर्फबाट प्रतिनिधित्व हुनेदेखि बाहेक अन्य कुनै किसिमले सञ्चालक समितिमा निर्वाचित वा मनोनित हुन पाइने छैन ।

"तर हाल कायम रहेका सञ्चालकहरुको हकमा आफ्नो पदावधि पुरा गर्न यस व्यवस्थाले वाधा पुऱ्याएको मानिने छैन ।यसैगरी विश्व विद्यालय वा सो अन्तर्गतका क्याम्पसहरुमा प्राध्यापन पेशामा संलग्न व्यक्तिलाई संस्थाको सञ्चालकको रुपमा नियुक्त हुन यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।"

(१३) संस्थापकसमूहको शेयर धारण गरेका शेयरधनीले संस्थापक समूह बाहेक अन्य समूहबाट सञ्चालकमा उम्मेद्वारी दिन पाउने छैनन् ।

(१४) संस्थाको संस्थापक, सञ्चालक वा शून्य दशमलव एक प्रतिशतभन्दा बढी शेयर लिएको शेयरधनी तथा निजको परिवार सोही संस्थाको स्वतन्त्र सञ्चालक हुन पाउने छैन । स्वतन्त्र सञ्चालकले धारण गरेको शेयर स्वामित्व गणना गर्दा परिवारका सबै सदस्यहरुले धारण गरेको कुल शेयर संख्यालाई आधार मान्नु पर्नेछ ।

## २. सञ्चालक/सञ्चालक समितिको कर्तव्य र उत्तरदायित्व

(क) संस्थाका सञ्चालकहरुले आफ्ना शेयरधनीहरुको हित मात्र नहेरी निक्षेपकर्ता लगायतका सरोकारवाला (Stakeholder) हरुको हित संरक्षण गर्नसक्ने गरी लघुवित्त वित्तीय संस्था सञ्चालनमा क्रियाशील रहनु पर्नेछ ।

(ख) संस्थालाई दक्ष, विवेकपूर्ण एवम् व्यावसायिक रुपमा सञ्चालन गर्न उपयुक्त किसिमको कर्मचारी प्रशासन विनियमावली तयार गरी योग्य तथा सक्षम उच्च पदाधिकारीहरुको छनौट तथा नियुक्ति गर्नु पर्नेछ ।

(ग) आन्तरिक लेखापरीक्षकबाट नियमित रुपमा आन्तरिक लेखापरीक्षण गराउनु पर्नेछ । आन्तरिक लेखापरीक्षणको कार्य Outsource मार्फत गर्ने भएमा सो सम्बन्धी पेशागत प्रमाणपत्र प्राप्त व्यक्ति वा संस्थालाई नियुक्त गर्नु पर्नेछ र संस्थाले आफ्नो एक जना अधिकृतलाई सम्पर्क अधिकृतको जिम्मेवारी तोक्नु पर्नेछ । **संस्थाले कम्तीमा २ वर्षमा सबै शाखा कार्यालयको आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नु पर्नेछ । साथै राष्ट्रिय स्तरका संस्थाले कम्तीमा तीन वर्षमा एक पटक System Audit गराउनु पर्नेछ ।** आन्तरिक लेखापरीक्षकले कम्तीमा त्रैमासिक रुपमा आफ्नो प्रतिवेदन सिधै लेखापरीक्षण समिति समक्ष पेश गर्ने व्यवस्था गर्नु पर्नेछ । उक्त प्रतिवेदनमा देहायका विषयहरु समेत समावेश भएको हुनु पर्नेछः-

(अ) आन्तरिक लेखापरीक्षणमा संलग्न जनशक्तिको विवरण ।

(आ) सो कार्य सम्पन्न गर्न लागेको कार्य दिन ।

(घ) कुनै एउटा संस्थाको Internal Audit सम्बन्धी कार्य गर्न जिम्मेवारी तोकिएको व्यक्ति वा संस्था तथा सो संस्थाका साझेदार वा कर्मचारीले सो संस्थाको Statutory Audit सम्बन्धी कार्यमा संलग्न हुन पाउने छैन । त्यसैगरी कुनै एउटा संस्थाको Statutory Audit सम्बन्धी कार्य गर्न जिम्मेवारी तोकिएको व्यक्ति वा संस्था तथा सो संस्थाका साझेदार वा कर्मचारीले सो संस्थाको Internal Audit सम्बन्धी कार्यमा संलग्न हुन पाउने छैनन् ।

(ङ) संस्था सर्वसाधारणको रकम परिचालन गर्ने संस्था भएको हुँदा सञ्चालकहरुले संस्थाको अनुगमन तथा सुपरिवेक्षण कार्य बढी विवेकपूर्ण र सक्षम तरीकाले गर्नु पर्नेछ ।

(च) संस्थाका कर्मचारीहरुलाई अख्तियार प्रत्यायोजन गरे पनि निजहरुको क्रियाकलापको अन्तिम दायित्व सञ्चालकहरुले नै बहन गर्नु पर्ने हुँदा सञ्चालक समितिको बैठकमा कर्मचारीहरु माथि गरिएका सुपरिवेक्षण तथा कारबाई सम्बन्धी अभिलेख राख्नु पर्नेछ ।

(छ) संस्थाको लगानी तथा कर्जा नीति, सम्पत्ति तथा दायित्व व्यवस्थापन, बजेटिङ्ग, योजना र अन्य आवश्यक विषयमा लिखित नीति तथा योजना तर्जुमा गरी कर्मचारीहरुलाई पालन गर्न लगाउनु पर्नेछ ।

(ज) सञ्चालकहरुले लघुवित्त वित्तीय संस्थाको अवस्था एवम् गतिविधि र व्यवस्थापनले अख्तियार गरेका नीति सम्बन्धमा नियमित रुपमा जानकारी लिई आवश्यकता अनुसार सुधारात्मक उपाय अपनाउनु पर्नेछ ।

(झ) सञ्चालक समितिको बैठक प्रचलित कानुनमा व्यवस्था भए अनुसार बस्नु पर्नेछ ।

(ञ) प्रचलित कानुन र यस बैंकबाट जारी भएका नीति निर्देशन तथा नियमनको परिपालना नभएमा सञ्चालकहरु आफ्नो पदबाट बर्खास्त समेत हुनसक्ने हुनाले त्यस्ता कानुन, नीति निर्देशन तथा नियमन सम्बन्धी विषयमा सञ्चालकहरु पूर्ण जानकार हुनुका साथै लघुवित्त वित्तीय संस्थाबाट त्यस्ता कानुन, नीति निर्देशन तथा नियमन पालना भए नभएको सम्बन्धमा नियमित अनुगमन गर्नु पर्नेछ ।

(ट) संस्थाका सञ्चालकहरुले निक्षेपकर्ताको हकहित विपरित कार्य गरेमा वा यस बैंकले माग गरेका कागजातहरु उपलब्ध नगराएमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० बमोजिम त्यस्ता सञ्चालक तथा पदाधिकारीलाई लगाइएको जरिवाना व्यक्तिगत रुपमा तिर्नु पर्नेछ । यसरी व्यक्तिगत रुपमा तिरेको जरिवाना रकमलाई सम्बन्धितलघुवित्त वित्तीय संस्थाले आफ्नो हिसावमा खर्च लेखी भुक्तानी दिन पाउने छैन ।

(ठ) प्रचलित कानुनले तोकेको अवस्थामा बाहेक इजाजतपत्रप्राप्त संस्थाको **सञ्चालकले** प्रमुख कार्यकारी अधिकृतको अनुपस्थितिमा प्रमुख कार्यकारी अधिकृतको हैसियतले दैनिक कार्य सञ्चालन गर्न पाइने छैन । साथै, संस्थाका अध्यक्ष तथा सञ्चालकले संस्थाको लेटरप्याड तथा छाप प्रयोग गरी कुनै पनि पत्राचार गर्न पाइने छैन । तर बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २३ को **उपदफा(४) बमोजिम दैनिक कार्य सञ्चालनसँग सम्बन्धित बाहेकका विषयमा अध्यक्षले संस्थाको लेटरप्याड तथा छाप प्रयोग गरी पत्राचार गर्न सक्नेछ ।**

प्रचलित कानुनले तोकेको अवस्थामा बाहेक लघुवित्त वित्तीय संस्थाका गैर-कार्यकारी सञ्चालक तथा अन्य सञ्चालकहरुले प्रमुख कार्यकारी अधिकृतको अनुपस्थितिमा प्रमुख कार्यकारी अधिकृतको हैसियतले दैनिक कार्यसञ्चालन गर्न पाइने छैन । साथै, अध्यक्ष तथा सञ्चालकहरुले आफ्नो संस्थाको लेटरप्याड तथा छाप प्रयोग गरी कुनै पनि पत्राचार गर्न पाइने छैन । तर, अध्यक्षलाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २३ को उपदफा (४) बमोजिम सञ्चालकले लघुवित्त वित्तीय संस्थाको व्यवस्थापनको दैनिक काम कारबाहीमा हस्तक्षेप गर्नु हुँदैन भन्ने व्यवस्थाको अधीनमा रही दैनिक कार्य सञ्चालनसंग सम्बन्धित वाहेकका विषयमा लेटरप्याड तथा छाप प्रयोग गरी पत्राचार गर्न भने यस व्यवस्थाले बाधा पर्ने छैन ।

(ड) सञ्चालक समितिको बैठकमा सञ्चालक बाहेकका **व्यक्ति**लाई आमन्त्रण गरी सञ्चालक सरह बैठक भत्ता तथा अन्य सुविधा प्रदान गर्न पाइने छैन । तर, संस्थाको सञ्चालक समितिले आवश्यकता महशुस गरेमा खास खास विषयमा राय/परामर्शका लागि वित्तीय स्वार्थ नभएको विषय विज्ञ व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गरी आवश्यक राय/परामर्श प्राप्त गरी **सो वापत तोकिएको पारिश्रमिक** प्रदान गर्न, कम्पनी सचिव तथा सचिवालयका कर्मचारीहरुलाई सञ्चालक समितिले तोके बमोजिमको खर्च प्रदान गर्न यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

(ढ) संस्थामा निर्वाचित/मनोनयन भएको प्रत्येक सञ्चालकले आफू निर्वाचित वा मनोनित भएको मितिले बढीमा ३५ दिनभित्र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२७ बमोजिम पद तथा गोपनीयताको शपथ लिइ सक्नु पर्नेछ । अध्यक्षले सपथ लिँदा काठमाडौं उपत्यकाभित्र प्रधान कार्यालय रहेका राष्ट्रिय स्तरका लघुवित्त वित्तीय संस्थाहरुको हकमा यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक वा निर्देशक समक्ष र काठमाडौं उपत्यका बाहिर प्रधान कार्यालय रहेको संस्थाहरुको हकमा सम्बन्धित क्षेत्र हेर्ने नेपाल राष्ट्र बैंक कार्यालयको निर्देशक समक्ष पद तथा गोपनीयताको सपथ लिनु पर्नेछ । त्यसैगरी, सञ्चालक तथा कार्यकारी प्रमुखले संस्थाको अध्यक्ष समक्ष र अन्य पदाधिकारी तथा कर्मचारीले कार्यकारी प्रमुख वा निजले तोकेको पदाधिकारी

समक्ष सपथ लिनु पर्नेछ । **यस व्यवस्था बमोजिम सपथ नलिएमा सपथ नलिने सम्बन्धित अध्यक्ष, सञ्चालक, पदाधिकारी वा कर्मचारी स्वतः उक्त पदबाट हट्ने/बर्खास्त हुनेछ ।**

(ण) कार्यकारी प्रमुखको सेवा सुविधाको निर्धारण तोकिएको मार्गदर्शन अनुसार गर्नु पर्ने ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२० मा भएको व्यवस्था समेतको आधारमा संस्थाले व्यवस्थापन खर्च एवम् कार्यकारी प्रमुखको तलव, भत्ता तथा अन्य आर्थिक सुविधाहरु निर्धारणगर्ने सम्बन्धमा यस बैंकद्वारा जारी मार्गदर्शनमा उल्लिखित मापदण्ड अनुसार गर्नु पर्नेछ ।

**(त) <u>सञ्चालक शिक्षा कार्यक्रम :</u>**

(१) संस्थामा नयाँ सञ्चालक नियुक्त/मनोनित भई आए पश्चात् सम्बन्धित संस्थाले आफ्नो संरचना, व्यवसायको प्रकृति, संस्थागत सुशासन, संस्थागत रणनीति, व्यवसायिक योजना, सञ्चालकको कर्तव्य तथा उतरदायित्व, जोखिम व्यवस्थापनका सम्बन्धमा अपनाइएका रणनीति, समष्टिगत आर्थिक एवम् वित्तीय अवस्था, वर्तमान कानुनी व्यवस्था, प्रचलनमा रहेका बैंकिङ्ग सेवा तथा पद्धति र यस बैंकबाट जारी गरिएका निर्देशन आदि विषयहरु समेटी एक महिनाभित्र अभिमुखीकरण (Orientation) गराउनु पर्नेछ ।

**(२) संस्थाले समग्र बैंकिङ्ग प्रणालीको संस्थागत सुशासन एवम् जोखिम व्यवस्थापनको गुणस्तर सुधार गर्नका लागि पारदर्शिता (Transparency), खुलासा (Disclosure), स्वार्थको द्वन्द्व (Conflict of Interest), अनुपालना (Compliance) र अन्य नियामक निकायसँगको सम्बन्ध एवम् समन्वय लगायतका विषयमा असल अभ्यास (Best Practice) समेटी आफ्ना सबै सञ्चालकहरुलाई आवश्यकतानुसार अभिमुखीकरण/ पुनर्ताजगी गराउने व्यवस्था मिलाउन सक्नेछन् ।**

(३) संस्थाको सञ्चालक समितिले बुँदा नं. १ र २ मा भएको व्यवस्था समेटी सञ्चालकको योग्यता तथा बैकिङ्ग क्षेत्रको कार्य अनुभवका आधारमा प्रत्येक सञ्चालकलाई प्रदान गर्ने सञ्चालक शिक्षा कार्यक्रम सम्बन्धी कार्यविधि बनाई लागू गर्नु पर्नेछ ।

**(थ) एकाघरका परिवारका सदस्य एउटै लघुवित्त वित्तीय संस्थामा एकै समयमा सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा निज पछिको निकटतम तल्लो वरियताको पदमा नियुक्त हुन पाइने छैन ।**

**(द) सञ्चालकलाई बैठकमा उपस्थित भए बापत पाउने बैठक भत्ता लगायतका सुविधा र संस्थाको काम गर्दाको पारिश्रमिक तथा अन्य सुविधा नियमावलीमा स्पष्ट उल्लेख नगरी प्रदान गर्न पाइने छैन ।**

**३. कार्यकारी प्रमुखको नियुक्ति सम्बन्धी व्यवस्था**

(१) संस्थाको संचालक समितिले प्रचलित कानुन तथा संस्थाको प्रबन्धपत्र र नियमावलीको अधीनमा रही कार्यकारी प्रमुखको नियुक्ति गर्नु पर्नेछ । यसरी कार्यकारी प्रमुखको नियुक्ति गर्दा संस्थागत सुशासन तथा आन्तरिक नियन्त्रण एवम् सन्तुलनको दृष्टिकोणले सञ्चालक समितिको अध्यक्षलाई कार्यकारी प्रमुखको रुपमा नियुक्त गर्न उपयुक्त हुने छैन ।

(२) कार्यकारी प्रमुखको रुपमा नियुक्त हुने व्यक्तिमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुनमा उल्लिखित योग्यता तथा अनुभवका अतिरिक्त देहायका थप योग्यता, अनुभव तथा गुणहरु हुनु पर्नेछ ।

(क) लघुवित्त कारोबारको लागि आवश्यक पर्ने व्यवसायिक अनुभव हासिल गरेको,

(ख) संस्थाको दैनिक कार्य सम्पादनमा आन्तरिक नियन्त्रण र प्रचलित कानुनको परिपालना गर्ने गराउने सक्षमता भएको,

(ग) बैंकिङ्ग वा वित्तीय व्यवसायको उच्च तहमा कार्य गरेको,

(घ) टाट नपल्टेको वा बेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको,

(ङ) आफ्नो पूर्व कारोबारमा यस बैंकबाट निलम्बन नगरिएको वा यस बैंकबाट भएको अनुसन्धानमा शंकास्पद कारोबारमा संलग्न भनी किटान नगरिएको वा त्यस्तो निलम्बनबाट फुकुवा भएको ५ वर्ष पुगेको वा त्यस्तो शंकास्पद कारोबारको संलग्नताबाट सफाइ पाएको,

(च) कालोसूचीमा समावेश नभएको वा त्यस्तो सूचीबाट फुकुवा भएको तीन वर्ष पुगेको ।

(३) संस्थाले कार्यकारी प्रमुखको नियुक्ति गरेमा, **कार्यकारी प्रमुखले राजिनामा दिएमा, बर्खास्त भएमा वा अन्य कुनै कारणले पदमुक्त हुँदा र सञ्चालक समितिमा** हेरफेर हुँदा यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागलाई तुरुन्त जानकारी दिनु पर्नेछ ।

(४) कार्यकारी प्रमुख देश बाहिर जानुपर्ने भएमा वा आफ्नो ओहोदाको कार्य गर्न नसक्ने भएमा वा सात दिनभन्दा बढी समय विदामा बस्नुपर्ने भएमा निजको स्थानमा काम गर्ने व्यक्तिको सम्बन्धमा यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागलाई पूर्व जानकारी दिनु पर्नेछ ।

(५) संस्थाको कार्यसञ्चालन, कारोबार, व्यावसायिक योजना तथा मुनाफास्थिति समेतलाई दृष्टिगत गरी कार्यकारी प्रमुख, अन्य पदाधिकारी तथा कर्मचारीहरुको तलव तथा सुविधा निर्धारण गर्नु पर्नेछ ।

(६) एउटा लघुवित्त वित्तीय संस्थाको कार्यकारी प्रमुखले अर्को इजाजतपत्रप्राप्त संस्थामा पदाधिकारीको रुपमा रही कार्य गर्न पाउने छैन ।

(७) लघुवित्त वित्तीय संस्थाको कार्यकारी प्रमुख अर्को कुनै व्यवसायिक संस्थामा कार्यकारी प्रमुख, पदाधिकारी, कर्मचारी वा अन्य कुनै पदमा रही काम गर्न पाउने छैन । तर संस्थाले 'पूर्वाधार विकास बैंक' मा लगानी गरेको अवस्थामा सो संस्थाको सञ्चालक हुन यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

यस प्रयोजनका लागि 'व्यवसायिक संस्था' भन्नाले मुनाफा आर्जन गर्ने उद्देश्य राखी सञ्चालित कुनै पनि संस्थालाई बुझ्नु पर्नेछ ।

(८) संस्थाको चुक्ता पुँजीको १ प्रतिशत वा सोभन्दा बढी शेयर धारण गर्ने शेयरधनी र निजको एकाघरका परिवार सो संस्थाको सञ्चालक तथा कार्यकारी प्रमुखको पदमा बाहेक अन्य कुनै तहको पदमा नियुक्त हुन योग्य हुने छैन ।

राष्ट्रियस्तरको "घ" वर्गको इजाजतपत्रप्राप्त संस्थामा चुक्ता पुँजीको ५ प्रतिशत वा सोभन्दा बढी हुने गरी शेयर धारण गर्ने **शेयरधनी र निजको एकाघर परिवारका सदस्य** सो संस्थाको कार्यकारी प्रमुख लगायत कुनै पनि तहको कर्मचारीमा नियुक्ति/पुनर्नियुक्ति हुन योग्य हुने छैन । यो निर्देशन जारी हुँदाका बखत कुनै व्यक्ति संस्थाको कार्यकारी प्रमुख पदमा बहाल रहेको भए विद्यमान कार्यकालको बाँकी अवधि पुरा गर्न भने यो निर्देशनले बाधा पुगेको मानिने छैन ।

(९) जिल्लास्तरमा केन्द्रीय कार्यालय वा कर्पोरेट कार्यालय रहेका लघुवित्त वित्तीयसंस्थाका कार्यकारी प्रमुख कार्यालय कामको सिलसिलामा बाहेक सोही कार्यालयमा नियमित उपस्थित हुनु पर्नेछ ।

(१०) संस्थाको प्रमुख कार्यकारी अधिकृत पद रिक्त भएको तीन महिनाभित्र अनिवार्य रुपमा पदपूर्ति गरिसक्नु पर्नेछ । त्यसैगरी इजाजतपत्रप्राप्त संस्थाले व्यवस्थापकीय पद भनी तोकेका पदहरु समेत रिक्त भएको तीन महिनाभित्र अनिवार्य रुपमा पदपूर्ति गरिसक्नु पर्नेछ । सम्बन्धित संस्थाले सोही बमोजिमको व्यवस्था आफ्नो कर्मचारी सेवा विनियमावलीमा समेत उल्लेख गर्नुपर्नेछ ।

तर, एक आपसमा गाभ्ने/गाभिने वा प्राप्तीको प्रक्रियामा रहेका लघुवित्त वित्तीय संस्थाहरु वीच गाभ्ने/गाभिने वा प्राप्ती गर्ने सम्बन्धमा यस बैंकबाट सैद्धान्तिक सहमति दिइसकिएको अवस्थामा यस बैंकको स्वीकृति लिई प्रमुख कार्यकारी अधिकृतको नियुक्तिको समयावधि थप गर्न सकिनेछ ।

(११) संस्थाको सञ्चालक समितिले प्रमुख कार्यकारी अधिकृतलाई नियुक्त गर्ने सिलसिलामा पारिश्रमिक र अन्य सुविधा लगायतका बिषयमा करार सम्झौता गर्दा सो सम्झौतामा सेवा सुविधा सम्बन्धी शर्तहरु किटान गरी स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । **यसरी करार सम्झौता गर्दा साविकको सेवा अवधि समेत जोडी उपदान लगायतका सुविधा प्रदान गर्ने गरी सम्झौता गर्न पाइने छैन ।**संस्थालाई वित्तीय भार पर्ने सेवा सुविधा सम्बन्धी शर्तहरु उल्लेख गर्दा प्रचलित कानुनी व्यवस्था वा विनियमावलीको व्यवस्था बमोजिम हुने भनी द्विविधायुक्त र अनेकार्थी शब्द प्रयोग गरी करार सम्झौता गर्न पाइने छैन । संस्थाकै कर्मचारीहरु मध्येबाट प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त भएको अवस्थामा निजले खाइपाइ आएको सेवा सुविधा पाउने भए सो समेत करारनामामा उल्लेख गर्नुपर्नेछ । साथै, यो व्यवस्था हुनु अगावै गरिएका सम्झौताहरुका सम्बन्धमा सम्बन्धित लघुवित्त वित्तीय संस्थाले यसै व्यवस्था बमोजिम हुने गरी साविक सम्झौतामा तदनुरुपले संशोधन/परिमार्जन गर्नु पर्नेछ ।

## ४. कर्मचारीहरुले पालना गर्नु पर्ने आचरण सम्बन्धी व्यवस्था

(१) कर्मचारीहरुले देहाय बमोजिमका न्यूनतम स्वीकारयोग्य आचरणको स्तर कायम गर्नु पर्नेछ :-

(क) यस बैंकले जारी गरेको आचरण सम्बन्धी व्यवस्था पालना गर्ने बचनबद्धता सहित हस्ताक्षर गर्नु पर्नेछ ।

(ख) आफ्नो मातहतका कर्मचारीहरुलाई आचरणको विषयमा निर्देशन दिने र जानकारी लिने उत्तरदायित्व विभागीय प्रमुखहरुको हुनेछ । कर्मचारीले अनुशासन वा नियम उल्लंघन गरेमा त्यसको प्रतिवेदन सम्बन्धित विभागीय प्रमुखले कर्मचारी प्रशासन विभागलाई उपलब्ध गराउनु पर्नेछ र प्रशासन विभागले उक्त प्रतिवेदनको अभिलेख सुपरिवेक्षणको क्रममा यस बैंकको सुपरिवेक्षण टोलीलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) कर्मचारीहरु संस्थाको हित विपरीतका देहायका गतिविधिमा संलग्न हुन पाइने छैन :

(क) कर्मचारीहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लघुवित्त वित्तीय संस्थाको हित विपरित हुने कुनै पनि किसिमको गतिविधिमा संलग्न हुनु हुँदैन ।

(ख) संस्थाको कर्मचारी आफ्नो वित्तीय स्वार्थ रहेको ग्राहकसँगको कारोबारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न हुनु हुँदैन ।

(ग) आफ्ना ग्राहकसँग शेयर स्वामित्व, साझेदार, ऋण लिने वा दिने आदि कुनै किसिमको वित्तीय स्वार्थ गाँसिएको छ भने निजले आफ्ना निकटतम सुपरिवेक्षकलाई तत्कालै त्यस कुराको जानकारी दिनु पर्नेछ ।
तर, निकटतम सुपरिवेक्षकले निजको वित्तीय स्वार्थ गाँसिएको छ भनी प्रमाणित नगरेसम्म सार्वजनिक रुपमा निष्काशन गरिएका शेयर/ऋणपत्रहरुको कारोबारको हकमा यस किसिमको प्रतिवन्ध लागु हुनेछैन ।

(घ) आफू कार्यरत रहेकोसंस्थाको अतिरिक्त अन्य कुनै पनि स्थानमा पूर्णकालीन रुपमा व्यवसाय सञ्चालन गर्नु हुँदैन ।

(३) आंशिक रुपमा काम गर्न स्वीकृति लिनु पर्ने

कर्मचारीले सो संस्था बाहेक अन्य कुनै पनि  संस्थामा आंशिक रुपमा काम गर्नु वा अन्य व्यवसायिक गतिविधिमा संलग्न हुनुभन्दा पहिले लघुवित्त वित्तीय संस्थाको व्यवस्थापनबाट लिखित स्वीकृति लिनु पर्नेछ । आफ्नो संस्थाको हितमा प्रतिकूल असर नपर्ने भएमा मात्र निजलाई आंशिक रुपमा काम गर्न लिखित स्वीकृति दिन सक्नेछ ।

(४) कर्मचारी सञ्चालक/सल्लाहकार हुन नपाउने सम्बन्धी व्यवस्था

लघुवित्त वित्तीय संस्था वा त्यस्तो संस्थाको अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको संस्थाको बहालवाला कर्मचारी कुनै पनि इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक/सल्लाहकार हुन पाउने छैन ।

तर, देहाय बमोजिम हुन यस निर्देशनले बाधा पुऱ्याएको मानिने छैन :-

(क) प्रचलित कानुन बमोजिम इजाजतपत्रप्राप्त संस्थाले स्थापना गरेको सहायक कम्पनीहरुको सञ्चालक हुन,

(ख) नेपाल सरकारको लगानी भएका इजाजतपत्रप्राप्त संस्थाले अर्को कुनै इजाजतपत्रप्राप्त संस्थामा लगानी गरेको कारणले त्यस्तो इजाजतपत्रप्राप्त संस्थामा सञ्चालक मनोनयन गर्नु पर्दा नेपाल सरकारको स्वीकृति लिई आफ्नो कुनै सञ्चालक त्यस्तो अर्को इजाजतपत्रप्राप्त संस्थाको सञ्चालकमा मनोनयन हुन, वा

(ग) नाफा कमाउने उद्देश्य नभएका सामाजिक सेवामा संलग्न संस्थाहरु जस्तैः धार्मिक, सांस्कृतिक, शैक्षिक, परोपकारी जस्ता संस्थाहरुको नियमको परिधिभित्र रही सञ्चालक हुन ।

(५) संरक्षकको हैसियतमा रहन नहुने

कर्मचारीहरुले ग्राहकको जमीन तथा जायजेथा सम्बन्धी कारोबारमा प्रशासक वा संरक्षकको हैसियतले संलग्न हुनु   हुँदैन । तर कथंकदाचित यस्तो कार्यमा संलग्न हुनु परेमा कार्यकारी प्रमुखबाट त्यसको लिखित स्वीकृति लिनु पर्नेछ ।

(६) पदको दुरुपयोग गर्न नहुने

कर्मचारीले आफ्नो पद र नाम दुरुपयोग गरी कुनै पनि किसिमको व्यक्तिगत फाइदा हुने क्रियाकलापमा संलग्न हुनपाइने छैन । कर्मचारी वा निजका नातेदारले समेत निजहरु बहाल रहेको लघुवित्त वित्तीय संस्थासँग कारोबार गर्दा पारिवारिक सम्बन्धको प्रभाव पार्न पाइने छैन । साथै, सामानहरुको खरिद बिक्री गर्दा, शेयर लगायत अन्य प्रत्याभूति कारोबारमा प्राथमिकता पाउन वा दिनका लागि पदको उपयोग गर्न पाइने छैन ।

(७) सूचनाको दुरुपयोग गर्न नहुने

कर्मचारीले संस्थाको कारोबारको सिलसिलामा प्राप्त कुनै पनि सूचनाको दुरुपयोग गर्न **तथा धितोपत्र व्यवसायीको रुपमा कारोबारमा** संलग्न हुन पाइने छैन । **संस्थाको कामको सिलसिलामा** बाहेक आफू मातहतका कर्मचारीलाई समेत गोप्य राख्नु पर्ने सूचना तथा अभिलेखको जानकारी दिनु हुँदैन ।

(८) अभिलेख र कारोबारको प्रतिवेदन राख्नु पर्ने

संस्थाको लेखा सम्बन्धी अभिलेख र प्रतिवेदन पूर्ण एवम् दुरुस्त हुनुपर्ने छ । कर्मचारीले अनाधिकृत रुपमा लघुवित्त वित्तीयसंस्थाको लेखा अभिलेख र कागजातमा व्यक्तिगत रुपमा थपघट गर्न पाइने छैन । यस्तो गरेमा निज कर्मचारी प्रचलित कानुन बमोजिम सजायको भागीदार हुनेछ ।

(९) गोपनीयता कायम राख्नु पर्ने

(क) कर्मचारीले प्रचलित कानुन बमोजिम ग्राहकको सूचना र ग्राहकसँग भएको कारोबारको गोपनीयता कायम राख्नु पर्नेछ । निज सेवाबाट निवृत्त भइसकेपछि पनि त्यस्तो कारोबारको गोपनीयता
(प्रतिलिपि अधिकार, अन्य पत्राचार, लेखा र ग्राहकसँग भएको अन्य कारोबारको विवरण) आफ्नो वा अरु कसैको वित्तीय स्वार्थको लागि प्रयोग गर्न पाइने छैन ।

(ख) कुनै ग्राहकको व्यवसायिक वा वित्तीय सूचना ग्राहकको लिखित स्वीकृति लिएर अन्य व्यक्ति वा संस्थालाई दिन सकिने छ ।
तर, प्रचलित कानुनको अधीनमा रही बैंकिङ्ग कारोबार सम्बन्धी विवरणहरु तेस्रो पक्षलाई उपलब्ध गराउँदा गोपनीयता भङ्ग भएको मानिने छैन ।

(१०) निष्पक्ष र समान व्यवहार गर्नु पर्ने

कर्मचारीहरुले ग्राहकसँगको मित्रता र सम्बन्धबाट प्रभावित नभई निष्पक्ष एवम् समानताको आधारमा व्यावसायिक कारोबार गर्नु पर्नेछ ।

(११) लिखित रुपमा जानकारी दिनु पर्ने

संस्थाले माथि लेखिए बमोजिमको कर्मचारीले आचरण सम्बन्धी व्यवस्था स्वीकार गरेको तथा आवश्यक देखेमा आफ्नो आन्तरिक कार्य प्रणालीको लागि थप आचरण सम्बन्धी व्यवस्था तयार गरी सो स्वीकार गरेको जानकारी यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र लघुवित्त संस्था सुपरिवेक्षण विभागलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ ।

(१२) आचरण सम्बन्धी व्यवस्था पालना भए/नभएको जानकारी दिनु पर्ने

कर्मचारीले यस निर्देशनमा तोकिएका **आचरण सम्बन्धी व्यवस्था** अनिवार्य रुपमा पालना गरे/नगरेको विवरण आर्थिक वर्ष समाप्त भएको मितिले १५ दिनभित्र अनिवार्य रुपमा यस बैंकको **लघुवित्त संस्था** सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ । कर्मचारीले तोकिएको आचरण पालना नगरेमा सो सम्बन्धी विवरण र निजमाथि गरिएको कारबाहीको जानकारी यस बैंकको **उक्त विभाग**मा तुरुन्त पठाउनु पर्नेछ ।

(१३) कर्मचारीलाई कर्जा प्रदान गर्ने सम्बन्धमा

संस्थाले आफ्ना कर्मचारीलाई कर्मचारी विनियमावलीमा उल्लिखित सापटी/सुविधाका अतिरिक्त आफ्नै वा अन्य कुनै बैंक तथा वित्तीय संस्थामा राखिएको मुद्दती रसिद, सुनचाँदी तथा नेपाल सरकार/नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र/वचतपत्रको धितोमा कर्जा प्रदान गर्न सक्नेछ ।

(१४) कुनै पनि बैंक तथा वित्तीय संस्था र ऋण असूली न्यायाधिकरण लगायत अन्य निकायहरुबाट गरिने लिलाम बढाबढ लगायत ऋण असूली सम्बन्धी कार्यहरुमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाका कर्मचारी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहभागी हुन पाउने छैनन् । बैंक तथा वित्तीय संस्थाले आफ्नो कर्मचारी सेवा विनियमावलीमा समेत सोही अनुरुप परिमार्जन गर्नुपर्नेछ ।

## ५. कर्मचारी दक्षता अभिवृद्धि सम्बन्धमा

संस्थाले आफ्ना कर्मचारीहरुको दक्षता अभिवृद्धिका लागि **प्रत्येक वर्ष गत आर्थिक वर्षको कर्मचारीको कुल तलबभत्ता खर्चको न्यूनतम ३ प्रतिशत** रकम तालिम तथा वृत्ति विकासमा खर्च गर्नु पर्नेछ । यस्तो खर्च गर्दा निम्नानुसारका शर्तहरु पालना गर्नु पर्नेछ :

(क) तालिम तथा वृत्ति विकास खर्चबाट संस्थाका सबै कर्मचारीहरुले दक्षता अभिवृद्धिमा समान अवसर प्राप्त गर्ने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ । साथै, लघुवित्त वित्तीय संस्थाका सञ्चालक समितिले कर्मचारीहरुको दक्षता अभिवृद्धि सम्बन्धमा कार्यविधि बनाई लागू गर्नु पर्नेछ ।

(ख) सञ्चालक समितिका अध्यक्ष, सञ्चालक र प्रमुख कार्यकारी अधिकृतको विदेश भ्रमण सम्बन्धी कुनै पनि खर्च र आफ्नो संस्थाको तर्फबाट प्रतिनिधित्व गर्दै सभा वा सम्मेलनमा सहभागी हुँदाको प्रतिनिधि मण्डलको खर्च यस अन्तर्गत समावेश गर्न पाइने छैन ।

(ग) प्राथमिक बैकिङ्ग कार्य (Core Banking Functions) सँग प्रत्यक्ष सम्बन्धित बढीमा तीन महिनासम्मको स्वदेशी वा विदेशी तालिम तथा गोष्ठी सम्बन्धी खर्च समावेश गर्न पाइनेछ ।

(घ) तालिममा मनोनित/सहभागी हुँदा बैंकको नियमानुसार लाग्ने खर्च यस अन्तर्गत समावेश गर्न पाइनेछ ।

(ङ) तालिम प्रदायक संस्थाको छनौट गर्दा त्यस्तो संस्थाको ख्याति, प्रतिष्ठा र विश्वसनीयतालाई आधार बनाउनु पर्नेछ ।

(च) स्वदेशी तालिम तथा गोष्ठीको हकमा बैंकिङ क्षेत्रसँग सम्बन्धित तालिम प्रदान गर्ने संस्था, नेपाल राष्ट्र बैंक तथा नेपाल सरकारले आयोजना गरेका तालिम, गोष्ठी, अनुशिक्षण कार्यक्रम, सेमिनार आदिमा सहभागी गराउँदा लाग्ने खर्च तथा संस्था आफैले वा आफ्नै आवासीय तालिम केन्द्र मार्फत् तालिम सञ्चालन गर्दा लाग्ने खर्चलाई तालिम तथा वृत्ति विकास खर्चमा समावेश गर्न पाइनेछ ।

(छ) चालु आर्थिक वर्षमा कर्मचारीहरुको दक्षता अभिवृद्धिमा तोकिए अनुसार खर्च हुन नसकेमा त्यस्तो बाँकी रकमलाई कर्मचारीको दक्षता अभिवृद्धि कोषमा जम्मा गरी आगामी आर्थिक वर्षमा खर्च गर्नु पर्नेछ ।

**(ज) संस्थाले आफ्नो संस्थामा कार्यरत सहायक स्तरदेखि अधिकृत स्तरसम्मका कर्मचारीहरुलाई बैंकिङ्ग सम्बन्धी तालिम प्रदान गर्ने व्यवस्था गर्नु पर्नेछ । लघुवित्त वित्तीय संस्थाले बैंकिङ्ग क्षेत्रमा दक्ष जनशक्तिको विकास गर्नका लागि आफ्नो संस्थामा नयाँ भर्ना भएका कर्मचारीहरुलाई बैंक प्रवेश गरेको २ वर्षभित्र यस प्रकारको तालिम प्रदान गरी सक्नु पर्नेछ ।**

**६. आन्तरिक समिति/उपसमिति सम्बन्धी व्यवस्था**

(१) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २२, २६, २७, ६० र ६१ मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले आफ्नो जवाफदेहीमा देहाय बमोजिम हुने गरी समिति/उप-समिति गठन गरी काम, कर्तव्य र अधिकार समेत तोक्नु पर्नेछ :

(क) संस्थाले आफ्नो काम कारबाहीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सञ्चालकको संयोजकत्वमा देहायका समिति वा उप-समिति मात्र गठन गर्न सक्नेछ ।

- लेखापरीक्षण समिति
- कर्मचारी सेवा सुविधा समिति
- जोखिम व्यवस्थापन समिति
- सम्पत्ति शुद्धीकरण अनुगमन समिति

(ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै खास प्रयोजनको लागि समय तोकी गैर-कार्यकारी सञ्चालकको संयोजकत्वमा उप-समिति गठन गर्न भने वाधा पुगेको मानिने छैन ।

(ग) सञ्चालक समितिका अध्यक्ष सञ्चालक समिति बाहेक अन्य कुनै पनि आन्तरिक समिति वा उप-समितिमा समावेश हुन पाउने छैन ।

(घ) सम्बन्धित संस्थाले सबै सञ्चालकहरुको योग्यता र अनुभव खुलेको Profile तयार गरी सोको आधारमा सञ्चालकहरुलाई उपयुक्त समितिमा राख्ने व्यवस्था गर्नु पर्नेछ ।

(ङ) सञ्चालकको संयोजकत्वमा गठित समिति/उप-समितिका **सदस्य सञ्चालक**को बैठक भत्ता सञ्चालक समिति सरह र अन्य पदाधिकारीको भत्ता सञ्चालकको भन्दा कम हुने गरी सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

(च) नायब कार्यकारी प्रमुख पदमा बढुवा वा नयाँ पदपूर्ति प्रक्रियाबाट नियुक्ति गर्दा **कार्यकारी प्रमुखको अध्यक्षतामा दुई जना विषयगत वाह्य विशेषज्ञ रहने गरी गठित उप समितिको सिफारिसमा समितिले गर्नुपर्नेछ** । नायव कार्यकारी प्रमुखभन्दा तल्लो तहका कर्मचारीको बढुवा

वा नयाँ पदपूर्ति गर्दा प्रमुख कार्यकारी अधिकृतको निकटतम तल्लो वरियताको पदाधिकारीको संयोजकत्वमा गठित पदपूर्ति समितिको सिफारिसमा कार्यकारी प्रमुखले गर्नेछ ।

(छ) **खण्ड (क) बमोजिमको** एउटा समितिमा संयोजक रहेको सञ्चालक अर्को समितिमा संयोजक हुन पाउने छैन ।

(ज) आन्तरिक लेखापरीक्षण विभागका प्रमुख र कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन क्रमशः सञ्चालक समितिले र लेखापरीक्षण समितिले गर्ने गराउने व्यवस्था गर्नु पर्ने ।

(झ) **एउटा सञ्चालक एक कार्यकाल भन्दा बढी लगातार एउटै समितिमा संयोजक रहन पाउने छैन ।**

(२) लेखापरीक्षण समिति सम्बन्धी व्यवस्था

सञ्चालक समितिले गैरकार्यकारी सञ्चालकको संयोजकत्वमा **३ जनाको** एउटा लेखापरीक्षण समिति गठन गर्नु पर्नेछ । सो समितिको सदस्य सचिव आन्तरिक लेखापरीक्षण विभागको प्रमुख हुनेछ र आन्तरिक लेखापरीक्षण विभाग नभएको अवस्थामा लेखा/वित्त विभागको प्रमुख बाहेकको प्रमुख सदस्य सचिव हुनेछ । **समितिको बैठक ३ महिनामा कम्तीमा एक पटक बस्नु पर्नेछ ।** सो समितिले संस्थाको आर्थिक अवस्थाको समीक्षा, आन्तरिक नियन्त्रण, लेखापरीक्षण सम्बन्धी कार्यक्रम र लेखापरीक्षणको परिणाम सम्बन्धमा विस्तृत छलफल गरी लघुवित्त वित्तीय संस्थाको व्यवस्थापनलाई आवश्यक निर्देशन दिनेछ । लघुवित्त वित्तीय संस्थाका आन्तरिक र वाह्य लेखापरीक्षकहरुले सो समितिमा सिधै पहुँच राख्न सक्नेछन् । निजहरुले पेश गर्ने प्रतिवेदन र यस समितिको प्रतिवेदन उपर लघुवित्त वित्तीय संस्थाको सञ्चालक समितिले विस्तृत छलफल गर्नु पर्नेछ । लघुवित्त वित्तीय संस्थामा गठन हुने लेखापरीक्षण समितिमा कार्यकारी प्रमुखलाई सदस्यको रुपमा राख्न पाइने छैन तर आवश्यकता परेको अवस्थामा आमन्त्रित सदस्यको रुपमा बोलाउन वाधा पुगेको मानिने छैन ।

समितिको प्रमुख उत्तरदायित्व

(क) प्रचलित कानुन बमोजिमसंस्थाको समग्र वित्तीय अवस्था, आन्तरिक नियन्त्रण, लेखापरीक्षण योजना र आन्तरिक लेखापरीक्षणमा औंल्याइएका विषयहरुमा आवधिक रुपमा समीक्षा गरी सो सम्बन्धमा अपनाउनु पर्ने कदम बारे व्यवस्थापनलाई आवश्यक निर्देशन दिने र सो सम्बन्धी सुझाव सञ्चालक समितिमा पेश गर्ने ।

(ख) बाह्य लेखापरीक्षकले पेश गरेको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बुँदा/कैफियतहरु उपर समीक्षा गरी सुधारात्मक कदम चाल्न व्यवस्थापनलाई निर्देशन दिने ।

(ग) नेपाल राष्ट्र बैंकबाट निरीक्षण तथा सुपरिवेक्षण गरी प्रतिवेदनमा औल्याइएका बुँदा/कैफियतहरुको कार्यान्वयन भए/नभएको सम्बन्धमा समीक्षा गर्ने तथा ती विषयहरुको अभिलेख गरी सञ्चालक समितिलाई जानकारी गराउने ।

(घ) संस्थाको वार्षिक वित्तीय विवरणलाई सही र यथार्थ बनाउन व्यवस्थापनलाई सहयोग गर्ने ।

(ङ) लघुवित्त वित्तीय संस्थाको कारोबारको हर-हिसाव सही र यथार्थ भएको सम्बन्धमा सञ्चालक समितिलाई विश्वस्त तुल्याउनुको साथै सम्भावित दायित्व र कर्जा वर्गीकरण गरी सोको लागि राख्नु पर्ने व्यवस्था सम्बन्धमा नियमित रुपमा समीक्षा गर्ने ।

(च) प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकबाट जारी गरिएका नियमन व्यवस्थाहरु पालना गरे/नगरेको सम्बन्धमा समितिले समीक्षा गर्नुका साथै सो सम्बन्धी ब्यहोरा आफ्नो प्रतिवेदनमा उल्लेख गर्नु पर्ने ।

(छ) आन्तरिक लेखापरीक्षण सम्बन्धी विस्तृत कार्य प्रणाली तयार गरी सोको आधारमा आन्तरिक लेखापरीक्षण गराउनु पर्ने ।

(ज) संस्थाको काम कारबाहीमा नियमितता, मितव्ययिता, औचित्यता, प्रभावकारिता जस्ता कुराहरु अवलम्वन भए/नभएको बारे समीक्षा गरी सञ्चालक समितिलाई आवश्यक सुझाव दिने ।

(झ) संस्थाको त्रैमासिक वित्तीय विवरणको समीक्षा गरी सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्ने ।

(ञ) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६१ र कम्पनी ऐन, २०६३ को दफा १६५ मा उल्लेख भएका कार्यहरु गर्ने ।

(३) कर्मचारी सेवा सुविधा समिति सम्बन्धी व्यवस्था

सञ्चालक समितिले एकजना गैर-कार्यकारी सञ्चालकको संयोजकत्वमा एउटा "कर्मचारी सेवा सुविधा समिति" गठन गर्न सक्नेछ । उक्त समितिमासंस्थाको प्रमुख कार्यकारी अधिकृत र लेखा सम्बन्धी विभागका विभागीय प्रमुख सदस्य तथा जनशक्ति व्यवस्थापन सम्बन्धी विभागका विभागीय प्रमुख सदस्य सचिव हुनेछन् ।**समितिमा आवश्यकता अनुसार आमन्त्रण गरिने विशेषज्ञ सहित बढीमा ५ जनासम्म सदस्य हुन सक्नेछन् ।**

**<u>समितिको काम कर्तव्य र उत्तरदायित्व</u>**

(क) संस्थाको "पारिश्रमिक निर्धारण नीति" तर्जुमा गर्न सञ्चालक समितिलाई आवश्यक सहयोग गर्ने ।

(ख) समितिले समय समयमा सम्पूर्ण कर्मचारीहरुको पारिश्रमिक संरचनाको अध्ययन तथा विश्लेषण गर्ने र बजारको पारिश्रमिक संरचनामा आएको परिवर्तनले लघुवित्त वित्तीय संस्थामा पार्ने प्रभावका सम्बन्धमा नियमित रुपले अध्ययन गरी सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्ने ।

(ग) संस्थाको "पारिश्रमिक निर्धारण नीति" बमोजिम प्रचलित कानुन तथा नीति निर्देशनमा उल्लिखित व्यवस्थाहरुको पालना हुने गरी प्रमुख कार्यकारी अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुको पारिश्रमिक वृद्धि गर्नु पर्ने देखिएमा सोको आधारहरु सहित सञ्चालक समितिमा सिफारिश गर्ने ।

(घ) संस्थाका कर्मचारीहरुले सम्पादन गर्नु पर्ने कार्य विवरण, लक्ष्य र प्रगति मूल्याङ्कनका परिसूचकहरु समेत विकास गरी सो बमोजिम निजहरुको कार्यसम्पादन मूल्याङ्कन प्रणालीको पुनरावलोकन गर्ने ।

(ङ) जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यहरु भर्ना, छनौट, नियुक्ति, पदस्थापना, सरुवा, बढुवा, वृत्ति विकास, कार्यसम्पादन मूल्याङ्कन, पुरस्कार तथा सजाय र श्रम सम्बन्ध सम्बन्धी योजना, नीति तथा मापदण्डहरु तयार गरी सञ्चालक समिति समक्ष पेश गर्ने ।

(च) कर्मचारी नीति तथा कार्यरत कर्मचारी संरचनाको समीक्षा गर्ने र Succession Planning तयार गरी स्वीकृतिका लागि सञ्चालक समिति समक्ष सिफारिश गर्ने ।

(४) जोखिम व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

सञ्चालक समितिले एक जना गैरकार्यकारी सञ्चालकको संयोजकत्वमा एउटा जोखिम व्यवस्थापन समिति गठन गर्न सक्नेछ । समितिको सदस्यहरु मध्ये सञ्चालन (अपरेसन) विभागका विभागीय प्रमुख सदस्य र कर्जा विभागका विभागीय प्रमुख वा जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने अलग्गै इकाई भएमा सोको प्रमुख सदस्य-सचिव हुनेछ । लेखापरीक्षण समितिका संयोजक जोखिम व्यवस्थापन समितिको पदेन सदस्य हुनेछ । **समितिमा आवश्यकता अनुसार आमन्त्रण गरिने विशेषज्ञ सहित बढीमा ५ जनासम्म सदस्य हुन सक्नेछन् ।** समितिको बैठक ३ महिनामा कम्तीमा एक पटक बस्नु पर्नेछ ।

<u>समितिको काम कर्तव्य र उत्तरदायित्व</u>

(क) विद्यमान जोखिम पहिचान तथा व्यवस्थापन प्रणालीको पर्याप्तता र उपयुक्तता सम्बन्धमा सञ्चालक समितिलाई जानकारी गराउने र उपयुक्त प्रणालीको विकासका लागि सुझाव दिने ।

(ख) व्यवसायिक गतिविधिमा निहित जोखिमको स्तर, जोखिम बहन क्षमता, जोखिम व्यवस्थापनको लागिविकास गरेको रणनीति, नीतिगत व्यवस्था र मार्गदर्शनको नियमित पुनरावलोकन गरी सोको पर्याप्तताका सम्बन्धमा सञ्चालक समितिमा सुझाव पेश गर्ने ।

(ग) व्यवस्थापनबाट नियमित रुपमा जोखिम व्यवस्थापन प्रतिवेदन लिई जोखिमको आंकलन, मूल्याङ्कन, नियन्त्रण तथा अनुगमन के-कसरी भइरहेको छ सो सम्बन्धमा छलफल गर्ने र सञ्चालक समितिमा आवश्यक सुझाव पेश गर्ने ।

(घ) जोखिम सम्पत्ति अनुसार पुंजीको पर्याप्तता, व्यवसायिक रणनीति अनुरुप नीतिगत व्यवस्थाको पर्याप्तता, संस्थाले लिन सक्ने अधिकतम जोखिम सम्बन्धमा नियमित रुपमा छलफल तथा विश्लेषण गरी सञ्चालक समितिलाई आवश्यक राय, सुझाव दिने ।

(ङ) जोखिम व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकबाट जारी गरिएका निर्देशन/मार्गनिर्देशन, संस्थाले निर्धारण गरेका आन्तरिक सीमा, उपयुक्त प्रचलन अनुरुप आवश्यक नीति एवम् संरचना विकास गर्नका लागि सञ्चालक समितिलाई सुझाव दिने ।

(च) सञ्चालक समितिबाट भएको अख्तियार प्रत्यायोजनको सीमा तथा औचित्यता विश्लेषण गरी सञ्चालक समितिमा आवश्यक सुझाव सहितको प्रतिवेदन पेश गर्ने ।

(छ) संस्थाको सम्पत्ति संरचना, ती सम्पत्तिहरु परिचालनको अवस्था, त्यसबाट प्राप्त गर्न सकिने आय, सम्पत्तिहरुको गुणस्तरमा हुने वृद्धि/ह्रास र सम्पत्ति दायित्व समिति (ALCO) बाट भएका कार्यहरुको सम्बन्धमा त्रैमासिक रुपमा विश्लेषण/समीक्षा गरी सञ्चालक समितिमा प्रतिवेदन पेश गर्ने ।

(ज) अर्थतन्त्रको कुनै क्षेत्रमा उत्पन्न हुने समस्या वा परिवर्तनले संस्थाको वित्तीय अवस्थामा पार्न सक्ने असरको सम्बन्धमा अध्ययन गरी सोको निराकरणको लागि के-कस्तो नीति अवलम्बन गर्नु पर्ने हो आवश्यक सुझाव सहित सञ्चालक समितिमा प्रतिवेदन पेश गर्ने ।

(५) सम्पत्ति शुद्धीकरण अनुगमन समिति सम्बन्धी व्यवस्था

सञ्चालक समितिले एक जना गैरकार्यकारी सञ्चालकको संयोजकत्वमा एउटा सम्पत्ति शुद्धीकरण समिति गठन गर्न सक्नेछ । समितिको सदस्यहरु मध्ये कर्जा विभागका विभागीय प्रमुख सदस्य र सञ्चालन ( अपरेसन) वा अनुपालना विभागका विभागीय प्रमुख सदस्य-सचिव हुनेछ । संस्थाको प्रमुख कार्यकारी अधिकृत समितिको पदेन सदस्य हुनेछ । समितिमा आवश्यकता अनुसार आमन्त्रण गरिने विशेषज्ञ सहित बढीमा ५ जनासम्म सदस्य हुन सक्नेछन् । **समितिको बैठक कम्तीमा तीन महिनामा एक पटक बस्नु पर्नेछ ।**

समितिको काम, कर्तव्य र उत्तरदायित्व

(क) सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ ले तोके बमोजिमको सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण सम्बन्धी लघुवित्त संस्थाको नीति तथा कार्यविधि तर्जुमा गरी स्वीकृतिका लागि सञ्चालक समिति समक्ष पेश गर्ने ।

(ख) संस्थाको कार्यप्रकृति बमोजिमको ग्राहक स्वीकार प्रक्रिया, ग्राहकको परिचय गर्ने प्रक्रिया, ग्राहकको कारोबारको अनुगमन गर्ने प्रक्रिया र जोखिम व्यवस्थापन सम्बन्धी प्रक्रिया जस्ता विषयमा केन्द्रित भई आफ्नो ग्राहक पहिचान (Know Your Customers) कार्यविधि तयार गरी स्वीकृतिका लागि सञ्चालक समिति समक्ष पेश गर्ने ।

(ग) सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा २९ ङ को उपदफा (३) बमोजिम नेपाल सरकार, गृह मन्त्रालयले प्रकाशित गर्ने सूची नियमित अध्ययन गरी सो सूचीको जानकारी सञ्चालक समितिलाई गराउने ।

(घ) सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ ले तोके बमोजिम संस्थाले सम्पादन गर्नु पर्ने अन्य कार्यहरुको अनुगमन गर्ने ।

(ङ) सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कृलाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा प्रचलित ऐन, कानुन तथा निर्देशनको व्यवस्था लघुवित्त संस्थामा पालना भए/नभएको अनुगमन गर्ने ।

(च) व्यवस्थापनबाट देहाय बमोजिमको प्रतिवेदन/विवरण लिई छलफल गर्ने र आवश्यकता अनुसार सञ्चालक समितिलाई सुझाव दिने ।

(१) AML/CFT को जोखिम व्यवस्थापन सम्वन्धी प्रतिवेदन ।

(२) ग्राहक पहिचानको अद्यावधिक स्थिति, ग्राहक पहिचान पद्धति (CDD) को विवरण, PEPs को विवरण तथा यसलाई छिटो, छरितो र सुचना प्रविधिको प्रयोग मार्फत थप प्रभावकारी वनाउन भविष्यमा अवलम्बन गर्नुपर्ने नीतिगत, प्रकृयागत र संस्थागत सुधारका कार्यहरुको विवरण ।

(३) आन्तरिक लेखापरीक्षण, बाह्य लेखापरीक्षण र यस बैंकको निरीक्षण प्रतिवेदनमा उल्लिखित सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कैफियतहरु उपर समीक्षा तथा सो सम्बन्धमा नीतिगत एवम् प्रक्रियागत सुधार गर्नु पर्ने पक्षहरुको विस्तृत विवरण ।

(छ) राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी भएको विषयहरु/घटनाहरु र त्यसबाटसंस्थालाई पर्न सक्ने असरहरुको विश्लेषण गरी जोखिम व्यवस्थापन गर्न के कस्तो नीतिगत व्यवस्था गर्नुपर्ने हो सो सम्बन्धमा आवश्यक सुझाव सञ्चालक समिति समक्ष पेश गर्ने ।

(झ) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी आन्तरिक नीतिगत व्यवस्था र मार्गदर्शनको नियमित पुनरावलोकन गरी सोको पर्याप्तताका सम्बन्धमा सञ्चालक समितिमा सुझाव पेश गर्ने ।

(ञ) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण सम्बन्धमा वित्तीय जानकारी इकाई र यस बैंकले तोके बमोजिमको माध्यमवाट नियमित रुपमा सम्बन्धित निकायहरुमा पेश गर्नुपर्ने विवरण तथा प्रतिवेदनहरु तोकिए बमोजिम पेश गरे/नगरेको सम्बन्धमा समितिले सम्पत्ति शुद्धीकरण ( मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४४क मा उल्लेखित प्रावधान प्रतिकुल नहुने गरी छलफल गर्ने ।

## ७. आफ्ना सञ्चालक, शेयरधनी, कर्मचारी एवम् निजसँग सम्बन्धित फर्मलाई कर्जा प्रदान गर्न बन्देज सम्बन्धी व्यवस्था

(क) देहायका अवस्थामासंस्थाका सञ्चालकलाई कर्जा सापटी/गैर-कोषमा आधारित सुविधा प्रदान गर्न बन्देज गरिएको छ :-

(१) सञ्चालक र निजको एकाघर परिवारका सदस्यलाई,

(२) सञ्चालक वा निजको एकाघर परिवारका सदस्य व्यवस्थापक, साझेदार, एजेन्ट वा जमानतकर्ता भएको वा निजको प्रत्यक्ष वित्तीय स्वार्थ भएको व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई,

(३) सञ्चालक वा निजका एकाघर परिवारका सदस्यले १० प्रतिशतभन्दा बढी शेयर लिएको फर्म, कम्पनीलाई र संस्थालाई,

(४) सञ्चालक वा निजका एकाघर परिवारका सदस्य जमानत बसेको व्यक्ति, फर्म कम्पनीलाई वा संस्थालाई ।

(ख) देहायका अवस्थामा संस्थाका संस्थापक, शेयरधनी तथा कर्मचारीलाई कर्जा तथा गैर-कोषमा आधारित सुविधा प्रदान गर्न बन्देज गरिएको छ :-

(१) संस्थापक वा संस्थापक समूहका शेयरधनी वा बिक्री भएको कुल शेयरको १ प्रतिशतभन्दा बढी शेयर लिएका शेयरधनी तथा निजका परिवारका सदस्य र कर्मचारीलाई,

*स्पष्टीकरणः*

*(अ) संस्थापक, १ प्रतिशत वा सोभन्दा बढी शेयर लिएका व्यक्ति/फर्म/कम्पनी/संस्था, कार्यकारी प्रमुख, बहालवाला लेखापरीक्षक तथा अधिकृतस्तरका कर्मचारी वा त्यस्ता व्यक्तिको परिवारका सदस्य वा सञ्चालक मनोनित वा नियुक्ति गर्ने अधिकार पाएका फर्म, कम्पनी वा संस्थालाई कर्जा वा सुविधा प्रदान गर्न पाइने छैन ।*

*(आ) विगतमा कुल जारी पुंजीको १ प्रतिशत भन्दा कम शेयर धारण गरेका लघुवित्त वित्तीय संस्थाका संस्थापक वा संस्थापक समूहका शेयरधनीलाई प्रदान भएको कर्जा तथा गैर-कोषमा आधारित सुविधाको विस्तृत विवरण वार्षिक वित्तीय विवरणमा खुलाउनु पर्नेछ ।*

(२) बिक्री भएको शेयरको १ प्रतिशतभन्दा बढी शेयर लिएको शेयरधनी रसंस्थाका कर्मचारी साझेदार भएको वा जमानत बसेको वा अन्य किसिमको वित्तीय स्वार्थ भएको व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई,

(३) यस बैंकले निर्देशन दिएकोमा बाहेकसंस्थाका शेयरधनी र कर्मचारीले १० प्रतिशतभन्दा बढी शेयर लिई मताधिकार लिएको फर्म, कम्पनी वा संस्थालाई,

(ग) उपबुँदा नं. (क) तथा (ख) मा जुनसुकै कुरा लेखिएको भएतापनि **कार्यकारी प्रमुखको हकमा सम्झौतापत्रमा उल्लेख भए बमोजिम** र संस्थाका कर्मचारीहरुलाई संस्थाको कर्मचारी सेवा विनियमावली अनुसार सुविधायुक्त सापटी प्रदान गर्न यो निर्देशनले बाधा पुऱ्याएको मानिने छैन ।

उपर्युक्त व्यवस्थाका अतिरिक्त सरकारको घोषित उद्देश्य पुरा गर्न स्थापना भएका विकासमूलक संस्था वा कम्पनीलाई कर्जा प्रदान गर्न यस बैंकले छुट दिन सक्नेछ ।

(घ) यस बैंकबाट थोक कर्जा **मात्र** कारोबार गर्ने इजाजतपत्र पाएका संस्थाको संस्थागत संस्थापक **शेयरधनीहरुलाई सोही संस्थाबाट थोक** कर्जा प्रवाह गर्न छुट प्रदान गरिएको छ ।

यस्तो ऋणी संस्थाबाट थोक कर्जा कारोबार गर्ने संस्थाको सञ्चालक समितिमा प्रतिनिधित्व भएको अवस्थामा समेत थोक कर्जा प्रवाह गर्न वाधा पर्ने  छैन ।

## ८. आचारसंहिता तथा सुशासन सम्बन्धी व्यवस्था

(१) लघुवित्त वित्तीय संस्थाहरुको समेत सुशासन कायम गर्ने कार्यमा भूमिका रहेको हुँदा सुशासन ऐनको भावना अनुसार आ-आफ्नो संस्थामा आचारसंहिता निर्माण गरी लागु गर्नु पर्नेछ ।

(२) आ-आफ्नो संस्थामा सुशासनको स्थितिबारे मासिक रुपमा अनुगमन गर्ने ब्यवस्था गर्नु पर्नेछ  ।

(३) यस बैंकको निरीक्षण प्रतिवेदनमा उठाइएका विषयहरुलाई तदारुकताका साथ कार्यान्वयन गर्नु पर्नेछ ।

## ९. स्वःघोषणा सम्बन्धी व्यवस्था

(क) इजाजतपत्रप्राप्त संस्थाका सञ्चालकले आफ्नो बारेको स्वघोषणा (Self Declaration) गरे/गराएको विवरण (**संलग्न अनुसूची घ ६.१ र अनुसूची घ ६.३ बमोजिम**) सहितको जानकारी सञ्चालक निर्वाचित वा नियुक्ति भएको ७ दिनभित्र **संस्था**मा पेश गर्नु पर्नेछ ।

(ख) संस्थाले आफ्नो सञ्चालकहरुको **तीन पुस्ते सहितको लगत विवरण** (संलग्न अनुसूची घ ६.२ बमोजिम) तयार गरी अद्यावधिक गरी राख्नु पर्नेछ ।

१०. **संस्थाको नियमावलीमा** तोकिए बमोजिम सञ्चालक समितिको अध्यक्ष, सञ्चालक, वैकल्पिक सञ्चालक बैठकमा उपस्थित भए बापत पाउने बैठक भत्ता, सञ्चालक कार्यकारी भई कार्य गरेमा पारिश्रमिक समेत र टेलिफोन, मोवाइल तथा पत्रपत्रिका खर्च एवम् संस्थाको काममा स्वदेश र विदेशमा भ्रमण गर्दा लाग्ने खर्च जस्ता अन्य सुविधा बाहेक गैर-कार्यकारी अध्यक्ष तथा अन्य सञ्चालकहरुले व्यक्तिगत फाइदा हुने आर्थिक र गैर-आर्थिक कुनै पनि प्रकृतिका सुविधा लिन पाइने छैन । यसरी आर्थिक र गैर-आर्थिक सुविधा लिएको खण्डमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २३ को उपदफा (१) को व्यवस्था उल्लंघन गरेको मानी सम्बन्धित सञ्चालकबाट असुलउपर गरिनेछ ।

११. संस्थाको सञ्चालक र/वा प्रबन्ध सञ्चालकले वित्तीय कारोबार गर्ने इजाजतपत्रप्राप्त नगरेसम्म कुनै पारिश्रमिक, भत्ता तथा अन्य आर्थिक सुविधा लिन पाइने छैन । संस्थामा कार्यरत कर्मचारीहरुलाई सञ्चालक समितिले निर्णय गरे बमोजिमको पारिश्रमिक उपलब्ध गराउन भने बाधा पर्ने छैन । इजाजतपत्रप्राप्त गरी सकेका तर सर्वसाधारणमा सार्वजनिक शेयर निष्काशन गरिनसकेको संस्थाको सञ्चालक, प्रबन्ध सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख कार्यकारी अधिकृतको निकटतम तल्लो वरियताको अधिकारीले प्राप्त गर्ने पारिश्रमिक, भत्ता तथा अन्य आर्थिक सुविधा संस्थाको **संचालक समितिमा** सर्वसाधारण **शेयरधनीको प्रतिनिधित्व** नभएसम्म वृद्धि गर्न पाइने छैन ।

१२. **अख्तियार प्राप्त निकायले विपक्षी बनाई मुद्दा दायर गरेको व्यक्ति तथा निज सहभागी भएको साझेदारी फर्म, कम्पनी तथा संस्था**लाई लेखापरीक्षक नियुक्त गर्न पाइने छैन ।
तर, उक्त मुद्दाबाट सफाई पाएको आधिकारिक पत्र प्राप्त भए पछि निजलाई लेखापरीक्षकमा नियुक्त गर्न बाधा पर्ने छैन । मुद्दा दायर हुनु अघि नै संस्थाको साधारण सभाबाट लेखापरीक्षक नियुक्ति भैसकेको खण्डमा निर्धारित काम सम्पन्न गर्न यस व्यवस्थाले बाधा पुगेको मानिने छैन ।

१३. संस्थाको एक प्रतिशत वा सो भन्दा बढी सेयर धारण गरेका सेयरधनी वा निजको व्यक्तिगत वा साझेदारी फर्मले लेखापरीक्षण गरेको फर्म/कम्पनी/संस्थालाई सम्बन्धित लघुवित्त संस्थाले ऋण प्रदान गर्न पाइने छैन ।

## १४. संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धमा :

संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यमा थप क्रियाशील हुन वार्षिक देहायबमोजिमको रकम छुट्याई संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा गर्नु पर्नेछ । सो कोषमा जम्मा भएको रकम निम्नानुसार हुने गरी अर्को आर्थिक वर्षमा खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(अ) खुद मुनाफाको कम्तीमा १ प्रतिशत रकम ।

(आ) वार्षिक २० प्रतिशतभन्दा बढी लाभांश (नगद वा बोनस) वितरणको प्रस्ताव गरेमा २० प्रतिशतभन्दा माथिको प्रस्तावित लाभांशको २५ प्रतिशतले हुन रकम ।

(क) संस्थागत सामाजिक उत्तरदायित्व कोषबाट देहायका क्षेत्रहरुमा खर्च गर्न सकिनेछ :

**(१) सामाजिक परियोजनाहरुमा हुने खर्च : शिक्षा, स्वास्थ्य, दैवी प्रकोप व्यवस्थापन, वातावरण संरक्षण (फोहोर मैला संकलन गर्ने फोहरदानी (Dustbin/Container) आदि), सांस्कृतिक प्रबर्द्धन, दुर्गम क्षेत्रमा पूर्वाधार सुधार, सामाजिक रुपले पिछडिएका वर्गको आय आर्जन क्षमता अभिबृद्धि, वित्तीय साक्षरता, ग्राहक संरक्षण सम्बन्धी कार्यक्रम, यात्रु प्रतिक्षालय निर्माण, सडक बत्ती, सार्वजनिक शौचालय निर्माण जस्ता सामाजिक कार्य आदिमा गर्ने प्रत्यक्ष तथा अप्रत्यक्ष खर्च । परियोजना छनौट गर्दा सम्बन्धित क्षेत्रमा कार्य गरिरहेका विशिष्टिकृत संस्थाबाट सार्वजनिक सूचना मार्फत् प्रस्ताव माग गरी छनौट गर्नु पर्नेछ ।**

(२) **वित्तीय साक्षरता : बैंक तथा वित्तीय संस्थाले वित्तीय साक्षरता सम्बन्धी विविध कार्यक्रम तथा लक्षित तालिमहरु सञ्चालन गरी महिला तथा सामाजिक रुपले पिछडिएका वर्गलाई वित्तीय सेवा सम्बन्धमा साक्षर बनाई वित्तीय सेवाप्रतिको पहुँच अभिबृद्धिका लागि सामाजिक उत्तरदायित्व कोषको ५ प्रतिशत रकम खर्च गर्नु पर्नेछ ।**

(३) प्रत्यक्ष अनुदान खर्च : अति विपन्न वर्गका लागि शिक्षा तथा स्वास्थ्यमा हुने खर्च व्यहोरिदिने गरी हुने प्रत्यक्ष अनुदान खर्च वा त्यस्ता क्षेत्रमा संलग्न तथा क्रियाशिल संस्थाहरुको भौतिक संरचना निर्माण, साधन खरिद सञ्चालन खर्च आदिमा दिइने प्रत्यक्ष अनुदान खर्च ।

(४) दिगो विकास लक्ष्य : नेपालको दिगो विकास लक्ष्य, २०१६-२०३० (Sustainable Development Goals, 2016-2030) ले पहिचान गरेका १७ वटा क्षेत्रहरुमा तोकिएका लक्ष्यहरुको प्राप्तिमा सहयोग हुने गरी गरिने अन्य प्रत्यक्ष तथा अप्रत्यक्ष खर्चहरु ।

(५) लघुवित्त वित्तीय संस्थाले आफ्नो संस्थामा कार्यरत कर्मचारीहरुका लागि Child Day Care Centre को व्यवस्था गर्दा लाग्ने खर्च ।

**(६) व्यवसायिक रुपमा स्थापना भएका वाहेकका अनाथालय, बालमन्दिर र वृद्धाश्रमलाई दिइएको अनुदान तथा गरिएका खर्चहरु ।**

**(७) संस्थामा कार्यरत कर्मचारीको लागि कोभिड १९ जस्ता महामारीजन्य रोगबाट सुरक्षित राख्न, रोकथाम गर्न तथा उपचार गर्दा लाग्ने (वास्तविक बिल बमोजिमको) खर्च ।**

(ख) **लघुवित्त वित्तीय संस्थाको २०७७ असार मसान्तमा संस्थागत सामाजिक उत्तरदायित्व कोषमा बाँकी रहेको सम्पूर्ण रकम २०७७ साउन मसान्तभित्र नेपाल सरकारले स्थापना गरेको कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा जम्मा गर्नु पर्नेछ ।**

(ग) संस्थाको ब्राण्ड प्रवर्द्धन हुने गरी गरिने खर्च यस कोषबाट व्यहोर्न पाइने छैन । तर, संस्थागत सामाजिक उत्तरदायित्वमा गरेको खर्चमा संस्थाको नाम सौजन्यको रुपमा उल्लेख गर्न भने बाधा पुगेको मानिने छैन ।

(घ) संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वमा खर्च गर्दा एकै भौगोलिक क्षेत्र तथा विषय (जस्तैः शिक्षा, स्वास्थ्य आदि) मा मात्र सीमित नभई आफ्नो कार्यक्षेत्रभित्रका सबै भौगोलिक क्षेत्र तथा विषयहरुमा न्यायोचित ढङ्गले खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(ङ) सञ्चालक समितिका सदस्यहरुलाई व्यक्तिगत तथा राजनैतिक लाभ हुने गरी खर्च गर्न पाइने छैन ।

(च) सञ्चालक समितिले संस्थागत सामाजिक उत्तरदायित्वका लागि यस व्यवस्था अनुसार पहिचान हुने क्षेत्रहरु, सो क्षेत्रमा खर्चका लागि प्राप्त हुने प्रस्ताव मूल्याङ्कन गर्ने प्रक्रिया, कोषको सञ्चालन तथा व्यवस्थापन प्रक्रिया लगायतका बिषयहरु समेटी छुट्टै कार्यविधि बनाई लागु गर्नु पर्नेछ ।

(छ) संस्थाले यस्तो कोषको व्यवस्था तथा सोबाट भएको खर्च सम्बन्धी जानकारी आफ्नो वार्षिक वित्तीय विवरणको लेखा सम्बन्धी टिप्पणी अन्तर्गत खुलाउनु पर्नेछ ।

## १५. सम्पत्ति विवरण तथा स्वघोषणा सम्बन्धी व्यवस्था

संस्थाले आफ्ना सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा अधिकृत स्तरका कर्मचारीहरु र निजका परिवारको नाममा रहेको चलअचल सम्पत्ति र बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणको विवरण हरेक

आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र अद्यावधिक गरी राख्नुपर्नेछ । साथै, इजाजतपत्रप्राप्त संस्थाले प्रमुख कार्यकारी अधिकृत तथा अधिकृत स्तरका कर्मचारीहरु नियुक्ति गर्दा सम्बन्धित व्यक्तिसँग यस निर्देशनको अनुसूची नं. घ ६.३ बमोजिमको स्वघोषण गराउनु पर्नेछ ।

१६. संघीय संरचना बमोजिमको स्थानीय, प्रादेशिक वा संघीय तहको पदाधिकारीमा निर्वाचित व्यक्तिहरु यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थामा सञ्चालक रहँदा संस्थागत सुशासनको पक्ष कमजोर हुने हुँदा त्यस्ता पदाधिकारीहरुले पदमा बहाल रहुञ्जेल बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिमा प्रतिनिधित्व गर्न पाउने छैनन् ।

१७. सञ्चालक समितिका सदस्य र प्रमुख कार्यकारी अधिकृतहरुको नियुक्ति सम्बन्धमा देहायबमोजिमको नीतिगत व्यवस्था गरिएको छ :

१. कुनै एउटा इजाजतपत्रप्राप्त संस्थामा संचालक रहेको व्यक्ति प्रचलित व्यवस्थाको अधीनमा रही कार्यकाल थप भएको अवस्थामा वाहेक संचालक पदवाट जुनसुकै कारणवाट हटेमा कम्तीमा ६ महिनाको समय व्यतित नभई यस बैंकवाट इजाजतपत्रप्राप्त संस्थामा संचालक लगायत अन्य कुनै पनि हैसियतमा कार्य गर्न पाउने छैन ।

२. कुनै संचालक आफ्नो पदावधि समाप्त नहुँदै जुनसुकै कारणवाट हटेमा त्यस्तो व्यक्ति पुनः सोही कार्यकालभित्र सोही संस्थाको संचालक पदमा निर्वाचित वा मनोनित हुन पाउने छैन ।

३. यस बैंकवाट इजाजतपत्रप्राप्त संस्थामा कार्यरत प्रमुख कार्यकारी अधिकृत प्रचलित व्यवस्थाको अधीनमा रही पुनर्नियुक्ति पाएको अवस्थामा वाहेक जुनसुकै कारणले आफ्नो सेवाबाट निवृत्त भएपछि कम्तीमा ६ महिनाको अवधि व्यतित नभई कुनैपनि इजाजतपत्रप्राप्त संस्थामा प्रमुख कार्यकारी अधिकृत हुन पाउने छैन । साथै, प्रमुख कार्यकारी अधिकृत जुनसुकै कारणवाट हटेमा त्यस्तो व्यक्ति पुनः सोही कार्यकाल वा ६ महिनामध्ये जुन बढी हुन्छ सो अवधि व्यतित नभई सोही संस्थामा संचालक लगायत अन्य कुनै पनि हैसियतमा कार्य गर्न पाउने छैन ।

१८. संस्थाले पुरस्कार वा सम्मान ग्रहण गर्ने,संस्थाका संचालक समितिका अध्यक्ष, सदस्य र प्रमुख कार्यकारी अधिकृतले विदेश भ्रमण गर्ने सम्बन्धमा देहाय वमोजिमको नीतिगत व्यवस्था गरिएको छ ।

१. पुरस्कार वा सम्मान ग्रहण गर्ने सम्बन्धमा:

(क) संस्थाले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आर्थिक सहायता, चन्दा वा अन्य कुनै पनि प्रकारको शुल्क वा वित्तीय योगदान गरेको आधारमा मात्र सोको प्रतिफल स्वरुप कुनै पनि विदेशी निकायबाट पुरस्कार वा सम्मान ग्रहण गर्न पाइने छैन ।

(ख) कुनै पनि विदेशी निकायबाट पुरस्कार वा सम्मान ग्रहण गर्नु पर्दा यस बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ । यसरी स्वीकृति लिदा पुरस्कार वा सम्मान प्रदान गर्ने विदेशी निकायको वैधानिक हैसियत एवम् आधिकारिकता पुष्टी हुने कागजात समेत सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले यस बैंक समक्ष पेश गर्नुपर्नेछ ।

(ग) पुरस्कार वा सम्मान ग्रहण गर्ने प्रयोजनार्थ भ्रमण गर्ने बैंकका पदाधिकारीको भ्रमण लगायतको खर्च मितव्ययी हुनुपर्नेछ ।

**२. संस्थाका संचालक समितिका अध्यक्ष, सदस्य र प्रमुख कार्यकारी अधिकृतको विदेश भ्रमण सम्बन्धी व्यवस्थालाई थप व्यवस्थित बनाउन सम्बन्धित इजाजतपत्र प्राप्त संस्थाले यस सम्बन्धी कार्यविधि बनाइ लागू गर्नुपर्नेछ र त्यस्तो कार्यविधिमा अन्य आवश्यक विषयहरुका अतिरिक्त देहाय बमोजिमको व्यवस्था कायम गरेको हुनुपर्नेछ ।**

(क) भ्रमणको उद्देश्य, उपयोगिता लगायतका पक्षहरुमा सम्बन्धित संस्थाको संचालक समितिबाट निर्णय भएको हुनुपर्नेछ ।

(ख) संस्थाका संचालक समितिका अध्यक्ष, सदस्य र प्रमुख कार्यकारी अधिकृत संस्थाको कामसँग सम्बन्धित विषयमा विदेश भ्रमणमा जानु पर्दा भ्रमण गरिने मुलुक, भ्रमणमा जाने पदाधिकारीको नाम, भ्रमण अवधि, भ्रमणको विषय, भ्रमण गर्दा लाग्ने खर्च एवम् सम्बन्धित इजाजतपत्रप्राप्त संस्थालाई हुने लाभ समेतको विश्लेषण गर्नुपर्नेछ ।

(ग) विदेश भ्रमण कार्यक्रम मितव्ययी हुने गरी सम्पन्न गर्नुपर्नेछ ।

**(घ) विदेश भ्रमणबाट फर्केको १५ दिनभित्र सोको प्रतिवेदन तयार गरी संस्थामा पेश गर्नु पर्नेछ ।**

**१९. खारेजी र वचाऊ :**

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७६ को संस्थागत सुशासन सम्बन्धी व्यवस्था निर्देशन नं. ६ बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७७ असोज ८ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**निर्देशन नं. ७/०७७**

**सुपरिवेक्षकीय निर्देशन लागु गर्ने कार्य तालिका सम्बन्धी व्यवस्था**

यस बैंकबाट "घ" वर्गका इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाको निरीक्षण तथा सुपरिवेक्षणको क्रममा दिइएको निर्देशनहरुलाई देहाय बमोजिम लागू गर्न/गराउन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायको निर्देशन जारी गरिएको छ ।

१. स्थलगत निरीक्षण प्रतिवेदन प्राप्त भएको मितिले बढीमा ३० दिनभित्र इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिले उक्त प्रतिवेदनमा उल्लिखित कैफियतहरुको सुधार तथा दिएका निर्देशनहरुको पालना गरी सो निरीक्षण प्रतिवेदनमा उठाइएका बुँदाहरुको सुधारको स्थिति सहितको प्रतिक्रिया यस बैंकको लघुवित्त संस्था सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ । तोकिएको समयभित्र आवश्यक सुधार गरी प्रतिक्रिया पठाउन नसक्ने अवस्था भएमा **संस्थाले लघुवित्त संस्था सुपरिवेक्षण विभागको स्वीकृति लिई थप भएको अवधिभित्र** उक्त प्रतिवेदन यस बैंकमा पेश गर्नु पर्नेछ ।

२. निरीक्षण प्रतिवेदन मार्फत थप कर्जा नोक्सानी व्यवस्था गर्ने निर्देशन प्राप्त भएमा चालु त्रैमासिक हिसावमा थप कर्जा नोक्सानी व्यवस्था गरी सोको जानकारी यस बैंकमा दिनु पर्नेछ ।

३. निरीक्षण प्रतिवेदन मार्फत निर्देशन प्राप्त भएको मितिले तीस दिनभित्र संस्थाले तीन महिना वा सोभन्दा बढी अवधिले भाखा नाघेका कर्जाहरुको स्थिति सुधार्ने योजना बनाई यस **बैंकको लघुवित्त संस्था सुपरिवेक्षण** विभागमा पेश गर्नु पर्नेछ । सो अवधिभित्र यस बैंकबाट निरीक्षण भई थप निर्देशन प्राप्त भएमा वर्गीकृत कर्जाहरुको रकम र वर्गीकरणमा आएको परिवर्तन समावेश भएको संशोधित योजना ३० दिनभित्र यस बैंकको **उक्त** विभागमा पेश गर्नु पर्नेछ ।

४. पुँजीकोष पर्याप्त नभएको अवस्थामा निरीक्षण प्रतिवेदन मार्फत निर्देशन प्राप्त भएको बढीमा ३५ दिनभित्र लघुवित्त वित्तीय संस्थाले पर्याप्त पुँजीकोष कायम राख्नको लागि देहायका विषयहरु समेत समावेश भएको लिखित पुँजी योजना यस बैंकको लघुवित्त संस्था सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ :-

   (क) पर्याप्त पुँजीकोष कायम गर्नका लागि हाल र भविष्यमा आवश्यक पर्ने पुँजीको विवरण,
   (ख) वर्गीकृत तथा पुनःवर्गीकृत सम्पत्तिको विवरण,
   (ग) सञ्चित नाफाको अनुमानित रकम,
   (घ) यस सम्बन्धी निर्देशनमा व्यवस्था भए अनुसार भविष्यमा आवश्यक पर्ने पुँजी पुरा गर्न व्यवस्था गरिएको अतिरिक्त स्रोत र समय तालिका ।

५. संस्थाले विद्यमान नीति, नियम तथा कानुनी प्रावधानको दायराभित्र कार्य सम्पादन गरी आन्तरिक नियन्त्रण प्रणालीमा प्रभावकारीता ल्याउन सकिने गरी कार्यविधिको विकास गर्नु पर्नेछ । उक्त कार्यविधि अन्तर्गत कम्तिमा देहायका विषयहरु समावेश भएको हुनु पर्नेछ :-

   (क) संस्थाको यथार्थ अवस्थाको चित्रण गर्ने तथा सम्पत्ति सुरक्षित हुने गरी लघुवित्त वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा नियन्त्रण प्रणालीको समीक्षा सम्बन्धी कार्यविधि ।

   (ख) तथ्याङ्कको विश्वसनियता जाँच गर्ने कार्यविधि ।

   (ग) कर्जा प्रवाह, तरलता व्यवस्थापन, पुँजीकोषको पर्याप्तता, कर्मचारी, व्यवस्थापन सूचना प्रणालीका साथै लघु वित्तीय नियम कानुनहरुको पालना सम्बन्धी व्यवहार जाँचबुझ गर्ने कार्यविधि ।

   (घ) सम्पत्तिको गुणस्तर समीक्षा कार्यविधि ।

   (ङ) वित्तीय जोखिम व्यवस्थापन (तरलता, सम्पत्ति/दायित्व) को समीक्षा सम्बन्धी कार्यविधि ।

६. यस बैंकबाट संस्थाको कारोबार र प्रगति विवरण सम्बन्धमा निरन्तर रुपमा अनुगमन गरिने छ । यस बैंकले सम्बन्धित लघुवित्त वित्तीय संस्थाको क्रियाकलाप, योजना, नीति तथा यस बैंकले दिएको निर्देशन कार्यान्वयनको अनुगमन गरी दिएको सुझाव सम्बन्धित संस्थाले कार्यान्वयन गर्नु गराउनु पर्नेछ । साथै यस

बैंकले निर्देशन दिएको अवस्थामा अर्धवार्षिक प्रगति विवरण र निर्देशनको कार्यान्वयन स्थितिको प्रतिवेदन समेत तोकिएको अवधिभित्र उपलब्ध गराउनु पर्नेछ ।

## ७. खारेजी र वचाऊ :

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७६ को सुपरिवेक्षकीय निर्देशन लागु गर्ने कार्य तालिका सम्बन्धी व्यवस्था निर्देशन नं. ७ बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७७ असोज ८ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**निर्देशन नं. ८/०७७**

### लगानी सम्बन्धी व्यवस्था

यस बैंकबाट “घ” वर्गका इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाको वित्तीय स्रोतको लगानीका सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायको निर्देशन जारी गरिएको छ ।

१. संस्थाले सरकारी सुरक्षणपत्र, नेपाल राष्ट्र बैंक ऋणपत्रमा लगानी गर्ने नीति तथा कार्यविधि सञ्चालक समितिबाट स्वीकृत गराएर मात्र लागू गर्नु पर्नेछ ।

२. “घ” वर्गका संस्थाहरुले “घ” वर्गकै अन्य संस्थाहरुद्वारा जारी भएका शेयर सुरक्षणपत्र वा अन्य कुनै पुँजी उपकरणहरुमा लगानी गर्न पाइने छैन ।

३. संस्थाले निश्चित प्रयोजनका लागि स्थापित दीर्घकालीन कोषहरु बाहेकका रकम बैंक तथा वित्तीय संस्थामा ३ महिना भन्दा बढी अवधिको मुद्दती निक्षेपमा राख्न र नवीकरण गर्न पाइने छैन ।

४. संस्थाले शेयर तथा डिबेञ्चरमा लगानी गरेको भएमा २ वर्ष भित्रमा विनिवेष गरिसक्नु पर्नेछ ।

५. संस्थाले धितोपत्र विनिमय बजारमा सूचीकृत भइनसकेको कुनै संगठित संस्थाको शेयर तथा डिबेञ्चरमा लगानी गरेको भएमा  लगानी गरेको मितिले २ वर्षभित्र उक्त शेयर तथा डिबेञ्चर सूचीकृत नभएको खण्डमा लगानी भए बराबरको रकम लगानी समायोजन कोषमा जम्मा गर्नु पर्नेछ । त्यस्तो कोषमा रहेको रकम उक्त शेयर तथा डिबेञ्चर सूचीकृत नभएसम्म अन्य उपयोग गर्न पाइने छैन

६. माथि जुनसुकै कुरा उल्लेख भएतापनि Nepal Finsoft Company Ltd. मा गरिएको शेयर लगानीका सम्बन्धमा विनिवेष गर्न तथा लगानी समायोजन कोष खडा गर्नु पर्ने छैन ।

७. इजाजतपत्रप्राप्त संस्थाले सरकारी सुरक्षणपत्र, नेपाल राष्ट्र बैंक ऋणपत्र र संगठित संस्थाको शेयर तथा डिबेञ्चरमा गरेको लगानी सम्बन्धी विवरण संलग्न निर्देशन **फा.नं. घ ८.१, घ ८.२ र घ ८.३** बमोजिम तयार गर्नु पर्नेछ । संगठित संस्थाको शेयरमा गरिएको लगानीलाई खरिद मूल्य वा बजार मूल्य जुन कम हुन्छ त्यसको आधारमा अर्धवार्षिक रुपमा मूल्याङ्कन गरी संस्थाको सम्पत्तिको रुपमा देखाउनु पर्नेछ । तर, शेयर तथा डिबेञ्चरको खरिद मूल्य भन्दा बजार मूल्य कम भएमा फरक पर्न आएको रकमलाई नाफा नोक्सान हिसाबमा खर्च लेखी लगानीमा “सम्भावित हानी बापत व्यवस्था” शीर्षकमा जम्मा गर्नु पर्नेछ ।

**८. स्वप्रयोजनको लागि अचल सम्पत्ति खरिद/निर्माणको सम्बन्धमा**

संस्थाले आफ्नो प्रयोजनको निमित्त आवश्यक परेमा बाहेक अचल सम्पत्ति खरिद गर्न गराउन हुँदैन । लघुवित्त वित्तीय संस्थाले आफ्नो प्रयोजनको निमित्त जग्गा, भवन वा दुवै आवश्यक परेमा देहायका शर्तहरुको अधिनमा रही खरिद वा निर्माण गर्न सक्नेछ ।

(क) संस्था संस्थापना गर्दाको सम्पूर्ण पूर्व सञ्चालन खर्च (Pre operating expenses)अपलेखन भइसकेको हुनुपर्नेछ ।

(ख) प्रबन्धपत्र/नियमावलीमा उल्लेख भए बमोजिमको शेयर सर्वसाधारणमा जारी गरिसकेपछिको पहिलो साधारण सभा सम्पन्न भएको हुनुपर्नेछ ।

(ग) विगत दुई वर्षदेखि निरन्तर खुद मुनाफामा सञ्चालन भएको **र सञ्चित नोक्सानीमा नरहेको हुनुपर्नेछ ।**

(घ) यस बैंकले जारी गरेको निर्देशन बमोजिम पुँजीकोष पर्याप्त रहेको हुनुपर्नेछ ।

(ङ) जग्गा, भवन वा दुवै खरिद तथा भवन निर्माण गर्दा प्रतिपटक आफ्नो प्राथमिक पुँजीको १५ प्रतिशतको सीमाभित्र रही गर्नुपर्ने छ ।

(च) खण्ड (क) देखि (ङ) सम्म उल्लिखित अवस्था पुरा नगरी जग्गा, भवन वा दुवै खरिद वा निर्माण गरेमा सो बराबरको रकम प्राथमिक पुँजीकोष गणना गर्दा घटाउनु पर्नेछ ।

(छ) जग्गा, भवन वा दुवै खरिद गरेको वा भवन निर्माण सम्पन्न भएको मितिबाट ३ वर्षसम्म आफ्नो प्रयोगमा नआएमा सो बराबरको रकम प्राथमिक पुँजीकोष गणना गर्दा घटाउनु पर्नेछ ।

(ज) त्यस्तो जग्गा, भवन वा दुवै आफ्नो प्रयोजनमा नआउने देखिएमा बिक्री गर्नुपर्ने छ ।

## ९. खारेजी र वचाऊ :

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७६ को लगानी सम्बन्धी व्यवस्था निर्देशन नं. ८ बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७७ असोज ८ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**निर्देशन नं. ९/०७७**

## तथ्याङ्क विवरण सम्बन्धी व्यवस्था

देशको आर्थिक, मौद्रिक एवं बैकिङ गतिविधिको मूल्याङ्कन तथा विश्लेषण गर्नुका साथै इजाजतपत्रप्राप्त संस्थाको सुपरीवेक्षण गर्ने सन्दर्भमा बैंकिङ तथा वित्तीय तथ्याङ्कको महत्वपूर्ण भूमिका रहने हुँदा समयमै शुद्ध र यथार्थपरक तथ्याङ्क विवरण यस बैंकमा पेश गर्नुपर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिम निर्देशन जारी गरिएको छ ।

१. **संलग्न अनुसूची-घ ९.१ र घ ९.२ मा उल्लेखित विवरण सोही अनुसूचीमा तोकिएको अवधिभित्र तोकिएको ढाँचामा यस बैंकको रिपोर्टिंग पोर्टलमा अपलोड गर्नु पर्नेछ।**

२. **यस बैंकले** माग गरेको खण्डमा उपरोक्त तथ्याङ्क विवरणको Hard Copy सम्बन्धित अधिकृतको सहिछाप गरी पठाउनु पर्नेछ ।

३. यस बैंकमा तथ्याङ्क पठाउने प्रयोजनका लागि एकजना छुट्टै पदाधिकारी तोकी निजको नाम, फोन नम्बर र इमेल ठेगाना यस बैंकको **रिपोर्टिङ पोर्टलमा अद्यावधिक** गर्नुपर्नेछ । तथ्याङ्क विवरण पठाउंदा तोकिएको पदाधिकारीको नाम, फोन नम्बर र इमेल ठेगाना समेत उल्लेख गर्नु पर्नेछ ।

४. संस्थाहरुल यस निर्देशन अनुरुप पठाउनु पर्ने तथ्याङ्क तोकिएको समय भित्र नपठाएमा वा बारम्बार गलत तथ्याङ्क पठाएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १०० वमोजिम कारवाही हुनेछ ।

५. यस बैंकमा कार्यान्वयनको चरणमा रहेको सुपरिवेक्षकीय सूचना प्रणाली (Supervisory Information System, SIS) को युजर आइडि प्राप्त गरेपछि विद्यमान व्यवस्थाको अलावा सामानान्तर रुपमा सो प्रणालीमा समेत तोकिए बमोजिमका रिटर्नहरु तथा एडहक (ad hoc) तथ्यांक र विवरणहरु निर्धारित समयावधिभित्र यस बैंक समक्ष पठाउनु पर्नेछ ।

६. **खारेजी र वचाऊ :**

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७६ को तथ्याङ्क विवरण सम्बन्धी व्यवस्था निर्देशन नं. ९ बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७७ असोज ८ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

## नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**निर्देशन नं. १०/०७७**

**संस्थापक सेयर नामसारी वा खरिद/बिक्री वा हक हस्तान्तरण सम्बन्धी व्यवस्था**

यस बैंकबाट "घ" वर्गका इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाको संस्थापक वा संस्थापक समूहको सेयर कुनै व्यक्ति वा संस्थालाई नामसारी वा खरिद/बिक्री वा हक हस्तान्तरण गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायको निर्देशन जारी गरिएको छ।

१. संस्थापक र संस्थापक समूहको शेयर लिएका व्यक्तिको मृत्यु भएमा वा प्रचलित कानुन बमोजिम पारिवारिक अंशबन्डा भएमा प्रचलित कानुनको रित पुऱ्याई निजहरुको हकदार वा निजहरुले इच्छाएको व्यक्तिको नाममा नामसारी गरी सो को १५ दिनभित्र यस बैंकलाई जानकारी दिनु पर्नेछ।

२. संस्थापक तथा संस्थापक समूहको शेयर नामसारी वा बिक्री **वा धितोबन्धक** सम्बन्धमा

प्रचलित कानुनको अधीनमा रही संस्थापक तथा संस्थापक समूहको शेयर लिने व्यक्ति वा संस्थाले आफ्नो स्वामित्वमा रहेको शेयर देहाय बमोजिम रित पुऱ्याई नामसारी वा बिक्री गर्न सक्नेछन् :-

(क) लघुवित्त वित्तीय संस्थाले आफ्ना शेयरधनीको शेयर खरिद/बिक्री वा नामसारी गर्नु पूर्व यस बैंकको स्वीकृति लिनु पर्नेछ। स्वीकृतिका लागि सञ्चालक समितिको सिफारिस सहित यस बैंकमा आवेदन गर्नुपर्ने छ।

(ख) खण्ड (क) मा जुनसुकै व्यवस्था भएतापनि संस्थापक संस्थापक बीचमा शेयर खरिद/बिक्री भएमा प्रचलित कानुनको रित पुऱ्याई खरिद/बिक्री गरी सो को जानकारी १५ दिनभित्र यस बैंकलाई दिनु पर्नेछ। तर, यस बैंकबाट Fit & Proper Test मापन नभएको संस्थापकले चुक्तापुँजीको दुई (२) प्रतिशतभन्दा बढी हुनेगरी संस्थापक शेयर खरिद गर्न चाहेमा संस्थापक संस्थापक बीचमा शेयर खरिद/बिक्री हुने भएतापनि यस बैंकको स्वीकृति लिनुपर्ने छ।

(ग) मृत्यु भई वा प्रचलित कानुन बमोजिम पारिवारिक अंशबन्डा भई हक हस्तान्तरण भएको बाहेक अन्य अवस्थामा संस्थापकले आफ्नै समूहका संस्थापकलाई मात्र शेयर नामसारी वा बिक्री गर्नु पर्नेछ।

(घ) खण्ड (ग) बमोजिम संस्थापक समूहमा शेयर नामसारी वा बिक्री हुन नसक्ने अवस्था भएमा मात्र अन्य व्यक्ति वा संस्थालाई यस निर्देशनको अधीनमा रही शेयर नामसारी वा बिक्री गर्न सकिने छ। यसरी संस्थापक समूहको शेयर नामसारी वा खरिद गरी लिने व्यक्ति वा संस्था संस्थापक समूहमा नै समावेश हुनेछन्।

(ङ) देहायको अवस्था भएको कुनै पनि व्यक्ति वा संस्थालाई संस्थापकले आफ्नो स्वामित्वको शेयर नामसारी वा बिक्री गर्न पाउने छैनन् :-

(१) कर्जा सूचना केन्द्रको कालोसूचीमा परी सो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा ३ वर्ष नपुगेको,

(२) सम्बन्धित लघुवित्त वित्तीय संस्थाको आन्तरिक वा बाह्य लेखापरीक्षकमा नियुक्त रहेको,

(३) सम्बन्धित लघुवित्त वित्तीय संस्थाको कानुनी वा अन्य सल्लाहकार पदमा बहाल रहेको,

(४) सम्बन्धित लघुवित्त वित्तीय संस्थासँग कुनै किसिमको ठेक्का पट्टामा हिस्सेदार रहेको,

(५) प्रचलित कानुन बमोजिम कर चुक्ता नगरेको वा स्थायी करदाता लेखा नम्वर नियमित नगरेको,

(६) कुनै इजाजतपत्रप्राप्त संस्थाको काम कारबाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएको,

(७) धितोपत्र दलाल वा बजार निर्माता, सहकारी संस्था,

(८) लघुवित्त वित्तीय संस्थाको चुक्तापुँजीको २५ प्रतिशत भन्दा कम शेयर लिएको शेयरधनीले थप शेयर नामसारी वा खरिद गरी लिंदा निजको स्वामित्वमा उक्त लघुवित्त वित्तीय संस्थाको चुक्तापुँजीको २५ प्रतिशत भन्दा बढी शेयर स्वामित्व हुने अवस्था भएको, वा

(९) फर्म, कम्पनीको हकमा विगत २ वर्षदेखि सञ्चित मुनाफामा सञ्चालनमा नरहेको ।

(१०) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११ र १२ बमोजिम तोकिएको अवधि र शर्त पुरा नगरेको,

(११) शेयरको माग रकम चुक्ता/भुक्तानी नगरेको,

(१२) संस्थापक शेयर खरिद/बिक्री पछि कायम हुन आउने कुल संस्थापकहरुमध्ये एक तिहाई सदस्यहरु स्नातक वा सो सरहको योग्यता प्राप्त हुनुपर्नेमा सो अवस्था विद्यमान रहन नसक्ने देखिएको, वा

(१३) यस बैंकले समय समयमा लघुवित्त वित्तीय संस्थाको संस्थापक हुन तोकेको न्यूनतम योग्यता र अनुभव नभएको,

(१४) यस बैंकले तोकेको ढाँचा सहितको निवेदन पेश नगरेका र प्रचलित कानुनले अयोग्य ठहर गरेको ।

(च) संस्थाको संस्थापक वा संस्थापक समूहको शेयर खरिद गर्ने फर्म/कम्पनीको शेयर स्वामित्व कुनै पनि किसिमले हस्तान्तरण गर्नु अघि सो फर्म तथा कम्पनीले यस बैंकबाट स्वीकृति लिनु पर्नेछ । लघुवित्त वित्तीय संस्थाको संस्थापक वा संस्थापक समूहको शेयर खरिद गर्ने कम्पनीको शेयर अर्को कुनै कम्पनीले खरिद गरेको भएमा त्यस्तो कम्पनीको शेयर पनि कुनै पनि किसिमले हस्तान्तरण गर्नुअघि यस बैंकबाट स्वीकृति लिनु पर्नेछ ।

(छ) संस्थाका संस्थापक/संस्थापक समूहको शेयर खरिद गर्दा संस्थापक शेयरधनीहरूले तोकिएको ढाँचामा ( बैंक/वित्तीय संस्था संस्थापना एवम् वित्तीय कारोबार गर्ने इजाजतपत्र सम्बन्धी नीतिगत एवम् प्रक्रियागत व्यवस्थाः २०६३ को संशोधित अनुसूची ३ को बुँदा नं. १६ को विवरण) लगानी हुने रकमको आयस्रोत सम्बन्धी विवरण अनिवार्य रूपमा पेश गर्नु पर्नेछ । सो को अभिलेख सम्बन्धित लघुवित्त वित्तीय संस्थाले अद्यावधिक गरी राख्नु पर्ने तथा सो सम्बन्धी सम्पूर्ण अभिलेखको प्रतिलिपि यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागमा समेत पेश गर्नु पर्नेछ ।

**(ज) संस्थाको २ प्रतिशत वा सो भन्दा बढी सेयर धारण गर्ने संस्थापक सेयरधनीले यस बैंकको स्वीकृति लिएर मात्र आफ्नो नामको सेयर यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थामा धितोबन्धक राख्न वा बिक्री गर्न सक्नेछन् ।**

**(झ) बुँदा (ज) अनुसारको स्वीकृति माग गर्दा जुन संस्थाको सेयर धितो राखिने हो सो संस्थाले निजको सेयर स्वामित्व तथा धितो रहे नरहेको विवरण समेत पेश गरी स्वीकृति माग गर्नु पर्नेछ ।**

३. संस्थापक वा संस्थापक समूहको शेयर नामसारी वा खरिद गरी लिने अन्य व्यक्ति वा संस्थाले **बुँदा नं.** १ र २ मा उल्लेख भएको प्रक्रिया नपुऱ्याई आफनो स्वामित्वको शेयर नामसारी वा बिक्री गर्न पाउने छैन ।

४. यस बैंकले संस्थापक समूहको शेयर नामसारी वा बिक्री गर्न स्वीकृति दिएको मितिले तीन महिनाभित्र आफ्नो स्वामित्वको शेयर नामसारी वा बिक्री गरी सक्नु पर्नेछ । सो अवधि पश्चात् संस्थापक समूहको शेयर बिक्री गर्न दिइएको स्वीकृति स्वतः रद्द हुनेछ ।

५. संस्थापक वा सो समूहको शेयर नामसारी वा खरिद गरी लिने व्यक्ति वा संस्थाले यस निर्देशन विपरित हुने गरी आफ्नो स्वामित्वमा रहेको शेयर नामसारी वा बिक्री गरेमा यसरी निर्देशन विपरित आफ्नो स्वामित्वमा रहेको शेयर नामसारी वा बिक्री गर्ने व्यक्ति वा संस्थाहरु निजहरुले आफ्नो स्वामित्वमा रहेको शेयर नामसारी वा बिक्री गरेको मितिले कम्तीमा ५ वर्षसम्म अर्को कुनै इजाजतपत्रप्राप्त संस्थाको संस्थापक हुन तथा कुनै पनि इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक हुन योग्य हुने छैनन् ।

६. यस बैंकद्वारा जारी बैंक/वित्तीय संस्था संस्थापना एवम् वित्तीय कारोबार गर्ने इजाजतपत्र सम्बन्धी नीतिगत एवम् प्रक्रियागत व्यवस्था, २०६३ मा एक व्यक्ति वा संस्था वा आपसी सम्बन्ध भएका समूहले इजाजतपत्रप्राप्त कुनै एक संस्थाको संस्थापक शेयरमा चुक्ता पुँजीको बढीमा १५ प्रतिशत र अन्य इजाजतपत्रप्राप्त संस्थाको शेयरमा चुक्ता पुँजीको बढीमा १ प्रतिशत मात्र लगानी गर्न सक्ने व्यवस्था रहेको भए तापनि “घ” वर्गको संस्थाको हकमा उक्त सीमालाई क्रमशः २५ प्रतिशत र १० प्रतिशत कायम गरिएको छ । उल्लिखित लगानी सीमा नेपाल सरकार, र बैंक तथा वित्तीय संस्थाले सहायक कम्पनीमा संस्थापक भई लगानी गर्दा लागू हुने छैन ।

तर, नेपाल सरकारको ५० प्रतिशत वा सो भन्दा बढी स्वामित्व भएको र वित्तीय क्षेत्रसँग सम्बन्धित संस्थाहरुः कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र राष्ट्रिय बीमा संस्थानको हकमा यस बैंकको स्वीकृति लिई एक भन्दा बढी संस्थाको शेयरमा बढीमा २५ प्रतिशतसम्म लगानी गर्न बाधा पुगेको मानिने छैन ।

यसरी तोकिएको सीमाभित्र कायम नरहेको संस्थापक शेयरधनीलाई शेयर स्वामित्व उक्त सीमाभित्र नआएसम्म लघुवित्त वित्तीय संस्थाबाट वितरण हुने नगद लाभांस, बोनस शेयर र हकप्रद

शेयरमा सहभागी हुन बन्देज लगाइएको छ ।

वितीय मध्यस्थता कारोबार गर्ने गैर सरकारी संस्था (Financial Intermediary Non-Governmental Organizations, FINGO) बाट रुपान्तरण भएका संस्थाको हकमा उपरोक्त व्यवस्था संस्थाले वित्तीय कारोबार सुरु गरेको मितिले ५ वर्षसम्म लागू हुने छैन ।

७. संस्थापकको स्वामित्वमा रहेको शेयर नामसारी वा खरिद गरी लिने व्यक्ति वा संस्था पनि संस्थापकहरुको समूहमा रहने गरी लघुवित्त वित्तीय संस्थाले प्रबन्धपत्र र नियमावलीमा अनिवार्य रुपमा संशोधन गर्ने व्यवस्था गर्नु पर्नेछ ।

८. यस बैंकबाट स्वीकृति नलिई लघुवित्त वित्तीय संस्थाले संस्थापक समूहको शेयर नामसारी वा बिक्री गरेको लगत कट्टा गरी दिएमा त्यस्ता संस्थालाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० बमोजिम कारबाही हुनेछ ।

९. यस बैंकबाट इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाको संस्थापक शेयरमा प्रचलित कानुन बमोजिम संस्थापित सहकारी संस्थाले लगानी गर्न पाउने छैन ।

तर,

(क) थोक कर्जा कारोवार गर्ने संस्थाबाट कर्जा उपयोग गर्ने प्रयोजनको लागि संस्थापक शेयरमा लगानी गरेको हदसम्म यस व्यवस्थामा छुट दिइने छ ।

(ख) सहकारी संस्थाहरुलाई मात्र थोक कर्जा प्रवाह गर्ने गरी स्थापना भएका संस्थाको संस्थापक शेयरमा गरिएको सुरु लगानी कायम राख्न यो व्यवस्थाले वाधा पुगेको मानिने छैन ।

१०. संस्थाले सर्वसाधारणका लागि शेयर बिक्री आव्हान गरी विवरणपत्र समेत जारी गरी शेयरको शुरु निष्कासन (Initial Public Offering) को माध्यमबाट शेयर धारण गरी कायम हुन आएका शेयरधनीहरु बाहेक संस्थापक, संस्थापक समूह र Private Placement को माध्यमबाट स्वदेशी वा विदेशी व्यक्ति वा संस्थाले धारण गरेको शेयर समेत यस बैंकको नियमन प्रयोजनार्थ संस्थापक/संस्थापक समूहको शेयर सरह मानिने छ ।

११. सार्वजनिक निष्काशन गर्न भनी छुट्याइएको **संस्थाको शेयर खरिदका लागि सोही संस्थाका संस्थापक, सञ्चालक र निजका परिवारले आवेदन दिन पाउने छैन ।** तर त्यस्तो शेयरको दरखास्त खुल्ला रहने भनी तोकिएको अवधिभित्र पुरा बिक्री नभएको अवस्थामा भने यो प्रतिबन्ध लागू हुने छैन ।

**१२. दुई प्रतिशतभन्दा कम शेयर खरिद बिक्री सम्बन्धी विशेष व्यवस्था**

संस्थाको चुक्तापुँजीको दुई (२) प्रतिशत वा सोभन्दा कम शेयर लिएका संस्थापक शेयरधनीहरुको नाममा रहेको संस्थापक शेयर प्रचलित ऐन कानुन तथा देहायका शर्तहरुको अधीनमा रही विद्यमान संस्थापकहरुबीच वा अन्य व्यक्ति वा संस्थालाई खरिद/बिक्री गर्नका लागि यस बैंकको स्वीकृति लिई रहनु पर्ने छैन । नयाँ संस्थापकहरुले यस बैंकले तोकेको मापदण्ड र Fit and Proper Test को व्यवस्थालाई परिपालना गरेको हुनु पर्नेछ । २ प्रतिशतभन्दा बढी शेयर धारण गरेका संस्थापक शेयरधनीहरुको हकमा भने यस प्रयोजनका लागि संस्थापक शेयर खण्डिकृत गरी २ प्रतिशत वा सो भन्दा कम गरी यस्तो सुविधा उपयोग गर्न पाइने छैन ।

(क) संस्थापक शेयरधनीहरुको मृत्यु भएको, वा प्रचलित कानुन बमोजिम पारिवारिक अंशबन्डा भएमा वा अदालतको आदेश भएको अवस्थामा सम्बन्धित हकवालालाई प्रचलित कानुन बमोजिम हस्तान्तरण गर्न सकिने छ ।

(ख) मृत्यु भई वा प्रचलित कानुन बमोजिम पारिवारिक अंशबन्डा हक हस्तान्तरण भएको अवस्थामा बाहेक संस्थापक शेयरधनीले आफ्नो संस्थापक शेयर हस्तान्तरण गर्दा विद्यमान संस्थापक शेयरधनीलाई नै प्राथमिकता दिनु पर्नेछ । विद्यमान संस्थापक शेयरधनीहरुले उक्त शेयर खरिद गर्न नचाहेमा सोको लिखित जानकारी लिई अन्य समूह वा वाह्य व्यक्ति/संस्थालाई बेचबिखन गर्न सकिने छ । सम्पूर्ण

संस्थापकहरुको लिखित सहमति लिन सम्भव नभएमा सम्बन्धित सस्था मार्फत राष्ट्रियस्तरको पत्रिकामा कम्तीमा ३५ दिनको सार्वजनिक सूचना प्रकाशन गरी जानकारी गराउने र सो अवधिभित्र कसैले खरिद गर्न चाहेको लिखित जानकारी पेश हुन नआएमा मात्र प्रचलित कानुनको अधीनमा रही अन्य व्यक्ति/संस्थालाई बिक्री गर्न सकिने छ।

(ग) संस्थापक समूहको शेयर खरिद गर्ने व्यक्ति/संस्थालाई सोही संस्थापक समूहमा समावेश गर्नु पर्नेछ।

(घ) **बुँदा नं. २** को खण्ड (ङ) मा उल्लिखित अयोग्यता भएको व्यक्ति/संस्था संस्थापक शेयर खरिद/बिक्री गर्ने कार्यमा सहभागी हुन पाउने छैनन्।

(ङ) संगठित संस्थाले शेयर खरिद गर्ने भएमा उक्त संस्थाको कार्य/उद्देश्यमा शेयर खरिद/बिक्री गर्न पाउने/नपाउने यकिन गरी विगत २ आर्थिक वर्षदेखि सञ्चालन मुनाफामा रहेको वित्तीय विवरण यकिन गरेर मात्र बिक्री गर्नु पर्नेछ। साथै, उक्त संगठित संस्थाको सञ्चालकहरु समेत कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा समावेश नभएको हुनु पर्नेछ।

(च) कुनै व्यक्ति, फर्म, कम्पनी, एकाघर परिवार वा संगठित संस्थाले बुँदा नं. ६ मा उल्लिखित सीमासम्म मात्र लगानी गर्न सक्ने व्यवस्था रहेको हुँदा सो सम्बन्धी अवस्था सम्बन्धित संस्थाले यकिन गरेपछि मात्र संस्थापक शेयर खरिद/बिक्री कार्य गर्नु पर्नेछ।

(छ) माथि खण्ड घ, ङ र च मा उल्लिखित अवस्था पुरा भए नभएको बारे सम्बन्धित लघुवित्त वित्तीय संस्थाको सञ्चालक समितिले आफै यकिन गरेर मात्र संस्थापकहरुको स्वामित्व लगत किताबमा परिवर्तन गराउनु पर्नेछ।

संस्थापक शेयर खरिद/बिक्री सम्बन्धी स्वीकृति सम्बन्धित लघुवित्त वित्तीय संस्थाको सञ्चालक समितिले नै प्रदान गर्न सक्ने छ।

(ज) शेयरधनीहरुले खरिद/बिक्री गर्ने संस्थापक शेयरको मूल्य र सम्बन्धित निकायहरुमा लाग्ने कर, दस्तुर, सेवा शुल्क प्रचलित कानुन बमोजिम हुनेछ।

(झ) चुक्तापुँजीको २ प्रतिशतभन्दा बढी संस्थापक शेयर धारण गरेको अवस्थामा त्यस्तो शेयर टुक्रा टुक्रा गरी वा एकमुष्ट रुपमा संस्थापक समूहमा नरहेको व्यक्तिलाई बिक्री गर्नु परेको खण्डमा शेयर बिक्री/हस्तान्तरण वा नामसारी गर्न यस बैंकको स्वीकृति लिनु पर्नेछ।

(ञ) कुनै लघुवित्त वित्तीय संस्थामा संस्थापक शेयर धितो राखी कर्जा लिएको अवस्थामा कर्जा असुलीका पर्याप्त उपायहरु अवलम्बन गर्दा समेत उक्त कर्जा असुलउपर हुन नसकी उक्त संस्थापक शेयर नै जफत गर्नु पर्ने अवस्था सिर्जना हुन गएको अवस्थामा र प्रचलित कानुन बमोजिम लघुवित्त वित्तीय संस्थाको संस्थापक शेयर बिक्री गर्नुपर्ने बाध्यात्मक अवस्थामा शेयर संख्या र औचित्यका आधारमा जफत गरिएको/बाध्यात्मक रुपमा बिक्री गर्नु पर्ने उक्त संस्थापक शेयर बिक्री गर्नका लागि खरिदकर्ताको पहिचान गर्ने सम्बन्धमा देहायको प्रक्रिया अवलम्बन गर्न सकिनेछ :

- संस्थापक शेयर सार्वजनिक सूचना गरी बोलकबोल (गोप्य सिल्डटेण्डर) को माध्यमबाट प्रचलित कानुन र नेपाल राष्ट्र बैंकको नीति एवम् निर्देशन विपरित नहुने गरी सम्बन्धित लघुवित्त वित्तीय संस्थाका विद्यमान संस्थापक शेयरधनी लगायत अन्य इच्छुक व्यक्ति, फर्म कम्पनी तथा संगठित संस्थालाई बिक्री गर्न खरिदकर्ता छनौट गर्ने,

- प्रचलित कानुन तथा विद्यमान निर्देशनमा भएको व्यवस्था बमोजिम यसरी संस्थापक शेयर खरिद गर्ने खरिदकर्ता संस्थापक समूहमा नै पर्ने व्यहोरा समेत जानकारी गराउने। संस्थापक शेयर खरिदकर्ता पहिचान भइसकेपछि चुक्ता पुँजीको २ प्रतिशतभन्दा कम संस्थापक शेयर धारण गर्ने संस्थापक शेयरधनीको संस्थापक शेयरको हकमा माथि उल्लिखितप्रक्रिया अपनाई शेयर बिक्री वा नामसारी गर्नु पर्ने। तर, चुक्ता पुँजीको २ प्रतिशतभन्दा बढी शेयर स्वामित्व धारण गरेको अवस्थामा यस बैंकबाट स्वीकृति प्राप्त भएपछि मात्र शेयर बिक्री/हस्तान्तरण वा नामसारी सम्बन्धी प्रक्रियाअघि बढाउने।

(ट) संस्थापक शेयर बिक्रेता कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा सूचीकृत रहिरहेको भए त्यस्तो संस्थापक शेयर बिक्रीबाट प्राप्त हुन आउने रकम अनिवार्य रुपमा कर्जा चुक्ता गर्ने प्रयोजनका लागि उपयोग गर्नु पर्नेछ।

(ठ) उल्लिखित व्यवस्थाको अधीनमा रही शेयर खरिद/बिक्री गरी नयाँ कायम भएका संस्थापक शेयरधनीहरु सहितको अद्यावधिक विवरण १५ दिनभित्र यस बैंक समक्ष पेश गर्नु पर्नेछ।

(ङ) माथि उल्लिखित प्रक्रिया नपुऱ्याई संस्थापक शेयर खरिद/बिक्री गरेमा सम्बन्धित संस्थापक शेयरधनीलाई देहाय बमोजिमको कारबाही हुनेछ ।

(अ) नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० बमोजिम सचेत गराउने लगायतका अन्य कारबाही ।

**(आ) बिक्रेता संस्थापक शेयरधनीको संस्थापक शेयर सोही संस्थाले जफत गर्न सक्ने ।**

**(इ) खरिदकर्ता र बिक्रेतालाई शेयर खरिद/बिक्री गरेको मितिले ५ वर्षसम्म अन्य संस्थाको संस्थापक शेयरमा लगानी गर्न र इजाजतपत्रप्राप्त कुनै पनि संस्थाको सञ्चालक हुन बन्देज लगाउने ।**

(ढ) प्रचलित ऐन, कानुन र यस बैंकबाट जारी गरिएका नीति निर्देशनहरुमा कुनै परिमार्जन भएमा सोही बमोजिम उल्लिखित व्यवस्थामा परिमार्जन भएको मानिने छ ।

**१३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११ को उपदफा (४) को प्रयोजनको लागि देहायमा उल्लिखित शर्तहरुको अधीनमा रही ५१ प्रतिशतभन्दा बढी संस्थापक समूहको सेयर स्वामित्व रहेका संस्थाका संस्थापक सेयरधनीहरुले चाहेमा संस्थापक समूहको सेयर स्वामित्व कम्तीमा ५१ प्रतिशत कायम रहने गरी बाँकी संस्थापक सेयर सर्वसाधारण सेयरमा परिणत गर्न सक्नेछन् ।**

**(क) संस्थाले वित्तीय कारोबार सञ्चालन भएको दश वर्ष पुरा गरेको हुनु पर्नेछ ।**

**(ख) संस्थापक वा संस्थापक समूहको सेयर स्वामित्व कम्तीमा ५१ प्रतिशत कायमै रहनु पर्नेछ ।**

**(ग) ५१ प्रतिशतभन्दा बढी भएको सेयर स्वामित्व धितोपत्र विनिमय बजार लिमिटेड मार्फत खरिद/ बिक्री/परिणत गर्ने प्रयोजनको लागि संस्थापकहरुको सेयर लगानीको अनुपातमा समानुपातिक रुपमा (Pro-rata basis) बढी हुने सेयर सर्वसाधारणमा परिणत गर्न सकिनेछ ।**

**तर, कुनै संस्थापक/संस्थापक समूहमा रहेको सेयरधनीले माथि उल्लेख भए अनुसारको सेयरहरु अर्को समूहमा परिणत गर्न नचाहेको भनी स्वःघोषणा विवरण प्राप्त भएको अवस्था रहेछ भने बाँकी रहेका सदस्यहरुले संस्थापक/संस्थापक समूहको सेयर स्वमित्व ५१ प्रतिशतभन्दा कम नहुने गरी त्यस्तो सेयर अनुपात उपयोग गर्न पाउने छन् । एकपटक सर्वसाधारण सेयरमा परिणत भैसकेको सेयर पुनः संस्थापक वा संस्थापक समूहको सेयरमा परिणत गर्न पाइने छैन ।**

**(घ) यस सम्बन्धमा सम्बन्धित संस्थाको सञ्चालक समितिको सिफारिस सहित यस बैंकबाट स्वीकृति प्राप्त गर्नु पर्नेछ । यसरी स्वीकृति प्राप्त भएपछि आगामी साधारण सभाबाट प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरी सोही बमोजिम सेयर स्वामित्व संरचना एवम् सञ्चालक समितिमा पनि सेयर स्वामित्व अनुरुप प्रतिनिधित्व हुने गरी मिलाउनु पर्नेछ । सो बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन नभएसम्म यसरी खरिद/बिक्री/ परिणत हुने सेयरको अंश संस्थापक समूहमा नै रहेको मानिने छ ।**

**(ङ) संस्थापक समूहमा रहेको सेयर सर्वसाधारण सेयरमा परिणत गरी बिक्री गर्ने व्यक्ति/संस्था कालोसूचीमा रहेको भएमा निजको सेयर संस्थाको कर्जा चुक्ता गर्ने प्रयोजनको लागि मात्र बिक्री गर्न पाइनेछ । कालोसूचीमा रहे/नरहेको व्यहोरा सम्बन्धित संस्थाले नै यकिन गर्नु पर्नेछ ।**

**(च) यस व्यवस्था अनुरुप संस्थापक समुहको स्वामित्वमा रहेको सेयर सर्वसाधारण सेयरमा परिणत गर्ने कार्य पुँजीबजार, बैंकिङ लगायत समग्र वित्तीय क्षेत्रमा पर्ने प्रभाव समेतलाई विचार गरी एकपटकमा बढीमा १० प्रतिशत बिन्दुसम्म गर्न सकिनेछ । साथै, यसरी परिणत गर्ने कार्य कम्तीमा २ पटक गर्नु पर्नेछ ।**

**(छ) संस्थामा सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कम्पनी सचिव वा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहेको अवस्थामा समेत संस्थापक समूहको सेयर यस व्यवस्था अनुरुप सर्वसाधारणमा परिणत गर्न बाधा पर्नेछैन । तर, खरिद/बिक्री सम्बन्धी प्रक्रिया प्रचलित कानुनको अधीनमा रही गर्नु पर्नेछ ।**

१४. लघुवित्त वित्तीय संस्थाले पुँजी वृद्धि एवम् पुँजी संरचना परिवर्तन गर्न चाहेमा यस बैंकको स्वीकृति लिई गर्न सक्ने छन् । यस सम्बन्धमा आवश्यक शर्तहरु यस बैंकले तोक्न सक्नेछ ।

**१५. हकप्रद शेयर बिक्री सम्बन्धमा**

**(क) मर्जर तथा प्राप्तिको प्रक्रियाबाट नै चुक्ता पुँजी तथा पुँजीकोष सुदृढ भई भरपर्दो वित्तीय सेवा सुनिश्चित होस् भन्ने अभिप्रायले लघुवित्त वित्तीय संस्थाहरुलाई यस बैंकबाट हकप्रद शेयर जारी गर्ने गरी प्रबन्धपत्र तथा नियमावलीको संशोधन स्वीकृति प्रदान गरिने छैन ।**

(ख) तोकिएको पुँजीकोष अनुपात कायम गरेका लघुवित्त वित्तीय संस्थाहरूको हकमा हकप्रद शेयर जारी गर्दा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९ (१) बमोजिम सर्वसाधारणलाई बिक्री वितरण गरिएको शेयर धारण गर्ने कुनै शेयरधनीले खरिद नगरेमा वा शेयर खरिद गर्ने हक अरूलाई बिक्री वा हस्तान्तरण नगरेमा त्यसरी बिक्री हुन नसकेको हकप्रद शेयरको अंश खण्ड (घ) मा उल्लिखित अवस्थामा बाहेक अन्य अवस्थामा स्वतः खारेज गर्नु पर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम खारेज गर्नु परेको अवस्थामा प्रत्येक वर्ष समानुपातिक रूपमा चुक्तापुँजी वृद्धि गर्दै लैजानु पर्ने यस बैंकको प्रावधान पालना गर्ने प्रयोजनका लागि त्यस्तो खारेजी गर्नु परेको शेयरको रकमको हदसम्मलाई आगामी वर्षमा समायोजन गर्न सकिने छ ।

(घ) खण्ड (ख) बमोजिम स्वतः खारेज गर्नुपरेको कारणबाट प्रचलित कानुनी तथा नीतिगत व्यवस्था बमोजिम शेयर स्वामित्व संरचनामा प्रतिकूल असर पर्ने अवस्था भएमा मात्र त्यस्तो शेयरको अंश सार्वजनिक सूचना मार्फत सार्वजनिक बोलकबोलको आधार (Public Auction Basis) मा न्यूनतम प्रति शेयर मूल्य रु. १०० तोकी बिक्री गर्न सकिने छ । यसरी सार्वजनिक बोलकबोलको माध्यमद्वारा बिक्री गर्दा प्रति शेयर रु. १०० भन्दा बढी प्राप्त हुन आउने रकमलाई सम्बन्धित लघुवित्त वित्तीय संस्थाले छुट्टै Share Premium शीर्षक अन्तर्गत देखाउनु पर्नेछ ।

(ङ) संस्थापक/संस्थापक समूह अन्तर्गतको बिक्री हुन नसकेको यस्तो हकप्रद शेयरको अंश प्रचलित व्यवस्था अनुरुप विद्यमान संस्थापकहरुलाई बिक्री गर्न सकिने छ । प्रचलित कानुन बमोजिम लघुवित्त वित्तीय संस्थाको संस्थापक शेयर अन्य व्यक्तिलाई बिक्री गर्नुपर्ने बाध्यात्मक अवस्थामा शेयर संख्या र औचित्यका आधारमा बाध्यात्मक रुपमा बिक्री गर्नु पर्ने उक्त संस्थापक शेयर बिक्री गर्नका लागि खरिदकर्ताको पहिचान गर्ने सम्बन्धमा देहायको प्रक्रिया अवलम्बन गर्न सकिनेछ :

(अ) संस्थापक शेयर सार्वजनिक सूचना गरी बोलकबोल (गोप्य सिल्डटेण्डर) को माध्यमबाट प्रचलित कानुन र नेपाल राष्ट्र बैंकको नीति एवम् निर्देशन विपरित नहुने गरी सम्बन्धितलघुवित्त वित्तीय संस्थाका विद्यमान संस्थापक शेयरधनी लगायत अन्य इच्छुक व्यक्ति, फर्म कम्पनी तथा संगठित संस्थालाई बिक्री गर्न खरिदकर्ता छनौट गर्न,

(आ) प्रचलित कानुन तथा विद्यमान निर्देशनमा भएको व्यवस्था बमोजिम यसरी संस्थापक शेयर खरिद गर्ने खरिदकर्ता संस्थापक समूहमा नै पर्ने व्यहोरा समेत जानकारी गराउने । संस्थापक शेयर खरिदकर्ता पहिचान भइसकेपछि चुक्तापुँजीको २ प्रतिशतभन्दा कम संस्थापक शेयर धारण गर्ने संस्थापक शेयरधनीको संस्थापक शेयरको हकमा यस बैंकले तोकेका प्रक्रिया अपनाई शेयर बिक्री वा नामसारी गर्नु पर्ने । तर, चुक्ता पुँजीको २ प्रतिशतभन्दा बढी शेयर स्वामित्व धारण गरेको अवस्थामा यस बैंकबाट स्वीकृति प्राप्त भएपछि मात्र शेयर बिक्री/हस्तान्तरण वा नामसारी सम्बन्धी प्रक्रिया अघि बढ्ने । यस प्रक्रियाबाट शेयर खरिद गर्ने व्यक्ति/संस्था प्रचलित व्यवस्था अनुसार योग्यता पुगेको हुनु पर्नेछ ।

(च) लघुवित्त वित्तीय संस्थाले हकप्रद शेयर निष्काशन गर्दा साविकका संस्थापक शेयरधनीहरुले खरिद गर्न पाउने हकप्रद शेयरको सम्पूर्ण वा आंशिक हक हस्तान्तरण गर्न चाहेमा प्रचलित कानुन बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था गरी चुक्तापुँजीको २ प्रतिशत वा सोभन्दा कम शेयर लिएका संस्थापक शेयरधनीको हकमा सम्बन्धित लघुवित्त वित्तीय संस्थाले देहायका शर्तको अधीनमा रही हक हस्तान्तरण गर्न सक्नेछन् ।

(१) संस्थापक समूहको हकप्रद शेयरको हक हस्तान्तरण गर्दा संस्थापक समूहलाई पहिलो प्राथमिकता दिनु पर्नेछ । **यसको लागि देहाय बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछ ।**

(अ) हकप्रद शेयरको हक हस्तान्तरण गर्न चाहने शेयरधनीले बिक्री मूल्य तोकी हक हस्तान्तरण गर्न चाहेको निवेदन लघुवित्त वित्तीय संस्थामा पेश गर्नु पर्नेछ ।

(आ) यसरी निवेदन पेश गरेपछि ७ दिनको समय तोकी संस्थाले पहिलो प्राथमिकतामा परेका शेयरधनीलाई सूचना दिनु पर्नेछ ।

(इ) यसरी पहिलो प्राथमिकतामा परेका शेयरधनीले ७ दिनभित्र सो मूल्यमा हक लिन नचाहेमा मात्र अन्य व्यक्ति वा संस्थालाई हस्तान्तरण गर्न सकिनेछ ।

(२) खण्ड (१) बमोजिम संस्थापक समूहमा शेयरको हक हस्तान्तरण हुन नसक्ने अवस्था भएमा मात्र अन्य व्यक्ति वा संस्थालाई यस निर्देशनको अधीनमा रही शेयरको हक हस्तान्तरण गर्न सकिने छ । यसरी

संस्थापक समूहको शेयरको हक हस्तान्तरण गरी लिने व्यक्ति वा संस्था पनि संस्थापक समूहमा नै समावेश हुने छ ।

(३) प्रस्तावित संस्थापक शेयरधनी यस बैंकबाट जारी निर्देशन अनुसार संस्थापक शेयरधनीको लागि तोकिएको योग्यता (Fit & Proper Test) पुरा भएको हुनु पर्नेछ ।

(४) प्रस्तावित संस्थापक शेयरधनी कर्जा सूचना केन्द्रको कालोसूचीमा नपरेको हुनु पर्नेछ ।

(५) प्रस्तावित संस्थापक शेयरधनीले आफ्नो लगानीको स्रोत खुल्ने कागजातका साथै पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र र/वा कर दाखिला गरेको निस्सा समेत पेश गर्नु पर्नेछ ।

(६) उल्लिखित व्यवस्थाको अधीनमा रही हकप्रद शेयरको हक हस्तान्तरण गरेको विवरण यस बैंक समक्ष पेश गर्नु पर्नेछ ।

(छ) खण्ड (क) देखि (ङ) सम्म जुनसुकै कुरा लेखिएको भएतापनि लघुवित्त वित्तीय संस्थाका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कम्पनी सचिव वा लघुवित्त वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाका बखत वा त्यस्तो पद छाडेको कम्तीमा १ वर्षसम्म सम्बन्धित लघुवित्त वित्तीय संस्था वा त्यसको सहायक कम्पनीको हकप्रद शेयर अन्य कुनै पनि व्यक्ति वा संस्थालाई हक हस्तान्तरण गरी दिन वा अन्य कुनै पनि व्यक्ति वा संस्थाबाट हक हस्तान्तरण स्वीकार गरी लिन हुँदैन ।

**१६. हकप्रद शेयरमा पूर्व लगानी (Calls in Advance) सम्बन्धमाः**

**(क) यस बैंकबाट पूर्व स्वीकृति नलिई पूर्व लगानी (Calls in Advance) गर्न पाइने छैन ।**

**(ख) विगतमा पुँजीकोष पर्याप्तता अनुपात नपुगेको कारणले यस बैंकबाट माग गरिएको पुँजीयोजना अनुसार पुँजीकोष पर्याप्तता अनुपात कायम गर्ने प्रयोजनका लागि Call in advance मा रकम जम्मा गरेका लघुवित्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने तथा प्राप्ति प्रक्रियामा संलग्न भई एकीकृत कारोबार सञ्चालन गरेमा त्यस्तो Call in advance रकमलाई चुक्ता पुँजीमा गणना गरी पुँजीकोष पर्याप्तता अनुपात कायम गर्न सक्ने गरी स्वीकृति प्रदान गर्न सकिनेछ । यस बैंकको स्वीकृति नलिई Call in advance शीर्षकमा रकम जम्मा गर्न पाइने छैन ।**

१७. यस बैंकबाट वित्तीय मध्यस्थकर्ताको कारोबार गर्न अनुमतिपत्र प्राप्त गरेका गैरसरकारी संस्थाले अब उप्रान्त लघुवित्त वित्तीय संस्थाको संस्थापक शेयरमा लगानी गर्ने भएमा गैरसरकारी संस्थालाई प्रदान गरिएको त्यस्तो अनुमतिपत्र खारेज गर्ने शर्तमा २५ प्रतिशतसम्मको सीमा ननाघ्ने गरी संस्थापक शेयरमा लगानी गर्न सक्नेछन् ।

१८. इजाजतपत्रप्राप्त संस्थाको संस्थापक शेयरधनीहरुलाई एउटै संस्थापक समूहमा राख्नु पर्नेछ । संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा सो अनुसारको व्यवस्था नभएको भए आगामी साधारण सभाले सो सम्बन्धी प्रस्ताव पारित गरी संशोधन गर्नु पर्नेछ ।

तर, वैदेशिक लगानी र संस्थागत लगानी रहेको संस्थाले समानुपातिक प्रतिनिधित्व कायम हुने गरी प्रबन्धपत्र तथा नियमावलीमा सञ्चालक संख्या तोक्न यस व्यवस्थाले बाधा पुगेको मानिने छैन

**१९. इजाजतपत्रप्राप्त संस्थामा विदेशी लगानी सम्बन्धमाः-**

(१) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम कुनै विदेशी बैंक वा वित्तीय संस्थाले मात्र इजाजतपत्रप्राप्त संस्थामा लगानी गर्न सक्ने छन् ।

(२) यो निर्देशन जारी हुनु पूर्व कुनै विदेशी बैंक वा वित्तीय संस्था बाहेक अन्य विदेशी व्यक्ति वा संस्थाको इजाजतपत्रप्राप्त संस्थामा लगानी रहेको अवस्थामा त्यस्तो लगानी विदेशी बैंक, वित्तीय संस्था वा नेपाली व्यक्ति, संस्थालाई बिक्री गरी नियमित गर्नुपर्ने छ ।

(३) **त्यस्तो लगानी उपबुँदा नं. (२) बमोजिम नियमित नभएमा** सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट वितरण गरिने नगद लाभांश तथा बोनस सेयर रोक्का हुने र सम्बन्धित संस्थाबाट जारी गरिने हकप्रद सेयरमा सहभागी हुन बन्देज लगाइएको छ ।

(४) कुनै विदेशी बैंक वा वित्तीय संस्थाको लगानी रहेको कारणबाट इजाजतपत्रप्राप्त संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९ बमोजिम सर्वसाधारणलाई बिक्री वितरण गर्नको लागि आफ्नो कुल जारी पुँजीको कम्तीमा ३० प्रतिशत शेयर छुट्याउनु पर्ने व्यवस्थामा छुट पाई कुनै कारणवश विदेशी लगानी फिर्ता लगी नेपाली व्यक्ति वा संस्थालाई बिक्री गरेको अवस्थामा सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले १ वर्षभित्र सर्वसाधारण शेयरको हिस्सा कम्तीमा ३० प्रतिशत पुऱ्याउनु पर्नेछ ।

(५) संस्थाको वैदेशिक स्वामित्वमा रहेको शेयर खरिद र बिक्री गर्न यस बैंकको स्वीकृति लिनु पर्नेछ ।

**२०. खारेजी र वचाऊ :**

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७६ को संस्थापक सेयर नामसारी वा खरिद/बिक्री वा हक हस्तान्तरण सम्बन्धी व्यवस्था निर्देशन नं. १० बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति असोज ८ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**निर्देशन नं. ११/०७७**

## कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुको कर्जा प्रवाहमा शुद्धता र उपयुक्तता कायम गर्ने प्रयोजनको लागि सो सम्बन्धी सूचना व्यवस्था र यथासमयमा कर्जा नतिर्ने ऋणीहरुको कालोसूची तयार गर्ने कार्यलाई नियमित तथा व्यवस्थित गरी एउटै स्थानबाट सूचना प्राप्त हुने व्यवस्था गर्न वाञ्छनीय भएकाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८८ को प्रयोजनको लागि सोही ऐनको दफा ७९ र नेपाल राष्ट्र बैंक कर्जा सूचना विनियमावली, २०५९ को विनियम ७ ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशन जारी गरिएको छ।

**१. कालोसूची सम्बन्धी व्यवस्था**

(क) **इजाजतपत्रप्राप्त संस्थाले प्रवाह गरेको पाँच लाख रुपैयाँ वा सो भन्दा बढीको कर्जा रकमको ऋणीलाई कालोसूचीमा पर्ने अवस्थामा कालोसूची सम्बन्धी प्रचलित व्यवस्था अन्तर्गत कालोसूचीमा राख्न सिफारिस गर्नु पर्नेछ । यस व्यवस्थाले संस्थाबाट जतिसुकै परिमाणको कर्जा, सापट तथा सुविधा रकम लिई नियतबस नतिर्ने ऋणीलाई कालोसूचीमा राख्न सम्बन्धित संस्थाले कर्जा सूचना केन्द्रलाई सिफारिस गर्न बाधा पुगेको मानिने छैन।**

(ख) **कर्जा, सापट तथा सुविधा रकम नतिरेको कारण कालोसूचीमा राखिएको ऋणीले कर्जा तथा सुविधाको सम्पूर्ण साँवा ब्याज भुक्तानी गरेको खण्डमा निजलाई कालोसूचीबाट हटाउन सम्बन्धित संस्थाले कर्जा सूचना केन्द्रलाई सिफारिस गर्नु पर्नेछ।**

**२. कर्जा सूचना सम्बन्धी व्यवस्था**

**कर्जा प्रवाह गर्न, पुरानो कर्जा नवीकरण गर्न, पुनरसंरचना वा पुनरतालिकीकरण गर्नु अगावै ऋणी/ग्राहकको बारेमा केन्द्रबाट अनिवार्य रुपमा कर्जा सूचना लिनु पर्नेछ। यसरी कर्जा सूचना माग भएमा केन्द्रले बढीमा ३ (तीन) कार्य दिनभित्रमा त्यस्तो सूचना उपलब्ध हुने व्यवस्था मिलाउनु पर्नेछ।**

**२.१ कर्जा सूचना केन्द्रको सदस्यता लिनु पर्ने**

ईजाजतपत्रप्राप्त संस्थाहरुले कर्जा सूचनाको आदान-प्रदान गर्न र समयमा कर्जाको साँवा/ब्याज नतिर्ने ऋणीलाई पहिचान गर्ने प्रयोजनको लागि अनिवार्य रुपमा कर्जा सूचना केन्द्रको सदस्यता लिनु पर्नेछ।

**२.२ कर्जा सूचना केन्द्रमा ऋणी (ग्राहक) सम्बन्धी विवरण पठाउनु पर्ने**

(क) इजाजतपत्रप्राप्त संस्थाले **केन्द्रको अनलाइन प्रणालीमा तोकिएको ढाँचामा कर्जा सम्बन्धी देहायको विवरण** महिना भुक्तान भएको १५ दिनभित्र अद्यावधिक गर्नु पर्नेछ।

(ख) ईजाजतप्राप्त लघुवित्त वित्तीय संस्थाले कर्जाको विवरण प्रत्येक त्रयमास समाप्त भएको मितिले १५ दिनभित्र ऋणीको कर्जा चुक्ता नभएसम्म कर्जा सूचना केन्द्रमा पठाउनु पर्नेछ।

**२.३ अनिवार्य रुपमा कर्जा सूचना लिनु पर्ने**

(क) ईजाजतप्राप्त संस्थाले कर्जा स्वीकृत गर्नु अगावै कर्जा सूचना केन्द्रबाट अनिवार्य रुपमा कर्जा सूचना लिनु पर्नेछ। कुनै वित्तीय संस्थाबाट यसरी कर्जा सूचना माग भएमा कर्जा सूचना केन्द्रले बढीमा ३ (तीन) कार्यदिन भित्रमा त्यस्तो सूचना दिनु पर्नेछ। कर्जा सूचना केन्द्रले यस्तो सूचना अनलाईन सेवा मार्फत उपलब्ध गराउन सक्नेछ।

(ख) कुनै ग्राहक/ऋणीलाई कर्जा/सुविधा प्रदान गर्दा केन्द्रबाट उपबुँदा (क) बमोजिम कर्जा सूचना प्राप्त गरी सकेपछि अन्य निकायबाट सूचना लिन अनिवार्य हुने छैन।

(ग) यस निर्देशन बमोजिम कर्जा सूचना केन्द्रबाट लिइएको कर्जा सूचना बापत इजाजतपत्रप्राप्त संस्थाले केन्द्रले तोकेको कर्जा सूचना सम्बन्धी शुल्क बुझाउनु पर्नेछ। कर्जा सूचना केन्द्रले नेपाल लघुवित्त बैकर्श संघसँग समझदारी गरी शुल्क निर्धारण गर्नेछ।

२.४ **माथि उल्लेखित बुँदा २.२ (क) बमोजिम कर्जा सूचना केन्द्रमा सूचना नपठाइएको र/वा बुँदा २.३ (क) बमोजिम कर्जा सूचना नलिई प्रवाह भएको कर्जामा २ प्रतिशत बिन्दुले थप कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ । यस व्यवस्था बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्दा कर्जाको शत् प्रतिशत भन्दा बढी हुने छैन ।**

२.५ **कर्जा सूचना केन्द्रले निरीक्षण गर्न सक्ने**

ईजाजतपत्रप्राप्त संस्थाले केन्द्रमा उपलब्ध गराउनु पर्ने ऋणीहरुको विवरण समयमै उपलब्ध गराए नगराएको तथा कर्जा प्रवाह गर्नु अघि कर्जा सूचना लिए नलिएको सम्बन्धमा **केन्द्रले इजाजतपत्रप्राप्त संस्थाको अनुगमन गर्न चाहेमा केन्द्रलाई लघु वित्त वित्तीय संस्थाले सहयोग गर्नु पर्नेछ ।**

२.६ **कर्जा सूचना सम्बन्धी सम्पर्क व्यक्ति तोक्ने**

ईजाजतपत्रप्राप्त संस्थाहरुले कर्जा सूचना केन्द्र तथा अन्य निकायमा पठाउनु पर्ने कर्जा सूचना सम्बन्धी सम्पूर्ण कार्यहरु गर्नका लागि सम्पर्क व्यक्ति तोक्नु पर्नेछ । यसरी तोकिएको सम्पर्क व्यक्तिले ईजाजतपत्रप्राप्त संस्था र कर्जा सूचना केन्द्रबीच हुने पत्राचारको प्रमाणित अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ ।

३. **खारेजी र वचाऊ :**

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७६ को कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था निर्देशन नं. १२ बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७७ असोज ८ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**निर्देशन नं. १२/०७७**

## अनिवार्य मौज्दात/वैधानिक तरलता सम्बन्धी व्यवस्था

यस बैंकबाट "घ" वर्गका इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाले आफ्नो निक्षेप तथा सापटी दायित्वको आधारमा कायम गर्नु पर्ने अनिवार्य मौज्दात तथा तरल सम्पत्ति व्यवस्था सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायको निर्देशन जारी गरिएको छ।

**१. अनिवार्य मौज्दात सम्बन्धी व्यवस्था**

(१) **सर्वसाधारणको समेत निक्षेप संकलन गरी खुद्रा कर्जाको कारोबार गर्ने संस्थाले कुल बचत तथा निक्षेप दायित्वको २ प्रतिशतले हुने रकम र अन्य संस्थाले आफ्नो समूह सदस्यबाट संकलन गरेको व्यक्तिगत, समूहगत तथा विशेष बचत र सापटी रकमको कम्तीमा ०.५ प्रतिशतले हुने रकम अनिवार्य मौज्दातको रुपमा यस बैंकमा राख्नु पर्नेछ।**

(२) संस्थाले यस बैंकको कार्यालय नभएको स्थानमा नजिकको "क" वर्गको वाणिज्य बैंकमा अनिवार्य मौज्दात प्रयोजनको लागि एउटा चल्ती खाता खोली आवश्यक रकम जम्मा गर्न सक्नेछ। यस्तो खाताको जानकारी यस बैंकको लघुवित्त संस्था सुपरिवेक्षण विभागमा दिनु पर्नेछ।

ब्याज आर्जन हुने गरी "क" वर्गको वाणिज्य बैंकमा जम्मा गरेको रकमलाई अनिवार्य मौज्दातमा गणना गरिने छैन। अनिवार्य मौज्दात प्रयोजनको लागि संस्थाको केन्द्रीय कार्यालय भएको स्थानमा मात्र खाता खोल्नु पर्नेछ ।

*अनिवार्य मौज्दात गणना गर्ने प्रयोजनको लागि खाता खोलिएको बैंकबाट संस्थाले विपन्न वर्ग कर्जा बाहेक अन्य कुनै पनि किसिमको सापटी/सुविधा उपयोग गर्न पाउने छैन।*

(३) उपबुँदा (१) बमोजिम राख्नु पर्ने मौज्दात नपुग भएको अवस्थामा देहाय बमोजिम जरिवाना लगाइने छ :-

(क) पहिलो पटक अनिवार्य मौज्दात नपुग भएको अवस्थामा नपुग भए जति रकममा प्रचलित बैंक दरको प्रतिशतले।

(ख) दोस्रो पटक अनिवार्य मौज्दात नपुग भएको अवस्थामा नपुग भए जति रकममा प्रचलित बैंक दरको डेढि प्रतिशतले।

(ग) तेस्रो पटक र सो भन्दा पछि जति पटक नपुग भए पनि नपुग भए जति रकममा प्रचलित बैंक दरको दोब्बर प्रतिशतले।

(४) **अनिवार्य मौज्दात नपुग भएको पटक गणना गर्दा प्रत्येक आर्थिक वर्षको लागि अलग अलग गणना गरिनेछ। जरिवानाको पटक निर्धारण गर्दा सर्वसाधारणको समेत निक्षेप संकलन गर्ने संस्थाका लागि १४ दिन (दुई सप्ताह) को मौज्दात गणनालाई एक पटक मानिनेछ भने अन्य संस्थाका लागि १ महिनाको मौज्दात गणनालाई एक पटक मानिनेछ।**

(५) **अनिवार्य मौज्दात नपुग भएमा सर्वसाधारणको समेत निक्षेप संकलन गर्ने संस्थालाई दुई हप्ताको हिसाबमा र अन्य संस्थालाई मासिक रुपमा हर्जाना लगाइनेछ। यसरी हर्जाना लगाउँदा नपुग भए जतिको रकमलाई बैंक दरको प्रतिशतले गुणा गरी मासिक हर्जना लगाउँदा १२ ले र दुई हप्ताको हर्जाना लगाउँदा २६ ले भाग गरिने छ।**

(६) दुई हप्ताको अनिवार्य मौज्दात गणना गर्ने प्रयोजनका लागि देहायको प्रक्रिया अपनाइनेछ :-

(क) अनिवार्य मौज्दातको गणना साप्ताहिक (प्रत्येक आइतवारदेखि शनिवार) औसत निक्षेप मौज्दातका आधारमा गरिनेछ।

(ख) मौज्दातको गणना गर्दा खण्ड (क) मा उल्लिखित समयावधि पछि एकहप्ता अन्तराल कायम

गरी तत्पश्चातको दुई हप्ता (आइतवारदेखि १४ औं दिनको शनिवार) मा कायम गरिने औसत नगद मौज्दातलाई लिइनेछ ।

(ग) अनिवार्य मौज्दात गणना गर्ने प्रयोजनका लागि कुल निक्षेप दायित्वका हकमा साप्ताहिक रुपमा आइतवारदेखि शनिवारसम्मको कुल निक्षेपको योगलाई सात अङ्कले भाग गरी दैनिक औसत निर्धारण गर्नुपर्नेछ । यसैगरी, नेपाल राष्ट्र बैंक मौज्दातको गणना गर्दा आइतवारदेखि १४ औं दिनको शनिवारसम्मको दैनिक मौज्दातको कुल योगलाई चौध अङ्कले भाग गरी दैनिक औसत निर्धारण गरिनेछ ।

(घ) यस निर्देशन बमोजिम कायम गर्नुपर्ने अनिवार्य मौज्दातको कम्तीमा ७० प्रतिशत मौज्दात दैनिक रुपमा कायम गर्नुपर्नेछ ।

(ङ) यस प्रयोजनको लागि निर्धारित निर्देशन **फा.नं.घ १३.१** बमोजिमको विवरण भरी हप्ता वितेको सात दिनभित्र अनिवार्य रुपमा यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा आइपुग्ने गरी पठाउनु पर्नेछ ।

(७) यस उद्देश्यको लागि लघुवित्त वित्तीय संस्थाको सम्पूर्ण कार्यालयहरुलाई एउटै इकाई मानिने छ ।

(८) यस बैंकमा रहेको खातामा जम्मा हुने गरी फण्ड ट्रान्सफरको सिलसिलामा मार्गस्थ (Transit)मा पर्न गएको स्वदेशी मुद्राको रकमलाई यस बैंकको मौज्दातमा समावेश गर्न सकिने छ ।

(९) सर्वसाधारणबाट वचत परिचालन नगर्ने संस्थाहरुको हकमा एक महिना अघिको व्यक्तिगत, समूहगत, विशेष वचत तथा सापटी कोषको दैनिक औसतका आधारमा अनिवार्य मौज्दातको गणना गरिने छ ।

(१०) सर्वसाधारणबाट निक्षेप परिचालन नगर्ने लघुवित्त वित्तीय संस्थाले निर्देशन **फा.नं.घ १३.२** बमोजिम अनिवार्य मौज्दात र तरल सम्पत्तिको विवरण मासिक रुपमा प्रत्येक महिना बितेको १५ दिनभित्र यस बैंकको लघुवित्त संस्था सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ ।

(११) माथि जुनसुकै कुरा लेखिएको भएतापनि अन्य बैंक तथा वित्तीय संस्थाको तर्फवाट असुल गरी दिने शर्तमा थोक कर्जा कारोवार गर्ने लघुवित्त वित्तीय संस्थामा हस्तान्तरण भई आएको ऋण सापटी रकममा अनिवार्य मौज्दात कायम गर्नु पर्ने व्यवस्थालाई छुट दिन सकिने छ ।

***स्पष्टीकरण:*** *यस प्रयोजनको लागि "सापटी कोष" भन्नाले लघुवित्त वित्तीय संस्थाले नेपाल सरकार वा अन्तर्गतका निकाय, अन्य इजाजतपत्रप्राप्त संस्था, व्यक्ति, फर्म, संगठित संस्था (स्वदेशी तथा विदेशी) तथा कम्पनीसँग लिएको सापटी रकम सम्झनु पर्छ ।*

## २. तरल सम्पत्ति सम्बन्धी व्यवस्था

(१) **सर्वसाधारणबाट निक्षेप परिचालन नगर्ने संस्थाले अघिल्लो महिनाको कुल बचत दायित्वको २.५ प्रतिशत तरल सम्पत्तिको व्यवस्था गर्नुपर्नेछ ।** तरल सम्पत्ति भन्नाले देहाय बमोजिमको सम्पत्ति सम्झनु पर्दछ :-

(क) आफ्नो ढुकुटीमा रहेको नगद मौज्दात,

(ख) सरकारी सुरक्षणपत्रमा गरेको लगानी ,

(ग) नेपाल राष्ट्र बैंक ऋणपत्रमा गरेको लगानी, वा

(घ) "क" वर्गको इजाजतपत्रप्राप्त संस्थामा निक्षेपको रुपमा रहेको मौज्दात ।

(२) बुँदा नं. १ बमोजिम जम्मा गर्नु पर्ने न्यूनतम अनिवार्य मौज्दात भन्दा बढी जम्मा गरेमा बढी भएजति रकम यस प्रयोजनको लागि समावेश गर्न पाइनेछ ।

(३) तरल सम्पत्तिको गणना देहाय बमोजिम हुनेछ -:

(क) तरल सम्पत्तिको गणना दैनिक औसतको आधारमा मासिक रुपमा गरिनेछ ।

(ख) "क" वर्गका इजाजतपत्रप्राप्त संस्थामा रहेको मुद्दती निक्षेपको हकमा बढीमा ९० प्रतिशतसम्म मात्र तरल सम्पत्तिमा गणना गर्नु पर्नेछ ।

(ग) तरल सम्पत्तिको गणना गर्दा मुद्दती निक्षेप वा सरकारी ऋणपत्र तथा नेपाल राष्ट्र बैंक ऋणपत्र धितोमा राखी ऋण लिएको भए ऋण लिए बराबरको रकम घटाउनु पर्नेछ ।

(४) तरल सम्पत्ति कायम नराख्ने लघुवित्त वित्तीय संस्थालाई बुँदा नं. १३.१ को उपबँदा (३) बमोजिम

जरिबाना गरिनेछ ।

**३. वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) सम्बन्धी व्यवस्था**

**सर्वसाधारणको समेत निक्षेप परिचालन गर्ने संस्थाले कुल बचत तथा निक्षेप दायित्वको कम्तीमा ४ प्रतिशतले हुने रकम वैधानिक तरलता अनुपात कायम गर्नु पर्नेछ । यस प्रयोजनको लागि वैधानिक तरलतामा संस्थाको निम्नानुसारको तरल सम्पत्ति समावेश गरिने छ ।**

**(क) नेपाल सरकारको सुरक्षणपत्रमा गरेको लगानी,**

**(ख) अनिवार्य मौज्दात प्रयोजनको लागि नेपाल राष्ट्र बैंक वा वाणिज्य बैंकमा जम्मा गरेको रकम,**

**(ग) आफ्नो ढुकुटीमा रहेको नगद मौज्दात,**

वैधानिक तरलता अनुपात गणना सम्बन्धमा देहाय बमोजिम व्यवस्था गरिएको छः

(१) वैधानिक तरलता अनुपात गणना गर्दा ठीक अघिल्लो महिनाको अन्त्यमा कायम रहेको **स्वदेशी बचत तथा निक्षेप** दायित्वलाई आधार मानिनेछ ।

(२) यस्तो अनुपात गणना गरी प्रत्येक महिनाभरको वैधानिक तरलता अनुपात रकमको विवरण निर्देशन फा.नं. १३.३ मा उल्लेख भए बमोजिम पेश गर्नु पर्नेछ ।

(३) उल्लिखित मौज्दात नपुग भएको अवस्थामा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९९ को उपदफा (१) मा भएको व्यवस्थाको अधीनमा रही देहाय बमोजिम जरिवाना लगाइने छ :-

(क) पहिलो पटक वैधानिक तरलता अनुपात नपुग भएको अवस्थामा नपुग भए जति रकममा प्रचलित बैंकदरको प्रतिशतले ।

(ख) दोश्रो पटक वैधानिक तरलता अनुपात नपुग भएको अवस्थामा नपुग भए जति रकममा प्रचलित बैंकदरको डेढि प्रतिशतले ।

(ग) तेश्रो पटक र सोभन्दा पछि जति पटक नपुग भए पनि नपुग भए जति रकममा प्रचलित बैंक दरको दोब्बर प्रतिशतले ।

(४) वैधानिक तरलता अनुपात नपुग भएको पटक गणना गर्दा प्रत्येक आर्थिक वर्षको लागि अलग अलग पटक कायम गरिनेछ ।

(५) वैधानिक तरलता अनुपात नपुग भए जति रकममा प्रचलित बैंकदरको प्रतिशतले मासिक हिसावमा जरिवाना लगाइनेछ र यसरी नपुग भए जतिको रकमलाई बैंकदरको प्रतिशतले गुणा गरी बाह्रले भाग गरिनेछ ।

(६) वैधानिक तरलता अनुपात नपुग भएको अवस्थामा जरिवानाको प्रयोजनका लागि यस बैंकले तोके बमोजिम प्रकाशित गरेको बैंकदरलाई नै आधार लिइनेछ ।

***द्रष्टव्यः*** *१. यस दफाको प्रयोजनका लागि सरकारी सुरक्षणपत्र भन्नाले नेपाल सरकारले जारी गरेको वचतपत्र, विकास ऋणपत्र, ट्रेजरी बिलस तथा यस बैंकले तोकेको अन्य सुरक्षणपत्र सम्झनु पर्छ ।*

*२. वैधानिक तरलता अनुपात विवरण प्रत्येक महिना समाप्त भएको १५ दिनभित्र पठाउनु पर्नेछ ।*

**४. खारेजी र वचाऊ :**

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७६ को अनिवार्य मौज्दात/वैधानिक तरलता सम्बन्धी व्यवस्था निर्देशन नं. १३ बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७७ असोज ८ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**निर्देशन नं. १३/०७७**

**शाखा/कार्यालय सम्बन्धी व्यवस्था**

यस बैंकबाट “घ” वर्गका इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाको शाखा/कार्यालय खोल्ने व्यवस्थाका सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायको निर्देशन जारी गरिएको छ :-

**१. शाखा/कार्यालय खोल्ने सम्बन्धी व्यवस्था**

(क) लघुवित्त वित्तीय संस्थाहरुको शाखा नभएका स्थानीय तहका वडाहरुमा शाखा/कार्यालय खोल्न यस बैंकको पूर्व स्वीकृति लिनुपर्ने छैन ।

तर, काठमाडौं उपत्यका, महानगरपालिका र उप महानगरपालिकामा लघुवित्त वित्तीय संस्थाहरुको शाखा नभएका स्थानीय तहका वडाहरुमा शाखा खोल्न यस बैंकको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(ख) शाखा कार्यालय खोल्दा कारोबार शुरु गरेकै दिन उक्त शाखा सम्बन्धी विवरण यस बैंकको वेब पोर्टल (reporting.nrb.org.np) मा अद्यावधिक गर्नु पर्नेछ ।

(ग) देहायको अवस्था पुरा गरेका लघुवित्त वित्तीय संस्थाले आफ्नो कार्यक्षेत्र भित्र नयाँ शाखा कार्यालय खोल्न सक्नेछन्:

(अ) प्रस्तावित स्थान व्यवसायिक रुपले सम्भाव्य रहेको विवरण तयार गर्नु पर्ने ।
(आ) तोकेको न्यूनतम चुक्ता पुँजी पुरा गरेको ।
(इ) तोकेको पुँजी कोष पुरा गरेको ।
(ई) निष्क्रिय कर्जा (NPL) ५ प्रतिशतभन्दा बढी नभएको ।
(उ) यस बैंकबाट दिईएका शर्त तथा निर्देशनको पालना गरेको ।
(ऊ) सम्बन्धित संस्थाको सञ्चालक समितिबाट शाखा कार्यालय स्थापना/सञ्चालन गर्ने सम्बन्धी निर्णय भएको हुनु पर्ने । सञ्चालक समितिले निर्णय गरेको मितिले १५ दिनभित्र यस बैंक समक्ष संलग्न अनुसूची १४.१ बमोजिमको ढाँचाको फारम भरी स्वीकृतिको लागि आवेदन दिनु पर्ने । यस बैंकबाट स्वीकृति पाएको मितिले ६ महिनाभित्रमा शाखा कार्यालय खोली कारोबार सञ्चालन गरिसक्नु पर्ने ।

(घ) शाखा विस्तार गर्न स्वीकृति प्रदान गर्दा प्रस्तावित क्षेत्रको व्यवसायिक कारोबार, बैंकिङ्ग सेवाको पहुँच तथा उक्त लघुवित्त वित्तीय संस्थाबाट कृषि, उर्जा, पर्यटन र लघु उद्यमको क्षेत्रमा कर्जा प्रवाहमा हुन सक्ने वृद्धिको स्थिति झल्कने गरी पेश गरिएको सम्भाव्यता अध्ययन प्रतिवेदन समेतलाई आधार बनाइने छ । शाखा स्थापनाका लागि पेश गरिने सम्भाव्यता अध्ययन प्रतिवेदनमा प्रस्तावित शाखा स्थापनाका लागि हुने पुँजीगत तथा अन्य खर्चहरु, ३ वर्षभित्रमा सोही संस्थाको अन्तर शाखा ब्याज आम्दानी बाहेकका बैंकिङ्ग कारोबारबाट प्रस्तावित शाखा मुनाफामा सञ्चालित हुन सक्ने आधार समेत समावेश गर्नु पर्ने छ ।

(ङ) बुँदा नं. ४ मा उल्लिखित अवस्थामा बाहेक लघुवित्त वित्तीय संस्थाहरुलाई महानगरपालिकामा शाखा खोल्न स्वीकृति प्रदान गरिने छैन । साथै, जिल्ला सदरमुकाम बाहेकका नगरपालिका तथा गाउँपालिका क्षेत्रमा एक शाखा स्थापना गरेपश्चात् मात्र उपमहानगरपालिका वा जिल्ला सदरमुकाम भएका नगरपालिका र गाँउपालिकामा एक शाखा स्थापना गर्न स्वीकृति प्रदान गर्न सकिने छ ।

२. **शाखा/कार्यालय बन्द तथा स्थानान्तरण गर्ने सम्बन्धी व्यवस्था**

(क) संस्थाले यस बैंकको पूर्व स्वीकृति बिना शाखा वा कुनै पनि किसिमको कार्यालय बन्द गर्न वा स्थानान्तरण गर्न वा गाभ्न पाउने छैनन् ।

(ख) संस्थाले महानगरपालिका, उप-महानगरपालिका र नगरपालिकाको सोही वडाभित्र तथा **गाउँपालिकाको** हकमा सोही **गाउँपालिका भित्र** शाखा कार्यालय स्थानान्तरण गर्नु परेमा लघुवित्त वित्तीय संस्थाको सञ्चालक समितिको निर्णयानुसार स्थानान्तरण गरी **सोही दिनमा यस बैंकको Web Portal मा अद्यावधिक गर्नु पर्नेछ ।**

(ग) संस्थाले केन्द्रीय/रजिष्टर्ड कार्यालय (कर्पोरेट कार्यालय) को ठेगाना परिवर्तन गर्न वा स्थानान्तरण गर्न चाहेमा यस बैकको स्वीकृति लिई प्रचलित कानुनको अधीनमा रही आफ्नो प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गरी गर्न सक्ने छन् ।

३. **कार्यालय समय सम्बन्धीव्यवस्था**

नेपाल राष्ट्र बैंक खुलेको दिन र समयमा लघुवित्त वित्तीय संस्थाहरुले अनिवार्य रुपमा आफ्नो कार्यालय सञ्चालन गर्नु पर्नेछ । तर, लघुवित्त वित्तीय संस्थाहरुले नेपाल राष्ट्र बैंक खुलेको दिन र समयका अतिरिक्त समय तथा अन्य विदाका दिन र समयमा आफ्नो कारोबार सञ्चालन गर्नु परेमा यस बैकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र लघुवित्त संस्था सुपरिवेक्षण विभागमा सोको लिखित रुपमा पूर्व जानकारी दिई कारोबारसञ्चालन गर्न सक्ने छन् ।

४. **काठमाण्डौं उपत्यका वाहिर केन्द्रीय कार्यालय रहेका राष्ट्रिय स्तरका लघुवित्त वित्तीय संस्थाहरुले नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड र अन्य बैंक तथा वित्तीय संस्था लगायतमा सम्पर्क कायम गर्ने प्रयोजनका लागि एकजना अधिकृतस्तर सहित बढीमा ३ जना कर्मचारी रहने गरी काठमाण्डौं उपत्यकाभित्र काठमाडौं महानगरपालिका र ललितपुर महानगरपालिका बाहेकका स्थानमा (बढीमा ८०० वर्ग फिटसम्मको क्षेत्रफलमा) सम्पर्क कार्यालय खोल्न सक्नेछन् । यस व्यवस्था बमोजिम सम्पर्क कार्यालय खोलेको जानकारी १५ दिनभित्र यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र लघुवित्त संस्था सुपरिवेक्षण विभागमा गराउनु पर्नेछ ।**

५. **खारेजी र वचाऊ :**

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७६ को शाखा/कार्यालय सम्बन्धी व्यवस्था निर्देशन नं. १४ बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७७ असोज ८ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**निर्देशन नं. १४/०७७**

## ब्याजदर सम्बन्धी व्यवस्था

यस बैंकबाट "घ" वर्गका इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाले निक्षेपमा प्रदान गर्ने र कर्जा तथा सापटमा लिने ब्याजदर सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायको निर्देशन जारी गरिएको छ ।

**१. ब्याजदर निर्णय गराएर लागू गर्नु पर्ने**

लघु वित्त वित्तीय संस्थाले आफ्ना सदस्यहरुबाट संकलित **बचतमा** दिने र कर्जामा लिने ब्याजदर, ब्याज गणना विधि, हर्जाना लगाउने विधि, सेवा शुल्क र कमिशन दर लघु वित्त वित्तीय संस्थाले निर्णय गराई लागू गर्नु पर्नेछ । लघु वित्त वित्तीय संस्थाले निक्षेपमा प्रदान गर्ने प्रकाशित ब्याजदरमा ०.५ प्रतिशत बिन्दुसम्म बढाउन सक्नेछन् भने कर्जाको ब्याजदरको हकमा प्रकाशित ब्याजदरभन्दा बढी दर कायम गर्न पाइने छैन । लघु वित्त वित्तीय संस्थाले कर्जा प्रवाह गर्दा प्रशासनिक **सेवा शुल्क, ब्याज र हर्जाना ब्याज बाहेक** कर्जासँग सम्बन्धित अन्य कुनै पनि रकम लिन पाईने छैन । तर आफ्ना ग्राहकहरुका लागि कर्जा सूचना केन्द्र लिमिटेड जस्ता अन्य संस्था/निकाय मार्फत सेवा लिने सन्दर्भमा सो सेवा वापत त्यस्ता संस्था/निकायहरुलाई भुक्तानी गर्नुपर्ने लागतसम्म मात्र सेवा शुल्क असुल गर्न भने यो व्यवस्थाले वाधा पारेको मानिने छैन ।

**२. इजाजतपत्रप्राप्त संस्थाहरुले ग्राहकलाई प्रदान गर्ने कर्जाको ब्याजदर निम्नानुसार हुने गरी तय गर्नु पर्नेछ ।**

(क) **लघुवित्त वित्तीय संस्थाहरुले आफ्ना ग्राहकसँग लिने ब्याजदर अधिकतम् १५ प्रतिशतसम्म निर्धारण गर्न सक्ने छन् । ब्याजदर यो व्यवस्था निर्देशन जारी भएको मिति २०७७/०४/१३ मा बक्यौता रहेको तथा तत्पश्चात प्रवाह भएका/हुने कर्जा कर्जामा लागु हुनेछ ।**

(ख) **निक्षेप संकलन गर्ने तथा थोक कर्जा कारोवार गर्ने संस्थाहरुले अनुसूची-१५.१ बमोजिम २०७७ कात्तिक देखि आधार दर तयार गरी यस बैंकमा पेश गर्नुपर्ने छ ।**

**३. ब्याजदर सम्बन्धी विवरण पठाउनु पर्ने**

संस्थाले प्रत्येक त्रयमास समाप्त भएको १५ दिनभित्र निक्षेप तथा कर्जाको ब्याजदर सम्बन्धी विवरण यस बैंकमा पठाउनु पर्नेछ । साथै, ब्याजदर संशोधन गरेको ७ दिनभित्र सो सम्बन्धी पूर्ण विवरण समेत उपलब्ध गराउनु पर्नेछ ।

**४. ब्याजदर सार्वजनिक गर्नु पर्ने**

संस्थाले निक्षेप वा बचतमा दिने र कर्जामा लिने ब्याजदर सम्बन्धी सूचना आफ्नो सूचना पाटीमा टाँस गरी सार्वजनिक जानकारी हुने व्यवस्था मिलाउनु पर्नेछ ।

**५. विपन्न वर्ग कर्जाको ब्याज दरमा सहुलियत दिने**

दलित, मुक्त कमैया, वादी, हलिया, द्वन्द्व पिडित, एकल महिला, अपाङ्ग तथा जेष्ठ नागरिकहरुलाई लघुवित्त वित्तीय संस्थाहरुबाट प्रवाह हुने विपन्न वर्ग कर्जामा लिने ब्याज दरमा १ प्रतिशत बिन्दुले सहुलियत दिने व्यवस्था गर्नुपर्नेछ ।

**६. ब्याज आम्दानी जनाउने व्यवस्था**

संस्थाले प्रदान गरेको कर्जा सापटमा प्राप्त हुनुपर्ने ब्याजलाई नगद प्राप्तिको आधारमा मात्र आम्दानी जनाउनु पर्नेछ । पाकेको तर नगदमा असुल हुन नसकेको ब्याजलाई जुन वर्षमा असुल भएको हो सोही वर्षमा मात्र आम्दानी बाँधी सो को हिसाव मिलान गर्नु पर्नेछ । सम्बन्धित अवधिभरमा पाकेको ब्याजलाई "पाउनु पर्ने ब्याज हिसाव" मा खर्च लेखी "ब्याज मुल्तवी हिसाव" मा जम्मा गर्नु पर्नेछ ।

## ७. ब्याज प्रदान गर्ने सम्बन्धमा

संस्थाबाटप्रवाहित कर्जा/सापटमा त्रैमासिक रुपमा ब्याज असुल गर्ने गरेको अवस्थामा बचत निक्षेपमा पनि ३/३ महिनामा सम्बन्धित खातामा ब्याज जम्मा गरिदिने व्यवस्था गर्नु पर्नेछ । निक्षेपकर्तालाई दिने ब्याज दैनिक मौज्दातमा प्रदान गर्नु पर्नेछ ।

## ८. एक मुष्ट रुपमा फिर्ता हुने निक्षेपको ब्याज प्रदान गर्ने सम्बन्धमा

नियमित रुपमा ब्याज भुक्तानी नगरी कुनै निश्चित समय पश्चात एकमुष्ट रुपमा साँवा ब्याज फिर्ता गर्ने गरी लिइएका वचतको हकमा त्यस्तो ब्याज भुक्तानी नभएको अवस्थामा समेत हरेक वर्ष ब्याज खर्च लेखी तिर्नुपर्ने ब्याज हिसाबमा दायित्व देखाउनु पर्ने छ । त्यस्तो बचतमा ब्याजदर नतोकिएको भएतापनि वचत जम्मा गरेको रकम र भुक्तानी हुने रकमको आधारमा आउने प्रभावकारी (Effective) ब्याजदरलाई आधार लिनुपर्ने छ ।

## ९. खारेजी र वचाऊ :

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७६ को ब्याजदर सम्बन्धी व्यवस्था निर्देशन नं. १५ बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७७ असोज ८ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**निर्देशन नं. १५/०७७**

## वित्तीय स्रोत संकलन सम्बन्धी व्यवस्था

यस बैंकबाट "घ" वर्गका इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाले संकलन गर्ने वित्तीय स्रोत सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायको निर्देशन जारी गरिएको छ ।

**१. वित्तीय श्रोत संकलन सीमा**

(क) संस्थाले आफ्नो प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत परिचालन गर्न सक्नेछ ।

तर, यसै निर्देशनको बुँदा नं. ५ को अवस्थामा बाहेक गैर-सदस्यहरुबाट बचत परिचालन गर्न पाइने छैन ।

*स्पष्टीकरण :- "वित्तीय स्रोत" भन्नाले समूह सदस्यहरुबाट* ***बचत, गैर सदस्यबाट निक्षेप,*** *सापटी र डिवेञ्चरबाट संकलित रकम सम्झनु पर्दछ।*

(ख) वित्तीय स्रोत संकलन सीमा अनुगमन गर्ने प्रयोजनका लागि अघिल्लो त्रयमासमा कायम रहेको प्राथमिक पुँजीलाई आधार मानिनेछ ।

**२. निक्षेप संकलन तथा भुक्तानी सम्बन्धी नियम तथा प्रक्रिया बनाई लागू गर्नु पर्ने**

(१) संस्थाले स्वीकार गर्ने निक्षेपको अवधि, प्रकार आदि सम्पूर्ण नियम तथा कार्यविधिका बारेमा लघुवित्त वित्तीय संस्था आफैंले नियम बनाई लागू गर्नु पर्नेछ ।

(क) पेन्सन बचत लगायतका आवधिक निक्षेप तथा ऋणीलाई प्रवाह गर्ने ऋणबाट कट्टा गरी लिने जस्ता अनिवार्य बचत संकलन गर्न पाइने छैन । **साथै, सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने संस्थाले आफ्नो सदस्यबाट एक भन्दा बढी शीर्षकमा अनिवार्य बचत संकलन गर्न पाइने छैन ।**
**तर, हाल कायम रहेका यस्ता आवधिक बचत निक्षेपलाई भुक्तानी अवधिभर निरन्तरता दिन यस व्यवस्थाले बाधा पुगेको मानिने छैन ।**

**(ख) यसपूर्व विभिन्न शीर्षकमा अनिवार्य वचत संकलन गरेको भएमा मिति २०७७ पुस मसान्त सम्ममा एकै शीर्षकमा समायोजन गरिसक्नु पर्नेछ ।**

(२) संस्थाले १० वर्षदेखि चल्ती नभएका तथा हक दावी नपरेका निक्षेप खाताहरुको विवरण प्रत्येक आर्थिक वर्षको पहिलो महिनाभित्र यस बैंकमा पठाउनु पर्नेछ ।

(३) संस्थाले लाभांश घोषणा गरेको मितिले ५ वर्षसम्म पनि सम्बन्धित शेयरधनी वा निजको हकवाला सो लाभांश लिन नआएमा त्यस्ता शेयरधनीको विवरण प्रत्येक आर्थिक वर्षको पहिलो महिनाभित्र सर्वसाधारणको जानकारीको लागि संस्थाको वेबसाइट प्रकाशन गर्नु पर्नेछ ।

(४) **संस्थाले १० वर्षदेखि कारोबार नभएको बचत खाता र हक दावी नपरेको निक्षेपहरु तथा वितरण नभएको लाभांशको विवरण १० वर्ष अवधि समाप्त भएको १ महिनाभित्र राष्ट्रियस्तरको पत्रिकामा कम्तीमा एक पटक प्रकाशन गर्नु पर्नेछ । सूचना प्रकाशित हुँदा समेत त्यस्तो खाता नियमित नभएमा र निक्षेप रकम भुक्तानी नभएमा उक्त रकमलाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमको बैकिङ्ग विकास कोषमा जम्मा गर्नु पर्नेछ ।**

**३. सापटी लिन सक्ने**

(१) संस्थाले बुँदा नं. १ मा उल्लिखित सीमाभित्र रही इजाजतपत्रप्राप्त **संस्था, फर्म, कम्पनी** तथा संगठित संस्थासंग सापटी लिन सक्ने छ ।

(२) उपबुँदा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विदेशी सरकार वा अन्तरराष्ट्रिय संघ/संस्थाबाट कुनै आर्थिक सहायता वा ऋण लिनुपरेमासंस्थाले यस बैंकको स्वीकृति लिनु पर्नेछ ।

(३) **यसरी सापटी लिएको रकम व्याजदर अन्तरबाट नाफा आर्जन गर्ने गरी कुनै पनि बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेपमा लगानी गर्न पाइने छैन ।**

४. **सार्वजनिक शेयर निष्काशन सम्बन्धमा**

संस्थाले सञ्चालनमा आएको मितिले बढीमा ३ वर्षभित्र सर्वसाधारणको लागि छुट्याइएको शेयर बिक्री वितरण गरी सक्नु पर्नेछ । साथै, प्रचलित धितोपत्र सम्बन्धी कानुनको अधीनमा रही सार्वजनिक रुपमा पुनः शेयर निष्काशन (Further Public Issue) गर्न सक्नेछन् ।

५. **खुद्रा कर्जाको कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाहरूले सर्वसाधारणबाट निक्षेप परिचालन गर्न नपाउने सम्बन्धमा**

**(१) खुद्रा कर्जाको कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाहरूले सर्वसाधारणबाट निक्षेप परिचालन गर्न सक्ने छैनन् ।**

**(२) यसपूर्व यस बैंकबाट स्वीकृति लिई सर्वसाधारणबाट निक्षेप परिचालन गरिरहेका लघुवित्त संस्थाहरुले यस्तो निक्षेप परिचालन गर्ने सीमा तथा अन्य व्यवस्था देहाय बमोजिमको हुनेछ :-**

**(क) आफ्नो प्राथमिक पुँजीको ३० गुणासम्म वित्तीय श्रोत परिचालन गर्ने सीमाभित्र रही प्राथमिक पुँजीको बढीमा ५ गुणासम्म सर्वसाधारणबाट निक्षेपको रुपमा वित्तीय श्रोत परिचालन गर्न सक्ने छन् । सर्वसाधारणबाट संकलित निक्षेपको सीमामा समूह सदस्यहरुको वचत निक्षेप गणना हुने छैन ।**

**(ख) सर्वसाधारणबाट निक्षेप संकलन गर्दा वचत तथा बढिमा २ वर्षसम्मको मुद्दती निक्षेप मात्र परिचालन गर्न सक्ने छन् ।**

**(ग) कुनै एउटा फर्म, कम्पनी वा संगठित संस्थाबाट आफ्नो कुल निक्षेपको बढीमा १० प्रतिशतसम्मको सीमामा नबढ्ने गरी संस्थागत निक्षेप परिचालन गर्न सक्ने छन् ।**

६. **सेवा शुल्क सम्बन्धमा**

**(क) संस्थाले बचत/निक्षेप खाता सञ्चालन गरे वापत ग्राहकबाट कुनै पनि किसिमको सेवा शुल्क लिन पाइने छैन ।**

**(ख) कर्जा प्रवाह गर्दा संस्थाले स्वीकृत कर्जामा १.५ प्रतिशत सम्म सेवा शुल्क लिन सक्नेछन् ।**

**तर, थोक कर्जा प्रवाह गर्ने संस्थाले लघुवित्त वित्तीय संस्थाहरुलाई प्रवाह गर्ने कर्जामा ०.५० प्रतिशत भन्दा बढी सेवा शुल्क लिन पाइने छैन ।**

**(ग) कर्जाको सीमा बृद्धि/थप गर्दा थप भएको रकममा मात्र उपबुँदा (ख) मा उल्लिखित दरको २० प्रतिशतसम्म सेवा शुल्क लिन सकिनेछ ।**

७. "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाको सहायक कम्पनीको रुपमा खुलेका लघुवित्त वित्तीय संस्थाले मुख्य (Parent) संस्थामा ब्याज आर्जन हुने कुनै पनि प्रकारको खाता खोल्न पाउने छैन ।

८. **खारेजी र वचाऊ :**

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७६ को वित्तीय स्रोत संकलन सम्बन्धी व्यवस्था निर्देशन नं. १६ बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७७ असोज ८ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**निर्देशन नं. १६/०७७**

### विपन्न वर्ग तथा तोकिएका क्षेत्रमा प्रवाह गर्नुपर्ने कर्जा सम्बन्धी व्यवस्था

यस बैंकबाट “घ” वर्गका इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाले विपन्न वर्ग तथा तोकिएका उत्पादनशील क्षेत्रमा प्रवाह गर्नुपर्ने कर्जाहरुको सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायको निर्देशन जारी गरिएको छ ।

**१. सम्पूर्ण सापटी रकम प्रवाह गर्नुपर्ने व्यवस्था**

(क) संस्थाले विपन्न वर्गमा प्रवाह गर्ने गरी प्राप्त सम्पूर्ण सापटी रकम लक्षित वर्गमा प्रवाह गर्नुपर्ने छ । त्यस्तो सापटी रकमलाई लक्षित वर्गमा प्रवाह नगरी सो बापतको रकम ब्याज आर्जन हुने गरी कुनै पनि बैंक तथा वित्तीय संस्थामा जम्मा गर्न पाइने छैन । तर यस व्यवस्थाले लघुवित्त वित्तीय संस्थाले कर्जा सीमा (Line of Credit) उपयोग गर्न भने वाधा पुऱ्याएको मानिने छैन ।

(ख) संस्थाले लिएको सापटी रकम लक्षित वर्गमा प्रवाह नगरेको खण्डमा प्रचलित बैंकदरको हिसाबले त्रैमासिक रुपमा (असोज, पुस, चैत र असारमा) हर्जाना लगाईने छ । यस्तो हर्जाना विपन्न वर्ग अन्तर्गत अघिल्लो त्रयमासको अन्तमा बाँकी कुल सापटी रकम भन्दा पछिल्लो त्रयमासको अन्तमा रहेको कुल कर्जाको बाँकी रकम कम भएमा सो कम भएको रकममा मात्र लगाइने छ । तर, अघिल्लो त्रयमासको अन्तमा बाँकी सापटी रकम **भन्दा** पछिल्लो त्रयमासमा घटेको अवस्थामा सो हदसम्म हर्जाना लगाइने छैन ।

(ग) संस्थाले लिएको सापटी रकम र प्रवाह गरेको कर्जा लगानीको त्रैमासिक विवरण यसै साथ संलग्न बमोजिमको निर्देशन फा.नं. १७.१ बमोजिम हरेक त्रयमास समाप्त भएको १५ दिन भित्र **यस बैंकमा पठाउनु पर्नेछ ।**

(घ) यस व्यवस्था बमोजिम नयाँ संस्थापना भई सञ्चालनमा आएका लघुवित्त वित्तीय संस्थाहरुको हकमा खण्ड (ख) को प्रयोजनका लागि विपन्न वर्गमा प्रवाह भएको कर्जा रकम गणना गर्दा सो संस्था संस्थापना भई वित्तीय कारोबार शुरु गरेको मितिले ६ महिना व्यतित भएपछिको त्रयमासको अन्तमा बाँकी रहेको कुल सापटी रकमभन्दा त्यसपछिको त्रयमासको अन्तमा रहेको कुल विपन्न वर्ग कर्जा रकम कम रहे/नरहेको गणना गरिनेछ । (**उदाहरणको लागि सञ्चालनमा आएको नयाँ लघु वित्त वित्तीय संस्थाले भदौ महिनादेखि वित्तीय कारोबार शुरु गरेको भएमा फागुन महिनामा ६ महिना व्यतीत हुने हुँदा चैत मसान्तको त्रैमासिक विवरणमा देखिने कुल सापटी रकम बराबर वा सो भन्दा बढी पछिल्लो त्रयमास अर्थात् असार मसान्तमा विपन्न वर्गमा कर्जा प्रवाह भए/नभएको गणना गरिनेछ ।**)

२. थोक कर्जाको कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाले विपन्न वर्गमा लगानी गर्ने गरी खुद्रा कर्जाको कारोबार गर्ने मध्यस्थकर्ता संस्थालाई उपलब्ध गराएको थोक कर्जा विपन्न वर्गमा लगानी भए नभएको सम्बन्धमा **त्रैमासिक (असोज, पुस, चैत र असार मसान्तसम्मको)** रुपमा अनुगमन गरी माघ र साउन मसान्तमा सोको विवरण यस बैंकको लघुवित्त संस्था सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ ।

**३. तोकिएको क्षेत्रमा कर्जा सम्बन्धी व्यवस्था**

**(क) संस्थाले अनिवार्य रुपमा आफ्नो कुल कर्जाको एक तिहाइ कर्जा कृषि क्षेत्रमा प्रवाह गर्नुपर्ने छ ।**

**(ख) कृषि क्षेत्रमा तोकिए बमोजिम कर्जा प्रवाह नगरेमा वा कम प्रवाह गरेमा नपुग रकममा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८१ बमोजिम कर्जाको अधिकतम ब्याजदरले हुने रकम हर्जाना लगाइने छ । यसरी हर्जाना लगाउँदा त्यस्तो नपुग रकमको त्रैमासिक रुपमा हुन आउने ब्याज रकम निर्धारण गरी सोही बराबरको रकम हर्जाना कायम गरिनेछ ।**

**(ग) कृषि क्षेत्रमा प्रवाह भएको कर्जा गणना गर्दा ६ महिनाअघिको कुल बाँकी कर्जा तथा सापटलाई आधारको रुपमा लिइने छ।**

**(घ) कृषि क्षेत्रमा प्रवाह भएको कर्जाको मासिक विवरण महिना समाप्त भएको १५ दिनभित्र संलग्न निर्देशन फा.नं. घ १७.२ र त्रैमासिक विवरण त्रैमासिक अवधि समाप्त भएको एक महिनाभित्र संलग्न निर्देशन फा.नं.घ १७.३ अनुरुपको ढाँचामा यस बैंकमा पेश गर्नु पर्नेछ।**

***स्पष्टीकरण:***

***(१) 'कृषि क्षेत्र' भन्नाले (क) अन्न, तरकारी तथा अन्य नगदे वाली, (ख) चिया/कफी, सनपाट, फलफूल, अदुवा खेती तथा प्रशोधन (ग) पशु, पंक्षी तथा माहुरी पालन, (घ) प्राङ्गारिक मल तथा जैविक किटनाशक, (ङ) शीत भण्डारण, (च) सिँचाई, (छ) वन, (ज) पशु वा पन्छी वधशाला (झ) माछापालन, (ञ) पुष्प खेती (ट) विउ-विजन तथा आन्तरिक कृषि उपजको प्राथमिक रुपमा हुने प्रशोधन तथा (ठ) अन्य कृषि तथा कृषिजन्य सेवा सम्बन्धी क्षेत्रहरुलाई जनाउने छ।***

## ४. खारेजी र वचाऊ :

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७६ को विपन्न वर्ग अन्तर्गत प्राप्त कर्जा सम्बन्धी व्यवस्था निर्देशन नं. १७ बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७७ असोज ८ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ।

# नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**निर्देशन नं. १७/०७७**

**कार्यक्षेत्र विस्तार वा संकुचन तथा गाभ्ने/गाभिने सम्बन्धी व्यवस्था**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम तल्लो वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था माथिल्लो वर्गमा परिणत हुनको लागि वा दुई वा दुईभन्दा बढी इजाजतपत्रप्राप्त संस्था एक आपसमा गाभ्न/गाभिन वा यसरी गाभिई सकेपछि स्तरोन्नति हुन तथा हालको वर्गमा नै रही कार्यक्षेत्र विस्तार गर्न यस बैंकमा निवेदन दिने "घ" वर्गको इजाजतपत्रप्राप्त संस्थाहरुको हकमा निम्नानुसारको व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

**१. कार्यक्षेत्र विस्तार सम्बन्धी व्यवस्था**

प्रादेशिक स्तरबाट राष्ट्रिय स्तरमा कारोबार सञ्चालन गर्न चाहने लघुवित्त वित्तीय संस्थाले देहायका शर्तहरु पुरा गरी स्वीकृतिका लागि व्यवसायिक योजना सहित यस बैंकमा निवेदन दिन सक्नेछ :–

(१) यस बैंकले तोकेको न्यूनतम चुक्ता पुँजी पुरा गरेको ।

(२) नियमित रुपले वार्षिक लेखापरीक्षण गरी साधारण सभा सम्पन्न गरेको ।

(३) बैंक तथा वित्तीय संस्था पछिल्लो ३ वर्ष सञ्चित नोक्सानीमा नरहेको।

(४) यस बैंकको निर्देशन अनुरुप पुँजीकोष (Capital Adequacy) पर्याप्त रहेको ।

(५) यस बैंकको निर्देशन अनुरुप कर्जाको वर्गीकरण गरी सोको लागि पर्याप्त कर्जा नोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गरेको ।

(६) निष्क्रिय कर्जा (NPA) पाँच प्रतिशत ननाघेको ।

(७) प्रादेशिक स्तरमा कारोवार सञ्चालन गरेको ५ वर्ष पुरा भएको र कार्यरत रहेको प्रदेशका सबै जिल्लामा कम्तीमा एक एक वटा शाखा कार्यालय स्थापना गरी कारोवार गरेको ।

(८) नेपाल राष्ट्र बैंकबाट संस्था वा संस्थाका अध्यक्ष, सञ्चालक र कार्यकारी प्रमुख कारवाहीमा परेको भए सो कारवाही फुकुवा भएको अवधि ३ वर्ष पुरा भएको ।

(९) इजाजत दिंदा तोकिएका सबै शर्तहरु पुरा गरेको ।

**२. कार्यक्षेत्र विस्तारका लागि आवेदन साथ निम्न कागजातहरु संलग्न हुनु पर्नेछ :**

(क) विद्यमान संस्थापक र सञ्चालकहरुको विवरण ।

(ख) संस्थाका आगामी ५ वर्षको प्रक्षेपित वित्तीय अवस्था, व्यवसायिकरण नीति, प्राविधिक तथा व्यवस्थापन पक्ष र बजार संवेदनशीलता विश्लेषण सहितको व्यवसायिक योजना ।

(ग) वित्तीय कारोबार सञ्चालनका लागि कर्पोरेट कार्यालय/मुख्य शाखा कार्यालय विद्यमान कार्यक्षेत्र देखि अन्य स्थानमा सञ्चालन गर्ने भएमा सो कार्यालयको भौतिक पूर्वाधार, सूचना प्रविधि,बीमा तथा सुरक्षा व्यवस्था, घर भाडा करारनामा, प्रमुख कार्यकारी अधिकृत लगायत मुख्य कर्मचारीहरुको योग्यता अनुभव सम्बन्धी कागजात ।

(घ) कार्यक्षेत्र विस्तार भएपश्चात कायम हुने कार्यक्षेत्रलाई समेटेर तयार गरिएको कर्जानीति, लगानी नीति, निक्षेप परिचालन नीति, आन्तरिक लेखापरीक्षण नीति, गैर-बैकिङ्ग सम्पत्ति व्यवस्थापन नीति, सम्पत्ति दायित्व व्यवस्थापन नीति, सूचना प्रविधि नीति र आफ्नो ग्राहक पहिचान नीति ।

(ङ) कार्यक्षेत्र विस्तार सम्बन्धमा साधारण सभाले गरेको निर्णयको प्रतिलिपि ।

३. कार्य क्षेत्र विस्तारका सम्बन्धमा संस्थाको सञ्चालक समितिसंग अन्तर्क्रिया गरी कागजात पुरा भएको मितिले६० दिन भित्र सो सम्बन्धी प्रक्रियाको टुंगो लगाइनेछ ।

४. **गाभ्ने/गाभिनेसम्बन्धी व्यवस्था:**

(क) बैंक तथा वित्तीयसंस्था सम्बन्धी ऐन, २०७३ को दफा ७० बमोजिम लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्न वा गाभिने सम्बन्धमा यस बैंकबाट जारी बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्न/गाभिने (Merger) तथा प्राप्ती (Acquisition) सम्बन्धी विनियमावली, २०७३ बमोजिम हुनेछ ।

(ख) प्रादेशिक स्तरका लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभिई वा प्राप्ति गरी राष्ट्रिय स्तरमा परिणत हुन चाहेमा गाभिएर/प्राप्ति गरी बन्ने संस्थाको चुक्ता पूँजी तथा पूँजीकोष यस बैंकले तोके बमोजिम हुने गरी अन्य व्यवस्थामा छुट प्रदान गरी विशेष प्राथमिकता दिन सकिनेछ ।

(ग) देहायको कुनै वा सबै अवस्था पुरा नगर्ने लघुवित्त संस्थालाई अन्य कुनै "घ" वर्गको इजाजतपत्रप्राप्त संस्थासंग गाभिन वा प्राप्तिमा जान नेपाल राष्ट्र बैङ्कले निर्देशन दिन सक्नेछ :-

(१) नेपाल राष्ट्र बैङ्कले तोकेको अवधिभित्र तोके बमोजिमको पुँजी नपुऱ्याएको,
(२) विगत पाँच वर्षदेखि लगातार नोक्सानीमा रहेको,
(३) नेपाल राष्ट्र बैङ्कले दिएको निर्देशन पटक पटक उल्लंघन गरी कारबाहीमा परेको,
(४) नेपाल राष्ट्र बैङ्कले तोके बमोजिम जोखिम व्यहोर्ने कोष कायम गर्न नसकेको ।

**(घ) एउटै व्यक्ति/समूहद्वारा प्रवर्द्धन भएका तथा एकाघर परिवार एवम् व्यवसायिक समूहको प्रत्यक्ष वा अप्रत्यक्ष स्वामित्व/नियन्त्रणमा रहेका संस्थाहरु र व्यावसायिक सम्बन्ध स्थापित भएका संस्थाहरुलाई एक आपसमा गाभ्न/गाभिन निर्देशन दिइनेछ ।**

**(ङ) एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति हुने लघुवित्त वित्तीय संस्थाहरुलाई "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) सम्बन्धी विनियमावली, २०७३" मा तोकिएका सुविधाहरुका अतिरिक्त देहाय बमोजिमका थप सहुलियत प्रदान गरिने छ :**

**(१) एकल ग्राहक कर्जा सीमा नाघेको ऋणीको कर्जालाई सीमा भित्र ल्याउन समय थप गर्ने,**

**(२) तोकिएको पुँजी कोष अनुपात पुऱ्याउनु पर्ने समय थप गर्ने,**

**(३) तर, लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने /गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न भई एकीकृत कारोबार सञ्चालनको क्रममा वा एकीकृत कारोबार सुरु भएको तीन महिना भित्र पदमुक्त भएका वा सेवामा निरन्तरता नपाएका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा नायव प्रमुख कार्यकारी अर्को संस्थामा नियुक्त हुन उपर्युक्त व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।**

**(४) आफ्ना कर्मचारीहरुको तलब, भत्ता तथा सुविधालाई निक्षेपको रुपमा स्वीकार गरी स्रोत परिचालन गर्न सक्ने ।**

**(५) ईजाजतपत्रप्राप्त संस्था एक आपसमा गाभ्ने गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न भई २०७८ असार मसान्तभित्र एकीकृत कारोवार सञ्चालन गरेमामाथि तोकिएका सुविधाहरुका अतिरिक्त देहाय बमोजिमका थप सहुलियत प्रदान गरिने छ :**

**(अ) २०७९ असार मसान्तसम्म सञ्चालन जोखिमवापत कुल सम्पत्तिको १ प्रतिशत रकम मात्र जोखिम भारित सम्पत्ति थप गरे पुग्ने,**

**(आ) वार्षिक २० प्रतिशत भन्दा बढी लाभांस (नगद वा बोनस) वितरणको प्रस्ताव गरेमा २० प्रतिशत माथिको प्रस्तावित लाभांशको २५ प्रतिशत रकम संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा गर्नुपर्ने व्यवस्थामा २०७९ असार मसान्त सम्मको लागि छुट प्रदान गर्ने ।**

५. **खारेजी र वचाऊ :**

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७६ को कार्यक्षेत्र विस्तार वा संकुचन तथा गाभ्ने/गाभिने सम्बन्धी व्यवस्था निर्देशन नं. १८ बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७७ असोज ८ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**निर्देशन नं. १८/०७७**

### सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्था

संस्थाले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी लगायत सम्बद्ध कसुरसँग सम्बन्धित वित्तीय अपराध निवारण गर्ने सम्बन्धमा सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (यसपछि यस निर्देशनमा "ऐन" भनिएको) र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ (यसपछि यस निर्देशनमा "नियमावली" भनिएको) मा तोकिएका व्यवस्थाहरुका अतिरिक्त थप व्यवस्थाहरु गर्न जरुरी देखिएको हुँदा सोही ऐनको दफा ७ प. र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरेको छ । विषय वा प्रसंगले आवश्यक भएकोमा बाहेक ऐन र नियमावलीमा गरिएका व्यवस्थाहरु यस निर्देशनमा उल्लेख गरिएको छैन ।

**१. नीति तथा कार्यविधि बनाउनु पर्ने**

सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७ त. को उपदफा (१) बमोजिम लघुवित्त संस्थाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण सम्बन्धी नीति तथा कार्यविधि बनाई लागू गर्नु पर्नेछ । यस्तो नीति तथा कार्यविधि बनाउँदा सोही दफाको उपदफा (२) मा तोकिएका व्यवस्थाहरुका अतिरिक्त आन्तरिक जिम्मेवारी तथा कार्य विभाजन, जोखिम मूल्याङ्कन प्रणालीको आधार तथा पद्धति, जोखिममा आधारित ग्राहक पहिचान, अद्यावधिक तथा अनुगमन पद्धति र अस्वाभाविक तथा शंकास्पद कारोबारको पहिचान पद्धति समेत समावेश गर्नु पर्नेछ ।

**२. ग्राहक पहिचान तथा सम्पुष्टि गर्नु पर्ने**

(१) लघुवित्त संस्थाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७ क. र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ को नियम ४ तथा ५ बमोजिम ग्राहकको पहिचान तथा सोको सम्पुष्टि गर्नु पर्नेछ । ग्राहक पहिचान तथा सम्पुष्टि सम्बन्धी नीति तथा कार्यविधि बनाई ग्राहकको पहिचान तथा सोको सम्पुष्टि हुने सुनिश्चितताका आधारमा विद्युतीय माध्यमबाट समेत खाता खोल्न वा व्यावसायिक सम्बन्ध स्थापित गर्न सकिनेछ । यस्तो कार्यविधिले विद्युतीय माध्यमबाट प्राप्त गर्न सकिने आवश्यक कागजात तथा विवरणहरुको सूची, सही कागजात तथा विवरणहरू प्राप्त गर्न भरपर्दो विद्युतीय माध्यम र नियमित रुपमा सम्पुष्टि गरिने विधि समेत तय गरको हुनुपर्नेछ । विद्युतीय माध्यमबाट गरिने कारोवारमा हुनसक्ने जोखिम एवं दुरुपयोगबाट सुरक्षित रहन बैंक वा वित्तीय संस्थाले पर्याप्त उपायहरु अवलम्बन गर्नुपर्नेछ ।

(२) लघुवित्त संस्थाले आफ्नो कार्यप्रकृति बमोजिमको ग्राहक स्वीकार प्रक्रिया, ग्राहकको परिचय गर्ने प्रक्रिया, ग्राहकको कारोबारको अनुगमन गर्ने प्रक्रिया र जोखिम व्यवस्थापन सम्बन्धी प्रक्रिया जस्ता विषयमा केन्द्रित भई आफ्नो ग्राहक पहिचान (Know Your Customers) कार्यविधि तयार गर्नु पर्नेछ । साथै, आफ्नो ग्राहकहरु बीचको कारोबारको अभिलेख (इलेक्ट्रोनिक रेकर्ड समेत) कारोबार समाप्त भएको मितिले ५ वर्षसम्म सुरक्षित राख्नु पर्नेछ ।

(३) कुनै प्राकृतिक व्यक्तिको कारोवारमा परिवार वाहेक अन्य कुनै व्यक्ति वास्तविक धनीको रुपमा रहेको शंका लागेमा सोको समेत पहिचान गर्नु पर्नेछ ।

(४) कुनै पनि खातामा सम्बन्धित खाता सञ्चालक बाहेक अन्य कुनै व्यक्तिले रु.१ लाख भन्दा बढी रकम नगदै जम्मा गर्न आएमा रकम जम्मा गर्ने व्यक्तिको पहिचान खुल्ने कागजात लिई नगद जम्मा गर्नुको प्रयोजन समेत खुलाउनु पर्नेछ ।

(५) ग्राहकको खाता खोल्ने सिलसिलामा सूचक संस्थाले सम्बन्धित ग्राहकमा निहित जोखिमको आधारमा देहाय बमोजिमका व्यक्तिहरुको ल्याप्चे सहिछाप वा Bio-Metric लिनु पर्नेछ :

(क) प्राकृतिक व्यक्तिको हकमा खातावाला र खाता सञ्चालक व्यक्ति अन्य रहेकोमा निजको समेत । तर, नावालकको हकमा खाता सञ्चालकको मात्र लिन बाधा पर्ने छैन ।

(६) ग्राहक पहिचान तथा सम्पुष्टि गर्दा यस निर्देशनको अनुसूची १९.१ मा तोकिएका कागजात तथा विवरणहरु लिनु पर्नेछ । साथै, ऐन, नियमावली तथा यस निर्देशन बमोजिम ग्राहक पहिचान तथा सम्पुष्टि गर्दा सम्बन्धित

ग्राहकमा निहित जोखिमको आधारमा थप कागजात तथा विवरणहरु लिन आवश्यक देखिएमा सो समेत लिनु पर्नेछ ।

**३. सूचीकृत व्यक्ति पहिचान गर्नु पर्ने**

लघुवित्त संस्थाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ को परिच्छेद ६ ख. अन्तर्गतको दफा २९ ङ. को उपदफा (३) बमोजिम नेपाल सरकार, गृह मन्त्रालयले प्रकाशित गर्ने सूची नियमित रुपमा हेर्नु पर्नेछ र सो सूचीमा सूचीकृत व्यक्ति, समूह वा संगठित संस्था आफ्नो ग्राहक भए/नभएको यकीन गरी आदेशानुसारको कार्य गर्नु पर्नेछ ।

**४. वास्तविक धनी पहिचान गर्नु पर्ने**

लघुवित्त संस्थाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७ ग. तथा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ को नियम ६ बमोजिम वास्तविक धनीको पहिचान गर्न संयन्त्रको स्थापना गर्नु पर्नेछ । यसका लागि ग्राहकबाट सूचना लिने वा स्वःघोषणा गर्न लगाउने तथा सार्वजनिक रुपमा उपलब्ध सूचना एवं सामाजिक सञ्जालमा उपलब्ध सूचनाहरुको विश्लेषण गर्ने र प्रचलित कानुन बमोजिम राखिएको अभिलेखबाट सूचना लिने तथा व्यवसायिक रुपमा उपलब्ध तथ्याङ्क (Data Base) लिन सकिने छ ।

**५. सरलीकृत ग्राहक पहिचान सम्बन्धी व्यवस्था**

लघुवित्त संस्थाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७ च. तथा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ को नियम ९ बमोजिम तथा कम जोखिमयुक्त ग्राहकको हकमा सरलीकृत ग्राहक पहिचानको प्रक्रिया अवलम्बन गर्न सक्नेछ । यसरी सरलीकृत ग्राहक पहिचान तथा सो को सम्पुष्टि गर्दा सरलीकृत प्रकृया, फाराम र विवरण मात्र प्रयोग गर्नु पर्नेछ ।

**६. ग्राहक तथा वास्तविक धनी पहिचान अद्यावधिक गर्नु पर्ने**

लघुवित्त संस्थाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७ छ. को उपदफा (१) बमोजिम विद्यमान ग्राहक तथा वास्तविक धनीको सम्बन्धमा विवरण राखी आवश्यक परेको बखत जुनसुकै समयमा परीक्षण तथा विश्लेषण गर्न वा नियमनकारी निकायले माग गरेको बखत तोकिए बमोजिमको ढाँचामा उपलब्ध गराउन सक्ने गरी जोखिमको आधारमा संस्थाले निर्धारण गरे अनुसारको समय अन्तरालमा पहिचान अद्यावधिक गर्नु पर्नेछ । यसका लागि संस्थाको कुनै पदाधिकारी वा कर्मचारीले ग्राहकको बारेमा प्रत्यक्ष वा अप्रत्यक्ष, औपचारिक वा अनौपचारिक रुपमा प्राप्त गरेको सूचनाको विश्लेषण गरी ग्राहक पहिचानलाई अद्यावधिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**७. जोखिम व्यवस्थापन सम्बन्धमा :**

(१) लघुवित्त संस्थाले ऐनको दफा ७घ. बमोजिम जोखिमको पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

(२) उपबुँदा नं.(१) बमोजिम पहिचान गरिएको जोखिमलाई उच्च तथा न्यून जोखिममा वर्गीकरण गर्नु पर्नेछ । सम्बन्धित बैंक वा वित्तीय संस्थाले आवश्यकता अनुसार जोखिमको समीक्षाको आधारमा थप वर्गीकरण गर्न सक्नेछन् ।

(३) संस्थाले AML/CFT सम्बन्धी जोखिमको विश्लेषण अद्यावधिक गरी सोही बमोजिम नीति तथा कार्यविधिमा आवश्यक परिमार्जन गर्नु पर्नेछ ।
साथै, संस्थाले जोखिमको मूल्याङ्कन गरेको र उक्त मूल्याङ्कन जोखिम बमोजिम भए/नभएको यकिन गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(४) बैंक तथा वित्तीय संस्थाले माथिको बुंदा नं ३ बमोजिमको जोखिम मुल्याङ्कन प्रतिवेदन लघुवित्त संस्था सुपरिवेक्षेण विभागमा आर्थिक वर्ष समाप्त भएको पहिलो त्रयमासभित्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(५) सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी व्यवस्था बमोजिमको संस्थागत तथा क्षेत्रगत जोखिम मुल्यांकन सम्बन्धी प्रतिवेदन पहिलो पटकका लागि २०७८ साल असार महिना भित्र सम्पन्न गरी सोको प्रतिवेदन सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

**८. विद्युतीय माध्यमबाट सूचना दिनु पर्ने**

लघुवित्त संस्थाले नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाईमा पेश गर्नुपर्ने सुचना वा विवरण वित्तीय जानकारी इकाईले तोकेको मिति देखि नियमितरुपमा विद्युतीय माध्यमबाट दिनु पर्नेछ । यसका लागि संस्थाको कोर बैकिङ्ग सिस्टम वा अन्य विद्युतीय माध्यममा ग्राहकको विवरण समयमै अद्यावधिक गनुपर्नेछ ।

## ९. वायर स्थानान्तरण सम्बन्धी कार्य गर्न सक्ने

लघुवित्त संस्थाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७ ठ. बमोजिम हुने गरी वायर स्थानान्तरण सम्बन्धी कार्य गर्न सक्नेछ । तर आवश्यक विवरणहरु नखुलेको वायर स्थानान्तरण सम्बन्धी कारोबार शंकास्पद लागेमा त्यस्तो वायर स्थानान्तरणलाई अस्वीकार वा स्थगित गरी तत्काल सम्बन्धित निकायमा जानकारी गराउनु पर्नेछ ।

## १०. निरन्तर अनुगमन गर्नु पर्ने

लघुवित्त संस्थाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७ झ. बमोजिम ग्राहक तथा कारोबारको निरन्तर अनुगमन (Ongoing Due Diligence) गर्नु पर्नेछ ।

## ११. सीमा कारोबार सम्बन्धी व्यवस्था

(१) लघुवित्त संस्थासँग कुनै व्यक्ति वा संस्थाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा १० क. बमोजिम देहायको सीमा (**Threshold**) भन्दा बढी स्वदेशी वा विदेशी मुद्राको कारोबार गरेमा त्यस्तो कारोबारको विवरण कारोबार भएको मितिले १५ दिनभित्र संलग्न अनुसूची १९.१ बमोजिमको ढाँचामा नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाईमा उपलब्ध गराउनु पर्नेछ र देहायका कारोबारको लागि छुट्टाछुट्टै **TTR (Threshhold Transaction Reporting)** विवरण पेश गर्नु पर्नेछ ।

(क) एकै पटक वा पटक पटक गरी एक दिनमा एउटा खातामा गरिएको रु.१० लाख भन्दा बढीको नगद जम्मा वा खर्च कारोबार,

(ख) एक ग्राहकले एकै पटक वा पटक पटक गरी एक दिनमा रु.१० लाख भन्दा बढीको रकम बराबर नेपालको सीमा वारपार हुने गरी गरेको विद्युतीय वा अन्य स्थानान्तरण,

(ग) एक ग्राहकले एकै पटक वा पटक पटक गरी एक दिनमा गरेको रु.५ लाख भन्दा बढी रकमको नगदमा सटही गरिएको विदेशी मुद्रा कारोबार ।

**(नोटः-बैंक तथा वित्तीय संस्थाहरुले सीमा कारोबारलाई दुई प्रकार (TTR-Cash and TTR-Cross Border ) मा वर्गीकरण गरी सीमा कारोबार प्रतिवेदन पेश गर्नुपर्नेछ ।**

सीमा कारोबार सम्बन्धी अन्य व्यवस्था यस बैंकको वेबसाइट **www.nrb.org.np** मा रहेको **TTR Guideline** मा उल्लेख भए अनुसार हुनेछ ।)

(२) यस बुँदामा जुनसुकै उल्लेख भए तापनि लघुवित्त संस्थाले संस्थागत रुपमा आफैं वा इजाजतपत्रप्राप्त अन्य बैंक तथा वित्तीय संस्था वा सरकारी निकायसँग गरेको कारोबार, इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले आफ्नो ग्राहकलाई प्रचलित कानुन बमोजिम कर्जा वा सुविधा प्रदान गरेको कारोबार, संस्थाले आफ्ना कर्मचारीलाई दिएको सेवा सुविधा वापतको कारोबारको विवरण नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाईमा पठाउन आवश्यक हुने छैन । तर छुट दिइएका यी कारोबारहरुको हकमा शंकास्पद कारोबारको पहिचान गर्न र सो बमोजिमको विवरण तयार गरी वित्तीय जानकारी इकाईमा पठाउन छुट दिइएको मानिने छैन ।

## १२. शंकास्पद कारोबार पहिचान गर्नु पर्ने

(१) लघुवित्त संस्थाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७ ढ. को उपदफा (१) मा उल्लेखित खास कारोबारको सम्बन्धमा शंकास्पद कारोबार पहिचान गर्ने प्रणालीको विकास गर्नु पर्नेछ ।

(२) लघुवित्त संस्थाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७ ध. बमोजिमको अवस्थाहरु विद्यमान भएमा शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन संलग्न अनुसूची १९.२ बमोजिमको ढाँचामा तयार गरी ३ दिनभित्र नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाईमा पेश गर्नु पर्नेछ । सो प्रतिवेदन तयार गर्दा वित्तीय जानकारी इकाईले जारी गरेको मापदण्डलाई आधार मान्नु पर्नेछ ।

(नोटः- शंकास्पद कारोबार सम्बन्धी अन्य व्यवस्था यस बैंकको वेबसाइट **www.nrb.org.np** मा रहेको **STR Guideline** मा उल्लेख भए अनुसार हुनेछ ।)

(३) शंकास्पद कारोवारको पहिचान, प्रतिवेदन लगायतका व्यवस्था अवलम्बन गर्दा जोखिमको मूल्याङ्कन, ग्राहक पहिचान, कारोवार र जोखिममा आधारित प्रणालीको आधारमा गर्नु पर्दछ । शंकास्पद कारोबारलाई बैंक तथा वित्तीय संस्थाले प्रारम्भिक विश्लेषण गरी **STR-PEP, STR-High, STR-Medium and STR-Low** मा वर्गीकरण गरी शंकास्पद कारोबार प्रतिवेदन वित्तीय जानकारी इकाईमा पेश गर्नुपर्नेछ ।

(४) बैंक तथा वित्तीय संस्थाले ग्राहकद्वारा शंकास्पद कारोबार गर्ने प्रयास र निजको शंकास्पद गतिविधिको समेत पहिचान गर्ने प्रणाली विकास गर्नुपर्नेछ । साथै त्यस्तो शंकास्पद गतिविधि सम्बन्धी प्रतिवेदन **(Suspicious Activity Report- SAR)** यसै निर्देशनको अनुसूची १९.२ बमोजिमको ढाँचामा तयार गरी ३ दिनभित्र वित्तीय जाकारी इकाई समक्ष पेश गर्नु पर्नेछ ।

### १३. सूचनाको गोप्यता कायम गर्नु पर्ने

लघुवित्त संस्थाका पदाधिकारी तथा कर्मचारीहरुले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ तथा यस निर्देशन बमोजिम तयार गरिएका प्रतिवेदन, कागजात, अभिलेख, विवरण, सूचना तथा जानकारी ग्राहक वा अन्य कुनै व्यक्तिलाई थाहा दिनु हुँदैन । कसैले ग्राहक वा अन्य कुनै व्यक्तिलाई कुनै प्रतिवेदन, कागजात, अभिलेख, विवरण, सूचना वा जानकारी उपलब्ध गराएको पाइएमा सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ३७ बमोजिम बचाऊ हुने अवस्थामा बाहेक अन्य अवस्थामा दफा ४४ क. बमोजिम सजाय हुनेछ ।

### १४. आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्था

लघुवित्त संस्थाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७ त. को उपदफा (३) बमोजिम ऐन, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ र यस निर्देशन बमोजिमको दायित्व निरन्तर रुपमा पूरा गर्न व्यवस्थापन स्तरको कार्यान्वयन अधिकारी नियुक्त गरी निजको नाम, ठेगाना, योग्यता, सम्पर्क नम्बर, इमेल लगायतका विवरण यस बैंकको वित्तीय जानकारी इकाई समक्ष पेश गर्नु पर्नेछ । साथै, कार्यान्वयन अधिकारी परिवर्तन भएमा वा निजको कार्य विवरणमा परिवर्तन भएमा सो को समेत जानकारी पठाउनु पर्नेछ । निजले उपरोक्त ऐन तथा नियमावली र यस निर्देशन बमोजिमको कार्य प्रभावकारी रुपमा गर्न नीति, कार्यविधि र प्रणाली मस्यौदा तर्जुमा गरी पेश गर्ने, विभाग, पदाधिकारी तथा कर्मचारीबाट ऐन, नियमावली र यस निर्देशन बमोजिम प्राप्त अस्वाभाविक वा शंकास्पद कारोबार सम्बन्धी सूचना विश्लेषण तथा जाँचबुझ गर्ने तथा कानूनी व्यवस्थाको कार्यान्वयन भए/नभएको अनुगमन गरी प्रतिवेदन पेश गर्ने Focal Point को रुपमा कार्य गर्नु पर्नेछ ।

### १५. अभिलेख व्यवस्थापन सम्बन्धी व्यवस्था

लघुवित्त संस्थाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७ द. र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ को नियम १२ बमोजिम तयार गरिएका विवरण, सूची, जानकारी, प्रतिवेदन, अभिलेख, सूचनाहरु पाँच वर्षसम्म सुरक्षित राख्नु पर्नेछ । साथै, उपरोक्त विवरणहरु आवश्यक परेको बखत तत्काल उपलब्ध गराउन सकिने गरी विद्युतीय माध्यममा समेत अभिलेख राख्नु पर्नेछ । यसरी राखेको अभिलेख कानुनी कारवाहीको सिलसिलामा प्रमाण स्वरुप प्रयोग गर्न सकिने गरी दुरुस्त राख्नु पर्नेछ ।

### १६. कारवाही तथा सजाय सम्बन्धी व्यवस्था

(१) सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ तथा यस निर्देशनको प्रभावकारी कार्यान्वयन नगर्ने लघुवित्त संस्था र त्यस्तो संस्थाका कर्मचारी तथा पदाधिकारीलाई सोही ऐन बमोजिम कारवाही हुनेछ ।

(२) उपबुँदा नं.१ बमोजिम कारवाही गर्दा ऐन, नियमावली तथा निर्देशनको पालना नभएको अवस्था, उल्लघंनको मात्रा र सो बाट पर्न सक्ने प्रणालीगत प्रभाव लगायतका विषयको गाम्भीर्यताका आधारमा यस बैंकले देहाय बमोजिमको कारबाहीहरु गर्न सक्नेछ ।

| क्र.सं. | पालना नभएको व्यवस्था | कारवाही |
|---|---|---|
| १ | नीति तथा कार्यविधि नभएमा | (क) पहिलो पटकका लागि स्पष्टीकरण सोधिने ।<br>(ख) दोस्रो पटकदेखि रु. १० लाख वा गाम्भीर्यताको आधारमा रु. ५ करोडसम्म जरिवाना गर्ने । |
| २ | ग्राहक पहिचान सम्बन्धी व्यवस्था कार्यान्वयन नभएमा | (क) पहिलो पटकका लागि स्पष्टीकरण सोधिने ।<br>(ख) दोस्रो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>(ग) तेश्रो पटकदेखि रु. ५० लाख वा गाम्भीर्यरता अनुसार थप जरिवाना गर्ने । |
| ३ | जानीबुझी बेनामी वा काल्पनिक नाममा कारोबार गरेको पाइएमा | (क) रु. ५० लाख वा गाम्भीर्यरता अनुसार थप जरिवाना गर्ने । |
| ४ | ऐनको परिच्छेद ६ख को व्यवस्था पालना भएको नपाइएमा | (क) पहिलो पटकका लागि रु. २० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकका लागि रु. ५० लाख जरिवाना गर्ने ।<br>(ग) तेश्रो पटकदेखि रु. २ करोड वा गाम्भीर्यता अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने ।<br>(घ) पटक पटक प्रणालीगत समस्या भएमा कारोबार वा |

| क्र.सं. | पालना नभएको व्यवस्था | कारवाही |
|---|---|---|
| | | व्यवसायमा आंशिक वा पूर्ण रोक लगाउने वा इजाजतपत्र निलम्वन वा खारेज गर्ने सम्मको कारबाही गर्ने । |
| ५ | उच्चपदस्थ व्यक्तिको पहिचान हुने प्रणालीको व्यवस्था नभएमा | (क) पहिलो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकका लागि रु. २० लाख जरिवाना गर्ने ।<br>(ग) तेस्रो पटकदेखि रु. १ करोड वा गाम्भीर्यता अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने । |
| ६ | वास्तविक धनीको पहिचान गर्ने, वृहत ग्राहक पहिचान गर्ने तथा ग्राहक पहिचान अद्यावधिक गर्ने व्यवस्था नभएमा | (क) पहिलो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकका लागि रु. २० लाख जरिवाना गर्ने ।<br>(ग) तेस्रो पटकदेखि रु. १ करोड वा गाम्भीर्यता अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने । |
| ७ | सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी समितिले तोकेको बमोजिम कार्य गरेको नपाइएमा | (क) रु. १० लाख वा गाम्भीर्यता अनुसार थप जरिवाना गर्ने । |
| ८ | वायर ट्रान्सफर र रेमिटान्स गर्दा ग्राहकको पहिचान हुन नसकेमा | (क) रु. १० लाख वा कारोवार रकम जुन बढी हुन्छ सो बराबर वा गाम्भीर्यता अनुसार थप जरिवाना गर्ने । |
| ९ | वायर ट्रान्सफर र रेमिटान्स गर्दा वास्तविक धनीको पहिचान हुन नसकेमा | (क) रु. २० लाख वा कारोवार रकम जुन बढी हुन्छ सो बराबर वा गाम्भीर्यता अनुसार थप । |
| १० | यस निर्देशन बमोजिम AML/CFT का विधि (Measures) लाई रुजु/यकिन नगरी करेस्पोण्डेन्ट बैकिङ्ग सम्बन्धी कारोवार गरेमा | (क) रु. १० लाख वा कारोवार रकम जुन बढी हुन्छ सो बराबर वा गाम्भीर्यता अनुसार थप जरिवाना गर्ने । |
| ११ | निरन्तर अनुगमन सम्वन्धी व्यवस्था नभएमा | (क) पहिलो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकदेखि रु. २० लाख वा गाम्भीर्यता अनुसार थप जरिवाना गर्ने । |
| १२ | सीमा कारोबारको विवरण वित्तीय जानकारी इकाईमा तोकिएको समयमा पेश नगरेमा | (क) पहिलो पटकका लागि रु. २० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकका लागि रु. ५० लाख जरिवाना गर्ने ।<br>(ग) तेस्रो पटकदेखि रु. १ करोड वा गाम्भीर्यता अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने । |
| १३ | शंकास्पद कारोबारको पहिचान गर्ने संयन्त्र/प्रणाली नभएमा तथा शंकास्पद कारोवार प्रतिवेदन तोकिएको ढाँचा र समयमा पेश नगरेमा | (क) पहिलो पटकका लागि रु. २० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकका लागि रु. ५० लाख जरिवाना गर्ने ।<br>(ग) तेस्रो पटकदेखि रु. १ करोड वा गाम्भीर्यता अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने । |
| १४ | कार्यान्वयन अधिकारीको व्यवस्था नगरेमा | (क) रु. २० लाख जरिवाना गर्ने । |
| १५ | सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी समितिले पेश गर्नुपर्ने प्रतिवेदन समयमा पेश नगरेमा तथा संचालक समितिले गर्नुपर्ने समीक्षा नगरेमा | (क) पहिलो पटकका लागि स्पष्टीकरण सोधिने ।<br>(ख) दोस्रो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>(ग) तेश्रो पटकदेखि रु. ५० लाख वा गाम्भीर्यरता अनुसार थप जरिवाना गर्ने । |
| १६ | संस्थागत तथा कर्मचारीको क्षमता अभिवृद्धि नगरेमा | (क) पहिलो पटकका लागि स्पष्टीकरण सोधिने ।<br>(ख) दोस्रो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>(ग)तेश्रो पटकदेखि रु. २० लाख वा गाम्भीर्यरता अनुसार थप जरिवाना गर्ने । |
| १७ | तोकिएका विवरणहरुको अभिलेख नराखिएमा वा तोकिएको समयसम्म सुरक्षित नराखिएमा | (क) पहिलो पटकका लागि स्पष्टीकरण सोधिने ।<br>(ख) दोस्रो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।<br>(ग) तेश्रो पटकदेखि रु. २० लाख वा गाम्भीर्यरता अनुसार थप जरिवाना गर्ने । |

अनुसूची १९.१

Name of MFI:
Address:

Threshold Transaction Report (TTR)

| S. No. | Name | Address of the person holding account (including legal) | Bran ch | Date of Transact ion | Nature of Transacti on | Accou nt Type | Account No. | Amount Involve d | Source of Fund/Pu rpose | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

# Suspicious Transaction Report (STR)

**A. Reporting Institution :**

1. Name of the Institution/Branch: ____

**B. Details of Customer :**

1. a. Name of the Main account holder/s/customer: a.
   b. Suspected beneficial owner: b.

2 a. Permanent Address: a.
  b. Present Address: b.

3. Profession (As per KYC): ____

4. Nationality: ____

5. Other account(s) number (if any): ____

6. Other business (if nay): ____

7. a. Citizen No./PP No./ other ID No./Regd.No. a.
   b. Issue Date and Place b.
   c. Issuing Agency/Authority c.

8. a. Father' Name a.
   b. Mother's Name b.
   c. Spouse Name c.
   d. Grand Father d.
   e. Chairman/MD/Proprietor

9. Date of birth (Natural Person)/
   Date of establishment(Legal Person): ____

**C. Details of Customer Account:**

1. Account Number ____

2 Nature of the account
  (Current/savings/loan/other, pls. specify) ____

3. Nature of Ownership: (Individual/proprietorship /Partnership/company/other, pls. specify) ____

4. Names of Prop./Directors/ Partners etc. ____

5. Date of A/C opening ____

6 Other account(s) number (Related Parties):
  1.
  2.
  3.

**D. Transaction**

**a. Transaction Details (Accountwise)**

| Account No. | Year | Total Trans. No. | Total Dr. Amount | Total Trans. No. | Total Cr. Amount | Closing Balance |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| **Total upto now** | | | | | | |

**Please fill the transaction from opening to present date, Total of Dr. & Cr. (No. & Amount) exclude returned cheques/reverse entries/any other correcting items.**

b. Details of Loan and any other business and transactions with BFI

**C. Reasons for considering the transaction(s) as unusual/suspicious?**

- Summary of suspicious activities
- Analysis or Examination
- Possible Linkage

**D. Suspicious Activity Information/Typology:**

Summarize characterization of suspicious activity/please specify the typologies (As per Act and FAFG Guideline):

| | | |
|---|---|---|
| a. ☐ Corruption/Gratuity | e. ☐ False statement | h. ☐ Structuring |
| b. ☐ Cheque fraud | f. ☐ debit/credit or other card fraud | i. ☐ Mysterious Disappearance/behavior |
| c. ☐ Tax evasion | g. ☐ Identity Theft | j. ☐ Counterfeit instrument |
| d. ☐ Loan fraud | h. ☐ Terrorist Financing | k. ☐ Misuse of Position or Self |

Others (Please Specify): …………………………………………………..

**E. Has the Bank/FI taken any action in this context? Give details.**

Signature (Compliance Officer or Authorized Officer) :
Name :
Designation: Date:
Phone : Email: Fax:

## २. खारेजी र वचाऊ :

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७६ को ग्राहक पहिचान सम्बन्धी व्यवस्था निर्देशन नं. १९ बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७७ असोज ८ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# नेपाल राष्ट्र बैंक

## केन्द्रीय कार्यालय

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**निर्देशन नं. १९/०७७**

**<u>वित्तीय ग्राहक संरक्षण सम्बन्धी व्यवस्था</u>**

**यस बैंकबाट इजाजतपत्रप्राप्त 'घ' वर्गका संस्थाहरुले प्रदान गर्ने सेवा बारे सर्वसाधारणलाई थप सुसूचित पार्न, सो सेवा वापत लिइने शुल्कहरु पारदर्शी रुपमा लिने व्यवस्था गर्न तथा संस्थाहरु मार्फत वित्तीय साक्षरता अभिवृद्धि गर्न आवश्यक देखिएको हुँदा देहाय बमोजिमको वित्तीय ग्राहक संरक्षण तथा वित्तीय साक्षरता सम्बन्धी व्यवस्था जारी गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायको निर्देशन जारी गरिएको छ :-**

१. **इजाजतपत्रप्राप्त संस्थाहरुले आफ्ना ग्राहकलाई प्रदान गर्ने सेवा शर्तसंग सम्बन्धित सबै प्रकारका विवरण सार्वजनिक रुपमा जानकारी गराउनुपर्नेछ । यस्ता विवरणमा वित्तीय सेवा तथा उपकरणहरुका अतिरिक्त सोसँग सम्बन्धित शुल्क, कमिशन, व्याजदर, जरिवाना, हर्जाना लगायतका सम्बन्धमा अपनाउनु पर्ने प्रक्रिया एवं शर्तहरु समावेश गरेको हुनु पर्नेछ ।**

२. **खारेजी र वचाऊ :**

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७६ को वित्तीय ग्राहक संरक्षण सम्बन्धी व्यवस्था निर्देशन नं. २१ बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७७ असोज ८ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**निर्देशन नं. २०/०७७**

## विविध व्यवस्था सम्बन्धमा

यस बैंकबाट "घ" वर्गका इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाले पालना गर्नु पर्ने विविध व्यवस्था सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायको निर्देशन जारी गरिएको छ ।

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (४) को खण्ड (झ) बमोजिम राष्ट्र बैंकले तोकेका अन्य काम गर्ने व्यवस्था अन्तर्गत रही लघुवित्त वित्तीय संस्थाले चाहेमा प्रचलित कानुन बमोजिम सम्बन्धित निकायको स्वीकृति लिई बीमा प्रिमियम बाहेक अन्य थप शुल्क लिन नपाउने गरी आफ्ना **ऋणी सदस्यहरुको बचत तथा संस्थाको कर्जा सुरक्षित गर्ने प्रयोजनका लागि गरिने बीमाको मात्र बीमा अभिकर्ताको रुपमा कार्य गर्न सक्ने छन् ।**

२. **Long Form Audit Report सम्बन्धमा**

**Long Form Audit Report लाई समय सापेक्ष र प्रभावकारी बनाउन यसैसाथ संलग्न ढाँचा (अनुसूची घ २१.१) अनुसार लागू गरिएको छ । आफ्नो संस्थाको बाह्य लेखापरीक्षकबाट सोही ढाँचामा तयार गरिएको प्रतिवेदनलाई सोझै यस बैंकमा आइपुग्ने गरी पठाउने व्यवस्था गर्नु पर्नेछ**

३. **कर्जा अपलेखन सम्बन्धी विनियम बनाउँदा अवलम्बन गर्नु पर्ने मार्गदर्शन सम्बन्धमा**

(१) संस्थाले असुल हुन नसक्ने कर्जा निर्धारण गर्ने आधार तयार गरी त्यस्तो कर्जा अपलेखन गर्ने बारे आ-आफ्नो सञ्चालक समितिबाट विनियम तर्जुमा गरी यस बैंकबाट स्वीकृति लिई लागू गर्नु पर्नेछ ।

(२) संस्थाले देहायका प्रक्रियाहरु पुरा गरी कर्जा अपलेखन गर्न सकिने छ ।

(क) कर्जा खराब बर्गमा परी १०० प्रतिशत कर्जा नोक्सानी व्यवस्था भइसकेको हुनुपर्ने ।

(ख) कर्जा असूलीको लागि प्रचलित ऐन तथा नीति बमोजिम धितो सुरक्षणको लिलाम बिक्रीको प्रक्रिया सम्पन्न गरेको हुनुपर्ने ।

(ग) कर्जाको धितो सुरक्षण लिलाम बिक्री हुन नसकेको अवस्थामा अनिवार्य रुपमा धितो सकार गरेको हुनुपर्ने ।

(३) ऋणी र ऋणसँग सम्बन्धित पक्षहरुलाई यस बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा समावेश गरिसकेको हुनु पर्नेछ ।

(४) अपलेखन गरिएका कर्जाको हकमा त्यस्तो कर्जा स्वीकृत गर्ने अधिकारी वा समिति, कर्जाको सुरक्षण बापत राखिएको धितोको मूल्याङ्कन प्रकृया, कर्जा असुलीका लागि गरिएका प्रयासहरु र यसरी अपलेखनमा जानुपर्नाको औचित्यता आदिको बारेमा अभिलेखमा जनाउनु पर्नेछ ।

(५) संस्थाले एउटा छुट्टै कर्जा असुली इकाइको स्थापना गरी अपलेखन गरिएका कर्जाहरुको असुलीका लागि निरन्तर प्रयास गर्नु पर्नेछ ।

(६) संस्थाले अपलेखन गरेका कर्जाहरुको अद्यावधिक विबरण छुट्टै रजिष्टर खडा गरी राख्नु पर्नेछ ।

(७) संस्थाले चालु वर्षमा अपलेखन गरिएका कर्जाहरुको विवरण (माथि उपबुँदा नं. ४ मा उल्लिखित बुँदाहरु समावेश गरी) वार्षिक प्रतिवेदनमा अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।

(८) संस्थाले अपलेखन गरिएका कर्जाहरुको विवरण आर्थिक वर्ष समाप्त भएको मितिले १५ दिनभित्र लघुवित्त संस्था सुपरिवेक्षण बिभाग र कर्जा सूचना केन्द्र लि. मा पठाउनु पर्नेछ ।

४. **विदेशी विनिमय सम्बन्धी कार्य गर्ने सम्बन्धमा**

यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट स्वीकृति प्राप्त गरी विदेशी विनिमय सम्बन्धी देहाय बमोजिमका थप कार्य गर्न पाउने व्यवस्था गरिएको छ ।

(क) नियमानुसार इजाजतपत्र प्राप्त गरी इनवार्ड रेमिट्यान्स (Inward Remittance) को कार्य गर्न सक्ने ।

(ख) सम्बन्धित निकायको स्वीकृति लिई सर्वसाधारणबाट भारतीय मुद्रा खरिद गर्न सक्ने तथा सो मुद्रा बैंक तथा वित्तीय संस्थाहरुलाई मात्र बिक्री गर्न सक्ने ।

## ५. लिखत नेपाली भाषामा तयार गर्ने सम्बन्धमा

(१) जुनसुकै प्रकारको कर्जा प्रवाह गर्दा ऋणी तथा जमानतकर्ता (व्यक्ति/फर्म/कम्पनी/ संस्था) तथा कारणी (ऋणी/जमानत दिने समेत) बाट तयार गर्ने/गराउने कागजातहरु (जुनसुकै लिखत, जमानीपत्र वा मन्जुरीनामा) प्रचलित ऐन कानुन बमोजिम देवनागरी लिपी नेपाली भाषामा तयार गर्नु पर्नेछ । तर सम्बन्धित संस्थाले आफ्नो आन्तरिक प्रयोजनको लागि त्यसरी नेपाली भाषामा तयार गरिएका लिखतहरु अंग्रेजी भाषामा अनुवाद गरी अभिलेखमा राख्न भने पाइनेछ ।

**विदेशी नागरिकहरुसँग हुने कारोबारमा र विदेशी वैंकिङ्ग कारोबारमा मात्र प्रयोग हुने लिखतहरुको हकमा भने नेपाली भाषामा तयार गर्न अनिवार्य हुने छैन ।**

लघुवित्त वित्तीय संस्थाले कर्जासँग सम्बन्धित ऋण प्रस्ताव पत्र (Offer Letter), कर्जा तमसुक (Loan Deed), धितोबन्धक लिखत (Mortgage Deed) नेपाली भाषामा तयार गर्नु पर्नेछ ।

**लिखतमा स्पष्टसँग उल्लेख हुनुपर्ने विषयहरु**

१. **कारणीको नाम, ठेगाना, मिति, व्यक्तिको हकमा नागरिकता/पासपोर्ट नम्बर तथा तीन पुस्ते,**
२. **म्याद, अवधि, प्रयोजन,**
३. **कारणीको सम्बन्धमा सम्बन्धित लघुवित्त वित्तीय संस्थाद्वारा सनाखत,**
४. **रकम,**
५. **साक्षी (Witness),**
६. **हस्ताक्षर पहिचान गर्ने प्रयोजनको लागि सम्बन्धित कारणीको नाम,**
७. **अन्य आवश्यक देखिएका विषयहरु ।**

(२) **संस्थाले अन्तर्राष्ट्रिय कारोबारमा प्रयोग हुने बाहेकका पत्राचार, चेक/भौचर लगायत अन्य कागजातहरु देवनागरी लिपी नेपाली भाषामा समेत उपलव्ध हुने व्यवस्था अनिवार्य रुपमा गर्नु गराउनु पर्नेछ ।**

## ६. अन्तिम ऋणदाता सुविधा सम्बन्धमा

स्थायी तरलता सुविधाबाट आवश्यक तरलता आपूर्ति हुन नसकेको अवस्थामा यस बैंकमा खाता रहेका लघुवित्त वित्तीय संस्थालाई बढीमा ६ महिनाको लागि प्रचलित बैंकदरमा अन्तिम ऋणदाता सुविधा दिइने छ । यस बैंकमा अनिवार्य मौज्दात कायम गर्नको लागि राखेको नगद मौज्दात, नेपाल सरकारको सुरक्षणपत्र वा असल कर्जाको धितोमा यस्तो सुविधा प्रदान गरिने छ ।

## ७. बैंकदर सम्बन्धमा

प्रचलित ऐनमा भएको व्यवस्था अनुसार संस्थालाई उपलब्ध गराइने कर्जाको ब्याजदर (बैंकदर) **६.०** प्रतिशत कायम गरिएको छ ।

## ८. साइनबोर्ड तथा लेटरप्याड सम्बन्धमा

संस्थाले आफ्नो साइनबोर्ड तथा लेटरप्याडमा संस्थाको नामको ठीक तल अनिवार्यरुपमा कोष्ठमा देहाय बमोजिमको वाक्यांश उल्लेख गर्नु/गराउनु पर्नेछ ।

| |
|---|
| नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था (..... जिल्ला कार्य क्षेत्र भएको) |

***नोट :*** *राष्ट्रिस्तरका लघुवित्त वित्तीय संस्थाहरुले कार्यक्षेत्र सम्बन्धी विवरण उल्लेख गर्न अनिवार्य हुने छैन ।*

## ९. चेक मार्फत् कारोबार गर्ने सम्बन्धमा

चेक मार्फत् कारोबार गर्ने सम्बन्धमा लघुवित्त वित्तीय संस्थाहरुले सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को उद्देश्यलाई समेत सहयोग पुऱ्याउन **रु. १० लाख** वा सो भन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत् गर्नु पर्नेछ ।

१०. लघुवित्त वित्तीय संस्थाहरुमा ग्राहकहरुले नगद वा चेकबाट खातामा रकम जम्मा गर्दा सोको System Printed प्रमाण भौचरमा अनिवार्य रुपमा उल्लेख गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

११. बैंक तथा वित्तीय संस्थाहरुले लिने जेथा जमानत एवं लिलाम सम्बन्धमा सम्मानित श्री सर्वोच्च अदालतबाट मिति २०७२/०९/१६ मा भएको फैसलाबाट सबै बैंक तथा वित्तीय संस्थाहरुका नाममा देहाय बमोजिमका निर्देशनहरु तत्काल कार्यान्वयन गर्न आदेश भएको हुँदा उपर्युक्त निर्देशनहरु तत्काल कार्यान्वयन गर्नु गराउनुहुन यो निर्देशन जारी गरिएको छ :

(१) धितो सुरक्षण वापत जमानी दिने जमानतकर्ताले ऋणीले लिने कति ऋण रकमको हकमा जमानतको कागज गरेको हो सो जमानतको अंकको सीमा तोकी सोही सीमा हदमा सीमित रही जमानतकर्ताको दायित्व स्पष्ट हुने गरी जमानतकर्ताको छुट्टै कागज गराउने ।

(२) ऋणी तथा बैंक बीच वा जमानीकर्ता र बैंकबीच ऋण तथा जमानी सम्बन्धमा गरिएका लिखतहरुमा लेखिएका बेहोरा एवं शर्तहरु सहज रुपमा पढ्न सकिने ढाँचामा तयार गर्ने गराउने ।

(३) जमानतकर्ताले कबुल गरेको भन्दा बढी अंकको दायित्व व्यहोर्नु पर्ने गरी प्रत्यक्ष वा परोक्ष रुपमा कागज नगराउने ।

(४) जमानतकर्ताले कबुल गरेको दायित्व बमोजिमको रकम सर्वप्रथम सम्बन्धित ऋणीबाट नै असुल उपर गर्ने, सम्बन्धित ऋणीबाट असुल उपर हुन नसकेमा जमानतकर्ताले कबुल गरेको सीमा हदसम्मको रकम निज जमानतकर्ताले दिएको सुरक्षण धितोबाट कानून बमोजिम लिलाम गरी असुल गर्न सकिने भनी जमानतको शर्तनामामा उल्लेख गर्ने ।

(५) जमानतकर्ताले देखाएको सम्पत्ति धितो सुरक्षणको रुपमा स्वीकार गर्नुपूर्व कानूनी प्रक्रिया पूरा गरी कच्चा सम्पत्ति हो वा पक्का हो, त्यसको मूल्य के कति पर्ने हो, यथार्थ मूल्य खुल्ने गरी मूल्याङ्कन गर्नु पर्ने ।

(६) जमानी दिनेले कबुल गरेको रकम बाहेक ऋणीका अन्य दायित्व सम्बन्धमा जमानी हुनेको सम्पत्तिबाट असूल उपर नगर्ने ।

(७) जमानतकर्ताले कबुल गरेको दायित्वको रकम सम्बन्धित ऋणीबाट असुल उपर हुन नसकेमा मात्र जमानतकर्ताले दिएको सुरक्षणबाट असुलीको प्रक्रिया अगाडि बढाउने ।

(८) जमानतकर्ताले कबुल गरेको जमानतको रकम जुनसुकै समयमा दाखिला गर्न ल्याएमा बुझिलिई जमानत सुरक्षणमा राखेको सम्पत्ति फुकुवा गरिदिने ।

(९) ऋणीले लिएको ऋण वापत जमानतको अंकको रकम जमानतकर्ताले दिएको धितो सुरक्षणबाट असुल उपर गर्नुपर्ने भएमा त्यस्तो सम्पत्तिको मूल्य निर्धारण गर्दा स्थानीय व्यक्तिहरुबाट गराएको पञ्चेकीर्ते मूल्याङ्कन, प्राविधिकको मूल्याङ्कन, प्रचलित बजार मूल्य, मालपोत कार्यालयबाट निर्धारित मूल्य, धितो सुरक्षण स्वीकार गर्दा निर्धारित मूल्य समेतलाई मध्यनजर गरी मूल्य निर्धारण गर्ने गराउने गरी मापदण्ड बनाई लागु गर्ने ।

(१०) वास्तविक र स्पष्ट आधार तथा कारण वेगर धितोको अवमूल्याङ्कित गरी मूल्य कायम नगर्ने ।

(११) जमानतकर्ताले धितो सुरक्षणमा दिएको सम्पत्ति लिलाम गर्नुपर्ने भएमा सो पूर्व जमानतकर्तालाई निजले स्वीकार गरेको अंक हदको रकम दाखिला गर्नको लागि समय किटान गरी सूचना दिने ।

(१२) जमानतकर्ताले तोकिएको सूचनाको समय सीमाभित्र जमानतपत्रमा आफूले मञ्जुर गरेको रकम दाखिला गर्न नल्याएमा धितो सुरक्षणको सम्पत्ति लिलामको सूचना प्रकाशित गरी जमानतकर्तालाई समेत सोको सूचना प्रदान गर्ने ।

(१३) बैंकले जमानत सुरक्षणमा रहेको सम्पत्ति लिलाम गर्दा अपनाउनु पर्ने प्रक्रिया तथा कार्यविधिका सम्बन्धमा छुट्टै नियमावली वा कार्यविधि वा निर्देशिका तयार गरी अनिवार्य रुपमा लागु गर्ने ।

(१४) जमानत सुरक्षणको सम्पत्ति लिलाम मितिभन्दा अगाडि वा लिलाम पश्चात् निश्चित समय सीमाभित्र जमानतपत्रको दायित्व बमोजिमको रकम दाखिला गर्न ल्याएमा बुझिलिई धितो फुकुवा गरी दिने ।

**१२. पुनरकर्जा उपलब्ध गराउने सम्बन्धमा**

**नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४९ र ५० मा भएको व्यवस्था अनुसार इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई नेपाल राष्ट्र बैंक, पुनरकर्जा कार्यविधि, २०७७ मा उल्लेखित व्यवस्थाहरुको अधिनमा रही पुनरकर्जा सुविधा उपलब्ध गराइने छ ।**

**१३. लघुवित्त वित्तीय संस्थालाई सहवित्तीयकरण सम्बन्धी व्यवस्था लागु हुने छैन ।**

**१४. सफा नोट नीति कार्यान्वयन सम्बन्धमाः**

**१. बैंक तथा वित्तीय संस्थाले आफ्नो संस्थामा प्राप्त हुन आएका नोटलाई ए.टि.एम. लगायतका मेशीनहरुको माध्यमबाट चलनचल्तीमा पठाउन योग्य, काउण्टरबाट भुक्तानी गरी चलनचल्तीमा पठाउन योग्य र चलनचल्तीमा पठाउन अयोग्य गरी तीन वर्गमा छुट्याउनु पर्नेछ ।**

**२. ए.टि.एम. लगायतका मेशीनहरुको माध्यमबाट चलनचल्तीमा पठाउन योग्य नोटको प्याकेटमा हरियो रङ्गको स्लिप प्रयोग गर्नुपर्नेछ ।**

**३. काउण्टरबाट भुक्तानी गरी चलनचल्तीमा पठाउन योग्य नोटको प्याकेटमा सेतो रङ्गको स्लिप प्रयोग गर्नुपर्नेछ ।**

**४. चलनचल्तीमा पठाउन अयोग्य नोटको प्याकेटमा रातो रङ्गको स्लिप प्रयोग गर्नुपर्नेछ ।**

**५. बुँदा नं. २, ३, र ४ मा उल्लिखित स्लिपहरुमा बैंक तथा वित्तीय संस्थाको नाम, कार्यालय/ शाखाको नाम र छाप, नोट गन्ती गर्ने कर्मचारीको नाम, कर्मचारी परिचय नम्बर, सही र मिति सम्बन्धी विवरण अनिवार्य रुपमा हुनु पर्दछ ।**

**६. नोटमा स्टिचको प्रयोग गर्नुहुँदैन । यसमा आवश्यकतानुसार रबर/प्लाष्टिक/पेपर बैण्ड प्रयोग गर्न सकिनेछ । साथै, नोटमा नलेख्ने, केरमेट नगर्ने र हिफाजत गर्ने/गराउने व्यवस्था मिलाउनु पर्नेछ ।**

**७. झुत्रिएको, मक्किएको, जलेको, गलेको, लुलो भएको, किराले खाएको, पानीले भिजेको, छपाई बिग्रेको, नोटमा रहेका अक्षर, अंक, चित्र तथा सुरक्षण विशेषताहरु नबुझिने वा बिग्रिने गरी रङ्ग लागेको/लेखिएको/कोरिएको/मेटिएको/च्यातिएको वा पूर्वराजाको तस्वीर अङ्कित भएको नोटलाई पुनः निष्काशन अयोग्य नोटको रुपमा वर्गीकरण गर्नुपर्नेछ र त्यस्ता नोटलाई चलनचल्तीको लागि पठाउनु हुँदैन । चलनचल्तीमा पठाउन अयोग्य नोट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्थामा (नोटकोष वा नेपाल राष्ट्र बैंकमा पहुँच नहुने वित्तीय संस्थाहरुले) र अन्य बैंक तथा वित्तीय संस्थाले नोटकोष वा नेपाल राष्ट्र बैंकमा नै जम्मा गर्नुपर्नेछ ।**

**८. भुक्तानी गर्दा वा सटही सुविधा उपलब्ध गराउँदा माथि उल्लिखित बुँदा नं. २ र ३ बमोजिमका चलनचल्तीमा पठाउन योग्य नोट मात्र प्रयोग गुर्नपर्नेछ । यसरी भुक्तानी वा सटही गर्नुपूर्व नोटलाई निश्चित प्रक्रिया अपनाई जीवाणु तथा भाइरस रहित (Disinfect) गर्नुपर्नेछ ।**

**९. नोट राख्ने दराज, फर्निचर, भल्ट, नोट ओसारपसार गर्ने सामग्री सफा हुनुपर्नेछ । साथै, नोट भण्डारण गर्ने ढुकुटी र कारोबार गर्ने कक्षहरुमा यथोचित प्रकाश एवम् Exhaust Fan आदिको प्रयोग गरी पर्याप्त हावाको व्यवस्था भएको हुनुपर्नेछ ।**

**१५. कोभिड १९ को फैलावट नियन्त्रण र त्यसबाट परेको असर न्यूनिकरण गर्न यस बैंकबाट जारी गरिएका परिपत्र, तथा सूचनाहरु अनुसूचि २१.२ मा एकत्रित गरिएको छ ।**

**१६. निर्देशनको पालना नगरेमा हूने कारबाही**

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ को पालना नगरेमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९९ वा दफा १०० मा उल्लिखित कुनै पनि कारबाही गर्न सकिने छ ।

**१७. खारेजी र वचाऊ :**

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७६ को विविध व्यवस्था सम्बन्धमा सम्बन्धी निर्देशन नं. २२ बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७७ असोज ८ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

# निर्देशन फारामहरु तथा अनुसूचीहरु

# पुँजीकोष तालिका

*(रु.हजारमा)*

| विवरण | चालु अवधि | गत अवधि |
|---|---|---|
| **(क) प्राथमिक पुँजी**<br>१) चुक्ता पुँजी (साधारण शेयर)<br>२) प्रस्तावित वोनस शेयर<br>३) शेयर प्रिमियम<br>४) फिर्ता नहुने अग्राधिकार शेयर<br>५) साधारण जगेडा कोष<br>६) सञ्चित नाफा/(नोक्सान)<br>७) वासलातमा देखाईएको चालु आ.व.को नाफा-नोक्सान हिसावको रकम<br>८) पुँजी फिर्ता जगेडा कोष<br>९) पुँजी समायोजन कोष<br>१०) कल्स इन एडभान्स<br>११) अन्य स्वतन्त्र कोषहरु<br>**घटाउने :**<br>– ख्याति (Goodwill) वापतको रकम<br>– स्थगन कर सम्पत्ति (Deferred Tax Assets)<br>– सीमाभन्दा बढी शेयर, सुरक्षणपत्रमा लगानी गरिएको रकम<br>– वित्तीय स्वार्थ रहेको कम्पनीको धितोपत्रमा लगानी गरेको रकम<br>– अवास्तविक सम्पत्ति<br>– यस बैंकको निर्देशन पालना नगरी स्वप्रयोजनका लागि घरजग्गा खरिद गरेको रकम<br>– प्रचलित ऐन तथा कानुनले प्रतिबन्ध गरेका व्यक्ति तथा समूहहरुलाई प्रदान गरेको कर्जा तथा सुविधाहरु | | |
| **(ख) पुरक पुँजी**<br>१) असल कर्जाको लागि गरेको कर्जा नोक्सानी व्यवस्था<br>२) अतिरिक्त कर्जा नोक्सानी व्यवस्था<br>३) हाइब्रिड पुँजी उपकरणहरु<br>४) सुरक्षण नराखेको सहायक आवधिक ऋण<br>६) सम्पत्ति पुनर्मूल्याङ्कन कोष<br>७) लगानी समायोजन कोष | | |
| **(ग) जम्मा पुँजीकोष (क+ख)** | | |
| **(घ) जोखिम भारित सम्पत्तिको आधारमा कायम गर्नु पर्ने न्यूनतम पुँजीकोष**<br>पुँजीकोष ( …………….. प्रतिशत)<br>प्राथमिक पुँजी (………………. प्रतिशत) | | |
| पुँजीकोष (अधिक/न्यून) ( …………….. प्रतिशतले)<br>प्राथमिक पुँजी (अधिक/न्यून)( …………….. प्रतिशतले) | | |

**मितिः** **अधिकृत**
**दस्तखत**

*निर्देशन फा.नं. घ १.२*

# जोखिम भारित सम्पत्ति विवरण तालिका

(रू.हजारमा)

| (क) वासलात भित्रका सम्पत्तिहरु(On-Balance-Sheet Assets) | भार | चालु अवधि | | गत अवधि | |
|---|---|---|---|---|---|
| | | रकम | जोखिम भारित सम्पत्ति | रकम | जोखिम भारित सम्पत्ति |
| नगद मौज्दात | ० | | | | |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ० | | | | |
| नेपाल सरकारको सुरक्षणपत्रमा गरिएको लगानी | ० | | | | |
| नेपाल राष्ट्र बैंकको ऋणपत्रमा गरेको लगानी | ० | | | | |
| आफ्नै मुद्दती रसिदको धितोमा पूर्ण सुरक्षित हुने गरी प्रदान गरेको मुद्दती रसिद धितो कर्जा | ० | | | | |
| सरकारी सुरक्षणपत्रको धितोमा पूर्ण सुरक्षित हुने गरी प्रदान गरेको कर्जा | ० | | | | |
| सरकारी सुरक्षणपत्रको पाउनु पर्ने ब्याज रकम (Accrued Interest) | ० | | | | |
| बैंक/वित्तीय संस्थाहरुमा रहेको मौज्दात/मुद्दती रसिदको दावी (Claims)* | २० | | | | |
| मागेको बखत प्राप्त हुने रकम (Money at Call) | २० | | | | |
| अन्तर बैंक/संस्था सापटी | २० | | | | |
| शेयर, डिवेञ्चर एवम्बन्डमा भएको लगानी | १०० | | | | |
| अन्य लगानीहरु | १०० | | | | |
| कर्जा, सापट -कुल रकम)** | १०० | | | | |
| स्थिर सम्पत्तिहरु | १०० | | | | |
| पाउनु पर्ने अन्य खुद ब्याज रकम -कुल पाउनु पर्ने ब्याज - सरकारी ऋणपत्र तथा वचत पत्रको ब्याज- ब्याज मुल्तवी) | १०० | | | | |
| गैर-बैकिङ्ग सम्पत्ति | १०० | | | | |
| अन्य सबै सम्पत्तिहरु (खुद अग्रिम कर दाखिला वाहेक) | १०० | | | | |
| **(क) जम्मा** | | | | | |
| **(ख) वासलात बाहिरका कारोबारहरु (Off-balance sheet Items)** | | | | | |
| जमानत | १०० | | | | |
| अपरिवर्त्य कर्जा प्रतिबद्धता (Irrevocable Loan Commitment) | १०० | | | | |
| आयकर वापत सम्भावित दायित्व | १०० | | | | |
| Acceptance सहित अन्य सवै प्रकारका सम्भावित दायित्वहरु | १०० | | | | |
| चुक्ता वा भुक्तान हुन बाँकी शेयर लगानी | १०० | | | | |
| भुक्तानीको लागि दावी परेको जमानत | २०० | | | | |
| संस्थाउपर दावी परेको तर संस्थाले दायित्व स्वीकार नगरेको दायित्वहरु | २०० | | | | |
| **(ख) जम्मा** | | | | | |
| **कुल जोखिम भारित सम्पत्ति जम्मा (क) +(ख)** | | | | | |

*निर्देशन फा.नं.घ २.१*

## कर्जा सापट वर्गीकरण र सोको लागि व्यवस्था

( ... ... ... ... ... मसान्त ) *(रू.हजारमा)*

| विवरण | कर्जा सापट विवरण | | | गत त्रयमास |
|---|---|---|---|---|
| | विमित | अविमित | यस त्रयमासको जम्मा | |
| १. सक्रिय कर्जा सापट | | | | |
| १.१ असल कर्जा<br>१.२ सूक्ष्म निगरानी | | | | |
| २. निष्क्रिय कर्जा सापट | | | | |
| २.१ कमसल<br>२.२ शंकास्पद<br>२.३ खराब | | | | |
| ३. कुल कर्जा सापट (१ + २) | | | | |
| ४. कर्जा नोक्सानी व्यवस्था | | | | |
| ४.१ असल<br>४.२ सूक्ष्म निगरानी<br>४.३ कमसल<br>४.४ शंकास्पद<br>४.५ खराब<br>४.६ अतिरिक्त<br>४.७ तेस्रोपक्षको धितोमा प्रवाह भएको कर्जाको लागि थप | | | | |
| ६. गत त्रयमाससम्मको कर्जा नोक्सानी व्यवस्था | | | | |
| ६.१ असल<br>६.२ सूक्ष्म निगरानी<br>६.३ कमसल<br>६.४ शंकास्पद<br>६.५ खराब<br>६.६ अतिरिक्त<br>६.७ तेस्रोपक्षको धितोमा प्रवाह भएको कर्जाको लागिथप | | | | |
| ६. यस त्रयमासको नोक्सानी व्यवस्था फिर्ता | | | | |
| ७. यस त्रयमासको थप कर्जा नोक्सानी व्यवस्था | | | | |
| ८. यस त्रयमासमा थप/फिर्ता | | | | |
| ९. कुल कर्जा नोक्सानी व्यवस्था (५-६+७) | | | | |
| खुद कर्जा (३-४) | | | | |

मिति : अधिकृत

दस्तखत

निर्देशन फा.नं. घ २.२

## ग्राहकपिच्छे वर्गीकरण गरिएको कर्जाहरु तथा सोको नोक्सानी व्यवस्था सम्बन्धी विवरण

...............साल ..................मसान्त

| शाखा | समूहको नाम | ऋणी को नाम **र नागरिता नं.** | **प्रदेश जिल्ला वडा नं.** | लगानी/ कारोबार मिति | कर्जा प्रकार | स्वीकृत सीमा (रु) | बाँकी साँवा (रु) | बाँकी व्याज (रु) | भाखा नाघेको साँवा (रु) | भुक्तानी मिति | कर्जा व्यवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | वर्गीकरण | व्यवस्था (रु) | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| कुल जम्मा :- | | | | | | | | | | | | | |

मिति अधिकृतको

नाम दस्तखत

# सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत (दोस्रो संशोधन)कार्यविधि, २०७६

प्रस्तावना:

कृषि तथा पशुपन्छीजन्य क्षेत्रको व्यवसाय प्रवर्द्धन गरी उत्पादन एवं रोजगारी अभिवृद्धि गर्न, शिक्षित वेरोजगार युवाहरूलाई मुलुकभित्र रोजगारीका अवसरहरू सिर्जना गर्न, विदेशबाट फर्केका युवाहरूको विदेशमा आर्जन गरेको सीप र व्यवसायिक दक्षता उपयोग गर्दै उनीहरुलाइ स्वरोजगार बनाउन, महिला उद्यमशील क्षमताको विकास गर्न, दलित समुदायको परम्परागत सीप र पेशालाई आधुनिकीकरण एवं प्रवर्द्धन गरी उद्यमशीलता विकास गर्न, आर्थिक रूपमा विपन्न, सीमान्तकृत समुदाय तथा लक्षित वर्गका विद्यार्थीहरूलाई उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनको लागि शैक्षिक ऋण उपलब्ध गराउन, लघु बीमा प्रिमियममा अनुदान दिन तथा भूकम्प पीडितहरूको निजी आवास निर्माणका लागि समेत सहुलियतपूर्ण कर्जा उपलब्धताको लागि ब्याज अनुदान उपलब्ध गराउन वाञ्छनीय भएकोले, नेपाल सरकार (मन्त्रिपरिषद्) ले देहायको कार्यविधि बनाएको छ ।

परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम **"सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत (दोस्रो संशोधन) कार्यविधि, २०७६"** रहेको छ।

(२) यो कार्यविधि नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधि मा :-

(क) "अनुदान सोधभर्ना खाता" भन्नाले यस कार्यविधि बमोजिम अनुदान स्वरूप प्रदान गरिने ब्याज, कर्जा सुरक्षण शुल्क तथा बीमा प्रिमियम रकम उपलब्ध गराउने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राष्ट्र बैङ्कबाट सञ्चालन गर्न खोलिएको खाता सम्झनु पर्छ ।

(ख) "उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा" भन्नाले माध्यमिक शिक्षा वा सो सरह उत्तिर्ण गरी २५ वर्ष उमेर ननाघेको नेपाली नागरिकलाई प्रवाह गरिने कर्जा सम्झनु पर्छ ।

(ग) "कम्पनी" भन्नाले कम्पनी ऐन, २०६३ बमोजिम स्थापित कम्पनी सम्झनु पर्छ ।

(घ) "दलित समुदाय" भन्नाले गाउँपालिका वा नगरपालिकाले दलित जात भनी सिफारिस गरेको जनजाति सम्झनु पर्छ ।

(ङ) "दलित समुदाय व्यवसाय विकास कर्जा" भन्नाले दलित समुदायलाई समूहमा वा एकल रुपमा प्रवाह गरिने कर्जा सम्झनु पर्छ ।

(च) "निवेदक वा ऋणी" भन्नाले अनसूची-१ मा उल्लेखित व्यवसाय सञ्चालन गरिरहेका वा गर्ने व्यक्ति, समूह, संस्था वा कम्पनी, उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनका लागि कर्जा लिन इच्छुक विद्यार्थी तथा भूकम्प पीडित सम्झनु पर्छ।

(छ) "बैङ्क तथा वित्तीय संस्था" भन्नाले नेपाल राष्ट्र बैङ्कबाट इजाजत पत्र प्राप्त 'क', 'ख', 'ग' र 'घ' वर्गका बैङ्क तथा वित्तीय संस्था सम्झनु पर्छ ।

(ज) "भण्डारण" भन्नाले स्वदेशमा कुनै पनि प्राथमिक कृषि उपज (तरकारी, फलफूल, जडिबुटी, दुग्ध पदार्थ तथा माछामासु आदि) उत्पादन गरी भण्डारण गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले स्वदेशमा यस्ता प्राथमिक कृषि उपज खरिद गरी भण्डारण गर्ने कार्य सम्झनु पर्छ ।

(झ) "भूकम्प पीडित" भन्नाले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसंग निजी आवास पुनर्निर्माण वा प्रवलीकरणका लागि हालसम्म सम्झौता गर्न नसकेको वा सम्झौता गरी पहिलो किस्ता रकम प्राप्त गरी दोस्रो किस्ता रकम प्राप्त नगरेका र आर्थिक अभावका कारण निजी आवास पुनर्निर्माण वा प्रवलीकरण गर्न नसकेको भूकम्प पिडित लाभग्राही सम्झनु पर्छ ।

(ञ) "महिला उद्यमशीलता कर्जा" भन्नाले महिलालाई व्यक्तिगत वा सामूहिक रूपमा उद्यमशील बन्न प्रवाह हुने कर्जा सम्झनु पर्छ ।

(ट) "वैदेशिक रोजगारीबाट फर्केका युवा परियोजना कर्जा" भन्नाले श्रम स्वीकृति प्राप्त गरी वा नगरी कुनै पनि देशमा कम्तीमा छ महिना काम गरी नेपाल फर्केका युवाहरूलाई व्यक्तिगत वा सामूहिकरुपमा प्रवाह हुने कर्जा सम्झनु पर्छ ।

(ट१) "कपडा उद्योगहरुले लिएको कर्जा" भन्नाले कपडा उद्योग सञ्चालनको लागि लिइएको कर्जा भन्ने सम्झनु पर्छ ।

(ठ) "विपन्न वर्ग कर्जा" भन्नाले नेपाल राष्ट्र बैङ्कले विपन्न वर्ग कर्जा भनी तोकेको कर्जालाई सम्झनु पर्छ ।

(ड) "व्यवसाय वा उद्यम" भन्नाले यस कार्यविधिको अनुसूची-१ मा उल्लेख गरिएका व्यवसायमा श्रम तथा पूँजी लगानी गरी गरिएको कार्य सम्झनु पर्छ ।

(ढ) "व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा" भन्नाले व्यवसायिक रूपमा गरिएको कृषि तथा पशुपन्छीजन्य व्यवसायका लागि प्रवाह भएको वा हुने कर्जा सम्झनु पर्छ ।

(ण) "समूह" भन्नाले फरक परिवारका कम्तीमा पाँच जना सदस्य १८ वर्ष उमेर पूरा भएका व्यक्तिहरु मिलेर गठन गरेको समूह सम्झनु पर्छ ।

(त) "सहुलियतपूर्ण कर्जा" भन्नाले अनुसूची (१) मा उल्लिखित व्यवसायमा बैङ्क तथा वित्तीय संस्थाहरुबाट प्रवाह भएको वा हुने कर्जामा नेपाल सरकारले यस कार्यविधि बमोजिम ब्याज अनुदान सुविधा उपलब्ध गराउने कर्जा सम्झनु पर्छ ।

(थ) "सामूहिक जमानी" भन्नाले समूहको सामूहिक उत्तरदायित्वमा प्रवाह गरेको कर्जा भुक्तानीको लागि समूहका सबै सदस्यले दिने संयुक्त जमानी सम्झनु पर्छ ।

(द) "संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापित फर्म, सहकारी संस्था, घरेलु उद्योग वा लघु उद्यमको रुपमा दर्ता भएको व्यवसाय सम्झनु पर्छ ।

(ध) "शिक्षित युवा स्वरोजगार कर्जा" भन्नाले कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण युवाहरूलाई यस कार्यविधि बमोजिम प्रवाह हुने कर्जा सम्झनु पर्छ ।

## परिच्छेद २

## कर्जाका प्रकार, सीमा, भुक्तानी, अवधि, ब्याजदर तथा शर्त

३. **कर्जाका प्रकार र सीमाः** (१) यस कार्यविधि बमोजिम लक्षित ऋणीलाई ब्याज अनुदान प्राप्त हुने गरी बैङ्क तथा वित्तीय संस्थाहरुले देहाय बमोजिमका सहुलियतपूर्ण कर्जा प्रवाह गर्नेछन् र यस्ता कर्जाको प्रति ऋणी अधिकतम सीमा देहाय बमोजिम हुनेछः-

(क) व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा पाँच करोड रूपैयाँसम्म,
(ख) शिक्षित युवा स्वरोजगार कर्जा सात लाख रूपैयाँसम्म,
(ग) विदेशबाट फर्केका युवा परियोजना कर्जा दश लाख रूपैयाँसम्म,
(घ) महिला उद्यमशील कर्जा पन्ध्र लाख रूपैयाँसम्म,
(ङ) दलित समुदाय व्यवसाय विकास कर्जा दश लाख रूपैयाँसम्म,
(च) उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा पाँच लाख रूपैयाँसम्म,
(छ) भूकम्प पीडितहरूको निजी आवास निर्माण कर्जा तीन लाख रूपैयाँसम्म ।
(ज) कपडा उद्योग सञ्चालनको लागि रु ५ करोड सम्म ।
(झ) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट मान्यता प्राप्त संस्थाबाट लिइने तालिम आदिको लागि रु २ लाख सम्म ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिम प्रदान गरिने कर्जाको सीमा प्रति ऋणी पाँच करोड रुपैयाँ भन्दा बढी भएमा केन्द्रीय समन्वय तथा अनुगमन समिति समक्ष स्वीकृतिका लागि पेश गर्नु पर्नेछ । समितिले परियोजनाको आवश्यकता तथा औचित्यताको आधारमा उक्त सीमा भन्दा बढी पाँच करोड रुपैयाँसम्म कर्जा प्रवाह गर्न स्वीकृति दिन सक्नेछ ।

४. **कर्जा भुक्तानी अवधिः** (१) यस कार्यविधि बमोजिम ब्याज अनुदान दिइने कर्जाको ब्याज अनुदान प्राप्त गर्ने अवधि बढीमा पाँच वर्षको हुनेछ । यस्तो कर्जाको अवधि व्यवसायको प्रकृति अनुसार सम्बन्धित बैंक तथा बित्तीय संस्थाहरूले तोक्न सक्नेछन् ।

(२) यस्तो कर्जाको भुक्तानी प्रयोजनका लागि सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले कर्जाको प्रकार, रकम, उद्देश्य, व्यवसायको प्रकृति, प्रतिफलको अवधि र जोखिमको स्तर लगायतका आधारमा किस्ता भुक्तानी अवधि निर्धारण गर्न सक्नेछ ।

५. **ब्याजदर एवम् शर्तः** (१) नेपाल सरकारले ब्याज अनुदान उपलब्ध गराउने कर्जामा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले आफ्नो आधार दरमा दुई प्रतिशत विन्दु भन्दा बढी नहुने गरी ब्याज दर कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर्जाको ब्याज, कर्जा सूचना शुल्क, ऋणीले व्यहोर्नु पर्ने बिमा प्रिमियम र कर्जा सुरक्षण शुल्क भन्दा बाहेक अन्य कुनै पनि प्रकारको थप सेवा शुल्क लिन पाईने छैन ।

परिच्छेद ३

## धितो, कर्जा सुरक्षण तथा व्यवसायको बीमा सम्बन्धी व्यवस्था

६. **धितो सम्बन्धी व्यवस्थाः** (१) बैङ्क तथा वित्तीय संस्थाहरूले व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा प्रवाह गर्दा दश लाख रुपैयाँसम्म एकाघर परिवारका सदस्यको व्यक्तिगत जमानीीका आधारमा र त्यस भन्दा बढी व्यवसायिक परियोजना धितोमा कर्जा प्रवाह गर्न सक्नेछन् । यस्तो कर्जा प्रवाह गर्दा परियोजनाको सम्भाव्यतालाई मुख्य आधारको रूपमा लिनु पर्नेछ ।

(२) उच्च शिक्षा हासिल गरेका युवालाई प्रदान गरिने शिक्षित युवा स्वरोजगार कर्जाको लागि सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले निवेदकको सक्कल शैक्षिक प्रमाण पत्र धितो स्वरुप राख्नेछ ।

(३) विदेशबाट फर्केका युवाहरुलाई उनीहरुमा रहेको ज्ञान, अनुभव, रुची तथा सीपसँग सम्बन्धित व्यवसाय सञ्चालन गर्न परियोजना धितोमा लिई सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले वैदेशिक रोजगारीबाट फर्केका युवा परियोजना कर्जा प्रवाह गर्नेछ ।

(४) बैङ्क तथा वित्तीय संस्थाहरुले महिला उद्यमशीलता विकासको लागि प्रदान गरिने महिला उद्यमशीलता कर्जा एकल वा सामूहिक जमानीमा उपलब्ध हुनेछ ।

(५) बैङ्क तथा वित्तीय संस्थाहरुले दलित समुदायको परम्परागत सीप र पेशालाई आधुनिकीकरण एवं प्रवर्द्धन गर्नका लागि प्रदान गरिने दलित समुदाय व्यवसाय विकास कर्जा एकल वा सामूहिक जमानीमा उपलब्ध हुनेछ ।

(६) महिला उद्यमशीलता विकासका लागि प्रदान गरिने कर्जा, दश लाख रुपैयाँसम्मको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा र दलित समुदायलाई प्रदान गरिने कर्जाको सुरक्षण देहाय बमोजिम हुनेछः-

(क) ऋणीले सञ्चालन गरेको उद्यम,

(ख) ऋणीको कर्जा सम्बन्धी कागजात,

(ग) सामूहिक जमानीको हकमा सो सम्बन्धी कागजात ।

(७) बैङ्क तथा वित्तीय संस्थाहरुले भूकम्प पीडितहरूको निजी आवास निर्माण कर्जा सामूहिक वा धितो जमानीमा प्रवाह गर्नेछन् ।

**स्पष्टिकरण** यस उपदफाको प्रयोजनको लागि धितो भन्नाले भूकम्प पीडित निजी आवास पुननिर्माण वा प्रवलीकरण लाभग्राहीले निजी आवास निर्माण कर्जा लिई निर्माण गर्ने वा गरेको घर तथा निजको वा निजको एकाघर परिवारको सदस्यको नाममा रहेको अन्यत्र ऋण प्रयोजनका लागि धितोमा रहेको सो घरले चर्चेको जग्गा सम्झनु पर्छ ।

(८) सामूहिक जमानीमा प्रवाह भएको कर्जासँग सम्बन्धित समूहको कुनै सदस्य काबु बाहिरको परिस्थिति उत्पन्न भई उक्त समूहमा आबद्ध रहिरहन नसक्ने स्थिति भएमा निजले आफ्नो हिस्सा बराबरको साँवा तथा ब्याज स्वयं चूक्ता गर्ने वा समूहका बाँकी सदस्यहरुले बैङ्क तथा वित्तीय संस्थाबाट लिएको कर्जा नियमानुसार चूक्ता गर्ने थप प्रतिवद्धताको कागज गरी पेश गर्नु पर्नेछ ।

(९) कपडा उद्योगलाई प्रदान गरिने कर्जाको हकमा धितो आवश्यक हुनेछ ।

(१०) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट मान्यता प्राप्त संस्थाबाट लिने तालिम आदिको लागि एकाघर परिवारको सदस्यको व्यक्तिगत जमानीमा कर्जा उपलब्ध हुनेछ ।

(११) उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा विद्यार्थीको एकाघर परिवारका सदस्यको व्यक्तिगत जमानीमा कर्जा उपलब्ध हुनेछ ।

७. **कर्जा सुरक्षण सम्बन्धी व्यवस्था:** (१) बैङ्क तथा वित्तीय संस्थाहरूले व्यवसायिक कृषि तथा पशुपन्छी कर्जाको प्रचलित कानून बमोजिम सुरक्षण गर्नु पर्नेछ ।

(२) व्यवसायिक कृषि तथा पशुपन्छी कर्जाको सुरक्षण सम्बन्धमा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले प्रचलित कानून, नेपाल राष्ट्र बैङ्क र निक्षेप तथा कर्जा सुरक्षण कोषको नियमन र निर्देशनको परिधि भित्र रही स्पष्ट नीति र प्रक्रिया बनाई लागू गर्न सक्नेछ ।

(३) यस कार्यविधि बमोजिम बैङ्क तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने वा गरेको दश लाख रुपैयाँ भन्दा बढीको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जाको हकमा देहाय बमोजिम कर्जा सुरक्षण गर्नु पर्नेछ:

(क) यस उपदफा बमोजिमका कर्जाको हकमा त्यस्तो कर्जा निक्षेप तथा कर्जा सुरक्षण कोषबाट अनिवार्य सुरक्षण गराउनु पर्नेछ । कोषले कर्जा सुरक्षण गराउँदा कर्जाको प्रकार, उद्देश्य, रकम तथा जोखिमको स्तर लगायतका आधारमा संक्षिप्त प्रक्रिया अवलम्बन गर्नु पर्नेछ । यसरी कर्जा सुरक्षण गर्दा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले २५ प्रतिशत व्यहोर्नु पर्नेछ र बाँकी ७५ प्रतिशत शुल्क नेपाल राष्ट्र बैङ्कमा रहेको अनुदान सोधभर्ना खाता मार्फत सम्वन्धित बैंक तथा बित्तीय संस्थालाई भुक्तानी सोधभर्ना गरिनेछ ।

(ख) दफा ४ बमोजिमको अवधि समाप्त भएको छ महिना भित्र ऋणीले कर्जा चूक्ता नगरेमा दफा २२ बमोजिमको कारवाही प्रक्रिया पूरा गरी सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले निक्षेप तथा कर्जा सुरक्षण कोषमा दावी गर्नेछ । यसरी दावी हुन आएमा कोषले नियमानुसार भुक्तानी गर्नेछ ।

८. **व्यवसायको बीमा सम्बन्धी व्यवस्था:** (१) बैङ्क तथा वित्तीय संस्थाहरूले व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा अन्तर्गत व्यवसायिक परियोजना धितो लिई कर्जा प्रवाह गर्दा परियोजनाको बीमा गर्नु पर्नेछ ।

(२) व्यवसायिक कृषि तथा पशुपन्छी बीमा सम्बन्धमा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले प्रचलित कानून, नेपाल राष्ट्र बैङ्क र बीमा समितिको नियमन र निर्देशनको परिधि भित्र रही स्पष्ट नीति र प्रक्रिया बनाई लागू गर्न सक्नेछ ।

(३) यस कार्यविधि बमोजिम बैङ्क तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने वा गरेको दश लाख रुपैयाँ भन्दा बढीको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जाको हकमा देहाय बमोजिम परियोजना/व्यवसायिक बीमा गर्नु पर्नेछ:

(क) यस उपदफा बमोजिमका कर्जासँग सम्बन्धित परियोजना/व्यवसायको अनिवार्य बीमा गर्नु पर्नेछ । बीमा कम्पनीले बीमा गराउँदा कर्जाको प्रकार, व्यवसायको प्रकृति, उद्देश्य, रकम तथा जोखिमको स्तर लगायतका आधारमा संक्षिप्त प्रक्रिया अवलम्बन गरी व्यवसायीसँग २५ प्रतिशत मात्र बीमा प्रिमियम लिई बीमा गर्नु पर्नेछ । बाँकी ७५ प्रतिशत बीमा प्रिमियम नेपाल राष्ट्र बैङ्कमा रहेको अनुदान सोधभर्ना खाताबाट बीमा समिति मार्फत सम्बन्धित बीमा कम्पनीलाई सोधभर्ना गरिनेछ ।

(ख) खण्ड (क) बमोजिम बीमा गरिएको व्यवसायमा क्षति भई सोको क्षतिपूर्तिका लागि दावी पर्न आएमा सम्बन्धित बीमा कम्पनीले संक्षिप्त प्रक्रिया अवलम्बन गरी व्यवसायीलाई क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ ।

९. **कारवाहीका लागि सिफारिस गर्न सक्ने:** (१) ऋणीले दफा ४ बमोजिमको अवधि भित्र कर्जा चूक्तानगरेमा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले यस कार्यविधिको परिच्छेद-९ मा उल्लेख भए बमोजिमको कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।

(२) कर्जा प्रवाह गर्ने बैङ्क तथा वित्तीय संस्थाले यस्ता सुविधा रोक्का गर्न अनुरोध गरेमा सम्बन्धित निकायले त्यस्ता ऋणीको सुविधा रोक्का राख्नु पर्नेछ ।

परिच्छेद ४

## कर्जाका लागि योग्यता एवं शर्त सम्बन्धी व्यवस्था

१०. **योग्यता एवं शर्त:** (१) यस कार्यविधि बमोजिम बैङ्क तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने कर्जा प्राप्त गर्न स्थायी लेखा नं (PAN) प्रमाण पत्र लिएको र कर्जा सूचना केन्द्रको कालोसूची एवम् परिच्छेद-९ अनुसारको कारवाहीमा नपरेको नेपाली नागरिकले देहाय बमोजिमको न्यूनतम योग्यता एवं शर्त पूरा गरेको हुनु पर्नेछः-

**(क) व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा,**

(१) व्यक्तिको हकमा १८ वर्ष उमेर पूरा भएको,

(२) दश लाख भन्दा कम कर्जाको हकमो एकाघर परिवारका सदस्यको जमानी सम्बन्धी कागजात,

(३) दश लाख रुपैयाँ भन्दा बढीको कर्जाको लागि अनिवार्य रुपमा संस्था र एक करोड रुपैयाँ भन्दा बढीको कर्जाको लागि अनिवार्य रुपमा कम्पनी हुनुपर्ने,

(४) संस्था वा कम्पनीको हकमा नेपाली नागरिकको शतप्रतिशत शेयर स्वामित्व रहेको

(५) उद्यम संचालन तथा कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव,

तर, दश लाख रुपैयाँ भन्दा बढीको कर्जाको लागि ऋणीको विस्तृत परियोजना प्रस्ताव,

**(ख) शिक्षित युवा स्वरोजगार कर्जा:**

(१) कम्तीमा स्नातक तह उत्तिर्ण भएको र ४० वर्ष उमेर ननाघेको,

(२) विदेशी विश्वविद्यालयबाट शैक्षिक योग्यता हासिल गरेकाको हकमा नेपालको कुनै विश्वविद्यालयबाट समकक्षता सम्बन्धमा प्रकाशित सार्वजनिक सूचीमा निज अध्ययन गरेको विश्वविद्यालय समावेश भएको,

(३) घरेलु तथा साना उद्योग कार्यालय/समिति, सीप विकास तालिम केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद लगायतका सरकारी निकायहरुबाट कम्तिमा ७ दिनको उद्यम वा व्यवसाय गर्ने सीप विकास तालिम अनिवार्य रूपमा लिएको वा उक्त कर्जा स्वीकृत भएपछि त्यस्तो संस्थामा सीप विकास तालिम लिएको प्रमाण पेश गरेको,

तर, व्यवसायसंग सम्बन्धित प्राविधिक विषयमा स्नातक तह उर्तीण गरी व्यवसाय सञ्चालन गर्ने व्यक्तिको हकमा तालिम अनिवार्य हुने छैन ।

(४) उद्यम संचालन तथा कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव,

**(ग) वैदेशिक रोजगारीबाट फर्केका युवा परियोजना कर्जा:**

(१) श्रम स्वीकृति प्राप्त गरी वा नगरी कुनै पनि देशमा कम्तीमा ६ महिना काम गरी स्वदेश फर्केको,

तर कुनै पनि देशको स्थायी बसोबासको स्वीकृति प्राप्त (PR/Green Card Holder) व्यक्तिलाई यस्तो कर्जा प्रदान गरिने छैन ।

(२) उद्यम संचालन तथा कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव,

**(घ) महिला उद्यमशीलता कर्जा:**

(१) १८ वर्ष उमेर पूरा भएको महिला वा समूहको हकमा फरक परिवारका कम्तीमा पाँच जना १८ वर्ष उमेर पूरा भएका महिला,

(२) उद्यम संचालन तथा कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव,

(३) समूहको हकमा सामूहिक जमानी सम्बन्धी कागजात,

**(ङ) दलित समुदाय व्यवसाय विकास कर्जा:**

(१) दलित जात-जाति भित्रको १८ वर्ष उमेर पूरा भएको वा समूहको हकमा उक्त जात-जाति भित्रका फरक परिवारका कम्तीमा पाँच जना १८ वर्ष उमेर पूरा भएको,

(२) उद्यम संचालन तथा कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव,

(३) समूहको हकमा सामूहिक जमानी सम्बन्धी कागजात,

(च) **उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जाः**

(१) माध्यमिक शिक्षा वा सो सरह उत्तिर्ण गरी २५ वर्ष उमेर ननाघेको,

(२) आर्थिक रुपमा विपन्न, सीमान्तकृत समुदाय वा लक्षित वर्गको विद्यार्थी,

(३) स्वदेशको कुनै कलेज वा विश्वविद्यालयमा अध्ययन गरिरहेको वा गर्ने,

(छ) **भूकम्प पीडितहरूको निजी आवास निर्माण कर्जाः**

(१) नेपाल सरकारले निजी आवास अनुदान दिए बाहेक अरू संस्थागत अनुदान नपाएको,

(२) राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग निजी आवास निर्माण गर्न सम्झौता गरी आर्थिक अभावका कारण हालसम्म आवास निर्माण कार्य शुरू गर्न नसकेका भूकम्प पीडित,

(३) ऋणी वा निजको परिवारको नाममा कुनै पनि स्थानमा बस्न योग्य घर नभएको,

**(ज) कपडा उद्योगलाई दिइने कर्जाः**

१) ब्याज अनुदान लिन चाहने कपडा उद्योगले आफ्नो पछिल्लो ऋणको सम्पूर्ण विवरण सम्बन्धित बैंकबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ ।

२)कपडा उद्योगले यसअघि लिएका ऋणका हकमा मिति २०७५/०४/०१ गते कायम रहेका वा सो मिति पश्चात लिएको ऋण रकममा मिति २०७५/०८/२४ गते देखि ५ प्रतिशत बिन्दुका दरले ब्याज अनुदान प्रदान गरिनेछ ।

३) यस्तो ब्याज अनुदान दिँदा व्यवसायको सञ्चालन अवस्था, रुग्ण भए पुनः सञ्चालनमा आउन सक्ने अवस्था र व्यवसायिक योजना समेतका आधारमा कर्जा दिने बैंकबाट सम्भाव्यताको सिफारिस गराउनु पर्नेछ ।

४) नयाँ ऋणको हकमा उद्योगको आवश्यकता हेरी बढिमा रु ५ करोड सम्मको ऋणमा मात्र यस्तो अनुदान उपलब्ध गराइनेछ । तर, यस्तो ऋण रकम उद्योग सञ्चालन कार्यको लागि नै उपयोग गर्नु पर्नेछ । यसरी उपयोग गरेको नपाइएमा सरकारी बाँकी सरह असूल उपर गरिनेछ । त्यसरी असूल उपर गर्नु पर्ने साँवा रकममा १५ प्रतिशत ब्याज समेत असूल गरिनेछ ।

५) ऋण रकमको प्रमाणीकरणको लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट भएको सिफारिस सहित बैंक तथा वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकसँग सोधभर्ना माग गरेपछि उक्त बैंकमा रहेको सोधभर्ना खाताबाट सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई सोधभर्ना रकम उपलब्ध गराइनेछ ।

६) यस्तो अनुदान प्राप्त गर्नका लागि उद्योगको स्वामित्व नेपाली नागरिकमा रहेको हुनु पर्नेछ ।

७) यस्तो अनुदान प्राप्त गर्नको लागि उद्योग मूल्य अभिवृद्धि करमा दर्ता भएको हुनु पर्नेछ । साथै, उद्योगले ब्याज अनुदान दाबी गरेको अघिल्लो आर्थिक वर्षको आय विवरण /कर चुक्ता प्रमाणपत्र पेश गरेको हुनु पर्नेछ ।

(झ) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट मान्यता प्राप्त संस्थाबाट लिने तालिम सम्बन्धी कर्जा :

१) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट मान्यता प्राप्त संस्थामा भर्ना भएको कागजात,

२) तालिम लिन चाहेको विषय खुल्ने कागजात/निवेदन,

३) नेपाली नागरिक हुनुपर्ने ।

(२) बैंक तथा बित्तीय संस्थाहरूले यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्दा भूकम्प पीडित, बाढी पीडित तथा विपद् प्रभावित नागरिकहरूलाई पहिलो प्राथमिकता दिनुपर्नेछ ।

(३) बैंक तथा बित्तीय संस्थाहरूले यस कार्यविधि बमोजिम भूकम्प पीडितहरूको निजी आवास निर्माण कर्जा प्रवाह गर्दा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले आवास निर्माण सम्पन्न गर्न २०७७ मंसिर मसान्तसम्म कर्जा लिई सक्नु पर्नेछ ।

(४) यस कार्यविधि बमोजिम प्रदान गरिने सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान प्राप्त गर्न ग्राह्य निवेदकलाई कुनै एक प्रकारको कर्जा मात्र उपलब्ध हुनेछ ।

(५) यस कार्यविधि बमोजिम कर्जा लिने निवेदकले नेपाल सरकारले ब्याज अनुदान उपलब्ध प्रदान गर्ने प्रकृतिका अन्य कुनै पनि कर्जा लिएको हुनु हुदैन् । तर, यो दफा भूकम्प पीडितहरुको निजी आवास निर्माण कर्जाको हकमा लागु हुने छैन ।

परिच्छेद ५

## कर्जाका लागि आवश्यक कागजात, स्वःघोषणा तथा कर्जा निर्णय सम्बन्धी व्यवस्था

११. **आवश्यक कागजात र स्वःघोषणाः** यस कार्यविधि बमोजिम बैङ्क तथा वित्तीय संस्थाले प्रवाह गर्ने कर्जा प्राप्त गर्न देहाय बमोजिमका कागजात पेश र स्वःघोषणा गर्नु पर्नेछः-

(क) सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाको विधिवत् रुपमा भरिएको कर्जा आवेदन फाराम,

(ख) प्रचलित कानून बमोजिम दर्ता भएको व्यवसाय तथा स्थायी लेखा नं (PAN) प्रमाणपत्रको प्रतिलिपि, तर, भूकम्प पीडितहरुको निजी आवास निर्माण कर्जाको लागि स्थायी लेखा नं. (PAN) आवश्यक पर्ने छैन ।

(ग) नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

(घ) उद्यम संचालन तथा कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव, महिला उद्यमशीलता कर्जा बाहेक दश लाख रुपैँया भन्दा बढीको कर्जाको हकमा विस्तृत परियोजना प्रस्ताव,

(ङ) कर्जा सूचना केन्द्रको कालोसूचीमा नपरेको स्वःघोषणा,

(च) सामूहिक जमानीको हकमा सामूहिक जमानी सम्बन्धी कागजात,

(छ) शिक्षित युवा स्वरोजगार कर्जाको हकमा शैक्षिक प्रमाण पत्रको सक्कल प्रति र दफा १०(१) को खण्ड (ख)(३) बमोजिम सीप विकास तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि,

(ज) वैदेशिक रोजगारीबाट फर्केका युवा परियोजना कर्जाको हकमा राहदानी, प्रवेशाज्ञाको प्रतिलिपि तथा श्रम स्वीकृति प्राप्त भएको देशबाट फर्केकाको हकमा सोको प्रतिलिपि, निवेदक विदेशमा गई कम्तीमा ६ महिना काम गरि फर्किएको र कुनै पनि देशको स्थायी बसोबासको स्वीकृति प्राप्त (PR/Green Card Holder) व्यक्ति नभएको स्वःघोषणा,

(झ) उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जाको हकमा आर्थिक रुपमा विपन्न, सीमान्तकृत समुदाय वा लक्षित वर्गको विद्यार्थी भएको सिफारिस र अध्ययन गर्ने शैक्षिक संस्था/प्रतिष्ठानमा भर्ना भएको वा हुन योग्य रहेको खुल्ने कागजातको प्रतिलिपि,

(ञ) भूकम्प पीडितहरूको निजी आवास निर्माण कर्जाका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग सम्झौता गरी आर्थिक अभावका कारण हालसम्म आवास निर्माण कार्य शुरू गर्न नसकेका र निर्माण कार्य सम्पन्न गर्न नसकेका भूकम्प पीडितको कागजातको प्रतिलिपि र धितोको हकमा सो सम्बन्धी कागजात ।

१२. **कर्जा निर्णय सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि बमोजिम अनुदान लिन चाहने व्यक्तिले आवश्यक पर्ने सम्पूर्ण कागजात सहित सम्बन्धित बैङ्क तथा वित्तीय संस्थामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा आवश्यक सम्पूर्ण कागजात सहित कर्जा आवेदन प्राप्त भएको मितिले एक्काईस कार्य दिनभित्रमा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले कर्जा स्वीकृत हुने वा नहुने सम्बन्धी निर्णय गरी सक्नु पर्नेछ ।

(३) कर्जा प्रवाह गर्न नसकिने भएमा स्पष्ट आधार र कारण सहित सम्बन्धित निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ ।

परिच्छेद ६

**ब्याज, बीमा प्रिमियम र सुरक्षण शुल्क अनुदान, शर्त तथा वितरण प्रक्रिया सम्बन्धी व्यवस्था**

१३. **अनुदान सुविधा तथा शर्त सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि बमोजिमका लक्षित ऋणीलाई बैङ्क तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने कर्जाको हकमा नेपाल सरकारबाट देहाय बमोजिमको अनुदान सुविधा उपलब्ध हुनेछः-

(क) बैंक तथा बित्तीय संस्थाले दिने कर्जामा निर्धारण गरेको ब्याज दर मध्ये ५ प्रतिशत ब्याजदर अनुदान सुविधा उपलब्ध हुनेछ । महिला उद्यमशीलता कर्जाको हकमा यो अनुदान ६ प्रतिशत उपलब्ध हुनेछ । तर पाँच करोड रुपैयाँ भन्दा बढीको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जामा २ प्रतिशत मात्र ब्याजदर अनुदान उपलब्ध गराईनेछ ।

(ख) कर्जा सुरक्षण शुल्क अनुदानमा दश लाख रुपैयाँ भन्दा बढी व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जाहरूको बैंक तथा बित्तीय संस्थाहरूले निक्षेप तथा कर्जा सुरक्षण कोष मार्फत सुरक्षण गराउँदा लाग्ने ७५ प्रतिशत अनुदान उपलब्ध हुनेछ ।

(ग) बीमा प्रिमियम अनुदान दश लाख रुपैयाँ भन्दा बढीको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जा लिई गरिने व्यवसायको बीमा प्रिमियममा ७५ प्रतिशत अनुदान उपलब्ध हुनेछ ।

(२) उपदफा (१) बमोजिमको ब्याज अनुदान सुविधा यो कार्यविधि लागू भएपछि कर्जा लिने ऋणीलाई मात्र उपलब्ध हुनेछ । व्यवसायिक कृषि तथा पशुपन्छी कर्जाको हकमा व्यवसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७३ बमोजिम प्रवाहित कर्जामा समेत यो सुविधा उपलब्ध गराइनेछ ।

(३) ऋणीले पाउने ब्याज अनुदान सुविधा बाहेक अन्य सम्पूर्ण ब्याज रकम, सुरक्षण शुल्क र बीमा प्रिमियम सम्बन्धित बैङ्क तथा वित्तीय संस्था, निक्षेप तथा कर्जा सुरक्षण कोष र सम्बन्धित बीमा कम्पनीलाई भुक्तानी गरेपछि मात्र ब्याज अनुदान सुविधाका लागि योग्य मानिनेछ ।

(४) जुन उद्देश्यको लागि कर्जा लिएको हो सोही उद्देश्यका लागि मात्र कर्जा उपयोग गर्नु पर्नेछ ।

(५) सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले अनुगमन गर्दा कर्जा सदुपयोग भएको नपाईएमा ब्याज अनुदान सुविधा उपलब्ध नगराइने र ब्याज अनुदान सुविधा लिइ सकेको भए सम्बन्धित ऋणीबाट असूल उपर गरिनेछ ।

१४. **अनुदान रकमको वितरण प्रक्रियाः** (१) यस कार्यविधि बमोजिम अनुदान स्वरूप प्रदान गरिने ब्याज, कर्जा सुरक्षण शुल्क तथा बीमा प्रिमियम रकम उपलब्ध गराउने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राष्ट्र बैङ्कबाट सञ्चालन हुने गरी बैंकिङ् कार्यालयमा अनुदान सोधभर्ना नामको खाता खोल्नेछ ।

(२) उपदफा (१) बमोजिमको खातामा नेपाल सरकार, अर्थ मन्त्रालयले एक अर्ब रुपैयाँ अग्रीम जम्मा गर्नेछ । उक्त रकमले अपुग हुने भएमा केन्द्रीय समन्वय तथा अनुगमन समितिको सिफारिसमा नेपाल सरकार, अर्थ मन्त्रालयले थप रकम उपलब्ध गराउनेछ ।

(३) बैङ्क तथा वित्तीय संस्थाहरूले यस कार्यविधि बमोजिम प्रवाह गरेको कर्जाको ब्याज अनुदान प्राप्त गर्न कर्जा उपयोगको आधारमा ऋणीले नियमानुसार भुक्तानी गर्नुपर्ने कर्जा रकम भुक्तानी गरेको प्रमाण सहित त्रैमासिक रुपमा नेपाल राष्ट्र बैङ्कले तोकेको ढाँचामा उक्त बैङ्कमा निवेदन दिनु पर्नेछ ।

(४) बीमा कम्पनीहरूले यस कार्यविधि बमोजिम प्रवाह गरिएको कर्जासँग सम्बन्धित व्यवसायिक बीमा प्रिमियम वापतको रकम अनुदानका लागि कागजात सहित त्रैमासिक रुपमा बीमा समितिले तोकेको ढाँचामा उक्त समितिमा निवेदन दिनु पर्नेछ र बीमा समितिले यसरी प्राप्त निवेदनको आवश्यक छानवीन गरी नेपाल राष्ट्र बैङ्कमा सोधभर्ना माग गर्नु पर्नेछ ।

(५) निक्षेप तथा कर्जा सुरक्षण कोषले यस कार्यविधि बमोजिम प्रवाह गरिएको कर्जाको सुरक्षण सुनिश्चित गरी कर्जा सुरक्षण शुल्क वापतको रकम अनुदानका लागि कागजात सहित त्रैमासिक रूपमा नेपाल राष्ट्र बैङ्कमा सोधभर्ना माग गर्नु पर्नेछ ।

(६) उपदफा (३), (४) र (५) बमोजिम प्राप्त निवेदन तथा मागका आधारमा नेपाल राष्ट्र बैङ्कले सम्बन्धित बैङ्क तथा वित्तीय संस्था, निक्षेप तथा कर्जा सुरक्षण कोष र बीमा समितिलाई ब्याज, सुरक्षण शुल्क र बीमा प्रिमियम वापत अनुदान रकमको सोधभर्ना अनुदान सोधभर्ना खाताबाट नेपाल राष्ट्र बैङ्कको

कार्यालयहरूमा रहेका खाता मार्फत वा सम्बन्धित बैङ्क तथा वित्तीय संस्था, निक्षेप तथा कर्जा सुरक्षण कोष र बीमा समितिको माग अनुरूपको बैङ्क खाता मार्फत सोधभर्ना दिनु पर्नेछ ।

(७) बीमा समितिले उपदफा (६) बमोजिम प्राप्त रकम सम्बन्धित बीमा कम्पनीको माग अनुरूपको बैङ्क खाता मार्फत सोधभर्ना दिनु पर्नेछ ।

परिच्छेद ७

**सहुलियतपूर्ण कर्जा प्रवाह तथा ब्याज अनुदान वितरणसँग सम्बन्धित निकायहरुको काम, कर्तव्य र अधिकार**

१५. **बैङ्क तथा वित्तीय संस्थाको काम, कर्तव्य र अधिकार:** यस कार्यविधिको कार्यान्वयन गर्नका लागि सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) निवेदकले यस कार्यविधि बमोजिम कर्जाको लागि निवेदन दिएमा सम्बन्धित बैंङ्क तथा वित्तीय संस्थाले कर्जाको प्रकार, उद्देश्य, माग रकम, जोखिमको स्तर, सुरक्षण, बीमा लगायत परियोजनाको सम्भाव्यता तथा कर्जाको सदुपयोग हुने आधारमा कर्जा प्रवाह गर्ने । कर्जा प्रवाह गर्न नसकिने भएमा स्पष्ट आधार र कारण सहित सम्बन्धित निवेदकलाई लिखित जानकारी दिने,

(ख) कर्जामा ब्याज अनुदान रकम प्राप्त गर्नका लागि नेपाल राष्ट्र बैङ्कले तोकेको ढाँचामा ऋणीले अनुदान पाउने ब्याज रकम बाहेक अरू ब्याज रकम असूल गरेको प्रमाणसहित नेपाल राष्ट्र बैङ्कसँग सोधभर्ना माग गर्ने,

(ग) खण्ड (क) बमोजिम ब्याज अनुदान प्राप्त हुने गरी प्रदान गरिएको कर्जाको त्रैमासिक विवरण नेपाल राष्ट्र बैङ्कले तोकेको ढाँचामा १५ दिनभित्र नेपाल राष्ट्र बैङ्कलाई उपलब्ध गराउने,

(घ) कर्जाको प्रकार, उद्देश्य, लगानी रकम, जोखिमको स्तर एवं आवश्यकतानुसार सदुपयोगिता निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गरी राख्ने ।

१६. **बीमा कम्पनीको काम, कर्तव्य र अधिकार:** यस कार्यविधिको कार्यान्वयन गर्ने सिलसिलामा सम्बन्धित बीमा कम्पनीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) यस कार्यविधि बमोजिम प्रवाह हुने वा भएको दश लाख रुपैयाँ भन्दा बढीको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जाको हकमा व्यवसायिक बीमाका लागि निवेदन प्राप्त भएमा व्यवसायको प्रकृति, कर्जाको प्रकार, उद्देश्य, रकम तथा जोखिमको स्तर लगायतका आधारमा संक्षिप्त प्रक्रिया अवलम्बन गरि व्यवसायीसँग २५ प्रतिशत मात्र बीमा प्रिमियम लिई बीमा गर्ने,

(ख) नेपाल सरकारले उपलब्ध गराउने ७५ प्रतिशत बीमा प्रिमियम वापतको रकम अनुदान स्वरुप प्राप्त गर्नका लागि बीमा समितिसँग सोधभर्ना माग गर्ने,

(ग) यस कार्यविधि बमोजिम बीमा गरिएको व्यवसायमा क्षति भई सोको क्षतिपूर्तिका लागि दावी पर्न आएमा संक्षिप्त प्रक्रिया अवलम्बन गरी व्यवसायीलाई क्षतिपूर्ति उपलब्ध गराउने ।

१७. **निक्षेप तथा कर्जा सुरक्षण कोषको काम, कर्तव्य र अधिकार:** यस कार्यविधिको कार्यान्वयन गर्नका लागि निक्षेप तथा कर्जा सुरक्षण कोषको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) यस कार्यविधि बमोजिम प्रवाह हुने वा भएको दश लाख रुपैयाँ भन्दा बढीको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जाको सुरक्षणका लागि निवेदन प्राप्त भएमा कर्जाको प्रकार, उद्देश्य, रकम तथा जोखिमको स्तर लगायतका आधारमा संक्षिप्त प्रक्रिया अवलम्बन गरी सम्बन्धित बैङ्क तथा वित्तीय संस्थासँग २५ प्रतिशत मात्र सुरक्षण शुल्क लिई सुरक्षण गर्ने,

(ख) नेपाल सरकारले उपलब्ध गराउने ७५ प्रतिशत सुरक्षण शुल्क वापतको रकम अनुदान स्वरुप प्राप्त गर्न नेपाल राष्ट्र बैङ्कसँग सोधभर्ना माग गर्ने,

(ग) यस कार्यविधि बमोजिम प्रवाह भएको कर्जा दफा ४ बमोजिमको अवधि समाप्त भएको छ महिना भित्र ऋणीले चुक्ता नगरेमा दफा २२ बमोजिमको कारवाही प्रक्रिया पूरा गरी सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले कोषमा दावी गरेमा नियमानुसार भुक्तानी गर्ने,

(घ) यस कार्यविधि बमोजिम प्रवाह भएको कर्जाको सुरक्षण शुल्क तथा सुरक्षण दावी भुक्तानीको अद्यावधिक अभिलेख राखी सोको विवरण केन्द्रीय समन्वय तथा अनुगमन समितिमा पठाउने ।

१८. **बीमा समितिको काम, कर्तव्य र अधिकार:** यस कार्यविधिको कार्यान्वयन गर्नका लागि बीमा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) सम्बन्धित बीमा कम्पनीले यस कार्यविधि बमोजिम प्रवाह हुने वा भएको दश लाख रुपैयाँ भन्दा बढीको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जाको व्यवसायिक बीमा गरे वापतको बीमा प्रिमियम माग गरेमा नेपाल राष्ट्र बैङ्कमा रहेको अनुदान सोधभर्ना खाताबाट निकासा लिई सम्बन्धित बीमा कम्पनीलाई सोधभर्ना रकम उपलब्ध गराउने,

(ख) खण्ड (क) बमोजिम बैङ्क तथा वित्तीय संस्थालाई सोधभर्ना उपलब्ध गराइएको रकमको त्रैमासिक विवरण केन्द्रीय समन्वय तथा अनुगमन समितिलाई उपलब्ध गराउने,

(ग) बीमा गरिएको व्यवसायमा क्षति भई सोको क्षतिपूर्तिका लागि दावी प्राप्त भएमा सम्बन्धित बीमा कम्पनी मार्फत संक्षिप्त प्रक्रिया अवलम्बन गरी व्यवसायीलाई क्षतिपूर्ति उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउने,

(घ) यस कार्यविधिको कार्यान्वयन गर्नका लागि सम्बन्धित बीमा कम्पनीहरुको आवश्यक नियमन, अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने ।

१९. **नेपाल राष्ट्र बैङ्कको काम, कर्तव्य र अधिकार:** यस कार्यविधिको कार्यान्वयन गर्ने सन्दर्भमा नेपाल राष्ट्र बैङ्कको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) बैङ्क तथा वित्तीय संस्था, बीमा समिति, निक्षेप तथा कर्जा सुरक्षण कोषबाट कर्जामा प्रदान गरिने अनुदान रकम माग भई आएमा अनुदान सोधभर्ना खाताबाट नियमानुसार सोधभर्ना रकम उपलब्ध गराउने,

(ख) यो कार्यविधि बमोजिम क्षेत्रगत तथा बिषयगत कर्जा तथा ब्याज अनुदानको विवरण अर्थ मन्त्रालयलाई त्रैमासिक रूपमा उपलब्ध गराउने,

(ग) यो कार्यविधिको प्रभावकारी रूपले कार्यान्वयन गर्नका लागि सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाको आवश्यक अनुगमन, नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने,

(घ) कर्जा सदुपयोग भएको नपाईएमा नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ बमोजिम कारवाही गरी अनुदान वापतको रकम बैङ्क तथा वित्तीय संस्थालाई भुक्तानी सोधभर्ना नदिने ।

## परिच्छेद ७ क

## केन्द्रिय निर्देशन समिति

१९क. केन्द्रिय निर्देशन समितिको गठन: (१) यस कार्यविधिको कार्यान्वयनका सम्बन्धमा सहजीकरण, समन्वय, अनुगमन एवम् निर्देशन दिन देहाय बमोजिम केन्द्रिय निर्देशन समिति रहने छ ।

| | | |
|---|---|---|
| (क) | सचिव, अर्थ मन्त्रालय | संयोजक |
| (ख) | डेपुटी गभर्नर, (नेपाल राष्ट्र बैङ्कले तोकेको ) | सदस्य |
| (ग) | सह-सचिव, कृषि तथा पशुपंछी विकास मन्त्रालय | सदस्य |
| (घ) | अध्यक्ष, बीमा समिति | सदस्य |
| (ङ) | प्रमुख कार्यकारी अधिकृत, निक्षेप तथा कर्जा सुरक्षण कोष | सदस्य |
| (च) | सह-सचिव, अर्थ मन्त्रालय (सम्बन्धित महाशाखा | सदस्य सचिव |

(२) समितिले छलफल तथा निर्णयका लागि विषयवस्तुका आधारमा विषय विज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(३) समितिको बैठक भत्ता तथा खाजा खर्च अर्थ मन्त्रालयबाट प्रकाशित कार्य सञ्चालन निर्देशिका बमोजिम हुनेछ ।

(४) समितिको बैठक आवश्यकताअनुसार बस्नेछ र आफ्नो कार्यविधि आफै तय गर्नेछ ।

१९ख. केन्द्रिय निर्देशन समितिको काम, कर्तव्य र अधिकार: केन्द्रीय निर्देशन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) यस कार्यविधिको कार्यान्वयनका लागि नेपाल सरकारका अन्तर निकाय बीच समन्वय गर्ने,

(ख) यस कार्यविधि कार्यान्वयन गर्दा देखापर्ने बाधा फुकाउन कार्यविधिको व्याख्या गरी केन्द्रिय समन्वय तथा अनुगमन समितिलाई निर्देशन दिने ।

(ग) कार्यविधिमा भएका व्यवस्थाहरु परिमार्जन गर्नु परेमा अर्थ मन्त्रालय समक्ष सिफारिस गर्ने,

(घ) यस कार्यविधिको कार्यान्वयनको अवस्थाको बारेमा अनुगमन गर्ने वा गर्न निर्देशन दिने ।

परिच्छेद ८

## समन्वय तथा अनुगमन समिति

२०. **केन्द्रीय समन्वय तथा अनुगमन समितिको गठनः** (१) यस कार्यविधिको कार्यान्वयन गर्नका लागि केन्द्रीयस्तरमा समन्वय तथा अनुगमन गर्न देहाय बमोजिमको केन्द्रीय समन्वय तथा अनुगमन समिति रहनेछ-

| | | |
|---|---|---|
| (क) | डेपुटी गभर्नर, नेपाल राष्ट्र बैङ्क<br>(बैङ्क तथा वित्तीय संस्था नियमन विभाग हेर्ने) | संयोजक |
| (ख) | कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैङ्क<br>(बैङ्क तथा वित्तीय संस्था नियमन विभाग) | सदस्य |
| (ग) | सह-सचिव, अर्थ मन्त्रालय<br>(वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा) | सदस्य |
| (घ) | प्रमुख कार्यकारी अधिकृत, निक्षेप तथा कर्जा सुरक्षण कोष | सदस्य |
| (ङ) | कार्यकारी निर्देशक, बीमा समिति | सदस्य |
| (च) | अध्यक्ष, नेपाल बैङ्कर्स एशोसिएसन | सदस्य |
| (छ) | निर्देशक, नेपाल राष्ट्र बैङ्क<br>(बैङ्क तथा वित्तीय संस्था नियमन विभाग) | सदस्य सचिव |

(२) समितिले छलफल एवं निर्णयका लागि प्रस्ताव भएका विषयवस्तुहरुको आधारमा नेपाल सरकारका पदाधिकारी र बढीमा दुईजना विषय-विज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(३) समितिको सचिवालय नेपाल राष्ट्र बैङ्क, बैङ्क तथा वित्तीय संस्था नियमन विभागमा रहनेछ । सचिवालयले समितिले तोकेका कार्यहरू गर्नेछ ।

(४) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

२१. **केन्द्रीय समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः** केन्द्रीय समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) यस कार्यविधिको कार्यान्वयन गर्नका लागि आवश्यक समन्वय तथा अनुगमन गर्ने,
(ख) कर्जा प्रवाह गर्ने सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाको निरीक्षण गर्ने गराउने,
(ग) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउन सिफारिस गर्ने,
(घ) कार्यविधि तथा अनुसूचीको व्याख्या गर्ने तथा
(ङ) कार्यविधिमा भएका व्यवस्थाहरूमा हेरफेर गर्नु परेमा पुनरावलोकनका लागि नेपाल सरकार, अर्थ मन्त्रालय समक्ष सिफारिस गर्ने ।
(च) केन्द्रिय निर्देशन समितिले दिएका निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।

परिच्छेद ९

## कारवाही सम्बन्धी व्यवस्था

२२. **कर्जा चूक्ता नगरेमा हुने कारवाही:** (१) ऋणीले दफा ४ बमोजिम कर्जा चुक्ता नगरेमा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले देहाय बमोजिमको कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछः-

(क) ऋणीलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राख्न,

(ख) ऋणीको राहदानी रोक्का राख्न,

(ग) ऋणीको नाममा रहेको कुनै चल अचल सम्पति बिक्री गर्न बन्देज लगाउनका लागि सम्बन्धित निकायमा लेखी पठाउन,

(घ) ऋणीको बैङ्क तथा वित्तीय संस्थाहरुमा रहेको खाता रोक्का गर्न,

(ङ) नेपाल सरकारबाट उपलब्ध गराउने सामाजिक सुरक्षा भत्ता लगायतका अन्य नागरिक सुविधाबाट वञ्चित गर्न ।

(२) कर्जा प्रवाह गर्ने बैङ्क तथा वित्तीय संस्थाले यस्ता सुविधा रोक्का गर्न अनुरोध गरेमा सम्बन्धित निकायले त्यस्ता ऋणीको सुविधा रोक्का राख्नु पर्नेछ ।

परिच्छेद १०

## विविध

२३. **कर्जा वर्गीकरण तथा जोखिम सम्बन्धी अन्य व्यवस्था:** (१) यस कार्यविधि बमोजिम अनुदान प्राप्तगर्ने कर्जाहरूको वर्गीकरण नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थालाई जारी गरेको एकीकृत निर्देशन बमोजिम हुनेछ ।

(२) यस कार्यविधिमा उल्लेख गरिएका विषय बाहेक अन्य विषयमा प्रचलित कानून, नेपाल राष्ट्र बैङ्क, बीमा समिति तथा निक्षेप तथा कर्जा सुरक्षण कोषको नियमन र निर्देशनको परिधि भित्र रही यस्तो कर्जाको लगानी, अनुगमन, सुरक्षण, बीमा तथा असुली सम्बन्धमा सम्बन्धित बैङ्क तथा वित्तीय संस्था एवं बीमकले स्पष्ट नीति र प्रक्रिया बनाई लागू गर्न सक्नेछ ।

(३) यस कार्यविधि बमोजिम प्रवाह हुने वा भएको दश लाख रुपैयाँ भन्दा माथिको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जालाई नेपाल राष्ट्र बैङ्कबाट विपन्न वर्ग कर्जा अन्तर्गत गणना गर्ने व्यवस्था मिलाइनेछ ।

(४) सामूहिक जमानीमा मात्र प्रवाह भएको कर्जाको हकमा अतिरिक्त जोखिम व्यवस्था गर्नु पर्ने छैन ।

(५) ऋणीले साँवा ब्याज नियमित गरेको अवस्थामा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले नेपाल सरकारबाट पाउनु पर्ने ब्याज अनुदान रकम समेत सोही अवधिको ब्याज आम्दानीमा गणना गर्न सक्नेछ ।

(६) नेपाल सरकारबाट पाउनुपर्ने ब्याज अनुदान वापतको यस्तो रकमलाई पूँजी कोष अनुपात गणना प्रयोजनका लागि सरकार माथिको दावी सरह शून्य प्रतिशत जोखिम भार प्रदान गर्न सक्नेछ ।

| ***F. Profit before Bonus and Taxes (E +3.11)*** | | | | |
| 3.12 | Provision for Staff Bonus | | | |
| 3.13 | Provision for Tax | | | |
| | ***G. Net Profit/Loss (F - 3.12 - 3.13)*** | | | |
| **4** | **Ratios** | **At the End of This Quarter** | **At the End of Previous Quarter** | **At the End of Corresponding Previous Year Quarter** |
| 4.1 | Capital Fund to RWA | | | |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | | | |
| 4.3 | Total Loan Loss Provision to Total NPL | | | |
| 4.4 | Cost of Funds | | | |

**प्रष्टिकरण**

**(क) वासलातका शीर्षकहरुको संक्षिप्त व्याख्या**

पुँजी तथा दायित्वतर्फ

१. शेयर पुँजी

यस शीर्षकमा इजाजतपत्रप्राप्त संस्थाको चुक्ता शेयर पुँजी उल्लेख हुनु पर्नेछ । सञ्चित मुनाफा वा जगेडा रकमबाट बोनस शेयर जारी भएमा यसरी जारी गरी शेयर पुँजीमा जम्मा गरेको रकमलाई समेत अनुसूची ४.१ मा उल्लेख (Disclose)गर्नु पर्नेछ । शेयर पुँजीसँग सम्बन्धित विवरण अनुसूची ४.१ बमोजिम हुनु पर्नेछ र सोही अनुसूचीको क्रम संख्या १.६ को कुल रकम वासलातको यस शीर्षकमा जनाउनु पर्नेछ ।

*२. जगेडा तथा कोषहरु*

*इजाजतपत्रप्राप्त संस्थाले जगेडा कायम गर्ने सिलसिलामा नाफाबाट बाँडफाँड भै आएका वा अन्य कुनै प्रक्रियाबाट सृजना भएका तथा नाफा-नोक्सान हिसावमा बाँडफाँड नगरी सञ्चय गरी राखिएको रकमहरुलाई यस शीर्षक (अनुसूची ४.२) मा जनाउनु पर्नेछ । यस शीर्षकमा सामान्यतः नाफा-नोक्सान बाँडफाँड हिसावमा खर्च जनाई जम्मा गर्नु पर्ने र यी जगेडा प्रयोग गर्दा सम्बन्धित जगेडा तथा कोष हिसावमा खर्च जनाउनु पर्नेछ ।*

*(क) साधारण/वैधानिक जगेडा कोष*

*साधारण जगेडा कोष भनेको वैधानिक जगेडा कोष (Statutory Reserve) हो । यस अन्तर्गत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन अनुसार खुद मुनाफा विनियोजनबाट सारिएको रकम समावेश गर्नु पर्नेछ । साधारण/वैधानिक जगेडा कोषमा रहेको रकमबाट कुनै पनि प्रकारको लाभांश (नगद वा बोनस शेयर) वितरण गर्न पाइने छैन । उक्त कोषमा रहेको रकम प्रयोग गर्न यस बैंकको स्वीकृति लिनु पर्नेछ ।*

*(ख) पुँजीगत जगेडा कोष*

*पुँजीगत जगेडा कोष अन्तर्गत देहायका शीर्षकहरु रहने छन् ।*

*(अ) शेयर प्रिमियम*

*इजाजतपत्रप्राप्त संस्थाले आफ्नो शेयर जारी गर्दा शेयरको अंकित मूल्य भन्दा बढी दरले जारी गरेको रहेछ भने उक्त बढी रकम जति यस हिसावमा जम्मा गर्नु पर्नेछ । यस हिसावमा रहने रकम नगद लाभांश वितरण प्रयोजनको लागि योग्य मानिने छैन ।*

*(आ)पुँजीगत जगेडा*

*यस अन्तर्गत निम्न रकमहरु राख्नु पर्नेछ ।*

*- चुक्ता नभएको शेयरको बाँकी रकम माग गर्दा भुक्तानी नगरेको कारणले उक्त शेयरलाई जफत गरी प्राप्त हुन आएको रकम ।*

*- पुँजीगत अनुदान वापत प्राप्त हुन आएको जिन्सी तथा नगद रकम ।*

*- लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा मर्ज तथा प्राप्ती हुँदा* ***स्वाप रेसियोमा फरक परेको कारण बचत हुन आउने शेयर पुँजी वापतको रकम यस हिसावमा जम्मा गर्नु पर्नेछ ।***

*(इ) सम्पत्ति पुनर्मूल्याङ्कन जगेडा (Assets Revaluation Reserve)*

*कम्पनीले सम्पत्तिको पुनर्मूल्याङ्कन गरी सृजना हुन आएको जगेडालाई यस अन्तर्गत राख्नु पर्ने छ ।*

*(ई) अन्य पुँजीगत जगेडा*

*(ग) लाभांश समीकरण कोष*

*लाभांशमा एकरुपता कायम गर्ने उद्देश्यले नाफा भएको अवस्थामा नाफाबाट यस खातामा जम्मा गर्नसकिने छ । त्यस्तो अवस्थामा सञ्चालक समितिको प्रस्ताव र साधारण सभाखो अनुमोदनमा यस खाता खर्च गरी लाभांश दिन सकिने छ ।*

*(ङ) पुँजी समायोजन कोष*

*यस बैंकबाट तोकिएको न्यूनतम चुक्ता पुँजी पुर्‍याउन पुँजी समायोजन कोष खडा गरी राखेको रकम यस शीर्षक अन्तर्गत राख्नु पर्नेछ ।*

*(घ) सञ्चित नाफा/नोक्सान*

*यस अन्तर्गत नाफा/नोक्सान बाँडफाँड हिसावमा देखिएको सञ्चित नाफा वा सञ्चित नोक्सानलाई देखाउनु पर्ने छ। सञ्चित नोक्सानलाई ऋणात्मक चिन्ह दिई वा कोष्ठ (...) भित्र देखाउनु पर्नेछ।*

*(च) अन्य जगेडा कोष*

कुनै खास उद्देश्य लिएर वा नलिईकन अन्य कुनै जगेडा कोष (माथि उल्लिखित बाहेक) खडा गरेमा शीर्षक खोली यस अन्तर्गत राख्नु पर्नेछ।

३. <u>ऋणपत्र तथा बन्ड</u>

लघुवित्त वित्तीय संस्थाले ऋणपत्र तथा बन्ड जारी गरी पुँजी उठाएको भएमा उक्त रकमलाई यस शीर्षक अन्तर्गत अनुसूची ४.३ अन्तर्गत सम्बन्धित उपकरणको नाम खुलाई उल्लेख गर्नु पर्नेछ। वासलातको यस शीर्षकमा जनाइने रकम अनुसूची ४.३ को कुल रकमसँग बराबर हुनु पर्नेछ।

४. <u>तिर्न बाँकी कर्जा (सापटी)</u>

लघुवित्त वित्तीय संस्था आफुले कर्जा सापट लिई तिर्न बाँकी रहेको कुल रकमलाई यस शीर्षकमा जनाउनु पर्नेछ। यस शीर्षक सम्बन्धी विवरण अनुसूची ४.४ मा उल्लेख गर्नु पर्नेछ।

५. <u>निक्षेप दायित्व</u>

लघुवित्त वित्तीय संस्थाले निक्षेपकर्ताहरुबाट परिचालन गरेको कुल निक्षेप यस शीर्षक अन्तर्गत देखाउनु पर्नेछ। यस शीर्षक सम्बन्धी विवरण अनुसूची ४.५ बमोजिम हुनु पर्नेछ।

६. <u>प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभाँस</u>

प्रस्तावित तथा साधारणसभाले पारित गरेको तर भुक्तानी गरी नसकेको लाभांस रकम यस अन्तर्गत राख्नु पर्नेछ।

७. <u>आयकर दायित्व</u>

संस्थाले यस शीर्षक अन्तर्गत आयकर ऐन बमोजिम भुक्तानी गर्नु पर्ने आयकर वापतको व्यवस्था रकम राख्नु पर्नेछ। अग्रिमभुक्तानी भएको आयकर रकम घटाएर खुद तिर्न बाँकी आयकर भए मात्र यस शीर्षक अन्तर्गत राख्नु पर्नेछ। यदि आयकर दायित्व भन्दा अग्रिम कर भुक्तानी रकम बढी रहेमा खुद रकम अन्य सम्पत्तिमा देखाउनु पर्नेछ।

८. <u>अन्य दायित्व</u>

संस्थाको हिसाबमा देखिएका माथि उल्लिखितपुँजी तथा दायित्वहरु बाहेकका अन्य कुनै पनि किसिमका दायित्वहरु यस शीर्षकमा देखाउनु पर्नेछ। यसमा दिइएको उपशीर्षकहरु सीमित रहेको मानिएको छैन र संस्थाले आवश्यकता अनुसार अन्यत्र प्रदर्शन गर्न नसकिने शीर्षकहरु यसमा राख्न सक्नेछ।

(क) भुक्तानी दिन बाँकी बोनस

कर्मचारीलाई भुक्तानी दिन बाँकी बोनस रकम यस अन्तर्गत राख्नु पर्नेछ।

(ख) निक्षेपमा भुक्तानी दिन बाँकी ब्याज

निक्षेपमा भुक्तानी दिन बाँकी ब्याज रकम यस अन्तर्गत राख्नु पर्नेछ।

(ग) सापटीमा भुक्तानी दिन बाँकी ब्याज

संस्थाले कर्जा तथा सापटीमा भुक्तानी दिन बाँकी ब्याज रकम यस अन्तर्गत राख्नु पर्नेछ।

(घ) सण्ड्री क्रेडिटर्स

संस्थाको दैनिक काम कारबाहीका सिलसिलामा भुक्तानी दिनु पर्ने तर अन्य शीर्षक अन्तर्गत नपर्ने दायित्वहरु यस शीर्षक अन्तर्गत राख्नु पर्नेछ।

(च) लेखापरीक्षण शुल्क

लेखापरीक्षण कार्य गरे बापत लेखापरिक्षकलाई भुक्तानी दिन बाँकी रकम यस शीर्षक अन्तर्गत राख्नु पर्नेछ।

(छ) उपदान कोष

संस्थाले आफ्नो कर्मचारी नियमावली अनुसार कर्मचारीहरुप्रतिको उपदान वापतको दायित्व रकम यस शीर्षक अन्तर्गत राख्नु पर्नेछ।

(ज) कर्मचारी सञ्चयकोष

संस्थाले कर्मचारीलाई सञ्चयकोष बापत प्रदान गर्नको लागि कर्मचारीको मासिक तलबबाट कट्टा गरिएको, संस्थाले थप गरेको र त्यस कोषले आर्जन गरेको ब्याज तथा आम्दानी वापतको दायित्व रकम यस शीर्षक अन्तर्गत राख्नु पर्नेछ।

(झ) शाखा हिसाब

संस्थाको विभिन्न शाखाको हिसाब मिलानगर्दा क्रेडिट व्यालेन्स आएमा यस शीर्षक अन्तर्गत प्रस्तुत गर्नु पर्नेछ।

(ञ) विदा वापतको व्यवस्था

संस्थाले आफ्नो कर्मचारी नियमावली अनुसार कर्मचारीहरुप्रतिको विदा वापतको दायित्व रकम यस शीर्षक अन्तर्गत राख्नु पर्नेछ ।

(च) भुक्तानी दिनुपर्ने बिलहरु

संस्थाले भुक्तानी दिन बाँकी बिलहरुको रकम समावेश गर्नुपर्ने छ ।

सम्पत्तितर्फ

१. नगद मौज्दात

लघुवित्त वित्तीय संस्थाको आफ्नो ढुकुटीमा स्वदेशी एवम् भारतीय मुद्रामा रहेको कुल नगद मौज्दात रकम यस शीर्षकमा उल्लेख गर्नु पर्नेछ ।

२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात

इजाजतपत्रप्राप्त संस्थाले नेपाल राष्ट्र बैंकमा ब्याज प्राप्त नहुने गरी जम्मा गरेको कुल रकमलाई यस शीर्षकमा देखाउनु पर्नेछ ।

३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात

इजाजतपत्रप्राप्त संस्थाले स्वदेशी तथा विदेशी बैंक तथा वित्तीय संस्थाहरुमा जम्मा गरेको कुल रकमलाई यस शीर्षकमा देखाउनु पर्नेछ । यस शीर्षकको रकम अनुसूची ४.७ को कुल रकमसँग बराबर हुनु पर्नेछ ।

४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम

यस शीर्षकमा वढीमा ७ दिनसम्मको भुक्तानी अवधि (Maturity Period) कायम गरी माग गर्नासाथ वा छोटो अवधिको सूचना (४८ घण्टा) मा भुक्तानी प्राप्त हुने शर्तमा अन्य इजाजतपत्रप्राप्त संस्थामा ब्याज प्राप्त हुने गरी लगानी गरिएको रकम उल्लेख गर्नु पर्नेछ ।

५. लगानी

लघुवित्त वित्तीय संस्थाले विभिन्न शेयर तथा अन्य धितोपत्रमा गरेको लगानीलाई लगानी सम्बन्धी निर्देशन बमोजिम मूल्याङ्कन गरी अनुसूची ४.८ र ४.८(क) अनुसार देखाउनु पर्नेछ ।

६. कर्जा सापट

लघुवित्त वित्तीय संस्थाले प्रदान गरेको कुल कर्जा सापटमा कर्जा नोक्सानी वापत व्यवस्था गरेको रकम घटाई यस शीर्षक अन्तर्गत खुद कर्जा सापटको महलमा देखाउनु पर्नेछ । उक्त रकम अनुसूची ४.९ अनुसार देखाउनु पर्नेछ ।

लघुवित्त वित्तीय संस्थाको कर्मचारीलाई कर्मचारी विनियमावली अनुसार प्रदान गरिने कर्जा सुविधालाई यस शीर्षकमा नदेखाई वासलातको सम्पत्ति र जायजेथा तर्फको अन्य सम्पत्ति शीर्षक अन्तर्गत देखाउनु पर्नेछ ।

७. स्थिर सम्पत्ति

लघुवित्त वित्तीय संस्थाको स्वामित्वमा रहेको स्थायी प्रकृतिका सम्पत्तिहरुको लेखाङ्कन यस शीर्षकमा गरी सम्पत्तिको कुल मूल्यमा ह्रास कट्टा गरी बाँकी रहेको रकमलाई वासलातको यस शीर्षकमा देखाउनु पर्नेछ । यस शीर्षकमा जनाइने रकम अनुसूची ४.१० मा उल्लेख गर्नु पर्नेछ ।

८. गैर-बैंकिङ्ग सम्पत्ति

यस शीर्षक अन्तर्गत गैर-बैंकिङ्ग सम्पत्ति र सो को लागि गरिएको व्यवस्था रकमको खुद अवस्था देखाउनु पर्दछ । यस शीर्षकमा जनाइने रकम अनुसूची ४.११ मा उल्लेख गर्नु पर्नेछ ।

९. अन्य सम्पत्ति

माथि उल्लेख भएका बाहेक अन्य कुनै पनि शीर्षकमा रहेको सम्पत्तिहरु (Tangible or Intangible)यस शीर्षकमा देखाउनु पर्नेछ । यसमा रहने रकमहरुमा मसलन्द मौज्दात, इजाजतपत्रप्राप्त संस्थाको कर्मचारीलाई कर्मचारी विनियमावली अनुसार प्रदान गरिने सापटी तथा सुविधा, लगानीमा असुल गर्न बाँकी आम्दानी, कर्जामा असुल गर्न बाँकी ब्याज, सण्ड्री डेटर्स, मार्गस्थ सम्पत्तिहरु, अपलेखन हुन बाँकी खर्च आदि पर्नेछन् । यस शीर्षकमा देखाइने सम्पत्तिहरुमा गरिएको सम्भावित नोक्सानी व्यवस्था घटाई आउने खुद रकम मात्र अनुसूची ४.१२ मा उल्लेख गर्नु पर्नेछ ।

कर्जामा असुल गर्न बाँकी ब्याजमा मुल्तवी हिसावमा सारिएको रकम घटाई आउने रकम क्र.स. ३ मा देखाउनु पर्दछ ।

सम्भावित दायित्वहरु

(क) संस्थाको सम्भावित दायित्वहरुलाई वित्तीय विवरणको अनुसूची ४.१३ मा तोकिएको ढाँचा अनुसार बिभाजन गरी कुल रकम यस शीर्षक अन्तर्गत राख्नु पर्नेछ ।

(ख) शेयरमा लगानी गरेकोमा शेयर वापत भुक्तानी गर्नु पर्ने पुरै रकम भुक्तानी भएको रहेनछ भने भुक्तानी दिन बाँकी रकम यस शीर्षकमा देखाउनु पर्छ ।

(ग) आयकर वापतको सम्भावित दायित्व को कुल रकमलाई यस शीर्षक अन्तर्गत राख्नु पर्नेछ ।

(घ) माथि उल्लिखित दायित्व बाहेक लघुवित्त वित्तीय संस्थाको अन्य सम्भावित दायित्व छन् भने सो समेतलाई अनुसूची ४.१३ अन्तर्गत देखाउनु पर्नेछ ।

## (ख) नाफा-नोक्सान हिसावका शीर्षकहरुको संक्षिप्त व्याख्या

१. ब्याज आम्दानी

लघुवित्त वित्तीय संस्थाले प्रदान गरेको कर्जा/सापटमा प्राप्त हुनु पर्ने ब्याजलाई नगद प्राप्तीको आधारमा आम्दानी वाँधी यस शीर्षकमा देखाउनु पर्नेछ । संस्थाको ब्याज आम्दानीलाई अनुसूची ४.१४ बमोजिम उल्लेख गर्नु पर्नेछ ।

तर यस व्यवस्थाले असार महिनासम्ममा पाकेको ब्याज वर्षान्तपछिको साउन १५ गतेभित्र प्राप्त भएमा सो रकमलाई बैंक तथा वित्तीय संस्थाहरुले आ-आफ्नो आम्दानी लेखाङ्कन सम्बन्धी नीतिमा स्पष्ट खुलाई गत आर्थिक वर्षको नाफा नोक्सान हिसावमा आम्दानी जनाउन वाधा पुगेको मानिने छैन ।

२. ब्याज खर्च

लघुवित्त वित्तीय संस्थाले स्वीकार गरेको निक्षेपमा तथा लिएको सापटीमा उल्लिखित अवधिमा तिर्नु पर्ने ब्याज रकमलाई "ब्याज खर्च" हिसाव शीर्षकमा खर्च लेख्नु पर्नेछ । नाफा-नोक्सान हिसावको यस शीर्षकमा जनाइने कुल रकम अनुसूची ४.१५ मा उल्लेख गर्नु पर्नेछ ।

३. कमिशन तथा अन्य सञ्चालन आम्दानी

लघुवित्त वित्तीय संस्थाले आफ्नो कारोबार सञ्चालनको सिलसिलामा उल्लिखित अवधिमा आर्जन गरेको कमिशन तथा अन्य कुनै पनि आम्दानीलाई यस शीर्षकमा जनाई अनुसूची ४.१६ अनुसार देखाउनु पर्नेछ ।

४. कर्मचारी खर्च

लघुवित्त वित्तीय संस्थाका कर्मचारीहरुको निमित्त भए गरेको खर्चहरुको कुल रकम यस शीर्षकमा जनाउनु पर्नेछ । यस शीर्षकमा समावेश हुने खर्चहरुमा कर्मचारी तलव, भत्ता, पेन्सन, उपदान खर्च, सञ्चयकोष थप, तालिम खर्च, पोशाक खर्च, वीमा आदि पर्नेछन् । यस शीर्षकमा जनाईने रकम अनुसूची ४.१७ अनुसार उल्लेख गर्नु पर्नेछ ।

५. अन्य सञ्चालन खर्च

लघुवित्त वित्तीय संस्थाले आफ्नो कार्यालय सञ्चालनको सिलसिलामा भए/गरेका अन्य सम्पूर्ण सञ्चालन खर्चहरुको कुल रकम यो शीर्षकमा जनाउनु पर्नेछ । यस शीर्षकमा उल्लेख गरिने रकम अनुसूची ४.१८ मा उल्लेख गर्नु पर्नेछ ।

६. सटही घटवढ नोक्सान

सटही घटबढ आम्दानी/नोक्सान हिसावमा देखिएको खुद मौज्दात ऋणात्मक रहेमा यो शीर्षकमा देखाउनु पर्नेछ ।

७. सम्भावित नोक्सानी व्यवस्था

जोखिमयुक्त सम्पत्ति (Risk assets)को लागि यस बैंकको निर्देशन बमोजिम राख्नुपर्ने व्यवस्था (Provision)नाफा/नोक्सान हिसावको यस शीर्षकमा खर्च जनाई अनुसूची ४.१९ अनुसार उल्लेख गर्नु पर्नेछ । यस्तो व्यवस्थाको अनुमान त्रैमासिक रुपमा गर्नु पर्नेछ ।

८. गैर-सञ्चालन आम्दानी/नोक्सान

कारोबारको सिलसिलामा प्रत्यक्ष रुपले सञ्चालनसंग सम्बन्धित नरहेका आम्दानी तथा खर्चहरु यस शीर्षक अनुसार उल्लेख गर्नु पर्नेछ । यस शीर्षकमा जनाइने रकम अनुसूची ४.२० अनुसार उल्लेख गर्नु पर्दछ ।

९. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता

जोखिमयुक्त सम्पत्तिहरु (Risk assets)को लागि गरिएको व्यवस्था रकम बढी भएमा बढी भएको रकम फिर्ता आम्दानी (Write back)गर्नु पर्ने अवस्था आएमा यस शीर्षक अन्तर्गत देखाई अनुसूची ४.२१ अनुसार उल्लेख गर्नु पर्नेछ ।

१०. असामान्य कारोबारहरुबाट भएको आम्दानी/खर्च

असामान्य कारोबारहरुबाट भएको आम्दानी/खर्च अन्तर्गत माथि उल्लिखित अन्य शीर्षकहरु वाहेक खुद ब्याज आम्दानीको ५ प्रतिशतभन्दा बढी रहेका सबै खर्च तथा आम्दानीको लागि अनसूची ४.२२ अनुसार अलग्गै शीर्षकमा देखाउनु पर्नेछ ।

११. कर्मचारी बोनस व्यवस्था

कर्मचारी वोनसको व्यवस्था गर्दा नाफा-नोक्सान हिसावको सम्पूर्ण कारोबार पछिको खुद मुनाफा ( वोनस व्यवस्था समेत) लाई आधार लिनु पर्नेछ । विद्यमान कानुन बमोजिम खुद नाफाबाट तोकिएको प्रतिशतले वोनसकोलागि छुट्ट्याउनु पर्ने रकमलाई यस शीर्षक मार्फत नाफा-नोक्सान हिसावमा खर्च जनाउनु पर्नेछ ।

१२. आय कर व्यवस्था

खुद कर योग्य नाफामा लाग्ने आय कर वापतको रकम यस शीर्षकमा खर्च लेख्नु पर्नेछ । लघुवित्त वित्तीय संस्थाले आय कर ऐन तथा प्रचलित आर्थिक कानुनले छुट दिएका र मान्यता नदिइएका खर्चहरुको हिसाव गरी कर योग्य नाफा कायम गर्नुपर्ने छ र सोही अनुमानित कर योग्य नाफाको आधारमा आय कर सम्बन्धी भावी दायित्व निर्धारण गरी यस शीर्षक मार्फत नाफा-नोक्सान हिसावमा खर्च जनाउनु पर्नेछ ।

१३. खुद नाफा/नोक्सान

यस शीर्षकमा रहेको रकमलाई सोही वर्षको/अवधिको “नाफा-नोक्सान वाँडफाँड हिसाव” को यस वर्षको मुनाफा वा यस वर्षको नोक्सान शीर्षकमा देखाउनु पर्नेछ ।

## (ग) नाफा-नोक्सान वाँडफाँड हिसाव सम्बन्धी शीर्षकहरुको संक्षिप्त व्याख्या

खर्च तर्फको विवरण (Debit तर्फ)

१. गत वर्षसम्मको सञ्चित नोक्सान

लघुवित्त वित्तीय संस्थाको हिसावमा गत आर्थिक वर्षसम्मको सञ्चित घाटा रहेको अवस्थामा यस शीर्षकमा जनाउनु पर्नेछ ।

२. साधारण जगेडा कोष

चुक्तापुँजीको दोव्वर नभएसम्म प्रत्येक वर्षको खुद नाफाबाट कम्तीमा वीस प्रतिशत रकम साधारण जगेडा कोषमा वाँडफाँड गर्नु पर्नेछ ।

३. भैपरि आउने जगेडा

आफ्नो खुद नाफाबाट केही अंश छुट्याई “भैपरी आउने जगेडा” शीर्षकमा राख्ने निर्णय गरेमा त्यस्तो रकम यस कोषमा बाँडफाँड गर्नु पर्नेछ ।

४. संस्था विकास कोष

आफ्नो नाफालाई संस्था विकास कोषमा जम्मा गर्ने गरी वाँडफाँड गर्ने निर्णय गरेमा सो बमोजिमको रकम यस शीर्षकमा देखाउनु पर्नेछ ।

५. लाभांशसमीकरण कोष

संस्थाको नाफाबाट केही रकम आगामी वर्षहरुमा लाभांशसमीकरण गर्ने उद्देश्यले वाँडफाँड गरी छुट्टै राख्न चाहेमा त्यस्तो रकमलाई यस शीर्षक मार्फत वाँडफाँड हिसावमा खर्च जनाउनु पर्नेछ ।

६. कर्मचारी सम्बन्धी जगेडाहरु

संस्थाको कर्मचारीहरुसंग सम्बन्धित कुनै प्रकारका कल्याणकारी कोष वा अन्य कुनै किसिमका कोषहरुमा नाफाको केही अंश वाँडफाँड गर्ने भएमा यस शीर्षक मार्फत वाँडफाँड हिसावमा खर्च जनाउनु पर्नेछ ।

७. प्रस्तावित लाभांश

आफ्नो नाफाको केही अंश लाभांश वितरण गर्न प्रस्ताव गरेको भएमा सो रकमलाई यस शीर्षकको बाँडफाँड हिसावमा खर्च जनाउनु पर्नेछ ।

८. प्रस्तावित वोनस शेयर

आफ्नो सञ्चित मुनाफालाई पुँजीकरण गरी विद्यमान शेयरवालाहरुलाई बोनस शेयर प्रदान गर्ने वा शेयरकै चुक्ता मूल्य बढाउने निर्णय गरेमा सो वापतको रकममध्ये सञ्चित मुनाफाबाट जति प्रयोग हुने हो सो रकमलाई नाफा-नोक्सान बाँडफाँड हिसाबमा खर्च लेखी यस शीर्षकमा जम्मा गर्नु पर्नेछ ।

९. विशेष जगेडा कोष

यस बैंकको निर्देशन बमोजिम कुनै पनि किसिमको विशेष जगेडा कोषहरु खडा गर्न सञ्चित मुनाफा प्रयोग गर्नुपर्दा यस शीर्षक मार्फत बाँडफाँड हिसावमा खर्च जनाउनु पर्नेछ ।

१०. <u>सटही घटबढ कोष</u>

विदेशी मुद्राको पुनर्मूल्याङ्कनबाट वर्षभरिमा भएको आम्दानीमध्ये सटही घटवढ सम्वन्धि नीति बमोजिम उक्त कोषमा विनियोजन गर्नु पर्ने रकम यस शीर्षकमा देखाउनु पर्नेछ ।

**(घ) इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण**

लघुवित्त वित्तीय संस्थाले तोकिएको ढाँचामा आवश्यक विवरणहरु खुलाई नेपाल लेखा मापदण्ड (NAS) को आधारमा वित्तीय विवरणको अभिन्न अङ्गको रुपमा इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण तयार गर्नु पर्नेछ ।

**(ङ) नगद प्रवाह विवरण**

कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम हरेक कम्पनीले आफ्नो वार्षिक हिसाब विवरणहरु तयार गर्दा नाफा-नोक्सान हिसाव तथा वासलातको अलावा नगद प्रवाह विवरण पनि तयार गर्नु पर्ने व्यवस्था गरेको छ। यसर्थ कम्पनीको रुपमा दर्ता भएका सबै इजाजतपत्रप्राप्त संस्थाहरुले आफ्नो वार्षिक हिसाव सँगै "नगद प्रवाह विवरण" समेत तोकिएको ढाँचामा तयार गर्नु पर्नेछ ।

**(च) संस्थापक शेयर धितो बन्धक सम्बन्धमा**

लघुवित्त वित्तीय संस्थाका संस्थापक शेयरधनीले लिएको शेयर अन्य बैंक तथा वित्तीय संस्थामा धितो बन्धक राखी कर्जा लिएको भए सम्बन्धित बैंक/वित्तीय संस्थाको वार्षिक प्रतिवेदनमा उल्लेख (Disclose) गर्नु पर्ने गरी अनुसूची ४.२३ बमोजिमको विवरण पेश गर्नु पर्नेछ ।

**(छ) स्थगन कर सम्बन्धी व्यवस्था**

लघुवित्त वित्तीय संस्थाले वित्तीय विवरण प्रकाशन गर्दा नेपाल लेखामान - ९(Nepal Accounting Standard - 9) अनुसार स्थगन कर (Deferred Tax) को लेखाङ्कन गरी सो विषय समेत खुलाउनु (Disclose) पर्ने छ । उक्त शीर्षकलाई वित्तीय विवरणमा देहाय बमोजिम हुने गरी प्रकाशन गर्नु पर्नेछ ।

१. नाफा नोक्सान हिसावमा आयकर व्यवस्था शीर्षक अन्तर्गत हाल कायम रहेको नियमित प्रकृतिको कर खर्च (CurrentTax) को अलावा यस वर्षको स्थगन कर(Deferred Tax) शीर्षकमा आम्दानी/खर्च लेखाङ्कन गर्नु पर्ने व्यवस्था मिलाईएको छ ।

२. वासलातमा स्थगन कर सम्पत्ति एवम् दायित्वको छुट्टै शीर्षक कायम गर्नुपर्ने भएकोले यसलाई वासलातको अन्य दायित्व/सम्पत्ति सम्बन्धी अनुसूचीमा "अन्य" भन्दा माथि स्थगन कर दायित्व/सम्पत्ति उप-शीर्षक कायम गर्नु पर्ने व्यवस्था मिलाइएको छ ।

३. वार्षिक प्रतिवेदनको लेखा सम्बन्धी टिप्पणीमा स्थगन कर गणनाको लागि अपनाइएको करको दर र सो अपनाउनुको आधार, करयोग्य एवम् कर गणना गर्दा घटाउन मिल्ने अस्थायी फरकहरु, गणना गरिएको स्थगन कर र सो वापत सृजना हुन गएको सम्पत्ति तथा दायित्वको विस्तृत विवरण खुलाउनु पर्नेछ ।

४. हाल स्थगन कर जगेडा कोषमा रहेको रकम अन्य जगेडा कोषमा रकमान्तर गर्नुपर्नेछ ।

निर्देशन फा.नं. घ ५.१

**लघवित्त वित्तीय संस्थाको नाम :**

**अवधि :**

**संरचनागत तरलता (Structural Liquidity) विवरण तालिका**

*(रु. हजारमा)*

| **क्र.स.** | **विवरण** | **१ – ९० दिन** | **९१ – १८० दिन** | **१८१ – २७० दिन** | **२७१ – ३६५ दिन** | **१ वर्ष भन्दा बढी** | **कुल रकम** |
|---|---|---|---|---|---|---|---|
| | ***सम्पत्ति*** | | | | | | |
| १. | नगद मौज्दात | | | | | | |
| २. | बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | | | | | | |
| ३. | मागेको बखत प्राप्त हुने रकम | | | | | | |
| ४. | सरकारी सुरक्षणपत्र | | | | | | |
| ५. | ने.रा.बैंक ऋणपत्र | | | | | | |
| ६. | अन्तर बैंक तथा वित्तीय संस्था कर्जा | | | | | | |
| ७. | कर्जा सापट | | | | | | |
| ८. | पाउनु पर्ने ब्याज | | | | | | |
| ९. | प्रतिबद्धता अन्तर्गत अन्य संस्थाहरुबाट प्राप्त हुने | | | | | | |
| १०. | क्र.स. १८ र १९ का सुविधाहरुको भुक्तानी | | | | | | |
| ११. | अन्य | | | | | | |
| | ***कुल सम्पत्ति*** | | | | | | |
| | ***दायित्व*** | | | | | | |
| १२. | सदस्यहरुबाट निक्षेप | | | | | | |
| १३. | सर्वसाधारणबाट वचत निक्षेप | | | | | | |
| १४. | सर्वसाधारणबाट मुद्दति निक्षेप | | | | | | |
| १५. | ऋणपत्रहरु | | | | | | |
| १६. | सापटी : | | | | | | |
| | माग/अल्प सुचना | | | | | | |
| | अन्तर बैंक/वि.संस्था | | | | | | |
| | पूनरकर्जा | | | | | | |
| | अन्य | | | | | | |
| १७. | अन्य दायित्व तथा व्यवस्थाहरु : | | | | | | |
| | सण्ड्री क्रेडिटर्स | | | | | | |
| | भुक्तानी दिनुपर्ने बिल | | | | | | |
| | भुक्तानी दिनुपर्ने ब्याज | | | | | | |
| | व्यवस्थाहरु | | | | | | |
| | अन्य | | | | | | |
| १८. | प्रतिबद्धता अन्तर्गत अन्य संस्थाहरुलाई दिनुपर्ने | | | | | | |
| १९. | उपभोग भइनसकेको स्वीकृत सुविधाहरु | | | | | | |
| २०. | क्र.स. ९ अन्तर्गतको सुविधाको भुक्तानी | | | | | | |
| २१. | अन्य | | | | | | |
| | ***कुल दायित्व*** | | | | | | |
| | *खुद सम्पत्ति* | | | | | | |
| | *सञ्चित खुद सम्पत्ति* | | | | | | |

| लेखा शीर्षक<br>**सम्पत्ति** | **अवधिको विवरण** |
|---|---|
| पाउनुपर्ने ब्याज | जुन समयमा ब्याज प्राप्त हूने हो, सोही समयको सम्बन्धितBucket मा राख्ने । |
| प्रतिबद्धता अन्तर्गत अन्य संस्थाहरुबाट प्राप्त हुने | जुन समयमा सुविधा प्राप्त हूने अपेक्षा गरिएको छ सोही समयको सम्बन्धितBucket मा राख्ने । |
| **दायित्व** | |
| सण्ड्री क्रेडिटर्स | १ देखि ९० दिनको Bucket मा राख्ने । |
| भुक्तानी दिनुपर्ने बिल | भुक्तानी अवधि अनुसारको सम्बन्धितBucket मा राख्ने । |
| भुक्तानी दिनुपर्ने ब्याज | भुक्तानी अवधि अनुसारको सम्बन्धितBucket मा राख्ने । |
| व्यवस्थाहरु* | निश्चित भुक्तानी अवधि भएको अवस्थामा सोही बमोजिम र नभएको अवस्थामा १ देखि ९० दिनको Bucket मा राख्ने । |
| प्रतिबद्धता अन्तर्गत अन्य संस्थाहरुलाई दिनुपर्ने | बिगतको Trend विष्लेषणबाट मागको Pattern अनुमान गरी सोही अनुसारको सम्बन्धितBucket मा राख्ने । |
| उपभोग भैनसकेको स्वीकृत सुविधाहरु | बिगतको Trend विष्लेषणबाट मागको Pattern अनुमान गरी सोही अनुसारको सम्बन्धितBucket मा राख्ने । |
| क्र.स. ९ अन्तर्गतको सुविधाको भुक्तानी | भुक्तानी अवधि अनुसारको सम्बन्धितBucket मा राख्ने । |
| अन्य शीर्षकहरु | निर्देशनमा व्यवस्था गरिए बमोजिम गर्ने । |

******सम्भावित नोक्सानी वापत कायम गरिएका व्यवस्थाहरु बाहेकका खर्च शीर्षकसंग सम्बन्धित व्यवस्थाहरु ।*

निर्देशन फा.नं. घ ५.२

## ब्याजदर सम्बन्धी जोखिम अनुगमन तालिका

लघुवित्त वित्तीय संस्थाको नामः

अवधि : (रू.लाखमा)

| अवधि / विवरण | १ - ९० दिन | ९१ - १८० दिन | १८१ - २७० दिन | २७१ - ३६५ दिन | १ वर्ष भन्दा बढी | कुल रकम |
|---|---|---|---|---|---|---|
| १. कुल सम्पत्ति* | | | | | | |
| २. कुल दायित्व** | | | | | | |
| ३. अन्तराल (१ – २) | | | | | | |
| ४. सञ्चित अन्तराल | | | | | | |
| ५. समायोजित ब्याजदर (IRC)*** | | | | | | |
| ६. त्रैमासिक मुनाफा स्थितिमा प्रभाव (सञ्चित अन्तरालx IRC) | | | | | | |
| ७. सञ्चित मुनाफा स्थिति फरक (क्र.स. ६ को जोड गर्दै जाने) | | | | | | |

* कुलसम्पत्ति अन्तर्गत ब्याजदरमा भएको परिवर्तनका कारण प्रभावित हुने सम्पत्ति(Interest Sensitive Assets)मात्र समावेश गर्नु पर्नेछ ।

** कुल दायित्व अन्तर्गत ब्याजदरमा भएको परिवर्तनका कारण प्रभावित हुने दायित्व(Interest Sensitive Liabilities)मात्र समावेश गर्नु पर्नेछ ।

*** InterestRateChange

*अनुसूची - घ ६.१*

श्री सञ्चालक समिति,                                                                                  मिति :
२०७...../...../......
.................. लिमिटेड,
.....................................।

**विषय : जानकारी गराएको बारे ।**

उपर्युक्त सम्बन्धमा म ......................................................ले यस लघुवित्त वित्तीय संस्थाको सञ्चालकको पदमा मिति २०६.../..../.....बाट वहाल गरेकोले बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २२ बमोजिम देहायका विषयहरुको बारेमा जानकारी गराएको छु ।

(१) यस लघुवित्त वित्तीय संस्थासंग म वा मेरो परिवारको कुनै सदस्यले कुनै किसिमको करार गरेको वा गर्न लागेको छैन ।

(२) लघुवित्त संस्थाको कार्यकारी प्रमुख, प्रवन्ध सञ्चालक वा कम्पनी सचिव, लेखापरिक्षक तथा महाप्रबन्धकको नियुक्तिको सम्बन्धमा मेरो कुनै प्रकारको स्वार्थ वा सरोकार छैन ।

(३) म र मेरो परिवारको कुनै सदस्यले यस लघुवित्त वित्तीय संस्थाको शेयर संख्या..................लिएको छु/छौं, सो बाहेक बैंकको अन्य शेयर वा डिबन्चर लिएको छैन ।

(४) म यस बाहेक नेपाल राष्ट्र बैकबाट स्वीकृत प्राप्त कुनै बैंक तथा वित्तीय संस्थाको सञ्चालक छैन ।

(५) मेरो परिवारको कुनै पनि सदस्यले यस लघुवित्त वित्तीय संस्थाको पदाधिकारी/कर्मचारीको हैसियतले काम गरेका छन्/छैनन् ।
(रहेको भए खुलाउने ........................................................................)

(६) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १८(ङ) बमोजिम म यस बाहेक अन्य कुनै पनि प्रकारको निक्षेप सम्बन्धी व्यवसाय सञ्चालन गर्ने संस्थाको (प्रचलित कानुन बमोजिम वचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्था समेतको) सञ्चालक, कर्मचारी वा बहालवाला लेखापरिक्षक वा सल्लाहाकारको पदमा रहेको छैन । साथै, यस संस्थाको सञ्चालक रहेसम्म म अन्य कुनै प्रकारको वचत तथा ऋण सम्बन्धी कारोबार गर्ने संस्थाको सञ्चालक हुने छैन ।

(७) यस बैंक/वित्तीय संस्थाको संस्थापक शेयर धितो राखी कर्जा लिएको छ/छैन ।
यदि छ भने सोको विवरण खुलाउनु पर्ने छ ।

(८) माथि घोषणा गरिएका/पेश गरिएका विवरणहरु ठीक सांचो हो, झुट्ठा ठहरिएमा कानुन बमोजिम सहुँला बुझाउँला ।

सञ्चालकको दस्तखतः
नम, थरः
बाबुको नामः
बाजेको/पतिको नामः
ठेगानाः
नागरिकता लिएको जिल्ला र नागरिकता नं.

*(द्रष्टब्य ::: यो विवरण लघुवित्त वित्तीय संस्थाको सञ्चालकको पदमा निर्वाचित वा मनोनित भएको मितिले ७ दिन भित्र र परिवर्तन भएमा परिवर्तन भएको मितिले ७ दिन भित्र सम्बन्धित लघुवित्त वित्तीय संस्थामा पेश गर्नु पर्नेछ । साथै, लघुवित्त वित्तीय संस्थाले सञ्चालकबाट यो विवरण प्राप्त भएको मितिले ७ दिनभित्र यस बैंक समक्ष पेश गर्नु पर्नेछ । )*

*अनुसूची - घ ६.२*

................. **लिमिटेड**

**सञ्चालकहरुको दर्ता/लगत किताव**

| क.सं. | सञ्चालकको नाम | बाबुको नाम | बाजेको/पतिको नाम | पेशा, व्यवसाय | सञ्चालक नियुक्त भएको मिति | सञ्चालकबाट हटेको मिति |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

तयार गर्नेःप्रमाणित गर्नेः

*अनुसूची - घ ६.३*

श्री जनशक्ति व्यवस्थापन विभाग, मिति : २०७..../..../......

..................लघुवित्त वित्तीय संस्था लिमिटेड,

....................................।

**<u>बिषय : स्वघोषणा गरिएको बारे ।</u>**

उपर्युक्त सम्बन्धमा म ......................................................ले यस लघुवित्त वित्तीय संस्थाको ................ पदमा मिति २०७.../..../.....नियुक्त भएकोले नेपाल राष्ट्र बैंकबाट “घ” वर्गका लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको निर्देशन बमोजिम देहाय बमोजिमको स्वघोषणा गर्दछु ।

(१) टाट नपल्टेको वा बेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको,

(२) आफ्नो पूर्व कारोबारमा नेपाल राष्ट्र बैंक वा बैंक तथा वित्तीय संस्थाबाट निलम्वन नगरिएको वा नेपाल राष्ट्र बैंकबाट भएको अनुसन्धानमा शंकास्पद कारोबारमा संलग्न भनी किटान नगरिएको वा त्यस्तो निलम्वनवाट फुकुवा भएको पाँच वर्ष पुगेको वा त्यस्तो शंकास्पद कारोबारको संलग्नताबाट सफाइ पाएको,

(३) कालोसूचीमा समावेश नभएको वा त्यस्तो सूचीबाट फुकुवा भएको तीन वर्ष पुगेको ।

(४) सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरमा सजाय नपाएको वा मुद्दा नचलेको ।

(५) अपराधिक क्रियाकलाप विरुद्ध अदालतमा मुद्दा नचलेको ।

(६) प्रचलित कानून बमोजिम तिर्नुपर्ने कर चुक्ता गरेको ।

माथि घोषणा गरिएका/पेश गरिएका विवरणहरु ठीक छन्, झुट्ठा ठहरिएमा कानून बमोजिम सहुँला बुझाउँला ।

दस्तखतः

नाम थर :

बाबुको नामः

बाजेको/पतिको नामः

ठेगानाः

नागरिकता लिएको जिल्ला र नागरिकता नं.

निर्देशन फा.नं. घ ८.१

**सरकारी ऋणपत्र र नेपाल राष्ट्र बैक ऋणपत्रमा भएको लगानी विवरण (अर्धवार्षिक)**

**२० ......साल ...........महिना**

*(रु.हजारमा)*

| क.स. | विवरण | रकम (रु.) |
|---|---|---|
| | | |
| | कुल | |

मिति　　　　　　　　　　　　　　　　　　　　　　　　　　अधिकृत दस्तखत

निर्देशन फा.नं. घ ८.२

**कम्पनीको शेयरपुँजीमा भएको लगानी विवरण (अर्धवार्षिक)**

**२० ......साल ...........महिना**

(रु.हजारमा)

| क.स. | कम्पनीको नाम | शेयर संख्या | परल मूल्य | बजार मूल्य | नाफा/(नोक्सान) वा कोष समायोजन रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | कुल | | | | |

मिति　　　　　　　　　　　　　　　　　　　　　　　　　　अधिकृत दस्तखत

निर्देशन फा.नं. घ ८.३

**संगठित संस्थाहरुको डिवेञ्चरमा भएको लगानी विवरण (अर्धवार्षिक)**

**२० ......साल ...........महिना**

*रु.हजारमा)*

| क.स. | कम्पनीको नाम | लगानी मिति | रकम रु. |
|---|---|---|---|
| | | | |
| कुल | | | |

मिति　　　　　　　　　　　　　　　　　　　　　　　　　　अधिकृत दस्तखत

**अनुसूची-घ९.१**

## इजाजतपत्रप्राप्त संस्थाहरुले वेबसाइट मार्फत यस बैंकमा पठाउनु पर्ने तथ्याङ्कहरु सम्बन्धी विवरण

<table>
<tr><th>अनुसूची/ फाराम नं.</th><th>विषय</th><th>तथ्याङ्कको प्रकृति</th><th>पठाउनु पर्ने अवधि</th></tr>
<tr><td>९.६</td><td>शाखा तथा अन्य कार्यालयको विवरण</td><td>यथा समयमा</td><td>संचालन भएको दिन</td></tr>
<tr><td>६.४</td><td>संचालक तथा कार्यकारी प्रमुखको विवरण</td><td>यथा समयमा</td><td>नियुक्त वा निवृत्त भएको दिन</td></tr>
<tr><td>९.६क</td><td>निक्षेप खाता संख्याहरुको शाखागत विवरण</td><td>मासिक</td><td rowspan="6">अर्को महिनाको १५ गते भित्र</td></tr>
<tr><td>९.६ख</td><td>कर्जा र निक्षेप सम्बन्धी शाखागत विवरण</td><td>मासिक</td></tr>
<tr><td>९.२२</td><td>प्रमुख वित्तीय परिसूचकहरुको विवरण</td><td>मासिक</td></tr>
<tr><td>९.५</td><td>त्रैमासिक वित्तीय विवरण</td><td>त्रैमासिक</td></tr>
<tr><td>९.१९क</td><td>कर्मचारीहरुको विवरण</td><td>अर्धवार्षिक</td></tr>
<tr><td>९.१९ख</td><td>संस्थापक सेयरधनीहरुको विवरण</td><td>अर्धवार्षिक</td></tr>
</table>

**अनुसूची-घ९.२**

## इजाजतपत्रप्राप्त संस्थाहरुले Excel Sheetमार्फत यस बैंकमा पठाउनु पर्ने तथ्याङ्कहरु सम्बन्धी विवरण

<table>
<tr><th>अनुसूची/फाराम नं.</th><th>विषय</th><th>तथ्याङ्कको किसिम</th><th>तथ्याङ्क पठाउने विधि</th><th>पठाउनु पर्ने अवधि</th></tr>
<tr><td>१.१ र १.२</td><td>पुँजीकोष र जोखिम भारित सम्पत्ति</td><td>मासिक</td><td rowspan="11">१. https://reporting.nrb.org.npमाlogin गर्ने<br>२. Reports Upload Selectगर्ने<br>३. Bulk Excel Upload Select गर्ने<br>४. Add Report Select गर्ने<br>५. Fiscal Year Select गर्ने<br>६. Reporting Month Select गर्ने<br>७. उपयुक्त Category Select गर्ने<br>८. Description मा आवश्यकतानुसार संक्षिप्त विवरण भर्ने<br>९. आफुले Upload गर्न चाहेको रिपोर्टको किसिमSelectगर्ने<br>१०. Choose File बाट आफुले Upload गर्न चाहेकोFileSelectगर्ने<br>११. Saveगर्ने<br><br>एक पटकUpload भई Submit भएको File परिवर्तन गर्नु परेमा देहाय बमोजिमका प्रकृया अवलम्बन गर्ने<br>१. Reports Upload List Clickगर्ने<br>२. सम्बन्धित महिना रCategory मिल्ने गरी View Columnमा रहेकोicon clickगर्ने<br>३. Unlock Request Button Clickगर्ने<br>४. Unlock Details Windowखुल्छ यसमाResubmit Reason: * मा कुनै एउटा कारण चयन गर्ने<br>५. Saveगर्ने<br>६. त्यस पछि पुनः शुरु देखिको प्रकृया अवलम्बन गरीUploadभएको File Submitगर्ने।</td><td rowspan="11">अर्को महिनाको १५ गते भित्र</td></tr>
<tr><td>९.१, ९.२, ९.३, ९.४</td><td>मासिक तथ्याङ्क विवरण</td><td>मासिक</td></tr>
<tr><td>१३.१, १३.२, १३.३</td><td>अनिवार्य मौज्दात र वैद्यानिक तरलता विवरण</td><td>मासिक</td></tr>
<tr><td>९.७</td><td>प्रगति विवरण</td><td>मासिक</td></tr>
<tr><td>५.१</td><td>संरचनागत तरलता अनुगमन विवरण</td><td>त्रैमासिक</td></tr>
<tr><td>५.२</td><td>ब्याजदर जोखिम अनुगमन विवरण</td><td>त्रैमासिक</td></tr>
<tr><td>२.१, २.२</td><td>कर्जा सापट र व्यवस्था, ग्राहक अनुसार कर्जा</td><td>त्रैमासिक</td></tr>
<tr><td>९.८, ९.९</td><td>ब्याजदर अनुसार निक्षेप र कर्जाको विवरण</td><td>त्रैमासिक</td></tr>
<tr><td>८.१, ८.२, ८.३</td><td>सरकारी ऋणपत्र, कम्पनीको शेयर र संगठित संस्थाको डिबेन्चरमा भएको लगानी,</td><td>त्रैमासिक</td></tr>
<tr><td>१७.१</td><td>विपन्न वर्गमा प्रवाह हुने गरी प्राप्त सापटी र सो को लगानी विवरण</td><td>त्रैमासिक</td></tr>
<tr><td>प्रकाशन भए अनुसार</td><td>ब्याजदर प्रकाशित भएको विवरण</td><td>त्रैमासिक</td></tr>
</table>

निर्देशनमा उल्लेख भएदेखि बाहेक यस बैंकको अन्य विभाग/कार्यालयमा पठाउनु पर्ने विवरणहरु नियमित रुपमा पठाउनु पर्नेछ।

**........................ लिमिटेड**
**सम्पत्ति र दायित्वको गोश्वारा हिसाव (मासिक)**
**२० ..... साल ........... महिनाको विवरण**

*(रु.हजारमा)*

| पुँजी तथा दायित्व | रकम | सम्पत्ति | रकम |
|---|---|---|---|
| **१. पुँजी तथा जगेडा कोषहरु** | | **१. नगद मौज्दात** | |
| १.१ चुक्तापुँजी | | १.१ स्वदेशी मुद्रा (सिक्का समेत) | |
| १.१.१ साधारण शेयर | | १.२.१ भारतीय मुद्रा | |
| १.१.२ नन्रिडिमेवल प्रिफरेन्स शेयर | | **२. बैंक मौज्दात** | |
| १.१.३. रिडिमेवल प्रिफरेन्स शेयर | | २.१ स्वदेशी मुद्रा | |
| १.२ कल इन एड्भान्स | | २.१.१ नेपाल राष्ट्र बैंकमा | |
| १.३ प्रस्तावित बोनस शेयर | | २.१.२ "क" वर्गको इजाजतपत्रप्राप्त संस्थामा | |
| १.४ साधारण जगेडाकोष | | २.१.२.१ अनिवार्य नगद मौज्दात प्रयोजनको लागि | |
| १.५ शेयर प्रिमियम | | २.१.२.१ अन्य मौज्दात | |
| १.६ सञ्चित नाफा/नोक्सान (Retained Earning) | | २.१.३ "ख" वर्गको इजाजतपत्रप्राप्त संस्थामा | |
| १.७ अन्य जगेडा तथा कोषहरु | | २.१.४ "ग" वर्गको इजाजतपत्रप्राप्त संस्थामा | |
| १.७.१ भैपरी आउने जगेडा | | २.१.५ अन्य वित्तीय संस्थामा | |
| १.७.२ सम्पत्ति पुनर्मूल्याङ्कन कोष | | **३. मागेका बखत प्राप्त हुने रकम** | |
| १.७.३ पुँजीगत जगेडाकोष | | ३.१ स्वदेशी मुद्रा | |
| १.७.४ संस्था विकासकोष | | ३.१.१ "क" वर्गको इजाजतपत्रप्राप्त संस्थामा | |
| १.७.५ विशेष जगेडाकोष | | ३.१.२ "ख" वर्गको इजाजतपत्रप्राप्त संस्थामा | |
| १.७.६ लाभांश समीकरण कोष | | ३.१.३ "ग" वर्गको इजाजतपत्रप्राप्त संस्थामा | |
| १.७.७ अन्य स्वतन्त्र कोष | | ३.१.४ अन्य वित्तीय संस्थामा | |
| १.८ पुँजी फिर्ता जगेडा कोष | | **४. ऋणपत्रमा लगानी** | |
| १.१० लगानी समायोजन कोष | | ४.१ नेपाल सरकार | |
| १.११ अन्य कोष | | ४.१.१ ट्रेजरी बिल | |
| **२. सापटी** | | ४.१.२ विकास ऋणपत्र | |
| २.१ नेपाल राष्ट्र बैंकबाट सापटी | | ४.१.३ राष्ट्रिय वचत पत्र | |
| २.१.१ पुनरकर्जा | | ४.१.४ विशेष ऋण पत्र | |
| २.१.३ अन्य | | ४.२ ने.रा.बैंक ऋण पत्र | |
| २.२ अन्य सापटी | | ४.४ सरकारी गैर-वित्तीय संस्था | |
| २.२.१ अन्तरबैंक सापटी | | ४.५ अन्य गैर-वित्तीय संस्था | |
| २.२.२ युवास्वरोजगार कोष | | **५. शेयर तथा अन्य लगानी** | |
| २.२.३ गरिबी निवारण कोष | | ५.१ शेयरमा लगानी | |
| २.२.४ ग्रामीण स्वावलम्बन कोष | | ५.२ अन्तरबैंक लगानी | |
| २.२.५ अन्य सापटी | | ५.३ मुद्दती निक्षेपमा गरेको लगानी | |
| **३. निक्षेपहरु** | | ५.४ अन्य लगानी | |
| ३.१ अनिवार्य वचत निक्षेप | | **६. कर्जा तथा सापट** | |
| ३.२ स्वेच्छिक वचत निक्षेप | | ६.१ संस्थागत | |
| ३.३ सर्वसाधारणवाट संकलन गरेको निक्षेप | | ६.२ व्यक्तिगत | |
| ३.३.१ वचत | | **७. स्थिर सम्पत्ति** | |
| ३.३.२ मुद्दती | | ७.१ जग्गा | |
| ३.४ अन्य निक्षेप | | ७.२ भवन | |
| **४. भुक्तानी दिनुपर्ने बिलहरु** | | ७.३ फर्निचर/फिक्सचर | |
| **५. अन्य दायित्व तथा व्यवस्थाहरु** | | ७.४ सवारी साधन | |
| ५.१ सण्ड्री क्रेडिटर्स | | ७.५ कम्प्युटर तथा मेशीनरी | |
| ५.२ पेन्सन तथा उपदान कोष | | ७.६ पुँजीगत निर्माण खर्च | |
| ५.३ कर्मचारी सञ्चयकोष | | ७.७ लिज होल्ड सम्पत्ति | |
| ५.४ कर्मचारी कल्याणकोष | | ७.८ सफ्टवेयर | |
| ५.५ कर्मचारी तालिमकोष | | ७.९ अन्य | |

| | | | |
|---|---|---|---|
| ५.६ कर्मचारी बोनस व्यवस्था | | **८. अन्य सम्पत्ति** | |
| ५.७ कर्मचारीको विदा वापतको रकम | | ८.१ असुल गर्न बाँकी ब्याज | |
| ५.७ प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | | ८.१.१ सरकारी ऋणपत्रमा | |
| ५.८ आयकर व्यवस्था | | ८.१.२ लगानीमा (अन्तरबैंक समेत) | |
| ५.९ कर्जा नोक्सानी व्यवस्था | | ८.१.३ कर्जामा | |
| ५.९.१सामान्य कर्जा नोक्सानी व्यवस्था(असल तथा सूक्ष्म निगरानी) | | ८.२ मसलन्द मौज्दात | |
| ५.९.२ विशेष कर्जा नोक्सानी व्यवस्था | | ८.३ कर्मचारी सापटी/पेश्की | |
| ५.९.२.१पुनरसंरचना/पुनरतालिकिकरण कर्जा | | ८.४ सण्ड्री डेटर्स | |
| ५.९.२.२कमसल कर्जा | | ८.५ अग्रिम भुक्तानी | |
| ५.९.२.३ शंकास्पद कर्जा | | ८.७ मार्गस्थ नगद (Cash in Transit) | |
| ५.९.२.४खराब कर्जा | | ८.९ अग्रिम कर भुक्तानी | |
| ५.९.३ अतिरिक्त कर्जा नोक्सानी व्यवस्था | | ८.११ ख्याति | |
| ५.९.४ सिमा नाघेको कर्जाको नोक्सानी व्यवस्था | | ८.१२ अन्य | |
| ५.१० लगानी सम्बन्धी नोक्सानी व्यवस्था | | **९. अपलेखन हुन बाँकी खर्च** | |
| ५.११ गैर-बैंकिङ्ग सम्पत्ति नोक्सानी व्यवस्था | | ९.१ पूर्व सञ्चालन खर्च | |
| ५.१२ अन्य सम्पत्ति नोक्सानी व्यवस्था | | ९.२ मर्जर खर्च | |
| ५.१३ ब्याज मुल्तवी हिसाव | | ९.३ अन्य | |
| ५.१३.१ गत अवधिसम्मको | | **१०. गैर-बैंकिङ्ग सम्पत्ति** | |
| ५.१३.२ यस अवधिमा थप | | **११. हिसाव मिलान** | |
| ५.१३.३ यस अवधिमा असुली भएको | | ११ .१ केन्द्रीय कार्यालय | |
| ५.१४ निक्षेपमा दिनुपर्ने ब्याज | | ११.२ शाखा कार्यालय | |
| ५.१५ सापटीमा दिनुपर्ने ब्याज | | १२. **नाफा/नोक्सान हिसाव** | |
| ५.१६ ह्रासकट्टी कोष | | १२.१ गत महिनासम्मको | |
| ५.१७ पाकीनसकेको आम्दानी | | १२.२ यस महिनाको | |
| ५.१८ अन्य | | | |
| **६. हिसाव मिलान** | | | |
| ६.१ केन्द्रीय कार्यालय | | | |
| ६.२ क्षेत्रीय/शाखा कार्यालय | | | |
| ६.३ अन्य | | | |
| **७. नाफा नोक्सान हिसाव** | | | |
| ७.१ गत महिनासम्मको | | | |
| ७.२ यस महिनाको | | | |
| | | **जम्मा** | |

***नोटः माथि तोकिएको कुनै शीर्षक अन्तर्गत रकम नरहेको भए तापनि सो शीर्षक कायमै राखी यस बैंकले तोकेको ढाँचामा कुनै परिवर्तन गर्न पाइने छैन । यस फारामका उप-शीर्षकहरुमा भएका कारोबारहरु निर्दिष्ट स्थानमा अनिवार्य रुपमा देखाई त्यसको जोड प्रत्येक उप-शीर्षक हुदै मूल शीर्षकसम्म गर्नु पर्नेछ ।***

**वासलात बाहिरका कारोबार (सम्भावित दायित्वहरु) :**

| |
|---|
| जमानत |
| अपरिवर्त्य कर्जा प्रतिबद्धता (Irrevocable Loan Commitment) |
| आयकर वापत सम्भावित दायित्व(Contingent Liabilities on Income Tax) |
| Acceptance सहित अन्य सवै प्रकारका सम्भावित दायित्वहरु |
| चुक्ता वा भुक्तान हुन बाँकी शेयर लगानी |
| भुक्तानीको लागि दावी परेको जमानत |
| संस्थाउपर दावी परेको तर संस्थाले दायित्व स्वीकार नगरेको दायित्वहरु |

विवरण तयार गर्नेको
नाम :
दर्जा :
दस्तखत :
मिति :

विवरण पेश गर्ने अधिकृतको
नाम :
दर्जा :
दस्तखत :
मिति :

.......................................... लिमिटेड

## नाफा नोक्सान हिसाव

२० ...... देखि २० ......... सम्म (मासिक)

*(रु.हजारमा)*

| खर्च | यस महिना सम्मको रू. | गत महिना सम्मको रू. | आम्दानी | यस महिना सम्मको रू. | गत महिना सम्मको रू. |
|---|---|---|---|---|---|
| **१. ब्याज खर्च** | | | **१. ब्याज आम्दानी** | | |
| १.१ निक्षेप दायित्वमा | | | १.१ कर्जा सापटमा | | |
| १.१.१ अनिवार्य वचत | | | १.२ लगानीमा | | |
| १.१.२ स्वेच्छिक वचत | | | १.२.१ नेपाल सरकारको सुरक्षणपत्र | | |
| १.१.३ सर्वसाधारणवाट संकलन गरेको वचत | | | १.२.२ विदेशी ऋणपत्र | | |
| १.१.४ अन्य वचत | | | १.२.३ नेपाल राष्ट्र बैंकको ऋणपत्र | | |
| १.२ अन्तर बैंक/ वित्तीय संस्था सापटी | | | १.२.४ डिबेञ्चर तथा बन्ड | | |
| १.२.१ नेपाल राष्ट्र बैंक | | | १.३ एजेन्सी मौज्दातमा | | |
| १.२.२ अन्तर बैंक/ वित्तीय संस्था | | | १.४ माग तथा अल्प सूचनामा प्राप्त हुने मौज्दातमा | | |
| १.२.३ अन्य सापटी | | | १.५ अन्यमा | | |
| **२ कमिसन खर्च** | | | **२. कमिसन तथा डिष्काउण्ट** | | |
| **३. कर्मचारी खर्च** | | | २.१ बिल खरिद तथा डिष्काउण्ट | | |
| ३.१ तलव भत्ता | | | २.२ कमिशन | | |
| ३.२ अन्य खर्च | | | २.३ अन्य | | |
| **४. सञ्चालन खर्च** | | | **३. अन्य सञ्चालन आम्दानी** | | |
| ४.१ घरभाडा | | | **४. गैर-सञ्चालन आम्दानी** | | |
| ४.२ ह्रासकट्टी | | | **५. जोखिम सम्बन्धी व्यवस्थाबाट फिर्ता** (आम्दानी) | | |
| ४.३ मसलन्द | | | ५.१ असल तथा सूक्ष्म निगरानीकर्जा नोक्सानी व्यवस्था | | |
| ४.४ इन्धन | | | ५.२ विशेष कर्जा नोक्सानी व्यवस्था | | |
| ४.५ अन्य सञ्चालन खर्च | | | ५.२.१पुनरसंरचना/पुनरतालिकिकरण कर्जा नोक्सानी व्यवस्था | | |
| **५. गैर-सञ्चालन खर्च** | | | ५.२.२ कमसल कर्जा नोक्सानी व्यवस्था | | |
| **६. जोखिम सम्बन्धी व्यवस्था** | | | ५.२.३ शंकास्पद कर्जा नोक्सानी व्यवस्था | | |
| ६.१ कर्जा नोक्सानी व्यवस्था | | | ५.२.४ खराब कर्जा नोक्सानी व्यवस्था | | |
| ६.१.१ सामान्य कर्जा नोक्सानी व्यवस्था | | | ५.३ अतिरिक्त कर्जा नोक्सानी व्यवस्था | | |
| ६.१.२ विशेष कर्जा नोक्सानी व्यवस्था | | | ५.४ सीमा नाघेको कर्जाको व्यवस्था | | |
| ६.१.२.१ पुनरसंरचना/पुनरतालिकिकरण कर्जा नोक्सानी व्यवस्था | | | ५.५ गैर-बैंकिङ्ग सम्पत्ति नोक्सानी व्यवस्था | | |
| ६.१.२.२ कमसल कर्जा नोक्सानी व्यवस्था | | | ५.६ लगानीमा सम्भावित नोक्सानी व्यवस्था | | |
| ६.१.२.३ शंकास्पद कर्जा नोक्सानी व्यवस्था | | | ५.७ अन्य सम्पत्तिको नोक्सानी व्यवस्था | | |
| ६.१.२.४ खराब कर्जा नोक्सानी व्यवस्था | | | **६. अपलेखन भएको कर्जाको असुली** | | |
| ६.१.३ अतिरिक्त कर्जा नोक्सानी व्यवस्था | | | **७. असामान्यकारोबारहरुबाट भएको आम्दानी** | | |
| ६.१.४ सीमा नाघेको कर्जाको व्यवस्था | | | **८. खुद नोक्सान** | | |
| ६.२ गैर-बैंकिङ्ग सम्पत्ति नोक्सानी व्यवस्था | | | | | |
| ६.३ लगानीमा सम्भावित नोक्सानी व्यवस्था | | | | | |
| ६.४ अन्य सम्पत्तिको नोक्सानी व्यवस्था | | | | | |
| **७. असुली हुन नसक्ने कर्जाको अपलेखन** | | | | | |
| **८. असामान्य कारोबारहरुबाट भएको खर्च** | | | | | |
| **९. कर्मचारी बोनस व्यवस्था** | | | | | |
| **१०. आयकर व्यवस्था** | | | | | |
| **११. खुद नाफा** | | | | | |
| **जम्मा** | | | **जम्मा** | | |

| विवरण तयार गर्ने | | विवरण पेश गर्ने अधिकृत | |
|---|---|---|---|
| दस्तखत | : | दस्तखत | : |
| नाम | : | नाम | : |
| दर्जा | : | दर्जा | : |
| मिति | : | मिति | : |

नोट : *१) मासिक रुपमा ह्रास कट्टी खर्च र अन्य खर्च सम्बन्धित खर्च शीर्षक अन्तर्गत समावेश हुनु पर्नेछ ।*

*२) हरेक त्रयमास अन्तको नाफा नोक्सान हिसाव तयार गर्दा अनिवार्य रुपले कर्जा नोक्सानी व्यवस्था लगायत अन्य नोक्सानी व्यवस्थामा भएको थप वा घट रकम यथार्थ चित्रण हुने गरी लेखाङ्कन गर्नु पर्नेछ ।*

*३) कर्मचारी वोनस र आयकरको लागि उपर्युक्त अनुमान गरी बैंक व्यवस्थापनले सम्बन्धित अवधिहरुमा व्यवस्था गर्ने तथा लेखाङ्कन गर्नु पर्नेछ ।*

ने.रा.बैंक निर्देशन फा.नं. घ९.३

........................................ लिमिटेड

क्षेत्रगत अनुसारको कर्जा तथा सापटको विवरण (त्रैमासिक)

२० ........ साल ............... महिनाको विवरण

*(रु. हजारमा)*

| क्रसं. | | गत मसान्तसम्मको बाँकी | | यस महिनामा वितरित | | यस महिनामा असुली | | मसान्तसम्ममा उठाउन बाँकी | | | भाखा नाघेको | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | साँवा | संख्या | साँवा | संख्या | साँवा | संख्या | साँवा | ब्याज | संख्या | साँवा | ब्याज |
| | **उद्योग/क्षेत्रहरु** | | | | | | | | | | | | |
| **१** | **कृषि** | | | | | | | | | | | | |
| १.१ | अन्नबाली | | | | | | | | | | | | |
| १.२ | तरकारी बाली | | | | | | | | | | | | |
| १.३ | अन्य नगदे बाली | | | | | | | | | | | | |
| १.४ | फलफूल तथा पुष्प खेती | | | | | | | | | | | | |
| १.५ | पशुपालन/पशु बधशाला | | | | | | | | | | | | |
| १.६ | पंक्षी पालन | | | | | | | | | | | | |
| १.७ | माहुरी पालन | | | | | | | | | | | | |
| १.८ | माछापालन सम्बन्धी | | | | | | | | | | | | |
| १.९ | अन्य कृषि तथा कृषि जन्य सेवाहरु | | | | | | | | | | | | |
| **२** | **घरेलु तथा लघुउद्योग** | | | | | | | | | | | | |
| **३** | **सेवा व्यावसाय** | | | | | | | | | | | | |
| ३.१ | थोक तथा खुद्रा व्यापार | | | | | | | | | | | | |
| ३.२ | होटल तथा रेष्टुरेष्ट | | | | | | | | | | | | |
| ३.३ | अन्य सेवाहरु | | | | | | | | | | | | |
| **४** | **थोक कर्जा** | | | | | | | | | | | | |
| ४.१ | ने.रा.बैंकबाट इजाजतपत्रप्राप्त वित्तीय संस्था | | | | | | | | | | | | |
| ४.१.१ | घ वर्गका वित्तीय संस्थाहरु | | | | | | | | | | | | |
| ४.१.२ | सहकारी संस्था | | | | | | | | | | | | |
| ४.१.३ | गैरसरकारी संस्थाहरु | | | | | | | | | | | | |
| ४.२ | सहकारी तथा गैरसरकारी संस्था | | | | | | | | | | | | |
| ४.३ | अन्य | | | | | | | | | | | | |
| **५** | **अन्य** | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | | |

विवरण तयार गर्ने :
दस्तखत :
नाम :
दर्जा :
मिति :

विवरण पेश गर्ने अधिकृत
दस्तखत :
नाम :
दर्जा :
मिति :

ने.रा.बैंक निर्देशन फा.नं. घ९.४

....................... लिमिटेड

अवधि अनुसार भाखा नाघेको कर्जा तथा सापटको विवरण (त्रैमासिक)

२० ....... साल ........ महिनाको विवरण

*(रु.हजारमा)*

| क्र.स. | कर्जा क्षेत्र | प्रवाहित कुल कर्जा | | असल कर्जा | | | | निष्क्रिय कर्जा | | | | | | | | | | भाखा नाघेको कुल कर्जा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | भाखा ननाघेको | | ३ महिनासम्म भाखा नाघेको | | पुनरसंरचना तथा पुनरतालिकिकरण | | ३ देखि ६ महिनासम्म भाखा नाघेको | | ६ महिनादेखि १ वर्ष सम्म भाखा नाघेको | | १ वर्षभन्दा बढी अवधिले भाखा नाघेको | | निस्कृय | | | |
| | | कर्जा संख्या | रकम | कर्जा संख्या | रकम | कर्जा संख्या | रकम | कर्जा संख्या | रकम | कर्जा संख्या | कर्जा संख्या | कर्जा संख्या | रकम | कर्जा संख्या | रकम | कर्जा संख्या | रकम | कर्जा संख्या | रकम |
| १ | कृषि | | | | | | | | | | | | | | | | | | |
| २ | घरेलु तथा लघुउद्योग | | | | | | | | | | | | | | | | | | |
| ३ | सेवा | | | | | | | | | | | | | | | | | | |
| ४ | थोक कर्जा | | | | | | | | | | | | | | | | | | |
| ५ | अन्य | | | | | | | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | | | | | | | | |

| क.स. | कर्जा क्षेत्र | प्रवाहित कुल कर्जा | | असल कर्जा | | | | निष्क्रिय कर्जा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | भाखा ननाघेको | | ३ महिनासम्म भाखा नाघेको | | पुनरसंरचना तथा पुनरतालिकिकरण | | ३ देखि ६ महिनासम्म भाखा नाघेको | | ६ महिनादेखि १ वर्ष सम्म भाखा नाघेको | | १ वर्षभन्दा बढी अवधिले भाखा नाघेको | | भाखा नाघेको कुल कर्जा | |
| | | कर्जा संख्या | रकम | कर्जा संख्या | रकम | कर्जा संख्या | रकम | कर्जा संख्या | रकम | कर्जा संख्या | रकम | कर्जा संख्या | रकम | कर्जा संख्या | रकम | कर्जा संख्या | रकम |
| १ | कृषि | | | | | | | | | | | | | | | | |
| २ | घरेलु तथा लघुउद्योग | | | | | | | | | | | | | | | | |
| ३ | सेवा | | | | | | | | | | | | | | | | |
| ४ | थोक कर्जा | | | | | | | | | | | | | | | | |
| ५ | अन्य | | | | | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | | | | | | |

विवरण तयार गर्ने :
दस्तखत :
नाम :
दर्जा :

विवरण पेश गर्ने अधिकृत
दस्तखत :
नाम :
दर्जा :

ने.रा.बैंक निर्देशन फा.नं. घ ९.५

............................ लिमिटेड

त्रैमासिक वित्तीय विवरण (त्रैमासिक)

(रु.हजारमा)

| क.स. | विवरण | यस त्रयमास | अघिल्लो त्रयमास | गतवर्षको सम्बन्धितत्रयमास |
|---|---|---|---|---|
| **१.** | **कुलपुँजी तथा दायित्व** | | | |
| १.१ | चुक्तापुँजी | | | |
| १.२ | जगेडा तथा कोषहरु | | | |
| १.३ | ऋणपत्र तथा बन्ड | | | |
| १.४ | सापटी | | | |
| १.५ | निक्षेप दायित्व | | | |
| १.५.१ | समूहगत | | | |
| १.५.२ | सर्वसाधारण | | | |
| १.६ | आयकर दायित्व | | | |
| १.७ | अन्य दायित्व | | | |
| **२.** | **कुल सम्पत्ति** | | | |
| २.१ | नगद तथा बैंक मौज्दात | | | |
| २.२ | माग तथा अल्प सूचनामा प्राप्त हुने | | | |
| २.३ | लगानी | | | |
| २.४ | कर्जा तथा सापट | | | |
| २.५ | स्थिर सम्पत्ति | | | |
| २.६ | गैर-बैंकिङ्ग सम्पत्ति | | | |
| २.७ | अन्य सम्पत्ति | | | |
| **३.** | **नाफा नोक्सान हिसाव** | **यस त्रयमास सम्म** | **अघिल्लो त्रयमाससम्म** | **गतवर्षको सम्बन्धित त्रयमाससम्म** |
| ३.१ | ब्याज आम्दानी | | | |
| ३.२ | ब्याज खर्च | | | |
| क | खुद ब्याज आम्दानी | | | |
| ३.३ | फि, कमिशन र डिस्काउण्ट | | | |
| ३.४ | अन्य सञ्चालन आम्दानी | | | |
| ख | कुलसञ्चालन आम्दानी | | | |
| ३.६ | कर्मचारी खर्च | | | |
| ३.७ | अन्य सञ्चालन खर्च | | | |
| ग | नोक्सानी व्यवस्था अघिको सञ्चालन नाफा (ख - ३.६ - ३.७) | | | |
| ३.८ | सम्भावित नोक्सानी व्यवस्था | | | |
| घ | सञ्चालन नाफा (ग - ३.८) | | | |
| ३.९ | गैर-सञ्चालन आम्दानी/खर्च खुद | | | |
| ३.१० | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | | | |
| ङ | नियमित क्रियाकलापबाट नाफा (घ +३.९ +३.१०) | | | |
| ३.११ | असामान्य कारोबारबाट भएको आम्दानी/खर्च (खुद) | | | |
| च | वोनस र कर अघिको नाफा (ङ +३.११) | | | |
| ३.१२ | कर्मचारी बोनस व्यवस्था | | | |
| ३.१३ | आयकर व्यवस्था | | | |
| छ | खुद नाफा/नोक्सान (च - ३.१२ - ३.१३) | | | |
| **४.** | **अनुपातहरु** | **यस त्रयमास** | **अघिल्लो त्रयमास** | **गतवर्षको सम्बन्धितत्रयमास** |
| ४.१ | पुँजीकोष/जोखिम भारित सम्पत्ति | | | |
| ४.२ | निष्क्रिय कर्जा/कुल कर्जा | | | |
| ४.३ | सम्भावित नोक्सानी व्यवस्था/कुल निष्कृय कर्जा | | | |
| ४.४ | पुँजीको लागत (Cost of Funds) | | | |

ने.रा.बैंक निर्देशन फा. नं. घ ९.६

........................................ लिमिटेड

<u>कार्यालय सम्बन्धी विवरण (मासिक)</u>

...... साल ........ महिनाको विवरण

| क.स. | शाखा कोड | कार्यालयको नाम | कार्यालयको प्रकार | सञ्चालन मिति | ठेगाना | | | | | फोन | कुल कर्जा सापट | कुल निक्षेप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | जिल्ला | गा.वि.स. | न. पा. | वडा नं | टोल | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

तयार गर्ने:
सही:
नाम:
दर्जा:
मिति:

पेश गर्ने:
सही:
नाम:
दर्जा:
मिति:

ने.रा.बैंक निर्देशन फा.नं. घ ९.६क

.......................... लिमिटेड

निक्षेप र कर्जाको शाखागत विवरण (मासिक)

२० ....... साल ........ महिनाको विवरण

| सि. नं. | शाखा कोड | शाखाको नाम | कर्जा तथा सापट | निक्षेप | | |
|---|---|---|---|---|---|---|
| | | | | वचत | अन्य | कुल |
| १. | | | | | | |
| २. | | | | | | |
| .. | | | | | | |
| .. | | | | | | |

.......................... लिमिटेड

२० ....... साल ........ महिनाको विवरण

## लैंगिक वर्गिकरणको आधारमा सकृय र निष्क्रिय खाता संख्याको शाखागत विवरण

| सि. नं. | शाखा कोड | शाखाको नाम | सक्रिय खाताहरुको कुल संख्या | | | | वचत खाता | | अन्य खाता | | कुल खाता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | अन्य | कुल | कुल | चल्ती नभएका (Dormant) | कुल | चल्ती नभएका (Dormant) | कुल | चल्ती नभएका (Dormant) |
| १. | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | |
| .. | | | | | | | | | | | | |
| .. | | | | | | | | | | | | |
| .. | | | | | | | | | | | | |

ने.रा. बैंक निर्देशन फा. नं. घ ९.७

................................. लिमिटेड

प्रगति विवरण (मासिक)

...... साल ........ महिनाको विवरण (रु. हजारमा)

| क.स. | विवरण | गत आ.ब.को असार सम्मको | यस आ.ब. को मात्र | | | हालसम्मको बाँकी |
|---|---|---|---|---|---|---|
| | | | गत महिना सम्मको | यस महिनाको | यस महिना सम्मको | |
| १ | कार्यक्षेत्र भएको जिल्ला संख्या | | | | | |
| २ | सेवा पुगेको जिल्ला संख्या | | | | | |
| ३ | सेवा पुगेको गा.वि.स./न.पा. संख्या | | | | | |
| ४ | कुल कर्मचारी संख्या | | | | | |
| ५ | कुल शाखा संख्या | | | | | |
| ६ | कुल केन्द्र संख्या | | | | | |
| ७ | कुलसमूह संख्या | | | | | |
| ८ | निष्क्रिय समूह संख्या<br>महिला<br>पुरुष | | | | | |
| ९ | कुल सदस्य संख्या<br>महिला<br>पुरुष | | | | | |
| १० | निष्क्रिय सदस्य संख्या<br>महिला<br>पुरुष | | | | | |
| ११ | कुल ऋणी संख्या<br>महिला<br>पुरुष | | | | | |
| **१२** | **कुल कर्जा वितरण** | | | | | |
| १२.१ | लघु व्यवसाय कर्जा | | | | | |
| १२.२ | लघु उद्यम/धितो कर्जा | | | | | |
| १२.३ | अन्य कर्जा | | | | | |
| **१३** | **कर्जाको साँवा असुली** | | | | | |
| १३.१ | लघु व्यवसाय कर्जाको साँवा असुली | | | | | |
